# पहिलो अध्याय

# अनुसन्धान परिचय

## १.१ शोध परिचय

प्राचीन कालदेखि नै नेपालले विश्वभरी नै धार्मिक एवम् सांस्कृतिक दृष्टिकोणले प्रसिद्धि पाउँदै आएको छ । धार्मिक भावनामा विश्वास गर्ने जनताहरूले आ-आफ्नो घर आँगनमा अनेक धर्म तथा सम्प्रदायसँग सम्बन्धित विभिन्न देवीदेवताका मन्दिर स्थापना गरेर धार्मिक आस्था, विश्वास एवम् सहिष्णुताको सुन्दर उदाहरणलाई विश्व सामु प्रस्तुत गरी नेपाललाई बेग्लै तवरले चिनाएका छन् । मन्दिरै मन्दिरको देशका रूपमा परिचित हाम्रो देश नेपालमा अनेकौं देवीदेवताहरूले बास गर्दै आएका थिए र यहाँका सम्पूर्ण शासक एवम् जनताहरू समेत धर्मभीरू भएकाले उनीहरूले यहाँ असङ्ख्य देवीदेवताहरूको मठ-मन्दिर निर्माण गर्नुको साथै पाटी, पौवा, ढुङ्गेधारा, धर्मशाला र घाटहरू बनाइदिए जुन आज पर्यन्त पनि पवित्र तीर्थस्थलका रूपमा प्रख्यात भइरहेका छन् । हिमालको काखमा अवस्थित हाम्रो देश नेपालमा मुख्यत : हिन्दू तथा बौद्ध धर्मले ख्याति प्राप्त गर्दै आएको विगतदेखिको गौरवमय इतिहास हाम्रो सामु सुरक्षित छ । यहाँ प्रचलित विभिन्न धार्मिक सम्प्रदायहरू मध्ये शैव सम्प्रदाय पनि एक हो । जसले नेपालमा प्राचीन तथा मध्यकालदेखि नै महत्वपूर्ण स्थान ओगट्दै आएको कुरा विभिन्न स्रोतहरूबाट ज्ञात हुन्छ । देशकै मुटुका रूपमा रहेको राजधानी काठमाडौंमा असङ्ख्य धार्मिक स्थलहरू रहेका छन् । यहाँ अवस्थित विभिन्न महत्वपूर्ण धार्मिकस्थलहरू मध्ये गोकर्णेश्वर मन्दिर पनि एक हो । यो क्षेत्र काठमाडौंको मुख्य सहर देखि १० कि.मी. उत्तर गोकर्णमा पवित्र वाग्मती नदीको किनारमा अवस्थित छ । नेपालका राष्ट्रिय देवता पशुपतिनाथझैं मुख्य शैव तीर्थस्थलका रूपमा प्रसिद्धि पाएको यस गोकर्ण क्षेत्रमा प्रत्येक वर्ष हजारौंको सङ्ख्यामा शिवभक्त श्रद्धालु नरनारीहरू टाढा-टाढबाट दर्शनादिका लागि आउने गर्दछन् । यहाँ विशष गरी भाद्र कृष्ण औंसी र पूषे औंसीका दिन पितृहरूलाई पिण्डदान दिइने हुँदा यहाँ विशेष मेला लाग्दछ । लिच्छविकालमा निर्माण गरिएको भनिएको यस मन्दिरले विशेष गरी सांस्कृतिक परम्पराबाट प्रसिद्धि पाएको छ भने यहाँको पूजा विधानमा समेत केही भिन्नता पाइन्छ । गोकर्णेश्वर मन्दिर हिन्दूहरूका लागि मात्र नभएर बौद्धधर्मावलम्बीहरूले द्धादशतीर्थ अन्तर्गत गोकर्णेश्वर महादेवलाई अष्टवैतराग मध्ये एक मानेर पूजा गर्ने गर्दछन् ।

काठमाडौंका विभिन्न ठूल्ठूला नदीहरू साथै घाटहरूका अगाडि विभिन्न नाम गरेका मन्दिरहरू निर्माण भएका छन् । यी विभिन्न मन्दिरहरूमध्ये गोकर्णमा अवस्थित गोकर्णेश्वर मन्दिरको महत्व पनि अरू भन्दा कम छैन । मन्दिरकै नामबाट गा.वि.स. को नामाकरण ( गोकर्णेश्वर) भएबाट पनि यस मन्दिरको महत्व अझ स्पष्ट हुन जान्छ । आत्मदेवका छोरा

गोकर्णलाई गाईको कानबाट जन्मेका हुन् भनी भागवत् पुराणमा उल्लेख गरेको पाइन्छ । उनले आफ्ना दाजु धुन्धुकारीलाई श्रीमद्‌भागवत लगाइ प्रेतबाट पार लगाई पितृमुक्ति गरिदिएको किंवदन्तीले पनि यस क्षेत्रको महत्व माथि थप पुष्टि मिल्न जान्छ । श्रीस्वस्थानी व्रतकथामा पनि रुद्ररूपी मृगको सिङको बीच भाग लिङ्गका रूपमा गोकर्णमा स्थापित गरेको कुरा उल्लेख छ साथै सोही ग्रन्थमा सतीदेवीको बायाँ कान समेत यही पतन भएको उल्लेख पाइन्छ । पशुपति पुराण, नेपाल माहात्म्य आदि ग्रन्थहरूमा काठमाडौँ खाल्डोका तीर्थ, मूर्ति, लिङ्गादिको बखान पाइन्छ । उत्तरगयाका रूपमा परिचित यो क्षेत्र दश गया बराबर रहेको विश्वास गरिन्छ । भाद्र कृष्ण औँसीमा यहाँ श्राद्ध गरेमा कोटी-कोटी कुलको उद्धार हुने कुराको वर्णन नेपाल माहात्म्यमा परेको छ ।

गोकर्णेश्वर मन्दिरक्षेत्र वरपर विभिन्न कला, वास्तुकलाका नमुनाहरू छरिएका रहेका छन् । वाग्मतीको तटमा घाट, त्रिवेणी सङ्गम, गोकर्णतीर्थ, मन्दिरपूर्व नजिकै उत्तरवाहिनी, राजनिकुञ्ज आदि धार्मिक सांस्कृतिक एवम् ऐतिहासिक महत्व बोकेका स्थलहरू रहेका छन् । गोकर्णमा नै लिच्छविकालीन राजा अंशुवर्माको एक अभिलेख पाइएको छ । त्यसैगरी वंशावलीमा किँरातहरूको दरबार पनि गोकर्ण क्षेत्रमै औल्याइएको पाइन्छ । वाग्मती नदीको छेउमा रहेका विभिन्न तीर्थस्थलहरूमध्ये यो सबैभन्दा शीरमा रहेकाले यो तीर्थस्थलको विशेष महत्व छ । यो गोकर्ण तीर्थमा स्नान, पिण्डदान, श्राद्धतर्पण आदि विभिन्न धार्मिक क्रियाकलापहरू गरिनुका साथै उपनयन, विवाह एवम् दाहसंस्कार आदि कार्य समेत घाटमा सम्पन्न गर्ने गरिन्छ । प्राचीन कालदेखि नै नेपालका शासक तथा जनताहरू धार्मिक सहिष्णु हुनाले विशेष गरी नदी किनारामा विभिन्न देवीदेवताहरूको मन्दिर एवम् घाटहरू निर्माण गर्दथे जुन आज सम्म पनि पावन तीर्थस्थलका रूपमा प्रख्यात छन् ।

## १.२ समस्या कथन

गोकर्णको इतिहासको अध्ययन गर्नका लागि हामीसँग साहित्यिक वर्णनलाई छाडेर अन्य पुरातात्विक स्रोतहरूको अभाव छ । यसको अतिरिक्त गोकर्णको प्रार्दुभाव कहिले देखि भयो भन्ने सम्बन्धमा पनि ठोस ऐतिहासिक प्रमाणको कमी छ । गोकर्ण क्षेत्रमा रहेको धार्मिक, सांस्कृतिक महत्वका कला, वास्तुकला, नदी सभ्यता र अन्य महत्वपूर्ण स्थलहरूको संरक्षण र सम्बर्द्धनमा सम्बन्धित क्षेत्रको ध्यान नगएको देखिन्छ । यस शोधपत्रको अध्ययनको समस्यालाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिन्छ ।

क) गोकर्ण मन्दिर र आसपासका सांस्कृतिक सम्पदाहरूको उचित अध्ययन नहुनु ।

ख) हालसम्म यस क्षेत्रको ऐतिहासिकता, धार्मिक एवम् सांस्कृतिक गतिविधि सम्बन्धी अध्ययन नहुनु ।

ग)	राजधानी निकटस्थ यस क्षेत्रको धार्मिक एवम् सांस्कृतिक महत्व रहे तापनि उचित मात्रामा संरक्षण र सम्बर्द्धन नहुनु ।

## १.३ अध्ययनको उद्देश्य

मानिसले कुनै पनि कार्य गर्दा केही न केही लक्ष्यहरू राखेर नै अघि बढेको पाइन्छ । आजको समयमा केही उद्देश्य विना कुनै पनि मानिसले कुनै पनि कामहरू गर्दैनन् । किनभने कुनै पनि उद्देश्य पूरा गर्नका लागि मानिसले पर्याप्त समय खर्च गर्नुपर्दछ भने पैसाको पनि उतिकै जरुरत पर्न जान्छ । यस शोधपत्रको अध्ययनको उद्देश्यलाई यसरी बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

क)	गोकर्ण मन्दिर र आसपासका सांस्कृतिक सम्पदाहरूको बारे अध्ययन गर्नु ।

ख)	गोकर्णक्षेत्रको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक पक्षहरूमाथि प्रकाश पार्नु ।

ग)	राष्ट्रिय संस्कृतिको विस्तृत जानकारीको सिलसिलामा गोकर्णक्षेत्रको भूमिका र गरिमा बारे प्रकाश पार्नु ।

## १.४ अध्ययनको महत्व

नेपालमा धार्मिक, सांस्कृतिक महत्व राख्ने स्थलहरू जहीतही छरिएर रहेका छन् तर ती सांस्कृतिक महत्वका स्थलहरूको त्यही ढङ्गबाट अध्ययन हुन सकिरहेको छैन । पशुपतिनाथझैं महतवपूर्ण शैव तीर्थस्थलका रूपमा रहेको यो गोकर्ण तीर्थको पनि कम महत्व छैन । भारतको गया समान महत्व राख्ने उत्तरगया वाग्मती नदीको तट विष्णुपादुका तीर्थमा गई पितृहरूको सम्झनामा पिण्डदान श्राद्धतर्पण आदि कर्म गरेमा पुण्य प्राप्त हुनुको साथै कोटी-कोटी कुलको उद्धार भई शिवलोक प्राप्त हुने जनविश्वासले गर्दा यस क्षेत्रको महत्व बढेको पाइन्छ । यस गोकर्णक्षेत्रको सांस्कृतिक परम्पराको अध्ययनबाट यहाँको कला, वास्तुकला, मन्दिरको पूजाविधि जात्रापर्व आदि बारे जानकारी हुनेछ । शोधकर्ताको अध्ययनबाट गोकर्णेश्वर मन्दिरको ऐतिहासिकता हाल सञ्चालित विकासक्रम आसपासका सांस्कृतिक पक्षहरूको बारेमा पनि प्रकाश पर्नेछ र देशको धार्मिक तथा सांस्कृतिक इतिहास निर्माणार्थ पनि सहयोग पुग्नेछ । साथै यस क्षेत्रमा अनुसन्धान गर्ने अनुसन्धानकर्तालाई पनि सजिलो हुनेछ । यस शोधपत्रद्वारा गोकर्णका विषयमा विविध जिज्ञासाहरूलाई यथाशक्य केही हदसम्म स्पष्ट गर्ने र यस क्षेत्रको धार्मिक एवम् सांस्कृतिक पक्षको जानकारी दिलाउने छ । यसकारण यस अध्ययनले यस क्षेत्रको र विशेष गरी गोकर्णेश्वर मन्दिरको महत्व स्पष्ट गर्नेछ र त्यससँग सम्बन्धित सांस्कृतिक गतिविधिको महत्वलाई दर्शाउने विश्वास गरिएको छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधपत्रको अध्ययन क्षेत्र काठमाडौँ जिल्ला अन्तर्गत गोकर्ण स्थित गोकर्णेश्वर मन्दिर र वरपरका क्षेत्रमा सीमित गरिएको छ तर गोकर्ण मन्दिर र आसपासका सांस्कृतिक पक्षहरूको सेरोफेरोमा अध्ययनलाई सीमित गर्दै त्यहाँको कला, वास्तुकला, मन्दिरको पूजाविधि, जात्रापर्व, घाट, श्राद्धतीर्थ, वाग्मती र अन्य सांस्कृतिक गतिविधिहरू मध्ये उपनयन, विवाह र दाहसंस्कार आदि बारे अध्ययन गरिएको छ । यहाँ मनाइने गोकर्णे औँसी पर्वको महत्व एवम् आध्यात्मिक पक्ष आदि बारे चर्चा गर्ने क्रममा मातातीर्थ औँसीको पनि सामान्य चर्चा गरिएको छ । अध्ययनको सीमालाई बढीमा गोकर्णेश्वर मन्दिर पूर्व २ कि.मी पर अवस्थित उत्तरवाहिनी एवम् वाग्मती नदी पारी पूर्व दक्षिणमा पर्ने राजनिकुञ्ज क्षेत्रसम्म लम्ब्याउन सकिनेछ भने यसै गा.वि.स. को सीमा क्षेत्रमा पर्ने बालुवा गा.वि.स. को महांकालमा प्राप्त लिच्छविकालीन अभिलेखलाई पनि अध्ययनमा समावेश गरिएको छ । अन्तमा हाल सञ्चालित परिमार्जित गुरुयोजनालाई पनि संक्षिप्त रूपमा संलग्न गरिएको छ भने केही मूर्तिहरूको सूची तयार गरे पनि विस्तृत अध्ययन भने गरिएको छैन ।

## १.६ अध्ययन विधि

अनुसन्धान गर्ने क्रममा विभिन्न विधिहरू अपनाउन सकिन्छ । यो शोधपत्र तयार गर्न वर्णनात्मक, विवरणात्मक र कहीं कहीं विश्लेषणात्मक अनुसन्धान ढाँचाको पनि अवलम्बन गरिएको छ । अध्ययनको निम्ति चाहिने सामगीहरू र सूचनाहरूको स्रोत संकलनको लागि प्राथमिक, द्वितीय र तृतीय स्रोतहरूको निम्नानुसार समावेश गरी सक्दो प्रमाणिक तथ्यहरू संकलन गरिएको छ ।

क) अवलोकन भ्रमण : यस शोधपत्रको निम्ति प्राथमिक स्रोत सङ्कलनार्थ अवलोकन विधि अपनाइएको छ । मन्दिरको पूजाविधि, आरती र तीर्थश्राद्ध आदिको जानकारी लिनका लागि मन्दिरमा गई पूजाविधि आरती र तीर्थश्राद्धको प्रत्यक्ष अवलोकन गरिएको छ ।

ख) अन्तर्वार्ता : यस शोधपत्रका लागि प्राथमिक स्रोत सङ्कलन गर्ने क्रममा अन्तर्वार्ता विधि पनि अपनाइएको छ । मन्दिरको प्राचीन स्वरूप, उत्पति र अन्य धार्मिक-सांस्कृतिक एवम् शोधपत्रको उद्देश्यसँग मेल खाने विविध पक्षहरूका बारेमा जानकारी लिनका लागि मन्दिरका पुजारी, बाबा, पुरोहितवर्ग र यसबारे जानकार २० जना व्यक्तिहरूसँग अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ताका निमित्त नमुना सङ्कलन गर्दा स्वविवेकीय पद्धति प्रयोग गरिएको छ ।

ग) पुस्तकालय अध्ययन : यस अनुसन्धानका क्रममा अवलोकन, अन्तर्वार्ता आदि विधिहरूका साथै मन्दिरको ऐतिहासिकता, कला, वास्तुकला, पूजापरम्परा एवम् आसपासका धार्मिक,

सांस्कृतिक पक्ष गतिविधि आदिको जानकारी लिन विभिन्न पुस्तकहरू, दैनिक, मासिक, त्रैमासिक आदि पत्रपत्रिकाहरूमा प्रकाशित लेखहरू, साहित्य र अप्रकाशित लेखहरूको अध्ययन तथा पुस्तकालयमा सम्पर्क गरी अध्ययनलाई अगाडि बढाइएको छ । साथै अभिलेखालय र गुठी संस्थानसँग सम्बद्ध स्रोत सामग्रीहरूको समेत प्रयोग गरिएको छ ।

घ) तस्वीर संकलन : अन्तर्वार्ता र साहित्यिक स्रोतहरूको अध्ययनबाट मात्रै सम्पूर्ण कुराहरूको जानकारी नहुने हुँदा सम्बन्धित क्षेत्रमा गएर प्रत्यक्ष अवलोकन र निरीक्षण गरी आवश्यकता अनुसार चित्र पनि लिइएको छ । यसका साथै अध्ययनसँग सम्बन्धित काठमाडौँ जिल्ला र गोकर्णेश्वर गा.वि.स. को भौगोलिक अवस्थितिको मानचित्र, र गुरूयोजनाको नक्सा समेत आवश्यकता अनुसार संकलन गरिएको छ ।

## १.७ पूर्व साहित्य समीक्षा

पशुपतिक्षेत्र तथा वाग्मती सम्बन्धी केही विद्वान्हरूले अध्ययन गरेका छन् तर गोकर्णेश्वर मन्दिर र आसपासका सांस्कृतिक पक्षहरूको अध्ययनका विषयमा प्रकाशित कृति साह्रै न्यून छन् । विभिन्न पत्रपत्रिकामा प्रकाशित लेखहरूका अलावा यस विषयमा अध्ययन गर्न उपलब्ध सामग्रीहरू निम्नानुसार रहेका छन् ।

क) बालकृष्ण मानन्धर (२०४६) द्वारा लिखित 'पशुपति आर्यघाटको सामाजिक तथा सांस्कृतिक पक्षको एक अध्ययन' नामक शोधपत्रमा पशुपतिनाथको परिचय, वाग्मतीको उत्पति र यसका तीर्थहरू, घाटको परिचय, ऐतिहासिकता तथा उत्पति, धार्मिक, सामाजिक, सांस्कृतिक एवम् आर्थिक पक्षको अध्ययन गरेका छन् । वाग्मतीका विभिन्न तीर्थहरू मध्ये विष्णु तीर्थ गोकर्णको उल्लेख गरिएको यस शोधपत्रमा वाग्मतीको उत्पत्ति र घाटको परिचय आदिको बारेमा चर्चा परेकोले यस शोधपत्रका लागि उपयोगी हुनेछ ।

ख) जगदीशचन्द्र रेग्मी (२०५८) द्वारा लिखित 'नेपालको धार्मिक इतिहास' पुस्तकलाई ग्रन्थकारले जम्मा ५ अध्यायमा विभाजन गरी मूलत : प्राचीन र मध्यकालीन शैव, वैष्णव र शाक्त एवम् तिनका विभिन्न सम्प्रदायहरू, मठ-मन्दिर एवम् मूर्तिहरू, तीर्थव्रत जात्राहरू अनि शंकराचार्यादि धार्मिक-आध्यात्मिक व्यक्तिहरूका साथै बौद्धधर्म तिनका सम्प्रदायहरू, विहार, चैत्य, स्तूप, बौद्ध भिक्षु अशोक र आचार्यहरू सम्बन्धी ऐतिहासिक विवरणहरूलाई विश्वसनीय प्रमाण जुटाइ तिनको सुन्दर प्रस्तुतीकरण गरेका छन् । यस ग्रन्थमा शैव र बौद्ध धर्मको इतिहास, शैवतीर्थ आदिको जानकारी दिइएकाले यस शोधपत्रका लागि महत्वपूर्ण छ ।

ग) जगदीशचन्द्र रेग्मी (२०३३) द्वारा लिखित 'शाहकालीन कला र वास्तुकला' नामक पुस्तकमा शाहकालमा निर्माण भएका कला, वास्तुकला बारे चर्चा गरिएको छ । यसका

साथै गोकर्ण क्षेत्र वरपरका केही मन्दिरको कला, वास्तुकला बारे पनि संक्षिप्त रूपमा चर्चा गरिएकोले यस शोधपत्रका लागि सहयोग मिल्ने देखिन्छ ।

घ) Ronald M. Bernier (१९७०) द्वारा रचित 'The Temples of Nepal' नामक पुस्तकलाई लेखक महोदयले जम्मा ७ अनुच्छेद (Chapter) मा वर्गीकरण गरी नेपालको ऐतिहासिक एवम् धार्मिक पृष्ठभूमि र नेपाली मन्दिर वास्तुकलाका प्रमुख तत्वहरूको सविस्तार चर्चा गरेका छन् । उनले काठमाडौँ खाल्डोका तीनवटै राज्यहरू कान्तिपुर, ललितपुर र भक्तपुरमा निर्मित मुख्य-मुख्य मन्दिर वास्तुकलालाई स्मारकका रूपमा वर्णन गरेका छन् साथै अन्य स्मारकहरूमा उपत्यका बाहिरका केही मन्दिरहरूको पनि चर्चा गरेका छन् । यस ग्रन्थबाट शोधपत्रलाई मन्दिर वास्तुकलाको अध्ययन गर्ने क्रममा महत्वपूर्ण सहयोग मिल्ने छ ।

ङ) युवराज शर्मा गौतम (२०६२) द्वारा लिखित 'तीर्थ-पर्यटन' नामक ग्रन्थलाई तीन अध्यायमा संयोजित गरिएको छ । प्रथम अध्यायमा तीर्थतत्व मीमांसा, द्वितीय अध्यायमा तिब्बत तथा भारतका प्रमुख तीर्थस्थलहरू अनि तृतीय अध्यायमा नेपालका प्रमुख तीर्थस्थलहरू भन्ने विषयगत शीर्षकहरू समाविष्ट छन् । तीर्थतत्व मीमांसा अन्तर्गत तीर्थको परिभाषा, प्रकार, प्रयोजन तथा विधि, फल आदिका बारेमा उल्लेख गरिएको छ भने तिब्बत र भारतका तीर्थहरूको उल्लेख गर्दै मानसरोवर, कैलाश पर्वत एवम् भारतका चारधामका अलावा गया, काशी, प्रयागादि स्थानहरूको परिचय दिइएको छ । नेपालका प्रमुख तीर्थस्थलहरूको चर्चा गर्दै यहाँका चारधाम, लुम्बिनी, जनकपुर आदि स्थलका मठ, मन्दिरहरूको समेत वर्णन गरेका छन् । यसका साथै यस ग्रन्थमा तीर्थ, तीर्थश्राद्ध, वाग्मती सभ्यता र संरक्षण एवम् गोकर्णेश्वर महादेवको अवस्थिति, तीर्थफल र संक्षिप्त धार्मिक परम्परा आदिको चर्चा गरिएकोले यस शोधपत्रका लागि यो ग्रन्थ सहयोगी हुने मानिन्छ ।

च) पुरुषोत्तम ढकाल (२०६२) द्वारा लिखित 'मन्दिरै मन्दिरको देश नेपाल' पुस्तकमा मन्दिरै मन्दिरको देशका रूपमा परिचित नेपालमा के-कस्ता मठ मन्दिर, धार्मिक स्थल, तीर्थस्थलहरू कहाँ कुन स्वरूपमा कसरी रहेका छन् भन्ने बारे जानकारी दिइएको छ । यो शोधग्रन्थमा पाँचवटै अञ्चल क्षेत्रमा विद्यमान देवदेवीहरूका ऐतिहासिक, धार्मिक र सांस्कृतिक पृष्ठभूमि तथा ती सँग सम्बन्धित मन्दिर, गुफा, कुण्ड, नदीघाट आदिका विवरणहरू, पर्व उत्सव जात्राहरू, लोक कथनमा आधारित घटनाहरू आदि समेत समावेश गरिएकाले यो उनको ग्रन्थ अत्यन्त पठनीय र संग्रहणीय छ । काठमाडौँका विभिन्न मठ मन्दिरहरूको उल्लेख गर्ने क्रममा गोकर्णेश्वर मन्दिरको समेत चर्चा परेकोले यस शोधपत्रका लागि यो उपयोगी हुनेछ ।

छ) प्रेमकुमार खत्री (२०५८) द्वारा रचित 'नेपालका धार्मिक मत र सामाजिक संरचना' नामक पुस्तकलाई लेखकले दुई खण्डमा वर्गीकरण गर्दै खण्ड एकमा वेद तथा उपनिषद् कालीन धर्म, नेपालमा प्रचलित धार्मिक मतहरू, स-साना धार्मिक मत र खण्ड दुईमा हिन्दू सामाजिक संगठन र संस्थाहरू, बौद्ध सामाजिक संरचना र संस्कार पर्वहरू र केही प्रमुख जनजातिहरूको चर्चा गरेका छन् । यस पुस्तकमा शैव, बौद्ध धर्म आदिको इतिहास, संस्कारको परिचय र विभिन्न संस्कारहरूको चर्चा गरिएकोले यो शोधपत्रका लागि सहयोगी हुनेछ ।

ज) संगीता गुरुङ (२०६२) द्वारा लिखित 'पशुपति भस्मेश्वरघाट-राजराजेश्वरीघाटको सांस्कृतिक अध्ययन' नामक शोधपत्रमा गुरुङले शैवधर्मको उत्पति, पशुपतिनाथको परिचय, घाटको परिचय र महत्व, घाटक्षेत्रका कला र वास्तुकला र मन्दिरको पूजाविधि जात्रा एवम् सञ्चालनबारे प्रकाश पारेकी छन् । यसका साथै यस ग्रन्थमा शैवधर्मको उत्पति, घाटको परिचय र महत्व बारे चर्चा गरिएकोले यस शोधपत्रलाई केही सहयोग पुग्ने देखिन्छ ।

झ) वीणा पौड्याल (२०६०) द्वारा रचित 'सर्वेश्वर महादेव' नामक पुस्तकलाई ग्रन्थकारले जम्मा सात अध्यायमा विभाजन गरेकी छन् । प्रथम अध्याय परिचय खण्डका रूपमा, दोस्रो अध्याय शैवधर्म र प्रमुख सम्प्रदायहरू, तेस्रो अध्यायमा शिवका प्यारा भक्तहरू नन्दी, ऋषिगण, कुवेर, भृङगी, भागीरथ, गंगा, पार्वती, त्रिशूल, आदिको सुन्दर रूपमा चर्चा गरिएको छ । त्यस्तै चौथो अध्यायमा शिवलिङ्गको परिचय र प्रकार, पाँचौ अध्यायमा मन्दिरको कला र वास्तुकलाको चर्चा गर्ने क्रममा वास्तुशैली, शिवलिङ्ग, उमामहेश्वर, कुबेर, सूर्य, हरिहर आदि वरिपरिका मूर्तिहरूको बयान गरेकी छन् । छैठौं अध्यायमा मन्दिरको पूजा र प्रमुख पर्वहरूमा जनैपूर्णिमा, अक्षय तृतीया, रुद्रीपाठ, शिवरात्री आदि पर्वहरूको संक्षिप्त बयान गरिएको छ भने सातौं अध्यायमा निष्कर्ष चित्र एवम् रेखाचित्रहरू समावेश गरिएको छ । यस ग्रन्थमा गोकर्णको प्रत्यक्ष बयान नगरिए तापनि शैवधर्म, मन्दिरको कला र वास्तुकलाका साथै पूजा र प्रमुख विभिन्न पर्वहरूको बयान गरिएकाले यो सोधपत्र तयार गर्ने क्रममा यो ग्रन्थले सही मार्गदर्शन गर्ने ठानिन्छ ।

## १.८ अध्याय विभाजन

अध्ययनको सुविधाको लागि यस शोधपत्रको कार्ययोजनालाई जम्मा ५ भागमा विभाजन गरिएको छ । पहिलो अध्यायमा अनुसन्धान परिचय, दोस्रो अध्यायमा गोकर्ण क्षेत्रको ऐतिहासिक र भौगोलिक परिचय, तेस्रो अध्यायमा गोकर्ण क्षेत्रका सांस्कृतिक गतिविधिहरू, चौथो अध्यायमा गोकर्णेश्वर मन्दिर र आसपास क्षेत्रका कला र वास्तुकला र पाँचौ अध्यायमा उपसंहार रहेको छ ।

## १.९ समय विभाजन

शोध गर्दा शोधार्थीले आफ्नो कामको तालिका पनि बनाउनु पर्दछ । शोधगर्ने क्रममा कुन कामका लागि कति समय लाग्दछ भनेर तोक्न सकेको खण्डमा आफ्नो काम समयमै सम्पन्न गर्न सकिन्छ । यो शोधपत्र पाँच महिनामा सम्पन्न गर्ने गरी शोधको समय तालिकालाई यसरी विभाजन गरिएको छ ।

| | |
|---|---|
| प्रस्तावना लेखन, पुस्तक पत्रपत्रिका अध्ययन | ४५ दिन |
| अन्तर्वार्ता / प्रंश्नावली | १५ दिन |
| स्थलगत भ्रमण | १६ दिन |
| सामग्री वर्गीकरण | १२ दिन |
| प्रथम लेखनकार्य आरम्भ | २५ दिन |
| शोधलाई अन्तिम रुप प्रदान | २० दिन |
| टाइप वाईनडिङ्ग | ७ दिन |
| मौखिक परीक्षा | ७ दिन |
| जम्मा | ४ महिना २६ दिन |

यो शोधपत्रलाई लगभग पाँच महिनामा सम्पन्न गर्ने उद्देश्य लिइएता पनि शोधकर्ताको आफ्नै आन्तरिक कारण साथै गहन अध्ययन गर्नु परेकाले १० महिनामा मात्र शोधपत्रलाई पूर्णता दिन सकियो ।

## १.१० अनुमानित खर्च

शोध अनुसन्धान प्रस्ताव लेख्दा शोधकर्तालाई आफूले गर्न लागेको शोधग्रन्थको अनुमानित बजेट बारे ज्ञान हुनु जरुरी हुन्छ । नत्र शोधकार्य बीचैमा पनि रोकिने हुन जान्छ । यो शोधग्रन्थ तयार पार्दा सम्म सामग्री संकलनमा लाग्ने खर्च, यातायात खर्च, टाइप र वाईनडिङ्ग खर्च र सम्बन्धित विभागमा बुझाउनुपर्ने आदि विभिन्न शीर्षकमा गरिने अनुमानित खर्चलाई यसरी प्रस्तुत गरिएको छ ।

| | | |
|---|---|---|
| १. | सामग्री संकलन खर्च | रु ४५०० |
| २. | यातायात | रु २५०० |
| ३. | फोटो | रु २५०० |
| ४. | टाइप | रु ३५०० |
| ५. | वाईनडिङ्ग खर्च | रु २५०० |
| ६. | सम्बन्धित विभागमा दस्तुर | रु १७०० |
| ७. | विविध / अन्य | रु ५५६० |

| | |
|---|---|
| जम्मा | रु २२,७,६०/- |

यस शोधपत्र तयार गर्नका लागि उल्लेखित समयमा नसकिनुका साथै गहन अध्ययन गरिएकोले समेत खर्चमा वृद्धि भई लगभग २६ हजार जति खर्च भएको अनुमान छ ।

# दोस्रो अध्याय

# गोकर्ण क्षेत्रको ऐतिहासिक र भौगोलिक परिचय

## २.१ गोकर्णको भौगोलिक पृष्ठभूमि

नेपालको राजधानी तथा देशकै मुटुका रूपमा विश्व प्रसिद्ध काठमाडौले समग्रमा नेपालको परिचय दिएको छ । कुनै बेला नेपाल भन्नाले काठमाडौं उपत्यकाका कान्तिपुर, भक्तपुर र ललितपुर आदि तीनवटा जिल्लाहरूलाई मात्र जनाउने भएपनि हाल भने काठमाडौंले एउटा जिल्लालाई मात्र जनाउँदछ । नेपालको मध्माञ्चल विकास क्षेत्र अन्तर्गत वाग्मती अञ्चलमा पर्ने काठमाडौं जिल्लाका विभिन्न गा.वि.स.हरू मध्ये गोकर्णेश्वर गा.वि.स पनि एक हो । यहाँ श्री गोकर्णेश्वर महादेवको पवित्र मन्दिर रहेकाले सोही नाउँबाट गा.वि.स. को नाउँ समेत गोकर्णेश्वर रहेको हो । कर्कपेट्रीकले गोकर्ण साँखु, चाँगुनारायण, देउपाटन, हाँडीगाउँ, फर्पिङ, चुप्रिगाउँ र अन्य केही ठाउँहरूलाई महत्वपूर्ण स्थानहरूको श्रेणीमा राखेका छन् ।[१] यो गाउँ राजधानी काठमाडौको उत्तरपूर्व ९ कि.मी. टाढा अवस्थित रहेको छ । समुद्र सतहदेखि १३४७ फिट उचाइमा अवस्थित यो क्षेत्र ८५° २३' देखि ८५° २७' मी. अक्षांस र २७° ४३' मी. देखि ८५° २७' मी देशान्तर भित्र फैलिएको छ । २१८.०५ हेक्टर जमिन ओगटेको यस गा.वि.स. को पूर्वमा नयाँपाटी, पश्चिममा जगडोल पर्दछ भने उत्तरमा सुन्ताखाना र दक्षिणमा चाहिँ जोरपाटी पर्दछ । (चित्र नं. १)

यहाँको बनोट उत्तरबाट दक्षिणतर्फ हल्का भिरालो हुँदै गएको पाइन्छ । चारैतिर हरिया डाँडा काँडा एवम् प्राकृतिक सम्पदाहरूले भरीपूर्ण गोकर्णेश्वर महादेव मन्दिरको दक्षिणपूर्वमा राजनिकुञ्जको रूपमा गोकर्ण सफारी वन पर्दछ । यस वनलाई राजनिकुञ्ज पनि भनिन्छ । नेपाली शब्दकोष अनुसार 'राज' भन्नाले राजा वा राज्यको अधिकार भित्रको क्षेत्र भन्ने हुन्छ भने 'निकुञ्ज' भनेको लतागृह वा वन्यजन्तु र दुर्लभ वनस्पतिको सुरक्षाका निम्ति जोगाइएको वन, आरक्षण, जगेडा वन हो[२] तसर्थ राजनिकुञ्ज भन्नाले राजा वा राज्यको अधिकार भित्रको वन्यजन्तु एवम् दुर्लभ वनस्पतिको सुरक्षार्थ जगेडा गरिएको वन भन्ने हुन्छ । यो जङ्गल हाल शाही वन्यजन्तु आरक्षण भित्र पर्दछ । यो वन एउटा संरक्षित वन हो । यो वन जङ्गबहादुर राणाले संरक्षण गरेका थिए । वि.स.१९१९ वैशाख (अप्रिल १६ ता.१८६२ ई का दिन) मा 'नेपालको धन हरियो वन' को स्मरण गरी जङ्गल नमासियोस् भन्ने हेतुले गोकर्ण वनको सुरक्षार्थ वनको चारैतर्फ पर्खालले घेर्न लगाए । साथै श्री ३ जङ्ग शिकारको अति सौखिन भएकाले आफू बुढो भई अशक्त भएको अवस्थामा शिकार खेल्नका निमित्त त्यस वनमा जीउँदा जरायो, चित्तल, राते लगुना, चौका आदि

---

[१] कोलोनेल कर्कपेट्रिक, **एन एकाउन्ट आफ किङ्गडम अफ नेपौल,** (१७९३), (न्यू दिल्ली : एसियन एजुकेशनल सर्भिसेस, १९९६) पृ. १६०

[२] बालकृष्ण पोखरेल र अरू(सम्पा), **नेपाली वृहत् शब्दकोष**, पाँचौं संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.स. २०५८) पृ. १०६७ र ६८४

अहिंस्रक जनावरहरूका प्रशस्त जोडी र मयूर, कालिज, लुँइचे चराहरू प्रशस्तै गोकर्ण वनमा छोडी त्यहाँ एक बङ्गला (दरबार) समेत बनाउन लगाए ।[३] पछि वि.स. १९२१ आषाढमा श्री ३ जङ्गले गोकर्णमाफैं नागार्जुनमा पनि जङ्गलको चारैतर्फ पर्खाल घेर्न लगाई त्यहाँ बङ्गला निर्माण गराउन लगाए । नागार्जुनमा पनि जङ्गले गोकर्ण र छरीयामाफैं जीउँदा जनावरहरू र चराहरू छोड्न लगाए ।[४] यो एउटा ऐतिहासिक पुरातात्विक दृष्टिकोणले बढि महत्व राख्ने ठाउँ हो । शिवजीले श्लेषमान्तक वनमा मृगको रूपमा विहार गरेको ठाउँ पनि यसै जङ्गलमा पर्ने विश्वास गरिन्छ । जङ्गलको चारैतिर इँटाको २७,२,०० फिट पर्खालको घेरा लगाई पर्खालमा वरिपरि तारको समेत वार लगाइएको छ । ४,३४२ रोपनी क्षेत्रमा फैलिएको यो वनको क्षेत्रफल २,३७,७६,७९२ स्क्वायर फिट रहेको छ अथवा यस गोकर्ण वनले लगभग २.७ स्क्वाएर कि.मी. भू-भाग क्षेत्र ओगटेको छ । लम्बाइ ६८४०, चौडाइ ४९२० रहेको यो राजनिकुञ्ज वनको चारैदिशामा एक एक वटा गरी जम्मा चारवटा प्रवेशद्वार रहेका छन् । ती चारवटा ढोकामध्ये सबैभन्दा होचो तथा मुख्य प्रवेशद्वार दक्षिण ढोका हो ।[५] पर्खालको वरिपरि परिक्रमा गर्न लगभग दुई अढाई घण्टा लाग्ने यो जङ्गल भित्र बीचमा वनदेवी र त्यसको वरिपरि सम्फना सदन, विभिन्न पोखरी (माछा पोखरी, कमल पोखरी) विभिन्न डाँडा (कमलडाँडा, कपुरडाँडा, सीमलडाँडा, चिसोपानी डाँडा), विभिन्न पोष्ट (गहते पोष्ट, चिनियाँ पोष्ट, उत्तरवाहिनी पोष्ट) विभिन्न चौर ( सानो चौर, ठूलो चौर), निकै चमेना गृहहरू (बिचमा), घ्यालपुडोल, बिजुलीघर, जिन्सी भण्डार, बङ्गला, सेटघर, चिनिया पाखा, सल्लाघारी, कण्टुर, मोटरबाटो, खोला, फोरा पुल, कम्पाउण्ड, गाउँ लगायत हरियाली अनेकौं वृक्षहरूको छहारी मुनि होटल मेरिडिन पनि यहि राजनिकुञ्ज क्षेत्र भित्रै रहेको छ । यो वन ठाउँ-ठाउँमा दुइतिर माटो उठेको डाँडाकाँडा, खोल्सा र समतल भूमिले ओगटेको छ ।

राजनिकुञ्ज वनभित्र विभिन्न जातिका वनस्पतिहरू वन्यजन्तुहरू तथा चराचुरूङ्गीहरू पाइन्छन् । चाँप, सिमल, सल्ला, कटुस, लप्सी, स्याल फुस्रे, चिलाउने, काफल, बकाइनो, जामुना आदि विभिन्न प्रकारका हरियाली बोटवृक्षले यो वन ढाकेको छ । कान्तिपुर, रानीवन, गोकर्णवन तथा अरू जङ्गलमा प्रशस्त जनावरहरू पाइन्छन् ।[६] यो गोकर्ण वनभित्र चितल, मृग, जरायो, स्याल, बाँदर, वन बिरालो, मलसाँप्रो, चितुवा, कृष्णसागर, वनेल आदि विभिन्न प्रजातिका वन्यजन्तुहरूको बसोबास पाइन्छ । त्यस्तै यहाँ रहेका काग, ढुकुर, चिल, कालिज, जुरेली,

[३] पुरूषोत्तमशम्शेर जबरा, **श्री ३ हरूको तथ्य वृतान्त**, भाग-१, तृतीय संस्करण (काठमाडौः विद्यार्थी पुस्तक भण्डार, २०६२) पृ. १३६

[४] उही, पृ १३९

[५] सर्भे, सं.मु.हे.का शाही जंगी अड्डा अनुसार, २०२४/०५

[६] लीलाभक्त मुनंकर्मी, **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन**, (भक्तपुर : श्रीमती भवानी केशरी मुनंकर्मी, २०४१) पृ. २३९

वनकुखुरा, मयुर, आदि विभिन्न प्रजातिका चराचुरूङगीले गोकर्ण वनलाई नै बडो संगीतमय एवम् रमाइलो तुल्याएका छन् । श्री ३ जङ्गले यहाँ अनेकौं अहिंस्रक जनावरहरू छाडी तिनको संरक्षणमा विशेष जोड दिएका थिए तर उनी पछिका राणा प्रधान मन्त्रीहरू आदिले भने जनावर छाड्ने, वृक्षारोपण गर्ने जस्ता संरक्षणका कार्यहरू गर्नुको सट्टा जनावरहरूको शिकार मात्र गरे । त्यसैले हाल आएर माथि उल्लेखित सम्पूर्ण प्रजातिका वृक्ष तथा चराचुरूङगीहरू दिनदिनै लोपोन्मुख हुँदै गएकाले यसतर्फ सम्बन्धित निकायको ध्यानाकर्षण हुन आवश्यक देखिन्छ । यति हुँदाहुँदै पनि वन्यजन्तु र जङ्गलको सुरक्षार्थ राजदरबारबाट सेना खटेको यो वनले वातावरण जोगाउने र वन्यजन्तुको संरक्षणको महत्वपूर्ण कार्य गरेको छ । यहाँ एउटा खेल आश्रय स्थल झण्डै आधा जङ्गलमा निर्माण भएको छ । 'गोकर्ण सफारी पार्क' का रूपमा समेत चिनिने यो राजकीय खेल आश्रय स्थल काठमाडौँको उत्तरपूर्व १० कि.मी. को दुरीमा वाग्मती नदीको किनारामा अवस्थित छ । धैरै जङ्गली जनावरहरू जस्तै टाटेपाटे मृग आदि हात्तीको सवार गर्दा यो आश्रय स्थलमा देख्न सकिन्छ । यस स्थानमा खेल खेल्नका लागि प्रवेशद्वारमा या ट्राभल एजेन्सी मार्फत व्यवस्थापन गरी गएमा प्रवेश शुल्क लिने गरिन्छ ।[७] यहाँ विदेशी राजदूत र धनीमानी व्यक्तिहरू गल्फको सदस्यता लिइकन गल्फ खेल्छन् । यस खेल आश्रय स्थललाई दक्षिण एशियाकै दोस्रो ठूलो गल्फ खेल्ने स्थलका रूपमा मानिन्छ । गोकर्ण भौगोलिक दृष्टिकोणले पनि प्रकृतिकै एउटा सुन्दर स्थलका रूपमा रहेको छ । यहाँ रहेका विभिन्न प्राकृतिक स्रोतहरूले यस क्षेत्रकै सौन्दर्यलाई झल्काएका छन् । यहाँ शिवपुरीडाँडा स्थित वागद्वारबाट कलकल रूपमा बहदै आएको काठमाडौँको प्रमुख नदी वाग्मतीका अतिरिक्त इन्द्रमती, चन्द्रमती, घटेखोला, कर्मनासा आदि नदीहरू पनि रहेका छन् । रामायण कालमा चर्चित राक्षसराज रावणले यही गोकर्णेश्वर क्षेत्रमा कठोर तपस्या गरेको र रावणले शिवआराधना यज्ञ गर्दा ध्यान गरेको हवि (घिउ र चरू आदि) डढेको खरानीको थुप्रोले एउटा डाँडा नै बनेको थियो भने सोको उस बेलाको प्रमाण स्वरूप यज्ञडोल (जगडोल) भन्ने गरिएको तथ्य अहिले पनि पाइन्छ । गोकर्णेश्वरको उत्तरगया मानिएको वाग्मती नदी र गोकर्णेश्वर महादेवको पश्चिममा हरिया सल्लाका बोटहरूले ढाकिएको उच्चस्थान जगडोल डाँडा रावणले हवन गरेको चरूको सन्दर्भमा यस डाँडालाई (पर्वत) गोकर्णेश्वर महादेवको नाममा राखिएको कैलाश मान्न पनि सकिने अवधारणा देखिन्छ ।

प्राकृतिक स्रोत भन्नाले हावापानीलाई पनि लिन सकिन्छ । काठमाडौँको नजिक रहेको र उचाइ समेत समान भएकोले यहाँ जेष्ठ र असार महिनामा सबभन्दा बढी गर्मी हुन्छ भने सबैभन्दा बढी वर्षा असार, श्रावण र भाद्र आदि तीन महिनामा हुन्छ । गर्मीमा यहाँ २९$^{\circ}$ से. देखि ३९$^{\circ}$ से. तथा २०$^{\circ}$ से. देखि २२$^{\circ}$ से. बीचको तापक्रम रहन्छ भने जाडो याममा घटेर अधिकतम

[७] नेपाल ट्राभलर भोल-१, नं ११, २ मार्च, १९९४, पृ. २९

तापक्रम १०°से देखि १२° से र न्यूनतम ताक्रम माइनस डिग्री देखि ३° से. सम्म रहेको पाइन्छ । यहाँ सबभन्दा बढी गर्मी जेष्ठ र असार महिनामा हुन्छ भने सबैभन्दा जाडो पुष र माघमा हुने गर्दछ । यस क्षेत्रमा बार्षिक औसत बर्ष ८७ मि.मि अनुमान छ ।

यस क्षेत्रको कुल जनसङ्ख्या २०५८ सालको जनगणना अनुसार ४४६४ रहेको छ जसमा पुरूषको सङ्ख्या २२५० र महिलाको सङ्ख्या २२१४ रहेको छ भने समग्र घरधुरी सङ्ख्या ८९७ रहेको छ । गोकर्णमा प्राचीन समयदेखि नै विभिन्न जातिहरूको अस्तित्व रहेको पाइन्छ । यहाँ विशेष गरी नेवारहरूको बसोबास रहेको भएपनि क्षेत्री, तामाङ, ब्राह्मण, शेर्पा, मगर, राई, कामी, दमाइ, गुरुङ, माझी, मुसहर, थारू, लिम्बू, सुनुवार मुसलमान आदि विभिन्न जातका मानिसहरूको पनि बसोबास रहेको पाइन्छ । यहाँ हिन्दू, बौद्ध, किराँत लगायत इस्लाम धर्मका अनुयायीहरू पनि देखिन्छन् । यहाँका खास बासिन्दा नेवार भएकाले यहाँ नेवारी भाषाले नै विशेष प्रश्चय पाएको छ । यस क्षेत्रका बासिन्दाहरूमा आफ्नो मातृभाषा बोल्ने जातिहरूमा नेवार, नेपाली, तामाङ, वान्तवा, शेर्पा, यल्मो, मगर, गुरुङ भोजपुरी र मैथिली आदि रहेका छन् । यहाँ बोलिने नेवारी भाषा भक्तपुरमा बोलिने नेवारी भाषासँग मेल खान जान्छ । गोकर्णेश्वर महादेव मन्दिरमा गाइने भजनगीत तोत्र आदि प्राय नेवारी भाषामा नै गाउने चलन अद्यापि कायमै छ ।

## २.२ गोकर्णको ऐतिहासिकता

गोकर्णको इतिहास केलाउँदै जाने हो भने निकै प्राचीन कालसम्म पुऱ्याउन सकिन्छ । पुरातात्विक प्रमाणको आधारमा यस क्षेत्रको इतिहासलाई राजा मानदेवको समय अर्थात लिच्छविकालसम्म पुऱ्याउन सकिन्छ भने साहित्यिक प्रमाणको आधारमा निकै अगाडिसम्म लैजान सकिन्छ । पहिले काठमाडौँ उपत्यका नागदहको रूपमा (पोखरी) रहेको बेला धेरै समयपछि चीनबाट आउका बोधिसत्व मञ्जुश्रीले भगवान् र मानव प्राणी दुवैको फाइदा हुने देखि गोकर्ण, पशुपति (आर्यघाट), चोभार, कटुवालदह आदि स्थानका पहाडलाई खड्गले काटी पानी बग्न सजिलो पारेका थिए ।[८] कर्कोटकलाई बस्न उपर्युक्त स्थानको व्यवस्था गरेपछि नागराजले न्हुच्छेकाप, कैलाश, गोकर्ण आदि अन्य ठाउँहरूलाई काटी पानी बाहिर बगाए । परिणामस्वरूप काठमाडौँ उपत्यकाको पोखरीको पानी बाहिर निस्की सुख्खा बस्तीयोग्य हुन पुग्यो ।[९] गोकर्ण, पशुपति र चोभारमा रहेका वाग्मती नदीका गल्छीहरू नफुटेसम्म काठमाडौँ उपत्यकामा ताल वा सरोवरका स-साना अवशेषहरू कायमै रहेका देखिन्छन् ।[१०] प्राचीन समयमा जलमग्न रहेको काठमाडौँ उपत्यकाको गोकर्णमा कहिले बस्ती बस्यो भन्ने बारे प्रमाणको अभाव छ । गोकर्णेश्वर

---

[८] मीनबहादुर शाक्य (अनु.), **श्री स्वयम्भू महाचैत्य**, (काठमाडौँ स्वयम्भू विकास मण्डल, वि.स. २०६१) पृ. १५

[९] उही, पृ. ११

[१०] बाबुराम आचार्य, **नेपालको सांस्कृतिक परम्परा,** प्रथम संस्करण (काठमाडौँ : श्रीकृष्ण आचार्य, काष्ठमण्डप प्रिन्टिङ प्रेस, वि.स. २०५४) पृ.९

भन्ने नाँउलाई चाँगुसँग जोड्नुको प्राचीन चलन हेर्दा काठमाडौँ उपत्यकाका छुट्टाछुट्टै राज्य हुँदाको स्थितिमा भक्तपुर राज्य अन्तर्गत चाँगु र गोकर्णक्षेत्र पनि पर्दोरहेछ भन्ने बुझिन्छ । २०१६ सालपछि आएर मात्रै मनहरा खोलाको साँघुले काठमाडौँ र भक्तपुर जिल्लाको उत्तरपूर्वक्षेत्र छुट्याइएको हो । त्यसैले चाँगुमा प्राप्त ऐतिहासिक प्रमाणको आधारमा सं.३८६ तिर गोकर्णमा पनि बस्ती बसी सकेको मान्न सकिन्छ ।

गोकर्णेश्वर महादेव र चाँगुनारायण, उत्तरवाहिनी स्थित कान्तिभैरव मन्दिरको शैली र गोकर्ण देशको वंगलादेवी एवम् छिन्नमस्ता देवी मन्दिरका भग्नावशेष समेत हेर्दा यो क्षेत्रको प्राचीनता र महत्व नेपालको लिच्छविकालिन समयभन्दा अगाडि नै प्रसिद्ध भैसकेको देखिन्छ ।[११] उपत्यकाको उत्तर तथा उत्तरपूर्वमा केही लिच्छविकालीन बस्तीहरू रहेका थिए । त्यस्ता बस्तीहरूमा गोकर्ण, साँखु, चाँगु, नीलवाराही आदि प्रमुख थिए जुन बस्तीहरू केही परिवर्तित रूपमा भएपनि हालसम्म विद्यमान नै रहेको पाइन्छ ।[१२]

यतिमात्र नभएर किराँत कालदेखि नै यस क्षेत्रमा बस्ती भै विकसित रूपमा रहेको भन्ने इतिहासकारहरूको भनाइ रहेको छ । गोकर्ण सहर अघि द्वापरका अन्त्यमा किराँत राजाहरूकै पालामा बनेको र उनीहरूको राज्यस्थान वा राजधानी यही थियो भनी वंशावलीमा लेखिएको पाइन्छ ।[१३] प्राचीन कालमा किराँतहरूको राज्य हुँदा राजधानी काठमाडौँका उत्तरमा वाग्मती स्थित गोकर्ण नामक स्थान थियो ।[१४] भाषावंशावलीमा 'चौबीस (२४) जना किराँती राजाहरू राजा हुँदा दरबार गोकर्णका जङ्गल भित्र थियो' भनी उल्लेख गरिएको छ ।[१५] वंशावली अनुसार किराँत राजा पटुकको पालीमा पश्चिम तिरबाट सोमवंशी राजापूतको नेपालमा आक्रमण भएकोले उक्त किराँत राजाले आफ्नो गोकर्णको पुरानो छोडी शंखमूलमा नयाँ दरबार खडा गर्नुपऱ्यो ।[१६] त्यस्तै योगी नरहरीनाथले 'काठमाडौँमा अघि किराँत राजहरू थिए भन्दै तीन शहर खाल्टो जलमय हुँदा कीर्तिपुर, दहचोक, मातातीर्थ, गोदावरी, गोकर्ण, भइमाल, विशालनगर, जयबागीश्वरी आदि कसैसँग परिवर्तित राजधानीहरूमा अनेक शाखाका किराँती राजाहरूले राज्य गरे' भनी उल्लेख गरेका छन् ।[१७] राइट वंशावली र भाषा वंशावलीले त किराँत राज्यको राजधानी उपत्यकाको

---

[११] ऋषिराम पोखरेल, "उत्तरगया श्री गोकर्णेश्वर पितृतीर्थ एवम् त्यस क्षेत्रका प्रमुख देवदेवी", **मुजुरा,** त्रैमासिक, वर्ष. १, अंक २, वि.स. २०६१, पृ. ११-१२

[१२] श्रीरामप्रसाद उपाध्याय, **नेपालको प्राचीन तथा मध्यकालीन इतिहास**, तेस्रो संस्करण (काठमाडौँ : रत्न पुस्तक भण्डार २०६१), पृ. ३८

[१३] देवीनाथ (सं), **देवमाला,** (काठमाडौँ : श्री ज. सुरशम्शेर जबरा, २०१३), पृ. ९७

[१४] सूर्यविक्रम ज्ञवाली, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास,** (काठमाडौँ : रोयल नेपाल एकेडेमी, २०१९), पृ. १६

[१५] नयनाथ पौडेल, **भाषावंशावली,** भाग १, (काठमाडौँ : नेपाली राष्ट्रिय पुस्तकालय, वि.स. २०२०), पृ. ४९-५०

[१६] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा,** प्रथम संस्करण (बनारस : कृष्णकुमारी, वि.स. २००८), पृ. ७८

[१७] नरहरिनाथ, **इतिहास प्रकाशमा सन्धिपत्र संग्रह**, भाग १, (दाङ : आध्यात्मिक सम्मेलन, वि.स. २०२२), पृ. १८४

गोकर्णको जङ्गलमा थियो भनी उल्लेख गरेको छ ।[१८] त्यस्तै साफल्य अमात्यले 'पछि दक्षिणबाट आएका सूर्यवंशी राजानिमिष्टांकार वर्माले किराँतहरूलाई हटाई भगाएर आफ्नो साथमा आएका सैन्यहरू र पछि आफ्नो देशबाट आएका जनतालाई समेत पुरानो विशालनगरमा बास गराई त्यस (गोकर्ण) नगरलाई गुल्जार गरे' भनी चर्चा गरेका छन् ।[१९] पौराणिक कथा र रीतिरिवाजले पाटनको प्राचीनतालाई सम्मानपूर्वक समर्थन गर्छन् । उपत्यकाका शहरहरूमध्ये पाटन सिङ्गो आदिवासी किराँती मानिसहरूको परम्परासँग नितान्त रूपमा जोडिएको छ । पाटन शहरको केन्द्रमा एक ढिस्को र सतूपको अवशेष रहेको छ जहाँ परम्परागत शैलीमा निर्मित किराँती राजा पटुकको दरबार पुनः निर्माणार्थ आफ्नो गोकर्णमा रहेको दरबार त्यागे भन्ने भनाइ छ ।[२०] किराँतहरूको राजधानी गोकर्णमा थियो ।[२१] यहाँ २८ जना किराँतवंशी राजाहरूले ११११८ वर्षसम्म राज्य गरे ।[२२]

यसरी गोकर्ण किराँतकालमै एउटा बस्तीका रूपमा विकसित भैसकेको कुरा विभिन्न प्राप्त स्रोतहरूबाट थाहा हुन्छ । त्यसपछि भने लिच्छविकालमा यस क्षेत्रमा पूर्ण रूपले धर्म र संस्कृतिको विकास भएको पाइन्छ । लिच्छवि राजाको दरबार नै गोकर्णमा थियो भन्ने यकिन भएको छ । वंशावली अनुसार पछि हुने राजा शिवदेव प्रथमको पालामा गोकर्णको पुरानो दरबार बन्यो र राजसत्ता पुरानो दरबारबाट हटेर यस नयाँ दरबारमा गयो । चिनियाँ इतिहास, शिवदेव र अशुंवर्माका शिलालेख र वंशावलीको यस कथनको मिलन गर्दा देवपाटनमा नयाँ बनेको दरबार निश्चयनै अंशुवर्माको प्रख्यात 'कैलाशकूट' हो । अतः गोकर्णमा भएको पुरानो दरबार निःसन्देह 'मानगृह' नै देखिन्छ ।[२३] मानगृह दरबार इतिहासकारहरूले ललितपुरको मंगलबजार (ललितपुर-दरबार) गोकर्णको डुमाखाल, हाँडीगाउँ र विशालनगर भेगमा यो दरबार हुनुपर्दछ भनी आ-आफ्ना रायहरु पोखेका छन् । हाँडी गाउँको सानो क्षेत्रको उत्खनन् र गोकर्णको डुमाखालमा त्रिभुवन विश्वविद्यालयबाट गरिएको उत्खनन् र ललितपुर-दरबारभित्रको भण्डारखाल बगैंचाभित्र गरिएका उत्खनन्हरूले ती ठाउँहरू नजिकै कतै कुनै ठूलो दरबार हुन सक्ने कुरालाई कुनै पनि तवरले पुष्टि गर्न सकेनन् । ललितपुरको सो उत्खनन्ले त्यस क्षेत्रलाई मल्लकालीन भन्दा पर पुऱ्याउन सकेन भने गोकर्णको डुमाखालमा त्यस्तो कुनै ठूलो भग्नावशेष फेला  परेन ।[२४]

यसरी मानगृह कहाँ थियो भन्ने विभिन्न अड्कल गरिए तापनि हाल सम्मको खोजबाट 'मानगृह नामक राजप्रसाद, चाँगुनारायणको मन्दिर, मानदेव संस्कारित चक्रमहाविहार आदि

---

[१८] डेनियल राइट, **हिस्ट्री अफ नेपाल,** रीप्रिन्ट, (काठमाडौ :एन्टीकुएटेड बुक पब्लिशर्स, १९७२), पृ. १०९-११२

[१९] साफल्य अमात्य, **काठमाडौं नगनारायण**, प्रथम संस्करण (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५३), पृ. १२

[२०] मेरी श्लसर, **नेपाल मण्डल**, भोल १, (प्रिन्सटन : प्रिन्सटन यूनिर्भसिटी प्रेस, १९८२), पृ. ९६

[२१] सुनीतिकुमार चाटुर्जे, **किराँत जनकीर्ति**, (कलकत्ता : द एसियाटिक सोसाइटी, १९७४), पृ. ६६

[२२] नयराज पन्त र अरू, **लिच्छवि सम्वत्को निर्णय,** प्रथम संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४३), पृ. १९४

[२३] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रुपरेखा,** (बनारस : कृष्णकुमारी, २०२२), पृ. ८४

[२४] अमात्य, पूर्ववत् (पा.टि.न. १९), पृ. २८

भवनहरूले मानदेवको वास्तु-प्रियताको ज्वलन्त प्रमाण उपस्थित गर्दछन् । गोकर्णमा स्थित प्राचीन दरबारमा नै 'मानगृह' हो भन्ने विद्वानहरूको अनुमान छ ।[२५] यसरी हेर्दा गोकर्णको ख्याति लिच्छविकाल वा त्यो भन्दा अगाडि किराँतकालदेखि नै प्रसिद्ध भएको मान्नुपर्दछ ।

त्यस्तै इतिहासकारहरूले अंशुवर्माको कैलाशकूट भवन कहाँ थियो भन्ने कुरामा कसैले देउपाटन, कसैले हाँडीगाउँ, कसैले विशालनगर आदि भनेर अड्कल गरेको पाइन्छ । अभिलेखहरूको वर्णन र विदेशी यात्रीको यात्रा वर्णन अनुसार कैलासकुट भवनको सातँतले अन्य दरबार तीनतिर भन्ने अर्थमा पूर्व पश्चिम दक्षिण जहाँबाट हेरे पनि टड्कारो देखिने सेतो हिमाल जस्तो उँचो दरबार रहेको भन्ने कुराको सामाञ्जस्यता गोकर्णको डाँडासँग रहेकोसँग तादात्म्य हुन आउँछ ।[२६] श्यामसुन्दर राजवंशीका अनुसार साम्बपुर नै कैलाशकूट भवन भएको ठाउँ हो । प्रवल मानेश्वर भनेर गोकर्णेश्वर महादेवलाई नै भनिएको हुनुपर्छ । गोकर्णेश्वर महादेवलाई साम्ब सदाशिव पनि भन्ने हुनाले साम्ब सदासिव विराजमान भएको सहरपुरलाई साम्बपुर भनेको हो भन्ने बुझिन्छ । त्यसैले राजाङ्गण साम्बपुरको उत्तर पूर्वी भागमा अवस्थित भनी अभिलेखमा उल्लेख भएकाले गोकर्णेश्वर भन्दा उत्तरपूर्व भागमा कैलाशकूट भवन अवस्थित थियो भन्ने थाहा पाउन सकिन्छ ।[२७] यसको अलावा लिच्छविकालको प्रसिद्ध दरबार कैलाशकूट भवन गोकर्ण भेकमा नै थियो भन्ने कुरालाई पुष्टि गर्ने अर्को आधार पनि प्राप्त छ जुन अंशुवर्माको सम्वत् ५३६ (ई.स.६१२) को गोकर्ण वालुवा गाउँको अभिलेख हो ।[२८] यस अभिलेखले कैलाशकूट भवन हाँडीगाउँ भेक लगायत विशालनगर, देउपाटन आदि विभिन्न ठाउँहरूमा होइन यही गोकर्णको आसपास हुनुपर्छ भन्ने कुरा अभिलेखमा प्रयोग भएको अहिंन्दूकोट्ट शब्दबाट पनि स्पष्ट सङ्केत प्राप्त भएको देखिन्छ ।[२९]

हाल प्राप्त भएको अंशुवर्माको सम्वत् ५३६ को यो अभिलेखमा अंशुवर्माले बनाएको श्री राजविहार अंहिंन्दूकोट्टमा अंशुवर्माले बनाएको श्री राजविहार अहिंदुकोट्टमा अर्थात गोकर्णको वालुवा गाउँमा थियो भन्ने थाहा हुन आएको छ । राजविहारको अर्थ राजदरबारसँग सम्बन्धित लायकु विहार नै राजविहार हो । तसर्थ गोकर्ण वालुवा गाउँमा अंशुवर्माको श्री राजविहार अभिलेखमा श्री लाजविहार भनिएको छ सो लाजविहार लायकु बिहार हो भन्ने कुरामा निःसन्देहछ । जब अंशुवर्माको राजविहार गोकर्ण वालुवा गाउँमा थियो अतः अंशुवर्माको राजदरबार कैलाशकूट भवन पनि गोकर्ण भेकमा नै थियो भन्ने कुरा निःसन्देह हुन आउँछ । अंशुवर्माले बनाएको लायकु

[२५] ढुण्डिराज भण्डारी, **नेपालको ऐतिहासिक विवेचना,** (वाराणसी : कृष्णकुमारी देवी, २०६०) पृ. ४२

[२६] श्यामसुन्दर राजवंशी, **लिच्छविकालीन संवत्को निश्चय**, (काठमाडौँ : श्री गिरीन्द्रमान राजवंशी र श्री चन्द्रकिरण राजवंशी, वि.स. २०५२) पृ. १३८

[२७] उही, पृ. १३७-१३८

[२८] उही, पृ. १३८

[२९] उही, पृ. १६०

बिहार राजविहार गोकर्ण भेकमा र कैलाशकूट भवन मात्र हाँडीगाउँमा हुनु भन्ने कुरा असम्भव कुरा हुन्छ ।[३०] सम्वत् ५३६ को अभिलेखमा 'स्वकारितक श्री लाजविहार' उल्लेख भएबाट अंशुवर्माले बनाएको राजविहार भन्ने स्पष्ट हुन्छ । सो बिहार अहिंन्दूकोट्ट भन्ने ठाउँमा थियो । हरेक राजदरबारको निकट एउटा कोट्ट पनि हुने गर्दछ । त्यहाँ राजविहार र अहिंन्दूकोट्ट राजदरबार गोकर्ण भेकलाई नै केन्द्रबिन्दु बनाइ त्यसको आसपासमा हुनुपर्ने कुरा श्यामसुन्दर राजवंशीको मत छ ।[३१]

यसरी यहाँ प्राप्त अभिलेखको आधारमा अंशुवर्माको कैलाशकूट भवन पनि सोही राजविहारको निकट आसपास हुनुपर्ने निःसन्देह देखिने हुनाले प्रायः इतिहासकारहरूले अनुमान गरेको हाँडीगाउँ क्षेत्र भन्ने कुराको सम्भाव्य आधार तर्कहरू फितलो साबित हुन्छ । त्यसकारण अंशुवर्माले निर्माण गरेको प्रसिद्ध राजप्रसाद कैलाशकूट भवन जुन भवन सयौं सय वर्ष जीवित रहेको थियो र गोकर्ण भेकमा बाहेक अन्त हुन सम्भव पनि देखिएन ।[३२]

गोकर्ण, हाँडीगाउँ आदि ठाउँहरूमा स्वयम्भूमा प्राप्त स्वयम्भू चैत्य सेन्गु आदिसँग जोडिएका घटनाहरूको रेकर्ड गरिएका पूर्व लिच्छविकालीन अभिलेखहरू पनि पाइएका छन् ।[३३] यहाँ गोकर्ण क्षेत्रको प्राचीनता र ऐतिहासिकता बारे जानकारी दिने वि.स.६४९ को लिच्छविकालीन अंशुवर्माको एउटा शिलालेख समेत पाइएको छ ।[३४]

अंशुवर्माको गोकर्णमा प्राप्त अभिलेखमा बज्रयान शब्दको उल्लेख भएबाट काठमाडौँमा बौद्धधर्मको बज्रयान मत ई.को सातौ शताब्दीताका देखि नै प्रचारित देखिन्छ ।[३५] लिच्छवि सम्वत् ५३६ को गोकर्ण बालुवा गाउँको अभिलेखमा कोट्टको सीमा निर्धारण गरेको उल्लेख छ ।[३६] ने.स.४३५ (वि.स.१३७२) शुक्ल पञ्चमीको दिन श्री जयरूद्रमल्लदेव गोकर्ण किल्लामा घेरा हाल्न गए । ज्येष्ठ शुक्ल पञ्चमी शुक्रबारको रातीसम्म किल्ला खुलेन ।[३७] यसै सन्दर्भमा गोकर्ण क्वाठको सन्दर्भ पाइन्छ ।

ने.स.४७५ (वि.स.१३९३) कार्तिक शुक्ल अष्टमीको दिन अभयराम मूलमी र महाथ अनेकराम गोकर्णमा गए (?) चार दिनपछि कान्तिपुरको येथेबहार किल्लामा घेरा हालियो । नवौं दिनमा किल्ला खुल्यो । आठ दिनपछि युचिनिम किल्लामा घेरा हालियो । ६ दिनपछि खुल्यो चार

---

[३०] उही, पृ. १३८-१३९
[३१] उही, पृ. १३९
[३२] उही, पृ. १४०
[३३] शाक्य, पूर्ववत् (पा.टि.न. ८), पृ. ११
[३४] मदनमोहन मिश्र, **नेपाली संस्कृतिमा वागमती एक विहङ्गम दृष्टि**, (ललितपुर : श्रद्धा प्रकाशन, २०४७), पृ. २७९
[३५] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., २०३०), पृ. १६५
[३६] राजवंशी, पूर्ववत्, (पा.टि.न. २६), पृ. १५९
[३७] धनवज्र वज्राचार्य र कमलप्रसाद मल्ल, **दि गोपालराज वंशावली**, (काठमाडौँ : नेपाल रिसर्च सेन्टर, सन् १९८५), पृ. ९९
शाष शुक्ल पञ्चमी श्री जयरूद्रमलदेवसन गोकर्ण्ण क्वाठस पुन्द
वङा मचाल्व, जेष्ठ शुद्धि ५ शुक्रबार चा व्यसनतो ॥ स ४३९ अश्विनिकृष्ण सप्तमी ॥

दिन पछि नन्दन किल्लामा घेरा हालियो, खुलेन, चाहिने जति हाले ।[३८] ने.स. ५०१ (वि.स.१४३७) मार्ग कृष्ण द्वादशी शुक्रबार स्वतिनक्षत्र शोभनयो गको दिन श्री जयस्थितिराजमल्लदेव ठाकुर महाथ (महामन्त्री) जयत भा आदि प्रमुखहरूको सम्मतिले श्री श्री जयार्जुनदेव राजालाई आफ्नो राज बनेपा क्वाढमा ठूलो जात्रा गरी भित्रयाइयो । यसको २२ दिनपछि राती भागी आएर गोकर्ण क्वाठमा बस्नुभयो ।[३९]

आदित्य वर्माले ने.स. ५०८ (वि.स.१४४४) मा गोकर्णको कोटमा बसेर त्रिपुरासुन्दरी सम्बन्धी तान्त्रिक ग्रन्थ वामकेश्वरतन्त्र सारेको थाहा पाइन्छ ।[४०] यस वामकेश्वरतन्त्रको पाण्डुलिपिको पुछारमा 'गोकर्णेश' को 'कोट' मा आदित्य वर्माले सारेको भनी लेखिएको छ । गोकर्ण नेरको कोटमा रहने आदित्य वर्माले सो ग्रन्थको दोस्रो भाग सारेको बुझिन्छ । गोकर्ण मन्दिर नजिकै रहेको कोटलाई त्यहाँ संकेत गरेको बुझिन्छ ।[४१] रत्न मल्लले शासन गरेको नेपाल खण्ड भित्रका २९ शहर र गाउँहरूको उल्लेख गर्ने क्रममा २५औं स्थानमा 'गोकर्ण १' को उल्लेख पाइन्छ ।[४२]

श्री निवास मल्लले ने.स.७८७ श्रावण महिनामा नीलकण्ठस्थानमा स्नान, दान र दर्शन गरेको साल श्री मत्स्येन्द्रनाथको नयनबाट निरन्तर आँसु झरी वाग्मतीमा गोकर्णदेखि देवपतन सम्म दूध जस्तो सेतो जल बगेकाले राजाले (श्रीनिवास) ले ती उत्पातहरूको शास्त्रोक्त रीतले ने.स.७८८ पौष वदि १० का दिन यथाक्रमले शान्ति गरी उपद्रवको निवारण गरेका थिए ।[४३] वंशावलीमा अमर मल्लको राज्यकालमा काठमाडौं राज्यको विस्तार गर्ने सिलसिलामा ललितपुर बन्धेगाउँ, थेचो, लुभु, फर्पिङ, थानकोट धर्मस्थली, लेले, गोकर्ण आदि २६ स्थानहरूलाई आफ्नो राज्य अन्तर्गत गाभेका थिए भन्ने उल्लेख पाइन्छ ।[४४]

अन्तिम मल्लराजा जयप्रकाश मल्लको समयमा काठमाडौं वरपरका गाउँ, बस्ती र शहरहरू जस्तै साँखु, चाँगु, गोकर्ण, देउपाटन, हाँडीगाउँ, पापीगाउँ (?), चुप्रिगाउँ र अरू केहीलाई

---

[३८] उही, पृ. १०४

स वो अनेखराम महाथस वो गोकर्ण्णस डोसन दिन ४ लिव
यम्बु येथो बहारक्वाठ पुङा तियुरया दिन गुंहनु कोल्नु चाल्व दिन ८ लिवे

[३९] उही, पृ. ११५

स, थव राज विनात्याक्वाठ महाजात्रा याङ दुम्बिज्याचका दिन थ्वन नियनेहनुलिव चा, व्यस्यं वया, गोकर्ण क्वाठस विज्याङा जुरोम् । थ्यनन्नङम्

[४०] डी.आर.रेग्मी, **मिडिवल नेपाल,** भाग-१, (कलकत्ता : फर्मा के.एल. मुखोपाध्या, सन् १९६५), पृ. ३८४

[४१] बुद्धिसागर पराजुली, **बृहदसूचीपत्रम्,** भाग-४ (काठमाडौ : वीर पुस्तकालय, २०२०), पृ. १३६

आदित्यवर्मणा येन लिखिते शिवपुस्तके ।
गोकर्णेश तदा कोठे साधु चिन्तेन लिख्यते

[४२] रमेशजंग थापा (सम्पा.), "नेपाल देशको इतिहास संग्रह", **प्राचीन नेपाल,** सं १७, वि.स. २०२८, पृ. ६

[४३] रमेशजंग थापा (सम्पा.), "नेपाल देशको इतिहास", **प्राचीन नेपाल**, संख्या १८, वि.स. २०२८, पृ. ३

[४४] ज्ञवाली, पूर्ववत् (पा.टि.न. १४), पृ. १२६

समावेश गर्दा बीस देखि तीस हजार सम्म घर छाप्राहरू हुन सक्छन् ।[४५] जयप्रकाश मल्लहरूको विरोधी दल थारी जातीका सरदारहरूले उनका अर्का भाई नरेन्द्रप्रकाशलाई देउपाटनमा लगी साँखु, चाँगु, गोकर्ण, नन्दीग्राम र देउपाटनका स्वतन्त्र राजा घोषित गराएका थिए ।[४६] जयप्रकाश मल्ल राज्यच्युत भएपछि शत्रुहरूको भयले विभिन्न ठाउँमा गई बस्ने क्रममा मातातीर्थ, गोदावरी हुँदै गोकर्णमा लुक्न पुगेका थिए ।[४७] यहाँ पनि भैंमालेहरूले आफूहरूलाई अपयश लाग्छ भनी बस्न नदिएपछि उनी गुह्येश्वरीमा[४८] एक जना भक्त कहाँ शरण लिन पुगे । राजा जयप्रकाश मल्लको बज्रयोगिनी ताम्रपत्रमा श्री ३ बज्रयोगिनी, श्री ३ तलेजुमाजु, श्री ३ देव उत्तर, श्री ३ गरूडनारायण, श्री ३ पशुपति, श्री ३ गोकर्ण, श्री ३ स्वयम्भूचैत्य को उल्लेख सम्मानको रूपमा लेखिएको छ ।[४९] यी देवतामध्ये बज्रयोगिनी, चाँगुनारायण, गोकर्ण र स्वयम्भूको उल्लेख गर्नाको कारण यो ताम्रपत्रको आदिले ती मन्दिर रहेका डाँडाका किल्लाहरूको सुरक्षाको बन्दोबस्तो गरिएको हुन सक्दछ ।

गोकर्णमा जंगबहादुरले भारतको दार्जिलिङ, नैनीताल, शिम्ला, कश्मीर, भुटान सम्म मानिस पठाइ त्यहाँबाट अनेक प्रकारका जडीबुट्टिहरू सङ्कलन गराई काठमाडौंका वनजङ्गलहरू जस्तै गोकर्ण, नागार्जुन, गोदावरी र छरियामा ती जडीबुट्टिहरू उत्पादन गराउन लगाइ थापाथली वैद्यखानामा ती जडीबुट्टिहरू प्रयोगमा ल्याएका थिए ।[५०]

श्री ३ जङ्गलाई शिकारको अति सौख भएकोले उनी बराबर भन्दथे कि ६५ वर्षको उमेरसम्म गरि आएकै परिश्रम गरी मधेश-तराईमा शिकार गर्ने, ६५ वर्षदेखि ७० वर्षको उमेरसम्म बाँचियो भने चितौन याने हेटौडाको आसपास सम्म गई शिकार गर्ने, त्यसदेखि पनि बढी बाँचेमा पाल्की चढेर ‘गोकर्ण’ अथवा ‘छरिया’ सम्म गई शिकार गर्ने इरादा छ भन्दथे ।[५१] वि.स. १९०६ (१८४९ ई. जनवरी २२) तारिखका दिन जंगबहादुर गोकर्णतर्फ गएर बसे । यहाँ केही दिन शिकार खेली पुनः थापाथली दरबार फर्के ।[५२] त्यस्तै श्री ३ महाराज जंगबहादुर कुँवरले माहिला साहेबज्यू र जनरल बमवीर विक्रम राणालाई गोकर्णमा राखी कैद गरेका थिए ।[५३]

यस क्षेत्रमा श्री ३ जंगबहादुर देखि यताका राणा प्रधानमन्त्रीहरू र बेलाबखत राजा, राजपरिवारका सदस्यहरू पनि शिकार खेल्न, ऐश आराम, गर्मी छल्न आदि विविध उद्देश्यहरू लिएर जाने आउने गरेको पाइन्छ । २००७ सालपछि २००९/१० सालतिर सम्म पनि राज

---

[४५] अमात्य, पूर्ववत् (पा.टि.न. १९), पृ. ८८
[४६] शर्मा, पूर्ववत् (पा.टि.न. १६), पृ. १७४
[४७] उही, पृष्ठ १७६
[४८] रमेशजंग थापा (सम्पा.), “नेपाल देशको इतिहास,” **प्राचीन नेपाल**, सङ्ख्या १९, वि.स. २०२०, पृ. ११
[४९] डी.आर. रेग्मी, **मिडिवल नेपाल**, भाग-४, (कलकत्ता : फर्मा के.एल. मुखोपाध्या, १९६६), पृ. ३०४
[५०] पुरुषोत्तमशम्शेर जबरा ‘**भएका र गुज्रेका घटनाहरू,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६३), पृ. २०-२१
[५१] जबरा, पूर्ववत् (पा.टि.न.३), पृ. १३०
[५२] उही, पृ. ५५
[५३] रमेशजंग थापा (सम्पा.), “नेपाल देशको इतिहास”, **प्राचीन नेपाल**, सङ्ख्या २७, वि.स. २०३१, पृ. २४

परिवारका सदस्यहरू चार पाँच महिनासम्म त्यहाँको दरबार वा वङ्गालामा बसी शिकार मनोरञ्जन गरी फर्कने चलन थियो । समय-समयमा राजा र राजपरिवारका सदस्यहरू लगायत राणा परिवारका सदस्यहरू रात्रीको समयमा पनि आवत जावत गर्ने थलोका रूपमा गोकर्ण वन रहेको थियो । श्री ५ महेन्द्रको पालामा त बेलायतकी महारानी एलिजाबेथ द्धितीय पनि गोकर्ण वनमा आई घुमेर फर्किएको बुझिन्छ ।[५४] जङ्गल सफारीमा राजा श्री ५ वीरेन्द्र हात्ती ल्याई अंग्रेजलाई घुमाउने गर्दथे । यहाँ रहेको बाघको खोरमा राँगोलाई थुनेर टिकट प्रणालीद्वारा (प्रवेशद्वार रू.२५) सो बाघले राँगोलाई विभत्स रूपमा आक्रमण गरी मारेको दृश्य पनि अवलोकन गर्ने गरिन्थ्यो । राजा वीरेन्द्र कहिलेकाँही यहाँ आउने गरेको भएपनि वर्तमान राजा ज्ञानेन्द्र भने फाट्फुट रूपमा मात्र यहाँ समुस्थित हुने गरेको बुझिन्छ ।[५५] श्री ५ पृथ्वीनारायण शाहको ई.१७६५ (वि.स १८४३) को चिठीमा 'गोकर्ण' घेर्न आँटेको उल्लेख भएको पाइनाले गोकर्णको अग्लो बस्तीमा कोट-किल्ला रहेको थाहा पाउन सकिन्छ ।[५६]

ललितपुर विजय गरेको एक हप्तापछि पृथ्वीनारायण शाहले १७६८ ई. (वि.स. १८४६) मा गोरखाका अधिकारी देव रानालाई पठाएको पत्रमा भक्तपुर विजय गर्न चालिएका कदमहरूको वर्णन गर्ने क्रममा साँगा र नुवाकोटमा दुर्ग बनाउने र ललितपुर, कान्तिपुर, देउपाटन, लुभु, गोकर्ण, चाँगु आदिका जनता उठाइ भक्तपुरको सरहदका बाली नष्ट गर्न लुट्न आदेश दिइएको थियो ।[५७]

गोकर्ण क्षेत्रको इतिहासलाई हाम्रा वंशावली तथा पौराणिक ग्रन्थहरूले जति नै प्राचीन समयसम्म डोऱ्याउन खोजेता पनि यस स्थलको नाम 'गोकर्ण' कहिले देखि रहन गयो भन्ने सम्बन्ध्मा साहित्यिक तथा पुरातात्विक श्रोतमा गोकर्ण बुझाउने शब्दहरूको प्रयोग भएको पाइन्छ । काठमाडौँको सट्टामा उपत्यकालाई पशुपतिनाथको नामबाट पशुपतिक्षेत्र भनिएको पनि पाइन्छ । बराह पुराणमा यस क्षेत्रलाई पशुपति क्षेत्र भनिएको छ । गोकर्णेश्वरको ने.स. ७०३ को शिवसिंह-रणजित सिंहको पालाको अभिलेखमा 'गोकर्णस्थान' लेखिएको छ ।[५८] ई. १६९८ को पशुपति ताम्रपत्रमा पनि 'गोकर्ण' लेखिएको छ ।[५९] ई. १७१४ को पशुपतिको ताम्रपत्रमा 'श्री गोकर्ण

---

[५४] अन्तर्वार्ता पुरुषोत्तमशमसशेर जबरासँग

[५५] अन्तर्वार्ता सुरेशचन्द भट्टसँग

[५६] बाबुराम आचार्य, **श्री ५ बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी**, भाग-३, प्रथम संस्करण, (काठमाडौँ : श्री ५ महाराजधिराज प्रमुख संवाद सचिवालय, २०२५) पृ. ४५३

[५७] तुलसीराम वैद्य र तीर्थ मिश्र, **आधुनिक नेपालको राजनैतिक इतिहास,** (कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५४) पृ. ४९

[५८] महेशराज पन्त, "शिवसिंहसँगै देखिएका रणजित सिंह को हुन् ?" **पूर्णिमा**, त्रैमासिक, वर्ष १०, अं २, पू.३८, वि.स. २०३४, पृ. ८९

[५९] गोविन्द टण्डन, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन,** भाग -२, (काठमाडौँः श्री झरेन्द्रशम्शेर जबरा तथा श्रीमती मञ्जु राणा, २०५६) पृ. २१२

देश' को उल्लेख भएको छ ।[६०] त्यस्तै ई.१७६५ को श्री ५ पृथ्वीको चिठीमा पनि गोकर्न, गोकर्ण दुवै रूपको उल्लेख भएको छ । त्यस्तै पशुपति पुराणमा गोकर्ण उपवन, गोकर्णाश्रम र गोकर्ण आदि शब्दहरुको उल्लेख पाइन्छ । नरहरीनाथले आफ्ना ग्रन्थमा 'गोकर्णक्काठसा' शब्दको उल्लेख गरेका छन् ।[६१] चाँगुनारायण मन्दिरको भण्डारभित्र रहेको सं. ७५१ को एउटा ताम्रपत्रमा 'गोकर्ण्ण' र गोकर्ण दुवै रूपको उल्लेख छ ।[६२]

यसरी किराँतकालदेखि नै बस्तीको रूपमा विकसित भैसकेको गोकर्ण क्षेत्र हाल काठमाडौं उपत्यकाको एक महत्वपूर्ण गा.वि.स का रूपमा मात्र नभएर प्राचीन कालदेखि नै एउटा महत्वपूर्ण धार्मिक तीर्थस्थलका रूपमा प्रसिद्ध छ ।

## २.३ धार्मिक पृष्ठभूमि

### २.३.१ शैव धर्म

हिन्दू संसारमा प्रचलित विभिन्न मतहरूमा शैवधर्मको इतिहास धेरै पुरानो र महत्वपूर्ण छ । हिन्दूधर्म, संस्कृति र सभ्यताको उद्‌गमस्थल वेदलाई नै मानिन्छ । आर्य संस्कृतिको आधार र ज्ञानको अथाह भण्डार वेद धर्म, संस्कृति, दर्शन र साहित्य आदि सम्पूर्ण ज्ञानको स्रोत हो । वेदमा 'रूद्र' रुपको उपासना भएको पाइन्छ । वैदिक धर्म नै हाम्रो हिन्दू धर्मको मूल आधार हो । 'अपौरूषेय' वेद बहुदेवादी धर्म हो । ऋग्वैदिक कालमा नै असङ्ख्य र अनगिन्ती देवताहरूको परिकल्पना गरिसकिएको थियो । वेदमा ३३ कोटी देवताहरूलाई पृथ्वी, अन्तरिक्ष र स्वर्ग गरी जम्मा तीन बेग्लाबेग्लै लोकमा विभाजन गरिएको पाइन्छ । जसमा शिव दोस्रो स्थानमा पर्दछन् । वैदिक देवताहरूमा कुनै देवताको वर्णन थोरै श्लोकमा त कुनै देवताहरूको धेरै श्लोकमा गरिएको पाइए तापनि यहाँ सबै देवताहरूको समान महत्व देखिन्छ ।

शैव धर्मको उद्‌गमस्थललाई पहिल्याउँदै जाने हो भने ऋग्वेद सम्म पुग्नु पर्ने हुन्छ । ऋग्वेदमा सर्वप्रथम रूद्र रुपको वर्णन छ तर केही विद्वानहरूले रूद्रलाई वेदभन्दा पहिलेका देवता मानेका छन् । प्रागऐतिहासिक युगदेखि नै मानवले 'प्रतिमा' निर्माण कार्यको थालनी गरेका थिए । त्यसैले हुनसक्छ तत्कालिन समयमा मानवले प्रकृतिबाट उत्पन्न हुने भयावह डरबाट बच्न देवताको परिकल्पना गरे । शैवधर्मको प्राचीनताको खोजका निमित्त ईसा भन्दा तीन-चार हजार वर्ष अघि भारतको सिन्धुघाँटी सभ्यताको युगसम्म पुग्नुपर्ने हुन्छ । त्यहाँको पुरातात्विक उत्खननबाट शिव सम्बन्धी केही प्रमाणहरू जुटेका छन् । प्राप्त माटाका सीलमा एउटा योगीको

[६०] उही, पृ. २२१

[६१] नरहरिनाथ,पूर्ववत् (पा.टि.न. १७) पृ. २६८

थ्वन नियने हलिवचा व्यसांयवा 'गोकर्णक्काठसा' विध्याङा जुरो थ्वनन्नङ हामी वोम्वाको चनवुयकं महासन्तापन रुवपं बयोजुरो ॥

[६२] मोहनप्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री**, (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द, त्रि.वि. २०४०) पृ. १८१

मूर्ति कुँदिएको छ जसको वरिपरी पशुहरू, जङ्गल, त्रिशूल आदिका चित्रहरू कुँदिएका छन् । साथै त्यहाँ शिवलिङ्गका प्रतीक मूर्तिहरू पनि प्राप्त भएका छन् । यसबाट तत्कालीन समयमा शिवको मूर्तिका साथै लिङ्गादि दुवै रूपको उपासना हुन्थ्यो ।[६३] माथि प्रागऐतिहासिक युगमा रूद्रको उपासना बारे उल्लेख गरियो । अब वैदिक साहित्यमा शिवको स्थानबारे चर्चा गर्नु सान्दर्भिक ठहर्छ । त्रयीवेदहरूमा सर्वप्राचीन ऋग्वेदमा रूद्र एक मध्यम वर्गका देवता थिए । उनलाई जटाजुटधारी, वायुमा विचरण गर्ने, मेघ हुरी बतास आदिका देवता भनेर वर्णन गरिएको छ । केही श्लोकमा रूद्रलाई बालबच्चा र पशुहरूलाई नमारी रक्षा गर्न प्रार्थना गरिएको छ । रूद्रको भयावह रूप मात्र होइन उनी त जङ्गलमा विचरण गर्ने भेषज वा रोग निको पारिदिने देवता पनि हुन् । रौद्ररूपमा उनी विनाशकारी हुन्छन् भने सौम्य रूपमा मङ्लकारी पनि हुन्छन् ।[६४]

यस प्रकार ऋग्वेदमा रूद्रको दोहोरो अस्तित्व देखापर्दछ । एउटा पशुपति कविराजका रूपमा उनलाई स्तुति र प्रार्थना गरिएको छ भने अर्को भयानक अस्तित्वको रूपमा उनलाई तिरस्कार गरिएको छ । कारण प्रारम्भमा रूद्र अनार्य देवता भएकाले तिरस्कृत थिए होलान् । कालान्तरमा उनको शक्ति र भयानकताको कारण आर्यहरूले आफ्नो सुरक्षा र समुन्नतिका लागि बिस्तारै रूद्रको प्रार्थना र स्तुति सुरू गरेको हुनुपर्दछ ।[६५] ऋग्वेदमै कतिपय प्रसङ्गमा रूद्रलाई चोर, डाकू, यक्ष, गन्धर्व, किन्नरका देवता र स्वर्गमा उघिन्ने दुष्टको रूपमा पनि चित्रित गरिएको पाइन्छ ।[६६] उनलाई नै पर्वतमा बास हुने, उराठिलामैदान, घनघोर जङ्गल, एकान्तबाटाहरू र निर्जन स्थानतिर घुमिहिड्ने निषद, दस्यू, तस्कर भिल्लका देवताको रूपमा पनि चित्रित गरिएको पाइन्छ । ऋग्वेदपछि यर्जुवेदमा रूद्रको स्थान हेर्नु आवश्यक छ । उनलाई प्राणीको रक्षक-देवका रूपमा प्रशंसा गरिएकोले उनी त्यसबेला सम्ममा पशुपति उपाधिबाट लोकप्रिय भइसकेका थिए ।[६७]

यर्जुवेद अन्तर्गत शतरूद्रीयस्तोत्रमा रूद्रलाई गिरिशन्त, गिरित्र, गिरिश तथा गिरिशय आदि भनी पर्वतीय क्षेत्रहरूसंग सम्बद्ध गराई पुनः पशुपति, वनका मालिक भनिनुका साथै वनेचरहरूसँग पनि सम्बन्धित गरिएको छ ।[६८] अर्थवेदमा आएर शिवलाई 'कपर्दिन' भनिएको छ । जसको अर्थ 'जटाधारी' हुन्छ । विद्युत निस्कन लागेको मेघको रूपलाई जटाको रूपमा कल्पना गरिएको हुनसक्छ ।[६९] यसैकालमा शिवका भव, सर्व, पशुपति, उग्र, रूद्र, महादेव र इशान आदि सातवटा नामहरूको वर्णन पाइन्छ । यी सबै रूपलाई विभिन्न दिशाका प्रतीक या रक्षक मानिएको छ ।[७०]

---

[६३] प्रेमकुमार खत्री, **नेपालका धार्मिक मत र सामाजिक संरचना**, (काठमाडौँ : एम.के पब्लिशर्स, वि.स. २०५६) पृ. २४
[६४] उही, पृ. २५
[६५] गणेशप्रसाद क्षेत्री र सोमप्रसाद खतिवडा, **हिन्दू समाज र धर्म,** (विराटनगरः शिवा प्रकाशन, २०५४) पृ. ६२
[६६] उही, पृ. ६२
[६७] आर.जेर. भण्डाराकर, **वैष्णविज्म, शौभिज्म एण्ड अदर माइनर रिलिजन्स सिस्टम,** (वर्लिन : सन् १९१३) पृ. १०२-३
[६८] जगदीशचन्द्र रेग्मी, **नेपालको धार्मिक इतिहास,** (कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि, वि.स. २०५८) पृ. १३
[६९] खत्री, पूर्ववत् (पा.टि.न. ६३) पृ. २५
[७०] क्षेत्री र खतिवडा, पूर्ववत् (पा.टि.न. ६५) पृ. ६२

ब्राह्मण साहित्यमा आएपछि रूद्रको महत्व अझ बढेर गयो । यस समयको मुख्य विशेषता भनेकै वैदिक कर्मकाण्डमा विश्वास गर्नु हो । यस कर्मकाण्डको लोकप्रियताबाट रूद्र सबै भन्दा ठूलो र महत्वका देवता महादेवमा परिणत हुन पुगे ।[७१] सतपथ र कौशितकी ब्राहमण अनुसार रूद्र उषाका पुत्र थिए । यस युगमा आएर उनका माथि उल्लेखित ७ वटा नाममा बज्र थप भै ८ वटा नाम भए ।[७२]

उपनिषद्कालमा आइपुग्दा उनी शिव परमब्रह्म, श्रष्टा अनेक रूपवाला जसको जानकारी मात्र पनि जन्म र मृत्युको बन्धनबाट मुक्त हुन सकिने तथा मोक्ष प्राप्त गर्न सकिन्छ भन्ने जस्ता धारणाहरू विकसित भए ।[७३] यस कालमा शिवलाई पुरूष मानी उनका साथ शक्ति स्वरूप प्रकृतिको कल्पना गरियो । यस बेलामा सांख्य दर्शनको विकास नभएतापनि प्रारम्भ भने भइसकेको पाइन्छ । पछि बिस्तारै भक्तिको भावना विकसित भएपछि भक्तिले शिव उपासना गर्न थालियो । केनोपनिषद्मा शिवका साथै ‘उमाहेमवती’ नामकी शक्तिको उल्लेख-वर्णन गरेको पाइन्छ । मैत्रायणी उपनिषदमा रूद्रलाई शम्भुको रूपमा उल्लेख गरेको पाइन्छ । पारास्कर गृहसुत्रले अनकन्टार बाटोमा हिँड्दा चौबाटोमा पुग्दा, खोला नदी पार गर्दा, डुङ्गा तर्दा, पहाड चढ्दा, श्मशानमा पुग्दा रूद्रको वन्दना गर्नु पर्ने कुरा बताएको छ ।[७४]

श्वेताश्वेतर उपनिषद्मा आएर शिवको उपासना सम्बन्धी धारणाको विकास हुने क्रममा मायालाई शिवको शक्तिको रूपमा प्रस्तुत गर्दै भनिएको छ-“जब न दिन थियो न रात न सत् थियो न असत् त्यसताका केवल म थिएँ ।”[७५]

उपनिषद् युगपछि महाकाब्य (रामायण र महाभारत) कालसम्म आइपुग्दा शिव अझ प्रतिष्ठित उच्च देवताका रूपमा स्थापित भए । रामायणमा शिवलाई शक्ति उमासहित आपद्मा परेका सम्पूर्णको संरक्षण दिने आराध्यदेवका रूपमा लिइएको पाइन्छ । सोही ग्रन्थमा शिवसम्बन्धी चाखलाग्दा आख्यानहरू पनि पाइन्छन् । जस्तै : हलाहल विषपान, गंगाको पृथ्वीमा अवतरण भएको, उमा-शिव विवाह र कुमारको जन्म आदि सम्बन्धी कथाहरू ।[७६] महाभारतमा पाशुपत अस्त्रका निमित्त अर्जुन हिमालयमा पुगेको, किराँतरूपी शिवबाट पराजित भएपछि शिवलिङ्ग बनाई उनको आराधना गरेको अर्जुन तथा कृष्ण दुवै हिमालयमा गई रूद्र शिवको स्तुति गरेको आदि कुराहरूको चर्चा पाइन्छ ।[७७] तीनै वैदिक देवता रूद्रदेखि महाकाव्यका शिवसम्म निरन्तर सम्बन्ध

[७१] खत्री पूर्ववत् (पा.टि.न.६३) पृ. २६
[७२] क्षेत्री र खतिवडा, पूर्ववत् (पा.टि.न. ६५) पृ. ६२
[७३] भण्डारकर, पूर्ववत् (पा.टि.न. ६७) पृ. १४४-४६
[७४] कुलचन्द्र कोइराला, **नेपालका आराध्यदेव भगवान् श्री पशुपतिनाथ** (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.स. २०५१) पृ. ३४-३५
[७५] क्षेत्री र खतिवडा, पूर्ववत् (पा.टि.न. ६५) पृ. ६३
[७६] खत्री, पूर्ववत (पा.टि.न. ६३) पृ.२७
[७७] सावित्री मैनाली, **प्राचीन नेपाली समाजमा प्रचलित प्रमुख धर्महरू** (काठमाडौं : पैरवी प्रकाशन, वि.स. २०५७) पृ.२

भएर शैवधर्मले आफ्नो बेग्लै पहिचान बनाउन सकेको छ। लिङ्ग र वैदिक देवता रूद्रको एकाकार रूप नै शिव लिङ्ग स्वरूपमा उपासना भएको देखिन्छ।[७८] यस बाहेक महाभारतमै पाण्डवपुत्रको बध, पार्वतीका अनेकौं रूप, लिङ्गोपासनाको सन्दर्भ शिवका गण, र वाहनका बारे वर्णन गरिएको छ। शिवलाई पर्वतका देवता मानी गिरिश, शिखर, कैलाश आदि उपाधि दिइएको छ भने उनका हजारौं नामहरूमध्ये एउटा आशुतोष पनि हो। योग र तपबाट शिवलाई प्राप्त गर्न सकिने धारणानुसार उनलाई 'महायोगी' भनिएको छ।[७९] पुराणयुगमा रचित पौराणिक ग्रन्थहरूमा पनि शिव र शैव सम्प्रदायहरूको विस्तृत वर्णन पाइन्छ। विशेषगरी भागवत् पुराण, वामन पुराण, लिङ्ग पुराण, शिव पुराण, वायु पुराणादिमा शैव सम्प्रदायको वृहत् उल्लेख पाइन्छ। पुराणहरूमा शिवसम्बन्धी अनेकौं कथाहरूका अतिरिक्त उनलाई सृष्टिकर्ता परब्रह्म र शिवगणहरूको समेत वर्णन गरेको पाइन्छ।[८०]

ई.पू. छैटौ शताब्दीतिर प्रख्यात वैयाकरण पाणिनीले आफ्नो 'अष्टध्यायी' ग्रन्थमा रूद्रको भव र शर्व नामोल्लेख गरेका छन्। त्यस्तै ई.पू. चौथो शताब्दीमा कौटिल्यद्वारा रचित 'अर्थशास्त्र' मा अन्य देवताकासाथ शिवको मन्दिर बनेको वर्णित छ।[८१] ऐतिहासिक युगको सुरू सँगसँगै शिव सम्बन्धी ऐतिहासिक प्रमाणहरू पनि प्रांप्त हुन थाले। ई.पू. तेस्रो शताब्दीतिर चन्द्रगुप्त मौर्यका राजदुत मेगास्थनिजले शिवलाई पहाडी क्षेत्रका प्रमुख उपासना गरिने देवताका रूपमा उल्लेख गरेका छन् जुन शिव सम्बन्धी प्रथम ऐतिहासिक प्रमाण हो। ई.प. दोस्रो शताब्दीतिर पतञ्जलीले 'महाभाष्य' मा शैव भागवत्हरूको विवरणका साथै मौर्यहरूले शिव र स्कन्दका मूर्तिहरू बिक्री गरेको चर्चा परेको छ। यसप्रकार यसै बेलादेखि शैव भागवत् सम्प्रदायको विकास भैसकेको देखिन्छ। त्यसैगरी ईसाको प्रथम शताब्दीका कुषाण राजाहरू शिवभक्त थिए। गुप्त राजाहरूको शासनकालमा भने शैवधर्मको उन्नति र उत्कर्ष तेज गतिले हुन गयो। त्यहीबेला अनेकौं शिवमूर्ति, शिवलिङ्ग र शिवालयहरू स्थापना भए भने कालिदास जस्ता कविले 'कुमारसंभव' मार्फत शैवधर्मको प्रसिद्धिमा महत्वपूर्ण योगदान दिए। त्यस्तै ई.को तेस्रो शताब्दीदेखि छैटौं शताब्दीसम्ममा शैवधर्मले अति उत्कर्षमा पुग्ने मौका पाई अनेकौं सम्प्रदायहरूको पनि उत्पति र विकास हुन गयो। ई.को सातौं शताब्दीतिरका ह्वेनसाङ्ले यात्रा विवरणमा बनारस शैवधर्मको प्रमुख केन्द्रका रूपमा एवं पाशुपत र पाशुपत साम्प्रदायीहरूको चर्चा गरेका छन्।[८२]

---

[७८] वीणा पौड्याल, **सर्वेश्वर महादेव** (काठमाडौँ : डा. ठाकुरनाथ पन्त स्मृति गुठी, वि.स.२०६० क) पृ. ८०

[७९] संगीता गुरुङ्, **पशुपति भश्मेश्वर घाट- राजराजेश्वरी घाटको सांस्कृतिक अध्ययन,** अप्रकाशित शोधपत्र (कीर्तिपुर : नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि., वि.स. २०६२) पृ. ८

[८०] क्षेत्री र खतिवडा, पूर्ववत (पा.टि.न. ६५) पृ.६४

[८१] वासु बराल, **हिन्दू सामाजिक संगठनको प्रारूप** (काठमाडौँ : साझा प्रकाशन, वि.स. २०४४) पृ. ४०९

[८२] क्षेत्री र खतिवडा, पूर्ववत् (पा.टि.न. ६५) पृ.६४-६५

हाल नेपाल शैवधर्मको प्रमुख केन्द्रबिन्दु भएपनि यहाँ शैवधर्मको प्रवेश कहिले भयो र कुन सम्प्रदायहरू कहिलेदेखि प्रचलनमा आए भन्ने निश्चित गर्न कठिन छ । ईसाको पाँचौ शताब्दी भन्दा अगाडिका भरपर्दा एवम् विश्वसनीय स्रोतहरू नगण्य रहेकोले साहित्यिक स्रोतको रूपमा चिनिएका विभिन्न ऐतिहासिक वंशावलीहरू, पौराणिक ग्रन्थहरू तथा विदेशीहरूका वर्णनहरूको सहयोग लिनुपर्ने हुन्छ । नेपाल माहात्म्य तथा हिमवत्खण्ड जस्ता पौराणिक ग्रन्थहरूका आधारमा नेपालमा शैवधर्मको प्राचीनता सत्य युगभन्दा पुरानो मान्नुपर्दछ । यी ग्रन्थानुसार नेपाल एउटा महत्वपूर्ण शैव क्षेत्र हो । कथानुसार पशुपति मन्दिर स्थित मृगस्थली भगवान् महादेवको क्रीडाभूमी हो जहाँ महादेवले मृगको रूपमा क्रीडा गरेको हुनाले त्यस ठाउँको नाम नै मृगस्थली हुन गएको अनुमान हुन्छ । संभवतः किराँतहरूको समय ई.पू. १००० तिरै शैवधर्मले नेपालमा लोकप्रियता प्राप्त गरेको हो । ब्राह्मण ग्रन्थहरूमा उत्तर अथवा उत्तरपूर्व दिशा रूद्रको आवास भनिएबाट उत्तरपूर्व नेपाललाई नै सङ्केत गरेको पाइन्छ ।[८३] नेपालमा शैवधर्म प्राचीन कालदेखि चली आए पनि यसको राम्रो गतिविधि ई.स पाँचौ शताब्दीतिर मानदेवको पालादेखि मात्र शुरू भएको देखिन्छ किनकी सोही समयदेखि मात्र नेपालको पौराणिक इतिहास स्पष्ट हुँदै आएको हो । यसरी प्राग् ऐतिहासिक युगदेखि आधुनिक कालसम्म विभिन्न चरण पार गर्दै आइ पुग्दा शिवले एक महत्वपूर्ण र लोकप्रिय देवताका रूपमा प्रसिद्धि पाउँदै आएको छ ।

### २.३.२ **बौद्ध धर्म**

नेपालमा बौद्ध धर्मको इतिहास अत्यन्तै गौरवपूर्ण छ । नेपाली संस्कृतिमा प्रचलित विभिन्न सम्प्रदायहरूमा बौद्ध सम्प्रदायको इतिहास अन्य शैव तथा वैष्णव धर्मको जति प्राचीन नभए तापनि नेपाली संस्कृतिको विकासमा अद्धितीय भूमिका खेलेको छ । बौद्ध धर्मको जन्म ईसापूर्व पाँचौ शताब्दीमा भएको थियो । यसका जन्मदाता गौतम बुद्ध थिए। उनको जन्म  ई.पू ५६३ मा कपिलवस्तुका शाक्यवंशीय क्षेत्रीय कुलमा पिता शुद्धोदन र माता महामायाका गर्भबाट भएको थियो । गौतमलाई जन्मदिएको सात दिनपछि महामायाको देहावसन भएकोले कान्छीआमा प्रजापति गौतमीद्वारा उनको पालन-पोषण भयो । उनी जन्मेको पाँचौ दिनमा उनको नामाकरण 'सिद्धार्थ' गरिएको थियो जसको अर्थ सम्पूर्ण इच्छा पूरा भएको (इच्छापूर्ति) भन्ने हुन्छ । त्यसैले उनलाई पछि गएर सिद्धार्थ गौतम भन्न थालियो । कौडिन्य नामक ज्योतिषीले राजकुमार सन्यासी नै हुनेछन् भन्ने ठोकुवा गरेकाले उनलाई  राजोचित वातावरणमा रेखदेख गरी राख्ने व्यवस्था मिलाइयो । सोह्र वर्षको उमेर पुगेपछि राजाले सिद्धार्थको विवाह कोलीयंवशकी एक सुन्दरी कन्या यशोधरासँग गरिदिए । तर गौतम स्वभावतः एकान्त प्रिय र तपस्वी जस्ता थिए । उनले संसारलाई दुःखको विशाल घर ठानेका थिए । भनिन्छ एक पटक सहर घुम्ने अनुमति पाएका गौतम एक

[८३] रेग्मी, पूर्ववत् (पा.टि.न. ६८) पृ.११-१३

रोगी, एक बृद्ध र एक लाश बाटामा देख्नाले सांसारिक दु:खानुभूति गरे भने चौथो तथा अन्तिम योगी सँगको जमघटले सिद्धार्थलाई दु:खबाट मुक्ति पाउने अनुभव भयो । लामो समयको दरबारी चिन्तन पछि गौतमले सत्य र शान्तिको खोजमा राजमहलका साथै छोरा राहुल र पत्नी यशोधा महलको कोठामा छोडी उनी गुप्त भेषमा निस्के । उसरी उनले २९ वर्षको उमेरमा गृहत्याग गरेको घटनालाई बौद्धग्रन्थहरूमा 'महाभिनीष्क्रमण' भनिएको छ ।

महाभिनीष्क्रमण पछिको समय गौतमको जीवनको महत्वपूर्ण भाग हो। उनले सत्यको खोजमा विभिन्न ठाउँ घुमे र सन्यासीहरू सँग भेट गरे । उरूवेल नामक सुन्दर र शान्त जङ्गलको छ वर्षको अहोरात्र तपस्या व्यर्थ भएपछि मध्यममार्ग अपनाई बोधगयामा मन र आत्मालाई शुद्ध पारेर बोधगयाको पीपलको वृक्षमुनि ध्यानमा बसेर रातको प्रथम प्रहरमा उनलाई चार आर्यसत्यको अपूर्व सुखानुभूति भयो । त्यसबेला उनको उमेर पैतीस वर्षको थियो । बुद्धले प्राप्त गरेको ज्ञानलाई आज हामी चार आर्यसत्य र अष्टाङ्गिक मार्गको नामले जान्दछौं । बोधिज्ञान प्राप्त गरिसकेपछि उनी गौतम बुद्ध कहलाए । उनले ज्ञान प्राप्त गरेको पीपलको रूख बोधिवृक्षको रूपमा जानियो र स्थानको नाम बोधगया रहन गयो ।

ज्ञान प्राप्त गरिसकेपछि यस नयाँ मार्गको प्रचार प्रसार गराउनतिर उनी लागे । सोही क्रममा सर्वप्रथम बोधगयामा नै तपुस्स र मल्लीक नामक दुई जनालाई आफ्ना अनुयायी बनाए ।[८४] यसपछि उनी उत्तर भारतका वैशाली, राजगृह, बनारस, मगध, कपिलवस्तु आदि विभिन्न स्थानहरूमा धर्म प्रचारार्थ घुमिरहे । गयाबाट हिँडेपछि बुद्धले सारनाथमा पाँच परिव्राजकहरूलाई दिक्षा दिने काम गरे । बौद्ध साहित्यमा यसलाई 'धर्मचक्रप्रवर्तन' भनिएको पाइन्छ । उनको शिक्षा अत्यन्त सरल, व्यवहारिक र रूढिवादी जस्ता कुरीतिहरूबाट मुक्त थियो । बुद्धले करूणा, दान, आत्मसर्मपण र त्यागमाथि विशेष जोड दिएका छन् । धर्मपद अनुसार बुद्धको यो वाणी-'संसारमा शाश्वत धर्म एउटै छ । घृणाले घृणाको नाश हुँदैन तर प्रेमले घृणामाथि विजय प्राप्त गर्न सक्छ' धेरै मननयोग्य छ ।[८५] बुद्धले यस बेलासम्म धेरै आफ्ना शिष्यहरू बनाइसकेका थिए जसमा सारीपुत्र, मौदगल्यायन, स्वयम् बुद्धकी सानी आमा प्रजापति लगायत थुप्रै चेलाहरू भइसकेका थिए । बौद्ध धर्म प्रचार-प्रसारको क्रममा शिक्षा दिँदै र यात्रा गर्दागर्दै उनी बैशालीमा पुग्दा अस्वस्थ भए । अस्वस्थ हुँदाहुँदै उनी पैदलयात्रा गरी कुशिनगरसम्म पुगे । ई.पू. ४८३ मा असी वर्षको उमेरमा बुद्धले यही निर्वाण प्राप्त गरे । बौद्ध धर्ममा यस घटनालाई 'महापरिनिर्वाण' भनिन्छ । उनको जन्म, गृहत्याग, ज्ञानप्राप्ति तथा निर्वाण संयोगवश एउटै तिथि वैशाख शुक्ल पूर्णिमाको दिन भएको थियो । पछि बुद्धका जीवनमा घटेका यी चार घटना घटित स्थलहरूलाई बौद्धमार्गीहरूले बौद्धतीर्थका रूपमा मान्न थाले ।

---

[८४] क्षेत्री र खतिवडा, पूर्ववत (पा.टि.न. ६५) पृ.१२९
[८५] खत्री, पूर्ववत (पा.टि.न. ६३) पृ.८२

गौतम बुद्धले आफ्ना उपदेशहरू तथा सिद्धान्तलाई सहज र सरल रूपमा प्रचार-प्रसार गरेको भए पनि समय परिवर्तनका साथै उनका अनुयायीहरूले भिन्न-भिन्न तरीकाले व्याख्या गर्न थाले । ई.पू. २४० तिर सम्राट अशोकले यस विवादलाई सुल्झाई धर्ममा एकरूपता ल्याउने प्रयास स्वरूप एक सम्मेलन गरे भन्ने भनाई छ[८६] तर समस्या सुल्झिएन । फलस्वरूप बौद्ध धर्म मूल रूपमा दुई हाँगाहरूमा विभाजित भयो जसमध्ये स्थवीर र महासांघिक पर्दछन् । स्थवीरवादीहरू हीनयानका रूपमा चिनिए भने महासांघिकवादीहरू महायानी मतानुयायीका रूपमा चिनिन पुगे । हीनयान नाम कुनै विधिवत् तरिकाले बौद्ध धर्मका पुरातनपन्थीहरूले तिरस्कृत रूपमा राखेको नाम थियो । जस अन्तर्गत बुद्धका अनुयायीहरूले बुद्धको उपदेशलाई अलिकति पनि नबङ्ग्याइ सीधा सोझो रूपमा पाली भाषामा नै बुद्धले झैं प्रचार गर्दै रहे । उनीहरूको विचारमा बौद्ध धर्मको सिद्धान्त, स्वरूप र संगठनलाई बदल्नु घोर अपराध हो जुन वाद अद्यापि दक्षिण भारत, श्रीलङ्का तथा वर्मातिर प्रचलनमै रहेको छ ।[८७] महायानीहरूमा यस प्रकारको परिवर्तन आउनाको मूल कारण उपनिषद् कालमा देखापरेको बुद्धमा आत्मासम्बन्धी सिद्धान्तको प्रभाव नै हो । यस्तै अर्को कारण हिन्दू धर्मको भक्तिमार्ग तथा अवतारवादलाई पनि यसको कारक तत्वको रूपमा लिनुपर्दछ । यसैको फलस्वरूप उनीहरूले थुप्रै बुद्ध तथा बोधिसत्वको कल्पना गरी तिनीहरूलाई मूर्तिको रुप दिई पूजा अर्चना गर्ने परम्पराको शुरुवात गरे ।[८८] हिनयानलाई ‘श्रावकयान’, ‘प्रत्येकबुद्धयान’ वा थेरावाद भन्ने गरिन्थ्यो भने मूलरूपमा महायानलाई ‘बोधिसत्वयान’ ‘बुद्धयान र तथागतयान’ भनेर सम्बोधन गरिन्थ्यो ।[८९]

समयको अन्तरालमा बोद्ध धर्म हीनयान तथा महायानमा मात्र सीमित नरही महायानकै विकासक्रम अनुरूप बिस्तारै साधना, मन्त्र र तन्त्रको विकास भई मन्त्रयान नामक छुट्टै सम्प्रदाय बन्यो ।[९०] अझ पछि गएर यस धर्ममा जादू, टूना, सिद्धि, मुद्रा, मन्त्र र धारणी आदि तत्वले प्रवेश पाएपछि नयाँ तान्त्रिक मतको उत्पति भयो जसलाई बज्रयान भनिन्छ । बज्रयान सम्प्रदाय वास्तवमा महायनकै विकसित रूपमात्र हो । यो बज्रयानले खासगरी नेपाल तथा तिब्वतमा प्रधान्यता पायो जसबाट भारत पनि विमुख रहन सकेन । नेपालमा सातौं शताब्दीतिरै बज्रयानको विकास हुन थालेको संकेत केही अभिलेख अदिबाट मिल्छ भने कसै कसैले ईसाको तेस्रो शताब्दीतिरै यसको प्रचलन हुन थालेको मानेका छन् । नेपालमा बौद्धधर्मको बज्रयान शाखाको प्रवेश कहिलेतिर भयो भन्ने कुराको विचार गर्दा गोकर्णबाट प्राप्त एक अभिलेखको सन्दर्भ विचारणीय छ । गोकर्णबाट प्राप्त सो अभिलेख साह्रै जीर्ण अवस्थामा पुगेको छ । तापनि त्यसमा

---

[८६] उही, पृ. ९२
[८७] बराल, पूर्ववत (पा.टि.न. ८१) पृ.४६४
[८८] मैनाली, पूर्ववत (पा.टि.न. ७७) पृ.७०
[८९] क्षेत्री र खतिवडा, पूर्ववत् (पा.टि.न. ६५) पृ.१३८
[९०] खत्री, पूर्ववत (पा.टि.न. ६३) पृ.९७

बज्रयान शब्दको उल्लेख भएको छ । अंशुवर्माको नामोल्लेख भएकोले यो उनैको पालाको हो भन्ने स्पष्ट छ ।[९१] यसरी अंशुवर्माको गोकर्ण अभिलेखमा बज्रयान शब्द उल्लेख भएबाट बौद्धधर्मको बज्रयान मत काठमाडौँ उपत्यकामा ई.को सातौं शताब्दीताका देखि प्रचारित देखिन्छ ।[९२] लिच्छवि सम्वत् ५३६ (ई.स.६१२) को गोकर्ण बालुवा गाउँको अभिलेखमा कोट्टको सीमा निर्धारण गरेको उल्ल्ेख छ । तिब्बतमा तथा नेपालकै हिमाली भेगमा बौद्ध धर्ममा पनि लामा बोद्ध धर्म प्रचलित धर्मको रूपमा इशाको सातौं शताब्दीताकादेखि नै मानिदै आएको पाइन्छ । तर नेपाल र तिब्बतमा एकैसाथ यो धर्म फैलिएको हो वा होइन त्यसको किटान भने गर्न सकिन्न । तिब्बतमै पनि बौद्धधर्म प्रवेश गर्नुअघि 'बोनधर्म' मान्दथे जसमा भूतप्रेत, जादू, टूना, धामी झाँक्री, पिशाच आदिमा विश्वास गरी तिनीहरूलाई विभिन्न साधनाद्वारा मनाउने कार्य  गरिन्थ्यो ।[९३] बौद्धधर्मकै नवीनतम सम्प्रदायमध्ये लामा धर्म एउटा हो भन्ने बुझ्नुपर्दछ । नेपाल उपत्यकामा पनि लामावादले उतिकै प्रभाव पारेको छ ।

जहाँसम्म नेपालमा बौद्ध धर्मले कुन समयमा प्रवेश पायो निक्यौंलका साथ भन्न सकिने त्यस्तो ठोस प्रमाण आजसम्म पनि प्राप्त हुन सकेको छैन । भाषा वंशावलीमा उपत्यकाको निर्माण बारे आदिबुद्धको कथाको वर्णन गरिएको छ । वंशावली लगायत धार्मिक ग्रन्थहरूलाई आधार मानेको खण्डमा लिच्छविहरूको नेपालमा उदयहुनुभन्दा धेरै अगाडि देखि नै बौद्ध धर्म नेपालमा प्रचलन रहेको मान्नुपर्ने हुन्छ । वर्तमान नेपालको तराई क्षेत्र लुम्बिनीमा नै शाक्यमुनी बुद्धको जन्म भएको प्रमाणित भैसकेको हुनाले बौद्धधर्मको जन्मस्थल नै नेपाल हो भनेर किटान भएको[९४] भए पनि बौद्ध धर्मले उपत्यकामा कहिले प्रवेश गर्‍यो यो प्रश्न कठिन छ । बौद्ध ग्रन्थहरूले यस क्षेत्रमा पनि बुद्धको जीवनकालमा नै बौद्ध धर्मको प्रवेश भैसकेको विवरण प्रस्तुत गर्दछन् । ई.पू २४५ तिर सम्राट अशोक लुम्बिनीमा तीर्थ गर्न आएको कुरा उनकै लुम्बिनीको स्तम्भ अभिलेखबाट स्पष्ट हुन्छ ।[९५] राइट वंशावलीमा सातौं किराँती राजा जितेदास्तीको समयमा स्वयम् गौतमबुद्ध नेपाल आई स्वयम्भू, गुह्ेश्वरी तथा मञ्जुश्री चैत्यको दर्शन गरी त्यहाँ १३५० चेलाहरु बनाएको कुरा वर्णित छ ।[९६] काठमाडौँमा काठेसिम्भू नामक एक स्तूप प्रख्यात छ जसको प्राचीनता लिच्छविकालतिरै रहेको अनुमान गर्न सकिन्छ । विशेषत : काठेसिम्भू र सिम्भूको स्तूप अनि पाटनका तथाकथित अशोक स्तूप वास्तुकलामा प्राचीनतम स्वरूपका उदाहरण हुन् भन्ने कुरामा केही शंका छैन तापनि तिनको वर्तमान स्वरूपमा केही नवीन तत्व पनि स्पष्ट रूपमा देखिदैन ।[९७]

---

[९१] रेग्मी, पूर्ववत (पा.टि.न. ६८) पृ.१७३
[९२] क्षेत्री र खतिवडा, पूर्ववत (पा.टि.न. ६५) पृ.१६५
[९३] मैनाली, पूर्ववत (पा.टि.न. ७७) पृ.७१
[९४] क्षेत्री र खतिवडा, पूर्ववत (पा.टि.न. ६५) पृ.१६२
[९५] उही, पृ. १६३
[९६] ढुण्डीराज भण्डारी, **नेपालको आलोचनात्मक इतिहास,** (काठमाडौं : साझा प्रकाशन, २०२७) पृ. ३२
[९७] रेग्मी, पूर्ववत (पा.टि.न. ६८) पृ. १६१-६२

हामीसँग निश्चित ऐतिहासिक सामग्रीको अभाव भएपनि नेपाल उपत्यकामा अशोक भन्दा पहिले नै बौद्ध धर्मले प्रवेश गरेको अनुमान गर्न सकिन्छ ।[९८] नेपाली बौद्ध धर्मको स्पष्ट इतिहास लिच्छवि राजा वृषदेवको पालादेखि स्पष्टिन थालेको अनुमान गर्न सकिन्छ । द्धितीय जयदेवले पशुपति अभिलेखमा वृषदेवलाई बौद्धधर्मका पक्षपाती भनी वर्णन गरेको छ ।[९९]

यसरी बौद्ध धर्मले ई.पू. पाँचौ शताब्दी देखि हाल सम्म आइपुग्दा विभिन्न चरणहरू पार गर्दै आएको देखिन्छ ।

## २.४ तीर्थ

सामान्यतः नदी, सरोवर, मठ-मन्दिर, आश्रम, गुम्बा र स्तूप आदि अथवा त्यस्तो भूमिलाई तीर्थ भन्दछन् जहाँ दिव्य शक्ति सम्पन्न धामहरू छन् जहाँ जाँदा वा गएर स्नान-दर्शन आदि गर्नाले पाप नाश हुन्छ र चित्त शान्ति मिल्छ । तीर्थ संस्कृत शब्द हो । 'तीर्थ' शब्द 'तृ' मा थक् ( तृ+थक्) प्रत्यय लागेर बनेको शब्द हो जसको अर्थ गोता लगाउनु वा पार तर्नु भन्ने हुन्छ ।[१००] जसबाट तरिन्छ या पापादिले मुक्त हुनु भन्ने अर्थमा पनि तीर्थ शब्दको प्रयोग भएको पाइन्छ । अमरकोश अनुसार तीर्थ शब्दले गङ्गा, गण्डकी, मानसरोवर जस्ता पवित्र नदीहरू एवम् ताल, तलाउहरू, वेदशास्त्र, धर्मशास्त्र, गीता, रामायण, महाभारत र पुराण ग्रन्थहरू देवीदेवताका मठ, मन्दिर, देवालय र पवित्र धामहरू ऋषि आश्रम र यज्ञस्थलहरूलाई समाष्टि रूपमा जनाएको हुन्छ ।[१०१] नेपाली बृहत शब्दकोष[१०२] अनुसार 'तीर्थ' भनेको 'भक्तहरू पूजा दर्शनादि गर्न जाने कुनै नदी, कुण्ड, मन्दिर वा पवित्रस्थल पुण्यभूमी' हो । तीर्थ को अर्थ पावन वा पवित्र गर्नु भन्ने हुन्छ । तीर्थयात्रा गर्दा मनशुद्धि र भावशुद्धिमा विशेष जोड दिँदै श्रद्धा र समयको ठूलो महत्व रहेको कुरा शास्त्रमा बताइएको छ । तीर्थहरूमा नियमको राम्रो पालना हुनुपर्छ । मन, वचन शरीर शुद्धि, पवित्रता अत्यन्त इमान्दारीपूर्ण तथा निष्ठापूर्वक गरिनुपर्छ । यसरी ईश्वरीय चिन्तन, र मनः शुद्धिमा विशेष जोड दिइएको छ भने परब्रह्म स्वरूप ईश्वर प्राप्तिका निमित्त तीर्थाटन तीर्थयात्रा एवम् सत्सङ्ग गर्नुपर्दछ भन्ने शास्त्रीय मान्यता रहेको छ । तीर्थमा जानका लागि पालन गर्नुपर्ने केही विधिहरू छन् जसमा शरीर स्वस्थ रहेको अवस्थामा मनलाई शुद्ध राखी लोभ, लालच, अहङ्कार, क्रोध, निर्मलमति, जितोन्द्रिय, सत्यवादी एवम् दृढ भई तीर्थाटन गर्नु उपयुक्त मानिन्छ । वास्तवमा तीर्थ स्वयम् देवरूप हुन र ईश्वरमय छन् । नदी तीरमा देवता एवम् सन्तमहन्तहरूको निवास रहन्छ । तीर्थ अलौकिक स्थल हुन अनि स्वर्गका सोपान हुन् ।

---

[९८] उही, पृ. १६१

[९९] उही, पृ. १६२

[१००] युवराज शर्मा गौतम, **तीर्थ पर्यटन**, प्रथम संस्करण (काठमाडौं : लुम्बिनी ट्रेडिङ एण्ड प्रिन्टिङ हाउस प्रा.लि, वि.स. २०६१) पृ. २

[१०१] उही

[१०२] पोखरेल र अरु, पूर्ववत ( पा. टि. न. २) पृ. ५६९

नेपाली संस्कृतिमा हाम्रा जन्मदाता, पालनकर्ता र शिक्षादाता माता र पितालाई पनि महत्वपूर्ण देवतीर्थका रूपमा मानिन्छ । शास्त्रमा त माता र पितालाई 'मातृदेवो भव' र 'पितृदेवो भव' भनेर देवतुल्य भनिएको छ । धर्म, अर्थ, काम र मोक्ष आदि चार (पुरूषार्थ) कुराको सिद्धि तीर्थसेवाबाट सम्भव हुने हुँदा हिन्दू संस्कृतिमा तीर्थको ठूलो महत्व रहेको छ ।

नेपाल र भारतको समस्त भूमि सुन्दर एवम् पुण्यमय छ । यी दुवै देशको सम्पूर्ण भू-भाग तीर्थरूप हुन् भन्ने बताइएको छ । यहाँका पहाड, पर्वत, नदीहरू, सरोवरहरू, मठ, मन्दिर पवित्र गुफाहरू, सबै तीर्थ हुन् र सर्वत्र तीर्थहरू छन् । त्यसैले समस्त यो क्षेत्र तीर्थरूप भएकाले यो भूमि कर्मभूमि पनि हो । हरेक हिन्दू नेपाली होस् वा भारतीय तीर्थयात्राका लागि लालायित र जागरूक हुन्छ र कम्तीमा पनि एकपटक काशी गया (चार धाम पनि) जस्ता तीर्थहरूमा अनिवार्य रूपमा गएकै हुन्छ, गयामा गई आफ्ना मृतक पितृको नाममा श्राद्ध नगर्ने व्यक्ति कमै होलान् । नेपालमा पनि यस्ता कैयौं पशुपतिनाथ, मुक्तिनाथ, देवघाट, जनकपुरधाम, बराहक्षेत्र, गोसाइकुण्ड, गुरुक्षेत्र ( रिडी) आदि प्रमुख तीर्थहरू रहेका छन् । माथि उल्लेखित विभिन्न तीर्थहरूका अतिरिक्त वाग्मतीको तटमा अवस्थित गोकर्णेश्वर तीर्थ पनि एक प्रमुख तीर्थ हो । यस गोकर्णेश्वर तीर्थमा पनि प्राचीन कालदेखि नै हिन्दू तथा बौद्ध दुवै धर्मावलम्बीहरूको अगाध आस्था र विश्वास निरन्तर रूपमा रही आएको पाइन्छ । यस तीर्थलाई हिन्दूहरूले ६४ लिङ्गतीर्थहरू मध्ये एक प्रसिद्ध शैवतीर्थका रूपमा मानिआएका छन् भने बौद्धहरूले पनि तिनै गोकर्णेश्वरलाई अष्टवैतराग मध्ये (जेठो तीर्थ) एक मानेर पूजाआजा गरी आएका छन् । ब्रह्माद्वारा स्थापित उत्तरगया पितामहमहातीर्थ गोकर्णेश्वर तीर्थलाई हिन्दू तथा बौद्ध दुवै सम्प्रदायका मानिसहरूले प्राचीनकालदेखि नै पितृतीर्थको केन्द्रका रूपमा मानी आएका छन् ।

### २.४.१ हिन्दू तीर्थ

नेपाल एक शैव क्षेत्र भएकाले यहाँ अनेक शैव तीर्थ पनि बनेका थिए । पारम्परिक र पौराणिक साहित्यमा हिमवत् क्षेत्रमा अनगिन्ती प्राचीन क्षेत्र तीर्थ, देवस्थल,पौराणिक स्थल, ऋषिमुनीहरूका आश्रम तथा नदीहरूको चर्चा र माहात्म्य पाइन्छन् जो नेपालको धार्मिक साँस्कृतिक इतिहासको अध्ययनका निम्ति महत्वपूर्ण छन् । लामो कालदेखि हिन्दू समाज मनोकांक्षाको पूर्ति र स्वर्गको कामना लिएर यिनको यात्रा पूजन र यहाँ स्नान गर्दै आएको छ ।[१०३] पशुपति क्षेत्र, गोकर्णेश्वर क्षेत्र, स्वयम्भू क्षेत्र, वराहक्षेत्र, मुक्तिनाथ क्षेत्र, जनकपुरधाम आदि केही पारम्परिक तीर्थहरू हुन् । स्कन्दपुराण अर्न्तगत हिमवत्खण्ड र नेपालमाहात्म्यमा यस्ता असङ्ख्य

[१०३] रामनिवास पाण्डे र दिनेशचन्द्र रेग्मी, **नेपालको पौराणिक इतिहास** (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि, बि.स. २०५४) पृ. १४०

शैव तीर्थहरूको उल्लेख गरी तिनको महत्वको वर्णन गरिएको छ । वराह पुराणमा जलेश्वर तीर्थको साथसाथै गोकर्णेश्वरको पनि वर्णन गरिएको छ ।[१०४]

पशुपति क्षेत्रको ठूलो महिमा गाइएको छ । पार्वती सहित पशुपति श्लेषमान्तक वनमा काशी र सुमनोहर कैलाश मण्डल छोडेर बस्न थालेपछि अन्य देवताहरू स्थान छाडेर श्लेष्मान्तक वनमा बस्न  लागे । यो परम पीठ र उत्तम क्षेत्र हो । शिवले मृगको रूप लिएर श्लेषमान्तक वनमा घुम्दा उनले वाग्मतीमा चन्द्र र सूर्य तीर्थको तिरमा खेल्थे भनेर हिमवत्खण्डमा भनिएको छ ।[१०५] कथानुसार श्लेष्मान्तक वनमा मृगको रूपमा विचरण गर्ने शिवलाई चिनेर समात्न लाग्दा देवताहरूको हातमा मृगको सिङका एक-एक टुक्रा प्राप्त भए अनुसार ब्रह्मणले पाएको टुक्रा वाग्मती र चन्द्रभागा नदीहरूको सङ्गममा स्थापना गरेकाले कालान्तरमा गएर गोकर्णेश्वरको नामले प्रसिद्ध भयो ।[१०६] यसरी हिन्दूधर्मका प्रमुख मानिएका त्रिदेव मध्ये ब्रहमाद्वारा स्थापित यो गोकर्ण क्षेत्र प्राचीन कालदेखि नै एउटा महत्वपूर्ण शैवतीर्थका रूपमा परिचित हुँदै आएको छ ।

नेपाल एक शैव तीर्थको रूपमा प्रख्यात भएकोले भारतका शैव धर्मावलम्बी भक्तहरू पुण्य प्राप्तिको लागि यहाँ आउँदा हुन् भन्ने अनुमान गर्न सकिन्छ । यस कुराको विषयमा धेरै पुराना प्रमाणहरु पाँइदैनन् तर मध्यकालमा भारतीय तीर्थयात्रीहरूले यहाँ यात्रा गर्न आएका केही प्रमाण पाइन्छन् । नवौं शताब्दीको बंगाली राजा धर्मपालले गोकर्णको यात्रा गरेको उल्लेख पाइन्छ । तर यस गोकर्णको स्थान निर्धारण गर्नमा विद्धानहरूको मतवैभिन्य छ । कतिपय विद्वानले यसलाई नेपाल उपत्यकाको गोकर्णसँग सम्बद्ध गरेका छन् । गोकर्णको नाम समानताको आधारमा धर्मपालले नेपाल उपत्यकाको गोकर्णको यात्रा गरेको बुझ्न सकिन्छ ।[१०७] शक्तिसंगमतन्त्रमा पनि गोकर्ण तीर्थको वर्णन गरिएको छ । अतः गोकर्णेश्वर यहीकै हुन् भन्ने कुरामा कुनै शंका छैन ।[१०८] गोकर्ण प्राचीन तथा महत्वपूर्ण तीर्थ भएकोले धर्मपाल यहाँ आएका थिए भन्ने ज्ञान हुन्छ ।

भाषा वंशावलीमा चतुषष्ठि (चौषठ्ठी) लिङ्गाकार तीर्थहरूको नामोल्लेख गर्ने क्रममा ५३औं स्थानमा "वाग्मती चन्द्रभागा सङ्गम पितामहतीर्थ श्री गोकर्णेश्वर गोकर्ण" को उल्लेख गरिएको छ ।[१०९] नेपालको हिन्दू संस्कृति अनुसार ६४ शिवलिङ्गयात्रा कम महत्वको छैन । भारतको चारधाम यात्रा भन्दा पनि कम गरिमामय छैन् ।[११०] यी ६४ लिङ्गले ठूलो भौगोलिक क्षेत्रमा धार्मिक महत्वको काम गरेका छन् भन्नु अतिशयोक्ति नहोला । हिमवत्खण्डमा नै ती ६४

[१०४] रेग्मी, पूर्ववत (पा.टि.न. ६८) पृ. १०५
[१०५] जगदीशचन्द्र रेग्मी, **पशुपति-गुह्येश्वरी माहात्म्य**, प्रथम संस्करण, (काठमाडौं : नइ प्रकाशन, २०५३) पृ. ११७
[१०६] पाण्डे र रेग्मी, पूर्ववत (पा.टि.न.१०३) पृ. १४०-४१
[१०७] रेग्मी, पूर्ववत (पा.टि.न. ६८) पृ. १३७
[१०८] उही, पृ. १०५-१०९
[१०९] पौडेल, पूर्ववत (पा.टि.न. १५) पृ. ६-७
[११०] मदनमोहन मिश्र, **नेपाली संस्कृतिमा शिव महिमा,** (ललितपुरः मित्र करूणा प्रकाशन, २०४३) पृ. परिशिष्ट 'क'

शिवलिङ्गहरूको नाम र भौगोलिक अवस्थितिको सूची प्रस्तुत गर्ने क्रममा रेग्मीले ५४औं नम्बरमा गोकर्णेश्वर गोकर्ण शिवलिङ्गको उल्लेख गरेका छन् ।[१११]

यी ६४ लिङ्ग बाहेक २३२ अरू उपलिङ्ग यहाँ छन् भनेर वंशावली साहित्यमा पौराणिक स्वरमा भनिएको पाइन्छ ।[११२] पशुपतिको सर्वोपरि महत्व मान्दै नेपाली पौराणिक साहित्यमा अरू नौ लिङ्ग र अन्य उपलिङ्गहरूको पनि माहात्म्य बताइएको पाइन्छ । हिमवत्खण्डमा पशुपतिले विराजमान भएको यो क्षेत्रमा निम्न ९ लिङ्गेश्वर पनि छन् भनेर भनिएको छ ।[११३]

| | | | | |
|---|---|---|---|---|
| १. | गोकर्णेश्वर | २. कीलेश्वर | ३. अनन्तेश्वर | ४. सोमेश्वर |
| ५. | शर्वेश्वर | ६. भृङ्गारेश्वर | ७. तिलेश्वर | ८. गुप्तेश्वर |
| ९. | गोपालेश्वर | | | |

नेपाल हिमालयको काखमा रहेको शिवको देश भएकाले सर्वप्रथम यही शैव सम्प्रदाय चलेर पछि सम्पूर्ण भारतवर्ष ढाक्यो । त्यसैले यहाँ सर्वप्राचीन शिवलिङ्गहरू पाइन्छन् । सर्वत्र प्रसिद्ध रहेको श्री पशुपतिनाथको ज्योतिलिङ्गको साथै गोकर्णेश्वर, आदिलिङ्ग-कुम्भेश्वर, भीमेश्वर, धनेश्वर, चण्डेश्वर आदि चौसठ्ठी लिङ् (तीर्थ) को वर्णन पुराणहरूमा छ । वास्तवमा लिङ्गपुजा शक्ति र शक्तिमानको प्रतीक हो । त्यसैले लिङ्गपूजा गर्दा शिव शक्ति दुवैको पूजा र आराधना हुन्छ ।[११४] स्कन्दपुराण हिमवत्खण्डमा वर्णित ६४ लिङ्गको प्रार्दुभाव भएका पर्वतहरूको नामोल्लेख गर्ने क्रममा ४८ औं नम्बरमा 'भुजवतपर्वन स्थान गोकर्ण पितामहतीर्थ' को उल्लेख छ ।[११५]

गोविन्द टण्डनले पशुपति क्षेत्रमा मनाइने यात्राहरूको विवरण दिने क्रममा माघशुक्ल द्वादशी तिथिको आठौ दिन फाटकेश्वर, रत्नचुडेश्वर, नारायणेश्वर, ज्योर्तिलिङ्गेश्वर, वाल्मीकेश्वर, वागेश्वर, गोकर्णेश्वर, योगेश्वर, आदि लिङ्गहरूको पूजाका साथै गोकर्णेश्वर अशिताङ्ग भैरव, उग्रतारा अन्यको पनि पूजा दर्शनका अतिरिक्त रूद्रमती, चन्द्रभागा र कान्तिभैरव आदि तीर्थहरूमा पनि स्नान गर्ने कुराको उल्लेख गरेका छन् ।[११६]

उनैले आफ्नो ग्रन्थको अध्याय १३ मा वैशाख शुक्ल अष्टमी तिथिको आठौ दिन गुह्येश्वरदेखि गोकर्ण मनुभागसम्म स्नान गरिने तीर्थहरूमा चैलगंगातीर्थ, विष्णुपद तीर्थ,

---

[१११] रेग्मी, पूर्ववत (पा.टि.न. १०५), पृ. १४-१६
[११२] उही, पृ. १६
[११३] उही, पृ. १३

गोकर्णाख्यः किलेशश्च अनन्तः सोमशङ्कर : ।
शर्वेश्वरश्च भृङ्गेशो यत्र पशुपतिर्वभौ ॥
तिलेश्वरश्च तुप्तेशो गोपालेशो महाविभु : ।
नवलिङ्गेश्वरो यत्र पशुपति विराजते ॥
हिमवत्खण्ड, अ.६९, श्लोक १२-१३ पृ. १५२

[११४] गोविन्दप्रसाद भट्टराई, **मूर्तिकला,** (काठमाडौं : इल्या भट्टराई, २०४१) पृ. ७३-७४
[११५] मिश्र, पूर्ववत (पा.टि.न. ११०), पृ. ७-१०
[११६] गोविन्द टण्डन, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन,** प्रथम संस्करण (काठमाडौं : श्री झरेन्द्रशम्शेर जबरा तथा श्रीमती मञ्जु राणा, वि.स. २०५३), पृ. ५४४

पितामहतीर्थ, भृगुपाततीर्थ, गोकर्णेश्वरतीर्थ, चन्द्रभागातीर्थ, गदाधरतीर्थ, हत्यामोचन तीर्थ, हनुमततीर्थ, कर्कोटकतीर्थ र उत्तरगया आदि विभिन्न तीर्थहरूको उल्लेख गर्दै ती तीर्थहरूमा दान गरिने आवश्यक सामग्रीहरूको विवरण समेत प्रस्तुत गरेका छन् ।[११७]

बैशाख शुक्ल एकादशी तिथिको एघारौं दिनमा गोकर्ण देखि वागद्वार सम्म अवस्थित विभिन्न तीर्थहरूमा स्नान गरिनुका साथै वैशाख शुक्ल चर्तुदशी तिथिका दिन बूढानिलकण्ठको पूजा र गोकर्णमा स्नान गरिन्छ ।[११८] हिन्दू सनातन धर्ममा तीर्थहरूको ठूलो महत्व रहि आएको पाइन्छ । हिन्दूहरूका विभिन्न महत्वपूर्ण तीर्थहरू मध्ये गोकर्णेश्वर क्षेत्र पनि एक पवित्र एवम् उल्लेखनीय तीर्थस्थल हो । हिन्दू मान्यताअनुसार आफूलाई जन्मदिने मातापिता तीर्थसमान प्रतीत हुन्छन् । वाग्मती तटमा स्थित गोकर्णेश्वर तीर्थको नजिक चन्द्रभागा एवम् वाग्मती नदीको सङ्गममा पितामहमहातीर्थ अवस्थित छ । यस पितामहतीर्थलाई ‘उत्तरगया’ समेत भनिन्छ ।[११९]

नेपालको धार्मिक-सांस्कृतिक परम्परामा गोकर्ण तीर्थमा मानिने विभिन्न तिथिहरू मानिएका छन् । ती मध्ये एउटा तिथि भाद्रकृष्ण अमावस्या हो जुन दिन पिताको मुख हेर्ने, खुवाउने र श्राद्ध गर्ने चलन छ । यो तिथिमा गोकर्णेश्वर महादेव नजिकै वाग्मतीमा स्नान र श्राद्ध गर्ने ठूलो मेला लाग्दछ । गोकर्णे औँसीका दिन पारेर स्वदेश तथा विदेशबाट पनि आफ्ना पिताजी गुमाउनेहरू श्रद्धा र भक्तिले यहाँ श्राद्ध गर्न आउँछन् । आफूलाई जन्मदिने मातालाई वैशाख पूर्णेका दिन मातातीर्थमा गई स्मरण गरिन्छ भने पितालाई गुमाउनेहरू गोकर्ण औँसीका दिन पारेर गोकर्णेश्वर छेउ वाग्मतीको तीरमा श्राद्ध, भक्ति र शुद्ध मन, वचत एवम् कर्मले पितृलाई जलतर्पण एवम् पिण्डदान गरी पितृको उद्धार गर्दछन् । पापमोचनको कामना  गर्दछन् । सुन्दर भविष्यको कल्पना गर्दछन् ।

भदौ महिनाको औँसी तिथिमा गोकर्णेश्वर महादेव नजिकै पितृको लागि पिण्ड चढाएमा पितृहरूको उद्धार हुन्छ भनी नेपाल माहात्म्यमा भनिएको छ ।[१२०] अर्को नेपाली पुराण हिमवत्खण्डमा गोकर्णेश्वर महादेवको मन्दिर नजिकै उत्तम पितामह (ब्रह्माजी) को क्षेत्र छ त्यो उत्तरगया महातीर्थ हो त्यहाँ वाग्मती र चन्द्रभागा नदीको सङ्गम परेको तीर्थमा पिण्डदान गर्नाले २१ पुस्ता पुर्खाको उद्धार हुन्छ भनिएको छ ।[१२१]

---

[११७] उही, पृ. ५४०

[११८] उही, पृ. ५४४

[११९] लोकनाथ आचार्य, **नेपालमहात्म्य** (वाराणसी : त्रिमूर्ति प्रकाशन, २०३६) पृ. १०

“चन्द्रभागा नदी पुण्या वाग्मती च महानदी
तयोश्च संगमे तीर्थे पैतामहेति विश्रुतम् ॥” (हिमवत्खण्ड अ. १४२)

[१२०] उही, पृ. ११

भाद्रमासे त्वमावास्यां तिथौ गोकर्ण सन्निधौ ।
ये पिण्डान् पातयिष्यन्ति तारयिष्यन्ति ते पितृन ॥ (नेपाल माहात्म्य अ.१ श्लोक ४५)

[१२१] उही, (हिमवत्खण्ड) अ. १४४

हिमवत्खण्डमै यो गोकर्ण तीर्थलाई भारतको प्रख्यात गयाजस्ता दशगया जतिको पवित्र छ भनेर पनि वर्णन गरिएको छ । यसरी आफ्नै देशको एक तीर्थलाई भारतको प्रख्यात गयातीर्थ भन्दा दश गुना पवित्र र 'उत्तरगयामहातीर्थ' को रूपमा नेपाली पुराण (हिमवत्खण्ड) ले मान्यता दिएको पृष्ठभूमिमा पौषकृष्ण अमावास्याको दिन गोकर्णमा गयाश्राद्ध गर्ने प्रचलन हाम्रो समाजमा चली आएको छ । स्मरणीय छ पौषकृष्ण अमावस्यामा भारतको गयामा श्राद्ध गर्ने ठूलो मेला लाग्दछ । यसरी गोकर्णको गोकर्णेश्वर महातीर्थ र महादेवभन्दा पर रहेको गयातीर्थमा भदौको कुशे औँसी र पुषे औँसी पर्वका तिथिमा पितृहरूको उद्धारका लागि पितृकार्य र स्नान तर्पण श्राद्ध गर्ने चलन छ । यही क्षेत्रमा पितामहतीर्थ, वाग्मती चन्द्रभागा नदी सङ्गममा नारदतीर्थ र यही सँगै सप्तर्षि तीर्थ समेत रहेको छ ।[१२२] यही नजिकै गिरी केदारसँगै 'भृगुपाततीर्थ' पनि रहेको छ ।[१२३] गोकर्णमा गोकर्ण औँसी ( र पुषे औसी) का दिन मात्र होइन, नवरथा मेलाको तृतीयाको दिन यो तीर्थमा नुहाएर गोकर्णेश्वर महादेवलाई अर्घ दिएर रुद्रायणी पीठ पूजा गरिन्छ । नवरात्रीमा नुहाउने तीर्थ र दर्शन गर्ने देवीहरूको नामोल्लेख गर्ने सिलसिलामा तृतीयाका दिन गोकर्ण तीर्थको श्री गोकर्णेश्वर महादेवको स्नान दर्शनादि गर्ने कुराको उल्लेख छ ।[१२४]

नवरात्री हिन्दूहरूको निकै महत्वपूर्ण पर्व हो । नेपाली हिन्दू परम्परानुसार नवरात्रीभर नौ विभिन्न शक्तिरुपीणि माता भगवतीका तीर्थस्थलहरूमा गई नुहाइ-धुवाइ गर्ने तीर्थहरूको नाम र ठाउँ यस प्रकार छन् ।[१२५]

१. शंकरतीर्थ-पाटन शंखमूल
२. निर्मल तीर्थ - भैचाखुसी, काठमाडौँ
३. पुण्यतीर्थ - गोकर्ण
४. कालमोचन तीर्थ - त्रिपुरेश्वर
५. पञ्चवती तीर्थ - टेकु, पचली
६. मनोरथ तीर्थ - फर्सिखेल
७. चिन्तामणि तीर्थ - टेकु दोभान
८. शान्त तीर्थ - गुह्येश्वरी, द्यौपाट
९. भवानी तीर्थ - ढोकाटोल

माथिका तीर्थहरूमा गई नुहाई-धुवाइ गरिकसेपछि नौ दिनसम्म देवी भवानीका ९ विभिन्न रूपमाथि ध्यान जमाई पूजा उपासना गर्ने गरिन्छ ।

---

[१२२] मिश्र, पूर्ववत (पा.टि.न. ३४), पृ. २९७
[१२३] उही, पृ. २८१
[१२४] मुनंकर्मी, पूर्ववत (पा.टि.न. ६), पृ. ३५५
[१२५] ध्रुवकृष्ण दीप, "नवरात्रि पर्व त्यसै महत्वपूर्ण मानिएको हैन," **युवामञ्च,** वर्ष ११, अंक ४, वि.सं. २०५५, पृ. ४

### २.४.१.१ सप्तर्षि तीर्थ

हिन्दू समाजमा सप्तर्षि प्रतिको सम्मान प्राचीन कालदेखि वर्तमान कालसम्म रहँदै आएको छ । ऋषिको शाब्दिक अर्थ वैदिक मन्त्रसँग सम्बन्धित पुरूष हो । साहित्यमा 'ऋष्' धातुलाई गमन, ज्ञान, श्रवण, सत्य र तप जस्ता अर्थमा प्रयोग गरिएको देखिन्छ । संस्कृत-नेपाली वृहत शब्दकोशमा उक्त गुणहरू जसमा एकैनाश निश्चित रूपले रहन्छन् । यस्ता पुरुषलाई ऋषि भनिन्छ भनेर उल्लेख गरिएको छ । ऋग्वेदमा भारद्वाज, कश्यप, मारीच, गौतम, अत्रि, विश्वामित्र, जमदग्नि र वशिष्ठलाई सप्तर्षि भनेर उल्लेख गरिएको छ भने महाभारतमा मारीच, अत्रि, अङ्गिरा, पुलह, ऋतु, पुलस्त्य रवशिष्ठका नामहरू सप्तर्षिका रूपमा उल्लेखित छ ।[१२६] तिनै ऋषिहरूलाई साउन महिनाको पूर्णिमा र भदौ शुक्लपक्षको ऋषिपञ्चमीमा महिलाहरूले विशेष पूजा गर्ने, सम्झने, पुज्ने चलन छ ।[१२७]

यो सप्तर्षि तीर्थ गोकर्णेश्वर पूर्व चन्द्रमती, सूर्यमती र वाग्मतीको त्रिवेणी सङ्गम र उत्तरवाहिनी वर पिङ्गला योगिनी बीचमा गोकर्ण देश बाट झरेर लोहकिल गाउँ जाने बाटोमा वाग्मतीको पुलसँगै अवस्थित छ । प्राचीन कालमा यस क्षेत्रमा सप्तर्षिहरूको सभा हुने गर्दथ्यो र तिनीहरू सबै यहाँ बसेर तप स्थान गर्दथे भन्ने जनविश्वास रहेको पाइन्छ । यहाँ हाल पनि सप्तर्षिहरूको प्रस्तर मूर्ति रहेको देखिन्छ । कुशे औँसीका दिन गोकर्ण पितामहतीर्थमा श्राद्ध गर्ने भक्तहरूको भीडामभीड लाग्दछ । सो दिन यस तीर्थमा पनि श्रद्धालु भक्तहरू आई श्राद्ध तर्पण एवम् पितृहरूलाई पिण्डदान गर्ने गरेको पाइन्छ । प्राचीन नेपाल नामक पत्रिकामा वाग्मतीको उत्पति र यसका तीर्थहरूको विवरण दिने क्रममा ८७औं स्थानमा सप्तर्षितीर्थ (श्रवाण सक्रान्ति) को उल्लेख गरिएको छ ।[१२८] त्यस्तै वैशाख शुक्ल नवमीमा गुह्येश्वरीदेखि गोकर्ण सम्म स्नान गरिने तीर्थहरूको नामोल्लेख गर्ने सिलसिलामा सप्तर्षितीर्थ, उत्तरवाहिनी आदि तीर्थको वर्णन गरिएको पाइन्छ ।[१२९] त्यस्तै 'सप्तर्षितीर्थ ऋषीश्वर महादेव हरेक सक्रान्ति र रविवारको'[१३०] उल्लेख भएबाट यी तिथिवारमा पनि यहाँ तीर्थालुहरूको दर्शन-स्नान गर्न उपस्थिति रहने कुराको सहजै अनुमान गर्न सकिन्छ । (चित्र नं. २ र ३)

### २.४.२ बौद्ध तीर्थ

ब्राह्मणहरूका लागि नेपाल पशुपतिको देश हो भने बौद्धका लागि नेपाल मत्स्येन्द्रनाथको देश हो । बौद्धधर्मको स्वयम्भूपुराण, शिवमार्गीहरूको पशुपति पुराण र हिन्दूहरूको नेपाल महात्म्यले बयान गरेका तीर्थहरू पनि सबै एकै किसिमका छन् । सबैको कुरा एउटै भए पनि लेखाइमा फरक

---

[१२६] मिचिहिरो नारिता, **हिन्दूत्वको खोजी**, प्रथम संस्करण, (महेन्द्र संस्कृत विश्वविद्यालय, २०६३), पृ. ५१
[१२७] पौड्याल, पूर्ववत (पा.टि.न. ७८), पृ. १५९
[१२८] रमेशजङ्ग थापा (सम्पा.), "नेपाल देशको इतिहास संग्रह," **प्राचीन नेपाल**, सङ्ख्या १२, वि.सं. २०२७, पृ. ७-९
[१२९] टण्डन, पूर्ववत (पा.टि.न. ११६), पृ. ५४०
[१३०] मिश्र, पूर्ववत (पा.टि.न. ३४), पृ. २९७

छ । नेपालका विभिन्न शैव तीर्थहरू मध्ये गोकर्ण तीर्थ पनि एक महत्वपूर्ण र प्रसिद्ध तीर्थस्थल हो । यो गोकर्ण तीर्थ प्राचीन कालदेखि नै हिन्दू र बौद्धहरूको पनि पवित्र तीर्थ स्थलका रूपमा रहेको छ । यहाँका बासिन्दाहरू हिन्दूधर्मावलम्बी भए तापनि बौद्ध धर्ममा पनि त्यतिकै आस्था विश्वास राख्ने हुँदा यो तीर्थ बौद्धधर्मावलम्बीहरूको पनि एक महत्वपूर्ण आस्थाको केन्द्रविन्दुका रूपमा मानिन्छ ।

गोकर्णक्षेत्र हिन्दूहरूको मात्र पवित्र तीर्थस्थलको रूपमा नभई बौद्धमार्गीहरूको पनि एक महत्वपूर्ण तीर्थस्थलको रूपमा रहेको कुरा स्वयम्भू पुराणमा उल्लेख गरिएको छ । उक्त पुराणमा गोकर्णको उत्पति बारे यसरी वर्णन गरिएको छ ।[१३१]

एक समयमा पाञ्चाल नामक देशमा अत्यन्तै पराक्रमी र अति विद्धान राजा वृषकर्ण राज्य गर्दथे । उनको एक गोकर्ण नाम गरेको छोरो थियो । गोकर्ण ठूलो भएपछि बाबु प्रति भक्त हुन छाडी बाबुको राज्य भने मनमनै ताकिरहेको थियो । उता राजा वृषकर्ण दिन प्रतिदिन बृद्ध हुँदै गए । एक दिन राजकुमार गोकर्णले आफ्ना बृद्ध पितालाई बिन्ती गर्दै भने -"भो पिताजी हजुर वृद्ध अवस्थामा पुगी सकेको हुँदा मलाई राज्यभिषेक दिई आनन्दपूर्वक जीवन बिताउन बनवास जानुहोस्, अब हजुरले राज्य चलाउन सक्नुहुन्न । अचानक आफ्ना छोरा गोकर्णको यस्ता कुवचन सुनेर राजाले तत्कालै उनलाई श्राप दिई देशनिकाला गरिदिए । रिसको झोकमा पिताको मृत्युपछि पनि मृत्युसंस्कार जल, पिण्डदान आदि कर्म नगर्ने अठोट लिइ उनी देश छाडी हिडे । आफ्नो पिताको श्रापका कारण ऊ आँखा नदेख्ने भयो । ऊ हिँड्दा हिँड्दै बेहोस भई लड्न पुग्यो । होसमा आउँदा उसले एक मानिसको टाउकोमा चक्रवेल घुमिरेहको र टाउकोबाट रगत र बोसोको झोल बगिरहेको कष्टकर दृष्य देखि यस्तो कसरी भयो भनी प्रश्न गर्दा त्यो पापी मानिसले सवालजवाफ दिँदै भन्यो "भो राजकुमार यो दुःख मेरो आफ्नै कुकर्मबाट भएको हो । म आफूले पितृद्रोह गरेको कारण यमद्वार पुगेपछि मलाई पापको उपभोग गर्न यस ठाउँमा ल्याएका थिए । पितृद्रोह गर्ने सबैलाई यसै ठाउँमा ल्याई कष्ट दिने गर्दछन् । यो कुरा सुन्नासाथ गोकर्ण राजकुमारलाई आफूले आफ्ना बाबुप्रति गरेको अन्याय याद आयो उनी प्रायश्चित गर्न लागे । हतपत त्यहाँबाट भागेर जाँदा बाटोमा एक जना भिक्षुसँग भेट भयो । राजकुमार गोकर्णले ती भिक्षुलाई आफ्नो सबै दुःख सुनाएपछि भिक्षुले सबै आफूले गरेका कुकर्मबाट मुक्त हुन हिमालय पर्वतको काखमा अवस्थित पूण्यभूमि नेपाल नामक देश छ र त्यहाँ वाग्मतीको सङ्गमस्थानमा पुण्य तीर्थ छ । त्यहाँ गई तपस्याद्वारा ईश्वरलाई प्रसन्न गर्न सकेमा सबै पाप मुक्त हुनेछ भन्ने भिक्षुको निर्देशन अनुसार राजकुमार गोकर्ण पुण्यतीर्थमा गइ स्नान गरी कमलको फूल चढाई षड्क्षरी मन्त्र जप गरी उपोवध व्रत बसे । निरन्तर १२ वर्षसम्म तपस्या गरेपछि श्री आर्यवलोकितेश्वर अत्यन्तै प्रसन्न भइ

[१३१] हेमराज शाक्य, **स्वयम्भू महाचैत्य**, (स्वयम्भू यें : स्वयम्भू विकास मण्डल, ने.स. १०९८) पृ २५-२८

गगनगञ्ज बोधिसत्वलाई राजकुमार गोकर्णलाई उद्धार गर्न भनी पठाए । उनैको आज्ञाबमोजिम गगजगञ्ज बोधिसत्वले पुण्यतीर्थमा आई गोकर्ण लाई दर्शन दिए । उता राजकुमार गोकर्णले आफ्नो पिताप्रति गरेको पापबाट मुक्ति पाउनका लागि प्रार्थना गरेपछि गगनगञ्ज बोधिसत्वले उनको हातबाट पिण्डदान, जलदान लिन नपाएकाले राजगृहको आसपास छटपटिइ रहेको जानकारी गराइ गोकर्ण छोराकै हातबाट पिण्डदान, जलदान नदिएसम्म पितृदोहबाट मुक्त नहुने कुराको बोधिसत्वको दिव्योपदेश अनुसार पुण्यतीर्थमा श्राद्ध कर्म पिण्डदानका लागि सामग्री बन्दोवस्त गरिरहेको बेला प्रेतात्मा वृषकर्ण पनि त्यही आएर श्रद्धापूर्वक पिण्डदान गरेमा आफू प्रेतयोनीबाट मुक्त हुने छु भनी आफ्नो छोरालाई मुख देखाएपछि बाबुको सद्गति प्राप्तिका लागि पिण्डदान, नैवेद्य, पञ्चामृत आदि राखेर श्राद्ध सम्पन्न गरे । यसरी आफ्नो छोराको भक्तिभाव र तपस्याका कारण राजा वृषकर्ण स्वर्गलोक तर्फ गए । त्यसपछि उनै बोधिसत्व गगनगञ्जलाई त्यही स्थानमा बस्न बिन्ती गर्दा बोधिसत्व एकै ठाउँमा स्थिर भै नरहेर प्राणी मात्रको कल्याण सुख शान्तिको निम्ति घुमिरहनु पर्ने भएकाले भक्तको मन बुझाउन त्यहाँको पाषाण खण्डमा कमलको चिन्ह छाडेर गएको कुराको उल्लेख स्वयम्भू पुराणमा पाइन्छ । यसरी वृषकर्णको प्रेतात्मालाई तारी स्वयम् राजकुमार गोकर्णको पनि यही उद्धार भएको हुँदा यस ठाउँको नाम गोकर्णेश्वर रहन गएको किम्बदन्ती छ ।

गोकर्ण तीर्थ हिन्दूहरूका लागि मात्र नभएर बौद्धधर्मावलम्बीहरूले द्वादशतीर्थमध्ये पुण्य तीर्थका रूपमा मानि आएका छन् भने गोकर्णेश्वर महादेवलाई अष्टवैतराग मध्ये एक मानेर चौषठी शिवलिङ्गमा पनि मानि आएका छन् । हेमराज शाक्यले अष्टवैतरागको चर्चा गर्ने क्रममा गोकर्णेश्वरको गोकर्णेश्वरलाई दोस्रो नम्बरमा उल्लेख गरेका छन् । अष्टवैतराग अन्तर्गत निम्न आठवटा स्थानका आठ देवताहरू पर्दछन् ।[१३२]

१. मणिलिङ्गेश्वर - मणिचूदह

२. गोकर्णेश्वर - गोकर्ण

३. कीलेश्वर - चाङ्गु

४. कुम्भेश्वर - क्वन्ति

५. गत्तेश्वर (गोपालेश्वर) - फर्पिङ

६. फणिकेश्वर शिखरनारायण - फर्पिङ

७. गन्धेश्वर - चोबाहार (चोभार)

८. विक्रमेश्वर (आदेश्वर)

[१३२] उही, पृ. ७६९

यी माथि उल्लेखित प्रत्येकले आठ बोधिसत्वहरूमध्ये एकको प्रतिनिधित्व गर्दछन् ।[१३३] स्वयम्भू पुराणले पनि माथि उल्लेखित शिवलिङ्गका क्षेत्रहरूलाई पवित्र मानेको उल्लेख पाइन्छ । यस ग्रन्थमा अन्य स्रोतहरूमा भन्दा फरक पाँचौ फणिगाटेश्वर शिवलिङ्ग गोदावरी भनि उल्लेख गरिएको छ । बुद्धधर्मावलम्बीहरूमा यी माथि वर्णन गरिएका शिवलिङ्गहरूले अष्टतथागतहरूको प्रतिनिधित्व गर्दछन् । पवित्र ऋषिमुनिहरू जसले सम्पूर्ण मनोविकार (वित्तराग) हरू त्याग गरिसकेका हुन्छन् ।[१३४]

हेमराज शाक्यले आफ्नो 'स्वयम्भूमहाचैत्य' नामक नेवारी ग्रन्थमा अष्टवैतरागका अतिरिक्त काठमाडौं उपत्यकाका द्वादशतीर्थहरूको बारेमा पनि छोटकरी तथ्य प्रस्तुत गरेका छन् । बौद्ध महायानीहरूले बाह्र महिनासम्म द्वादशतीर्थ फेरि-फेरि पूजा गर्ने चलन रहि आएको छ । उनले द्वादशतीर्थहरूको उल्लेख गर्ने क्रममा पहिलो नम्बरमै गोकर्ण पुण्यतीर्थको चर्चा गरेका छन् । बौद्ध महायनीहरूले मान्दै आएका द्वादशतीर्थहरू यस प्रकार छन् ।[१३५]

| क.स | तीर्थ | स्थान | नागराज | सङ्गमतीर्थ | धूप |
|---|---|---|---|---|---|
| १. | पुण्य | गोकर्ण | तक्षक | अमोदफलदायनी | सिल्हा |
| २. | शान्त | गुह्येश्वरी | सोमशिखी | मारदायिका | कुशहा |
| ३. | शङ्कर | शङखमूल | शेखपाल | त्रिवेणी रूद्रधारा मणि रोहिनी | बाल |
| ४. | राज | धंतिल | सुरूप | राजमञ्जरी | श्रीखण्ड |
| ५. | मनोरथ | खुसिङख्य | कुलिक | विमलावती | कस्तुर |
| ६. | निर्मल | भचाखुसि | उपलाल | भद्रनदी केशावती | कपू (कपूर) |
| ७. | निधान | लखतीर्थ ( कंकेश्वरी) | नन्दोपनन्द | स्वर्णनदी | सिल्हा |
| ८. | ज्ञान | करखुसि | वासुकी | पापनाशिनी, केशावती | गुंगू (गोकुल धूप) |
| ९. | चिन्तामणि | तेकुदुवान(टेकु दोभान) | बरुण | केशावती | श्रखिण्ड |
| १०. | प्रमोद | दानिगाः | पद्म | रत्नावली | गुंगू |
| ११. | सुलक्षण | भाजंगा(भाजङ्गल) | महापद्म | चारुमती | सिल्हा |
| १२. | ज्य | न्यखु (नखु) | श्रीकान्त | प्रभावती | कपूश्रीखण्ड |

हेमराज शाक्यद्वारा लिखित 'स्वयम्भूमहाचैत्य' नामक ग्रन्थका अंग्रेजी अनुवादक मीनबहादुर शाक्यले भने माथि उल्लेखित द्वादशतीर्थहरूको वर्णन पृष्ठ ७५७-७५८ मा गरेका छन् ।[१३६] गोकर्णको पुण्य तीर्थ बौद्धमार्गीहरूका बाह्र तीर्थहरूमध्ये एक तीर्थको रूपमा रहेको र

[१३३] शाक्य, पूर्ववत (पा.टि.न. ८), पृ. १५
[१३४] रेग्मी, पूर्ववत (पा.टि.न. ४०), पृ. ५८२
[१३५] शाक्य, पूर्ववत (पा.टि.न. १३१), पृ. ७७४
[१३६] शाक्य, पूर्ववत (पा.टि.न. ८), पृ. ७५७-७५८

अष्टमीपूजा गर्दा यहाँबाटै शुरू गर्ने चलन छ ।[१३७] वाग्मती शैव बौद्ध सबैको साझा सांस्कृतिक प्राकृतिक सम्पदा हो । बौद्ध महायानले मानि आएका द्वादशतीर्थमध्ये आठ तीर्थ वाग्मती अन्तर्गत पर्दछन् । वाग्मतीलाई बौद्ध समाजले पनि मानि आएकोले वाग्मतीका सांस्कृतिक सामग्रीमा द्वादशतीर्थलाई पनि समावेश गर्नुपर्ने हुन्छ ।[१३८] बौद्ध महायानीहरूले गोकर्ण गुह्येश्वरी आदि तीर्थहरू वाग्मती किनारमा नै मानी आएका छन् । द्वादशतीर्थ शक्तिमात्र होइन नागको पनि पूजा गर्ने चलन छ । गोकर्णका नागको नाम 'तक्षक' हो । नवरात्रीमा शङ्खमूलको मेला पछि गोकर्णमा दोस्रो दिन भर्ने चलन छ ।[१३९]

द्वादशतीर्थहरूको शुभारम्भ गोकर्ण देखि भएपनि यी तीर्थहरू वाग्मती तीर्थ यात्राका क्रममा गोकर्णपछि सुन्दरीजल हुँदै बागद्वार सम्मका बीचका तीर्थहरू पर्दछन् । वाग्मतीमा ब्रह्मतीर्थ, नारायणतीर्थ आदिको नामले उपतीर्थ देखा परे तापनि हरेक भागमा शिवको निवास भएबाट वाग्मतीको आदि देखि अन्तसम्म शङ्करतीर्थ मानिए पनि हरेक तीर्थमा शिवको जस्तै नागको पनि बास भएको कुरा महायानी बौद्धले पनि मानेका छन् । वैदिक र तान्त्रिकहरूले पनि भूमि एवम् जलका स्वामी मानेर नागपूजा गर्नुका साथै वास्तु र वास्तुकलामा समेत स्थान दिएका छन् ।[१४०]

बौद्ध महायानीले तक्षक नागको पूजा गर्ने गरेको र पितृतीर्थका लागि वर्षभित्र बरखी नफुकेसम्म द्वादशीतीर्थमध्ये हरेक महिना एक-एक तीर्थमा श्राद्ध गर्ने चलन भए अनुसार सो कार्य अद्यापि कायमै छ । अष्टमी व्रतमा पनि प्रत्येक महिना गरी बाह्र महिनासम्म द्वादशतीर्थ बदली-बदली पूजा गर्ने चलन अनुसार गोकर्णेश्वर महादेवलाई 'अष्टवैतराग' मध्ये एक मानेर पूजा गरी आएको देखिन्छ । पुण्यफल पनि त्यस क्षेत्रको लोककथानुसार भिन्न छ ।[१४१] बौद्धमार्गीहरूले गोकर्णतीर्थलाई पुण्यतीर्थको संज्ञा दिई शिवको र शिवका आभूषण नागको समेत पूजा गरी अष्टवीतराग शिवको पनि बोधिसत्वकै नामबाट पर्वपर्वहरूमा मानी आएका छन् । यही क्षेत्रलाई उत्तरगया मानेर पितृकार्य गरी कुशे औँसी र पूषे औँसीमा पनि पितृको उद्देश्य राखी स्नान श्राद्ध-तर्पणादि गरि आएका छन् भने बौद्ध महायानीहरूले पनि गोकर्णलाई द्वादश तीर्थहरूमध्ये एक जेठो तीर्थका रूपमा मानेका छन् । यहाँको पुण्यफल दरिद्रताबाट मुक्त हुने हो ।[१४२] मदनमोहन मिश्रले सूर्यतीर्थ चन्द्रतीर्थ समेत मिलेर गोकर्णतीर्थ उत्तरगयातीर्थ पितामहमहातीर्थ समेत भएको वाग्मतीको प्रमुख अङ्ग बौद्ध महायानले पनि पुण्यतीर्थका रूपमा मानी आएको यस गोकर्णमा

---

१३७ शोभा श्रेष्ठ, "गोकर्णेश्वर महादेव मन्दिर जीर्णोद्वार," **प्राचीन नेपाल**, सङ्ख्या १०६, वि.सं. २०४५, पृ. २५
१३८ मिश्र, पूर्ववत (पा.टि.न. ३४), पृ. २९४-९५
१३९ उही, पृ. २८२
१४० उही, पृ. ३०२
१४१ उही, पृ. २८४-२८५
१४२ उही, पृ. २९०

स्नान पिण्डदान गर्नाले अगतिमा परेका पितृ पनि विष्णुलोकमा पुग्छन् भन्ने कुरालाई श्लोक सहित प्रस्तुत गरेका छन् ।[१४३]

स्थानीय देवीदेवताको वर्णन गर्ने क्रममा चाँगुनारायण हरिहरवाहन भनी पूजा गरिने मूर्तिबारे कुरा बुझाउन कल्पना गरिएको तक्षक नाग सम्बन्धी स्थानीय आख्यानमा नागहरूलाई बौद्ध देवताहरूमा संरक्षणमा राखिएको जस्तो देखिन्छ । हिन्दू देवताहरूलाई महत्व नदिई बौद्ध देवताहरूको प्रतिष्ठा बृद्धि गर्न यसो गरिएको हुन सक्छ । तक्षक नाग पशुपति नजिकै गोकर्णमा तपस्या गर्न आएका बेला विष्णुको वाहन नागहरूका घनघोर शत्रु गरुडले तक्षक नाग तपस्याका कारण अति कमजोर भएको अवस्थाको फाइदा उठाई उनी माथि हमला गरेपनि तक्षकले गरुडलाई जित्न नदिई विष्णुको वाहन गरुडको रक्षार्थ आई चक्र उठाई धम्की दिएको चाल पाएर नागको सहयोगार्थ अवलोकितेश्वर तत्कालै हतार-हतार सुखावतीबाट हामफालेर विष्णुको काँधमा बसेर नागलाई चक्र हान्नबाट बचाएपछि यी दुई बीचको झगडा मेलमिलापद्वारा शान्त भएपछि तक्षक नाग गरुडको घाटीमा मेलमिलापसाथ बेरिएर बस्न थाले ।[१४४]

चैत्रमा रहने वासुकी नागलाई शिवजीले आभूषणको रूपमा लिनु भएकोले नागलाई प्रमुख स्थान दिनेहरूले सङ्कल्प गर्दा “पशुपति सन्निधाने वासुकी क्षेत्रे” भनी सङ्कल्प गरेको पनि सुनिन्छ । यता बौद्धतर्फ पनि महायानीहरूले द्वादशतीर्थका बाह्रै नाग मानेर पूजा गरेको पनि पाइन्छ । बाह्र तीर्थका हरेक तीर्थमा नाग समूह भए तापनि प्रमुख नाम मात्र पूजा गर्ने गरेका छन् । सोही प्रचलन अनुरूप गोकर्ण पुण्यतीर्थ पितृतीर्थमा दुई रातो वर्णको निवासी तक्षक नागको पूजा गरिन्छ ।[१४५]

बौद्ध महायानीहरूको धार्मिक सांस्कृतिक परम्परामा गोकर्ण तीर्थको महत्व मानिने विभिन्न तिथिहरू मानिएका छन् जसमा एउटा तिथि भाद्रकृष्ण आवास्या पनि हो । जुन दिन पिताको मुख हेर्ने खुवाउने र श्राद्ध गर्ने चलन छ । यो तिथिमा गोकर्णेश्वर महादेव (गगजगञ्ज बोधिसत्व) नजिकै वाग्मतीको पुण्यतीर्थमा स्नान र श्राद्ध गर्ने ठूलो मेला लाग्दछ । कुशे औँसी वास्तवमा हिन्दू तथा बौद्ध दुवै धर्मावलम्बीहरूका लागि पितृ स्मरण गर्ने महत्वपूर्ण दिवस हो । यस दिन यो गोकर्ण तीर्थमा हिन्दू तथा बौद्ध दुवै भक्तहरूको पितृलाई श्राद्धतर्पण आदि दिन विशेष भीड लाग्दछ । विगत दुई-तीन वर्ष यता देखि त यस तीर्थमा कुशे आँसीको अवसर पारेर महायानी ‘उर्गेन छोलिङ गुम्बा’ बौद्धद्वारा सामूहिक रूपमा सातजना लामाहरूले मृतबाबुले पुण्य प्राप्त गर्ने विश्वसमा ङोवा पूजापाठ समेत सम्पन्न गरिदै आएको  छ । उक्त ङोवा पूजापाठ गर्दा यहाँ १०८ का साथै १००८

---

[१४३] उही, पृ. २१ पछि २२ अघि गोकर्णेश्वर मन्दिर चित्रमुनिको लेखबाट

[१४४] डिल्लीराम उप्रेती (अनु.), **नेपालः हिन्दू अधिराज्यको इतिहास,** प्रथम संस्करण (ललितपुर : हिमाल किताब, हिमाल एसोसियशन, सन् २००५), पृ. २०२

[१४५] मिश्र, पूर्ववत (पा.टि.न. ११०), पृ. १०७-८

दीप पनि प्रज्ज्वलन गर्ने प्रचलन छ । यस दिन नेवार समुदायमा दिवङ्गत बाबुका नाममा निःसला (केलटोल-जनवहालमा) दिने पनि परम्परा छ ।

गोकर्णमा गोकर्ण औसीका दिन मात्र होइन नवरथा मेलाको तृतीयाको दिन यो तीर्थमा नुहाएर गोकर्णेश्वर महादेवलाई अर्घ दिएर रुद्रायणी पीठ पूजा गरिन्छ । साथै द्वादशतीर्थ सेवा र उपाषधव्रत बस्ने सन्दर्भमा पनि यो तीर्थलाई लिइन्छ । नेवारी संस्कृति अनुसार यहाँ पिण्डदान नगरी छोराले श्राद्ध गर्न हुन्न भनिन्छ । मासिक पिण्ड दिने क्रममा यो तीर्थमा पनि दिनुपर्छ ।[१४६]

नवरात्रीको तृतीयाको दिन दर्शन गरिने विभिन्न शक्तिपीठहरू मध्ये गोकर्णको पुण्यतीर्थ वाग्मतीमा अदुवा र बेसारको फूल अक्षताले स्नान गरी गोकर्णेश्वर महादेवलाई अर्घ दिई तामाको औम्खरा दान गरेमा नर्क, प्रेत, विर्यकादी हिंसापाप मोचनको प्रतिफल प्राप्त हुने विश्वास छ ।[१४७] गोकर्ण तीर्थस्थल नेपाल अधिराज्यमा रहेका हिन्दू तथा बौद्धमार्गीहरूको लागि अति महत्वपूर्ण धार्मिक स्थलको रूपमा रहेको छ । धार्मिक सहिष्णुतामा विश्वास गर्ने सम्पूर्ण नेपाली चाहे हिन्दू होस् अथवा बौद्ध सँगसँगै बसी पूजा गर्ने गर्दछन् ।[१४८] हिन्दूहरू यस मन्दिरमा रहेको मूर्तिलाई महादेवको रूपमा र बोद्धहरू गगजगञ्ज बोधिसत्वको रूपमा पूजा गर्दछन् । यसरी हिन्दू धर्मावलम्बीका साथै बौद्ध धर्मावलम्बीहरूले समेत गोकर्णेश्वर महादेवलाई आफ्नो परम्परा, धर्म, संस्कृति अनुसार पूजा, आराधना र दर्शन गर्न आउने गर्दछन् । सो तथ्यबाट यहाँ धार्मिक सहिष्णुता विद्यमान रहेको देखिन्छ । बौद्ध महायानले समेत मान्ने गरेका शिवमा गोपालेश्वर, गोकर्णेश्वर, पशुपति र कुम्भेश्वर आदि प्रमुख हुन् । गोकर्ण उद्धार भएको यो तीर्थ गगन लिङ्गेश्वर अर्थात गोकर्णेश्वर वैतराग नामबाट पनि प्रसिद्ध छ । मदनमोहन मिश्रले उत्तरगया पनि भनिने गोकर्ण क्षेत्रलाई अष्टवैतराग (पितृउद्वार हुने ठाउँ) हरू मध्ये एक मान्दै आएका महायानी बौद्धले राग द्वेषबाट मुक्त हुनु भएको भगवान् शंकरलाई जुनसुकै संज्ञा दिए तापनि शिवजीलाई आफ्नो संस्कृतिबाट भिन्न तथा कुनै भेद समेत नगरी बुद्ध र शिवलाई एकात्मक रूपमा मानि आएका छन् भनि वर्णन गरेका छन् । ती तीर्थहरू पनि शिव तथा बुद्धबाट भिन्न मानिएका छैनन् । त्यसकारण नेपाली मानसमा बुद्धलाई विष्णुको अवतार मात्र मान्दैनन् शिवलाई बुद्धत्व र बुद्धमा शिवत्व पनि भेट्छन् ।[१४९]

जहाँसम्म गोकर्ण बौद्धतीर्थको प्राचीनताको प्रश्न छ त्यसबारे यकिन गरेर भन्न नसकिए तापनि लिच्छवि सम्वत् ५३६ को अंशुवर्माको गोकर्ण बालुवा गाउँको अभिलेखिय प्रमाणका आधारमा भने लिच्छविकाल तिरै गोकर्ण बौद्धतीर्थका रूपमा प्रसिद्ध भैसकेको अनुमान गर्न सकिन्छ

---

[१४६] मुनंकर्मी, पूर्ववत (पा.टि.न. ६), पृ. ३५५
[१४७] युवराज गौतम (सम्पा.), "नवरात्रीमा काठमाडौँ उपत्यकामा दर्शन गरिने विभिन्न शक्ति पीठहरु", **गोरखापत्र** बर्ष १०३, अङ्क १५०, बि.स. २०६०, पृ. २
[१४८] श्रेष्ठ, पूर्ववत (पा.टि.न. १३७), पृ. २५
[१४९] मिश्र, पूर्ववत (पा.टि.न. ११०), पृ. २५

। यो अभिलेखबाट बौद्धधर्मसँग सम्बन्धित भएको ठाउँ तथा भिक्षुसङ्घ रहेको अंशुवर्माले बनाएको श्रीराजविहार अवस्थित गाउँ रहेछ भन्ने कुरा स्पष्ट बुझिन्छ । अभिलेख शिलापत्रको शीर्ष भागमा पनि महायान बौद्धधर्मसँग सम्बन्धित चिन्ह जसमा श्रावकमृग दायाँ र बायाँ बीचमा धर्मचक्र चित्रित छ ।[१५०] लिच्छविकालीन बुङमति, गोकर्ण, पाटन, वटुक भैरव, गोकर्ण बालुवा गाउँ स्थित महांकाल, आदि स्थानका अभिलेखहरूमा श्रावणमृग र धर्मचक्र, गजचक्र पाइएका छन् ।[१५१]

यस गाउँको नाम अहिंदुकोट्ट भनी किन राखिएको होला भन्ने सम्बन्धमा हिंसा गर्न नपाइने कोट्ट भएको हुनाले यसलाई अहिंदुकोट्ट भनेको हुनुपर्छ भन्ने अर्थ लाग्दछ । यो बौद्ध धर्मको पावन पुण्यभूमि (पुण्यतीर्थ) तीर्थस्थल भएको कारणले यस कोट्टमा हिंसा कार्य पूर्णरूपले नगरिने कोट्ट हुनाले अहिंदुकोट्ट नाम रहन गएको हुनसक्छ ।[१५२] त्यस्तै गोकर्णेश्वर महादेवनिर (इशानकोणमा) प्राप्त अशुंवर्माको अभिलेखमा 'बज्रयान' शब्द देखापर्दछ । बौद्ध चैत्यसँग सम्बन्धित यो अंशुवर्माको अभिलेख कुनै व्यवस्था बाँधी राख्न लगाएको बुझिन्छ[१५३] । अभिलेखमा प्रयुक्त 'बज्रयान' शब्दले नेपालमा यसको प्रवेश 'गोकर्ण' देखि नै हुनुपर्ने सङ्केतका साथै 'गोकर्ण' नै बज्रयानको एक प्रमुख स्थल बनेको हुन सक्ने अनुमान गर्न सकिने देखिन्छ ।

राजा अंशुवर्माले 'बज्रयान' बौद्धधर्मको समर्थन गर्दै स्वयम्भूमा एउटा पर्वको वार्षिकोत्सव मनाउनका लागि एक गुठीको स्थापना गरेको कुराको वर्णन गर्ने अभिलेख स्वयम्भू परिसरमा नभएर कुनै तवरले गोकर्णेश्वर महादेव छेउछाउमै प्राप्त भएको छ भनी मीनबहादुर शाक्यले बताएका छन् ।[१५४] मीनबहादुर शाक्यले नै " .........(बचेको) खरानीबाट एउटा चैत्यको निर्माण गरी संस्कारसहित पञ्चरत्न स्वर्ण र चाँदीका कमलहरू आदिले पूजाआजा गरी पाँच भाते माटाका रिकापी र १०९ सिक्का भेटी चढाइ (सकेपछि) सो चैत्यलाई गोकर्ण, शङ्खमुल, विजयेश्वरी, लखुतीर्थ र नेखु पाँच नदीहरू या तीर्थहरूका नामबाट नामाङकित" गरेको उल्लेख गरेका छन् ।[१५५] त्यस्तै स्वयम्भू चैत्य सेन्गु आदि सँग जोडिएका घटनाहरूको रेकर्ड गरिएका अभिलेखहरू स्वयम्भूमा प्राप्त भए जस्तै अन्य पूर्व लिच्छविकालीन अभिलेखहरू जस्तै गोकर्ण, हाँडीगाउँ आदि स्थानहरूमा पनि पाइएका छन् । यी प्राप्त अभिलेखहरूले राजा अंशुवर्माले स्वयम्भू भट्टारक 'श्री सेन्गु विहारको गुठीलाई केही अनुदान दिएको कुरालाई उजागर गर्दछन् ।[१५६] यसरी यस गोकर्ण क्षेत्रमा प्राप्त बौद्ध अभिलेखहरूको अध्ययनबाट के अनुमान गर्न सकिन्छ भने लिच्छवि कालतिरै यो क्षेत्र बौद्धतीर्थको केन्द्रका रूपमा विकसित भैसकेको हुनुपर्दछ ।

---

[१५०] राजवंशी, पूर्ववत (पा.टि.न. २६), पृ. १५९
[१५१] उही, पृष्ठ १९०
[१५२] उही, पृ. १६०
[१५३] बज्राचार्य, पूर्ववत (पा.टि.नं. ३५), पृ. ३७०-७१
[१५४] शाक्य, पूर्ववत (पा.टि.न. ८), पृ. १०२
[१५५] उही, पृ. २१२
[१५६] उही, पृ. ११

## २.५ वाग्मती नदीको परिचय

पानी जीवन हो र नदीहरू जल प्रदान गर्ने मूल स्रोतहरू हुन् । यथार्थमा नदी संस्कृति प्राणीमात्रको धार्मिक, पुजनीयन स्थल र आर्थिक जीवनाधार हो । विश्वमा जति पनि महत्वपूर्ण संस्कृति र सभ्यताहरू जस्तै मेसोपोटामिया, सिन्धुघाँटी आदि सभ्यताहरूको उद्गम र विकास भए ती सबै नदी किनारमा नै विकसित हुन गएका हुन् । नेपाली हिन्दू र बौद्ध दुवै धर्मावलम्बीहरूका मानिसहरूको अन्तिम यात्रा यिनै पवित्र नदीहरूबाट प्रारम्भ हुन्छ । नेपाली समाजमा अधिराज्यका सबै जसो प्रमुख नदी र खोलाहरू मध्ये सबैभन्दा बढी महत्व काठमाडौँ उपत्यका भित्र बगिरहेको वाग्मतीलाईनै नेपाली समाजले दिएको छ । यहि नदिको किनारमा सर्वप्रथम उपत्यकाको सभ्यता र संस्कृतिको उद्भव र विकास हुँदै आएकोले काठमाडौं उपत्यकाको सभ्यतालाई 'वाग्मती सभ्यता' पनि भनिन्छ ।

मेष सक्रान्तिका दिन वाग्मतीको जन्म बागद्वार पर्वतमा भएको थियो ।[१५७] काठमाडौँको शिवपुरीको पूर्व-दक्षिण स्थान बागद्वारबाट उद्भव पवित्र वाग्मती नदीमा उपत्यका भित्रका विष्णुमती, वाग्मती, सालमती, मनोहरा, मणिमती, इक्षुमती, बल्खु, प्रभामती तथा कुकुमती आदि सहायक नदीहरू मिसिने यो नदीले काठमाडौँ भित्र गोकर्णको छेडो, पशुपति आर्यघाटको छेडो, चोभारको छेडो, र कटुवाल दह (क्वदुवाल) को छेडो गरी जम्मा चार छेडाहरू (न्हुछेकाप)[१५८] बनाइ बगेको वाग्मती नदीले १६३ कि.मी लम्बाई तय गरेको छ । वाग्मतीको उत्पतिबारे वराहपुराण, हिमवत्खण्ड, पशुपति पुराण, नेपाल महात्म्य, वंशावली, वाराहीतन्त्रको रहस्यखण्ड आदि ग्रन्थहरूमा चर्चा पाइन्छ ।[१५९] वाग्मतीको महात्म्य ठूलो छ । शिवका मुखद्वारदेखि सत्ययुगको अन्त्य र त्रेतायुगको आदिमा प्रकट भई प्रवाह भएकी जलरूपी शिवगङगा, ब्रह्मा, सरस्वती, वाग्मती, गङ्गा, हुन् । यीनै वाग्मतीका सङ्गममा गोकर्ण शूलांग गतितीर्थ भन्छन् ।[१६०] पशुपति पुराणमा पशुपति जस्तो लिङ्ग, गुह्येश्वरी जस्तो पीठ एवम् वाग्मती जस्तो नदी ब्रह्माण्डमै छैन् भनिएको छ । वाग्मतीको धार्मिक, सामाजिक, सांस्कृतिक, महत्वबारे हिन्दू र बौद्ध धार्मिक ग्रन्थहरूमा चर्चा गरिएको छ । वाग्मतीको माहात्म्यबारे वराहपुराण, भाषावंशावली, नेपाल माहात्म्य आदि ग्रन्थहरूमा निकै वर्णनहरू पाइन्छन् । पवित्र वाग्मती र विष्णुमतीको संगमस्थल टेकु दोभान देखि थापाथलीसम्मको क्षेत्रलाई वाग्मतीको "खुला सङ्ग्राहलय क्षेत्र" भनिन्छ ।[१६१]

---

[१५७] आचार्य, पूर्ववत (पा.टि.न. ११९), पृ. २८
[१५८] शाक्य, पूर्ववत (पा.टि.न. १३१), पृ. ७६९
[१५९] बालकृष्ण मानन्धर, **पशुपति आर्यघाटको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन**, अप्रकाशित शोधपत्र, (काठमाडौँ : नेपाली इतिहास,संस्कृति तथा पुरातत्व, केन्द्रीय विभाग, वि.स. २०४६) पृ. ११-१४
[१६०] पौडेल, पूर्ववत (पा.टि.न. १५), पृ. १७
[१६१] साफल्य अमात्य, **राजसत्ता र नेपाली संस्कृति** (ललितपुर : साझा प्रकाशन, वि.स. २०५४), पृ. २०
[१६२] गौतम, पूर्ववत (पा.टि.न. १००), पृ. ९६

नदी संस्कृतिमा काठमाडौँ उपत्यकाका वाग्मती र विष्णुमती प्रमुख हुन् । यिनै नदीको महत्वको कारणले यिनका तटमा पशुपति, गुह्येश्वरी लगायत थुप्रै देवीदेवताका मठ-मन्दिर, शिवालय, घाटहरू रहेका छन् । एकाबिहानै 'ब्रह्ममुर्हूत एवम् उषाकालदेखि नै यी नदीमा स्नान गर्ने, जप, देवपूजन, पितृतर्पण र श्राद्ध आदि धार्मिक कृत्यहरू गर्ने चलन रहेको हो ।[१६२] शिवले अट्टहास गर्दा मुखबाट प्रकट भएकी वाग्मती नदीको महिमा एकदमै ठूलो रहेको छ । प्राचीन नेपाल नामक पत्रिकामा वाग्मतीको उत्पति तथा यसका ८७ तीर्थहरूको वर्णन गरिएको पाइन्छ । वाग्मतीमा ठाउँठाउँमा पुण्यतीर्थहरू धेरै छन् जहाँ विशेष पर्वमा स्नान गर्नाले विशेष फल लेखिएको छ ।[१६३]

यहाँ समय-समयमा पर्व-पर्वहरूमा स्नान गर्नाले भक्तहरूको सम्पूर्ण पाप नष्ट हुन्छ । सेतुभिन्न (चोभार) बाट बाग्द्वारसम्म अनेक नाम गरेका असङ्ख्य तीर्थहरू (८३) छन् र ती तीर्थहरूमा तिनीहरूको उत्पति भएको दिनमा पारेर वा पर्वपर्वमा भक्ति भाव साथ स्नान गर्नाले मनोकांक्षा पूर्ण भई सबैतिरबाट कल्याण हुन्छ भनिएको छ । त्यस्तै गरी बराह पुराणमा वाग्मती नदीमा स्नान गर्दा राजयस र अश्वमेध यज्ञ गरेको फल पाइन्छ साथै यहाँको जल स्नान या पिउँदा मात्रै पनि सात पुर्खाको तिर्खा मेटिन्छ भनिएको छ ।[१६४] नेपाल महात्म्यमा भनिएको छ : नदीहरूमा श्रेष्ठ वाग्मती हुन् त्यसमा जहाँ कहीं नहाइयो भने पनि वाजपेय र अश्वमेध (यज्ञ) गरेको फल मिल्छ । त्यसरी नै 'पशुपति पुराण' मा भनिएको छ : पवित्र जल भएकी वाग्मतीमा स्नान मात्र गर्नाले पनि तीर्थसेवी पुण्यात्माहरू सबै किसिमको आध्यात्मिक आदि भौतिक, आदि दैविक सम्पूर्ण विघ्नहरू नष्ट हुने छन् ।[१६५]

वाग्मतीको जलमा घडा भरी जो मनुष्यले भक्तिपूर्वक भगवान्‌को स्नान गर्छ उसले आफ्नो कोटिकुलको उद्धार गर्दछ । त्यस्तै वराहपुराणमा वाग्मती नदीमा स्नान गरी जसले शिवको पूजा गर्दछ, उसप्रति खुशी भई घोर संसार-सागर बाट मुक्त गर्दछन् भनी उल्लेख गरिएको छ । त्यस्तै वराहपुराणमै 'जो मनुष्यले दूध, दही, मह, घ्यू वा जलले शिवजीको अभिषेक गर्दछ ऊ जन्म-मरणबाट मुक्त हुन्छ भनिएको छ ।[१६६] 'पशुपति-पुराण' मा भनिएको छ - तीनै सर्वतीर्थवती श्रेष्ठ नदी वाग्मती सम्पूर्ण धर्म प्राण समाजको मनोरथ पूर्ण गर्ने श्री वाग्मती शिवलोक इच्छा राख्ने सम्पूर्णका निमित्त सेवनीय छिन् ।[१६७]

---

[१६३] थापा, पूर्ववत (पा.टि.न. १२८), पृ. ७-९
[१६४] मानन्धर, पूर्ववत (पा.टि.न. १५९), पृ. १७-१९
[१६५] डा. साफल्य अमात्य, **पानी र संस्कृति**, प्रथम संस्करण (काठमाडौँ : नेपाल खानेपानी संस्थान, २०६०) पृ. ५
[१६६] आचार्य, पूर्ववत (पा.टि.नं. ११९), पृ. ६६-६८
[१६७] अमात्य, पूर्ववत (पा.टि.न. १६५), पृ. २९

शिवको मुखबाट प्रकट भएको वाग्मतीमा जहीतही स्नान गरेमा तहा-तहा फलदायक छ। त्यसमा पनि गोकर्ण तीर्थलाई भारतको प्रख्यात गयाजस्ता दशगया जतिको पवित्र र गोकर्णेश्वर महादेव मन्दिर निकट उत्तम पितामह 'उत्तरगयामहातीर्थ' वाग्मती (सूर्यमती) र चन्द्रभागा नदीको संगम परेको तीर्थमा पिण्डदान गर्नाले २१ पुस्ता पुर्खाको उद्धार हुन्छ भनि हिमवत्खण्डमा वर्णन गरिएको छ।[१६८] यसरी धार्मिक, सास्कृतिक दृष्टिकोणबाट मात्र नभएर पर्यावरण-वातावरण र सामाजिक पक्षहरूबाट पनि शिवपुरी साँगाचोकदेखि रौतहट सिमाना सम्मको आफ्नो लामो बाटोमा बेसी, फाँट, उपत्यकाको सिर्जना गर्दै तिनलाई अनुकूल वातावरण अन्तर्गत सदा स्वास्थ्य, उर्वरा, हराभरा राख्नमा यस वाग्मती नदीले हजारौं वर्षदेखि खेल्दै आएको भूमिका अवणनीय, महत्वपूर्ण र रोचक पनि छ। (चित्र नं. २)

## २.६ घाटको परिचय

सामान्य अर्थमा 'घाट' भन्नाले नदीको किनारालाई भनिन्छ। यो शब्द संस्कृतको 'घट्ट' बाट आएको हो। घाट भन्नाले मृतदाह भूमि या समुद्र-तल भन्ने हुन्छ।[१६९] नेपाली शब्द सागरमा घाटलाई नदीको पानी भएको ठाउँ सम्म पुग्न सकिने सुगमस्थल, तीर्थस्थल भनिएको छ।[१७०] विभिन्न शब्दकोषहरूमा घाटका भिन्ना-भिन्नै अर्थ दिइएको छ। घाट भन्नाले नदी किनारमा सिँढीले बनाइएको सुगमस्थल लाई भनिन्छ। नेपाली संस्कृतिमा रोगी, बिरामी वा जीवनका अन्तिम समयमा पुगी सकेका मानिसहरूलाई लगेर राखिने स्नान आदि गरिने ठाउँलाई नै 'घाट' भनिन्छ।[१७१] (चित्र नं. ४)

विशेष गरी घाटहरूको निर्माण नदीको किनारामा मन्दिरहरू भएको ठाउँमा तलाउको किनारमा भएको हुन्छ। घाटहरूको नामाकरण नदी किनारमा निर्मित मन्दिर, मूर्ति र लिङ्गहरूको नामबाट गरिएको हुन्छ। यस्ता घाटहरूमा मृतक मानिसहरूको दाहसंस्कार गर्ने मसानको पनि निर्माण गरिएको हुन्छ। धार्मिक भावनाले पुण्य प्राप्तिका लागि बनाइएका घाटहरूका किनारामा मन्दिरहरू निर्माण गरिएको हुन्छ। मानिसहरूले स्नान, तपस्या, श्राद्ध, पिण्डदान आदि विभिन्न कार्यहरू पनि घाटहरूमा नै गर्ने प्रचलन छ। घाटमा घाटे बैद्यहरूको साथै रोगी, बिरामीको स्याहार सम्भार गर्ने मानिसहरूको पनि बन्दोबस्त गरिएको हुन्छ।

प्राचीन कालदेखि नै नेपाली शासकहरू धर्ममा धेरै आस्था एवम् विश्वास राख्ने स्वभावका हुनाले आफन्तको पुण्यवृद्धिका निमित्त पनि नदी किनारामा यस्ता घाटहरूको निर्माण गर्दथे। काठमाडौँका केही प्रमुख नदी तथा मन्दिरहरूको तटीय क्षेत्रमा घाटहरूको निर्माण भएको पाइन्छ।

---

[१६८] आचार्य, पूर्ववत (पा.टि.नं.११९), पृ. १०
[१६९] वीणा घिमिरे र विनोद घिमिरे, **हिन्दू डेथ राइट्स,** (काठमाडौँ : वर्षा घिमिरे, विशाल घिमिरे, सन् १९९८) पृ. ६१
[१७०] वसन्तकुमार शर्म्मा नेपाल, **नेपाली शब्दसागर,** (काठमाडौँ : भाभा पुस्तक भण्डार,वि.स. २०५७) पृ. ३९९
[१७१] मानन्धर, पूर्ववत (पा.टि.न. १५९), पृ. २०

यहाँका मुख्य नदीहरू जस्तै वाग्मती, विष्णुमती र मनहरा आदि नदीहरूका किनारामा विष्णुपादुका घाट (तीर्थ), आर्यघाट, भस्मेश्वरघाट, राजराजेश्वरी घाट, शङ्खमुल घाट, विष्णुमती घाट, पचलीघाट, शोभा भगवती घाट र कालमोचन आदि विभिन्न नाम गरेका घाटहरू अवस्थित रहेका छन् जुन काठमाडौँकै प्रसिद्ध घाटहरू हुन् । घाट वा नदी किनारमा प्राण त्याग गर्नाले सम्पूर्ण पापबाट मुक्त भई परम मोक्ष प्राप्ति हुन्छ भन्ने जनविश्वासले गर्दा मानिसहरू सिकिस्त विरामी पर्नासाथ यस्ता घाटमा लाने गरिन्छ । यी विभिन्न घाटहरूमध्ये गोकर्णेश्वर मन्दिर पूर्व वगमती नदीको उत्तरतर्फ रहेको विष्णुपादुका तीर्थ (घाट) को पनि आफ्नै छुट्टै महत्व रहेको छ । यस घाटमा श्राद्ध कर्मका अतिरिक्त दाहसंस्कार पनि सम्पन्न गरिन्छ । यस्ता घाटहरू निर्मित स्थलहरूमा मानिसहरूको सुविधाका निमित्त पाटी, पौवा, सतल आदि विश्राम स्थलहरूको पनि निर्माण गरिएको हुन्छ । भगवान् शिव श्मशान (मुर्दा पोल्ने, गाड्ने, फाल्ने ठाउँ) मा बास गर्ने हुनाले प्रायसः शिवमन्दिरहरू निकट मसानको पनि निर्माण गरिएको हुन्छ । सामान्य अर्थमा मसान भनेको चिहान हो जहाँ लाशहरू जलाउने गरिन्छ । यस्ता मसानहरूको निर्माण नदीको किनारमा र मन्दिर छेउमा रहेको घाटमा बनाइने गरेको पाइन्छ ।[१७२] चिहान पनि भनिने मसान संस्कृत भाषाको 'श्मशान' शब्द अपभ्रंस भई बनेको हो जहाँ मृतक मानिसहरूलाई पोल्ने गरिन्छ । श्मशान शब्दको अर्थ शव सुत्ने ठाउँ हुन्छ । भगवान् शिव श्मशानप्रिय हुनाले त्यही नै बस्ने विश्वास गरिन्छ । तसर्थ प्रसिद्ध शिव मन्दिरका निकट प्रायः श्मशान पनि रहेको पाइन्छ ।[१७३] घाटमा मसान बनाइने यही नेपाली परम्परानुसार गोकर्णेश्वर मन्दिर पूर्व वाग्मती नदीको उत्तरी किनारामा विष्णुपादुका तीर्थघाटमै मसानघाटको पनि निर्माण गरिएको छ । यहाँ गोकर्ण आसपासका मृतक व्यक्तिहरूको दाहसंस्कार गर्ने गरिन्छ । हरेक जातिमा अन्त्येष्टि संस्कार आ-आफ्नो रीतिरिवाज अनुसार भिन्न-भिन्न तवरले गर्ने गरिन्छ ।

## २.७ घाटको महत्व

संसारमा सबैभन्दा उद्धारमना सधै पग्लिएर बगिरहने सर्वद्रष्टा आकाश, पृथ्वी र पाताल तीनै लोक व्याप्त नदीको स्पर्शले मात्र पनि थुप्रै प्रस्तरहरू द्यौता अनि यसले दिएको अमृत पिएर थुप्रै मनुष्यहरू अमर बनेको परिप्रेक्ष्यमा नदी, गरिब, धनी, पापी, पुण्यात्मा सम्पूर्णका पूज्य हुन् । त्यसैले मानिसको जीवनमा पानीको अत्यन्त ठूलो महत्व रहेको छ । मानिसले पूजाआजा देखि श्राद्ध आदि सम्मका प्रत्येक धार्मिक कृत्यहरू नदीको किनारमा नै गर्ने गर्दछ । वास्तवमा मानव सभ्यता र संस्कृतिको उद्गमस्थल नै नदी किनारहरू हुन् । विश्वमा जति पनि सभ्यताहरू जस्तो मिश्र, बेविलोन, सिन्धु आदि को विकास भयो ती सबै नदी किनारमा नै विकसित भएका हुन् ।

[१७२] गुरुङ, पूर्ववत (पा.टि.न. ७९), पृ. १३
[१७३] मानन्धर, पूर्ववत (पा.टि.न. १५९), पृ. ५९

त्यसमा पनि पञ्चमहाभूत (जल, अग्नि, वायु, तेज, पृथ्वी) मा पानी अति पवित्र भएकोले नदी किनारमा मन्दिरहरू स्थापना गरिएको पाइन्छ ।

वाग्मती किनारमा अवस्थित गोकर्णेश्वर क्षेत्र हिन्दूहरूको मुख्य तीर्थस्थल हो । वाग्मती विभिन्न तीर्थस्थलहरूमध्ये एक हो । जहाँ धार्मिक कृत्यहरू गर्नाले पुण्य प्राप्ति हुन्छ भन्ने जनविश्वास रहि आएको छ । मानिसहरूले आफन्तका पुण्य बिस्तारका लागि पनि घाटहरू निर्माण गर्दथे । रोगी, बिरामी, जीवनका अन्तिम घडीमा पुगेका मानिसहरूलाई घाटमा लगेर राखिन्छ जहाँ घाटे बैद्यहरूबाट उपचार हुन्छ । यी घाटहरूको नजिक मसान पनि निर्माण गरिएको हुन्छ जहाँ मरेको मानिसलाई पोलिन्छ । मानिसको दाहसंस्कार गरेपश्चात स्नान, केशमुण्डन, काजकिरिया गर्ने जस्ता आदि कार्यहरू नदीमा नै गरिन्छ । यी मसानहरू प्रख्यात तीर्थस्थलहरूमा निर्माण गरिन्छ ।[१७४] जस्तै पशुपति निकट वाग्मतीको किनारमा आर्यघाट, भश्मेश्वरघाट, गोकर्णमा विष्णुपादुका घाट आदि निर्माण गरिएको छ । मानिसहरू सिकिस्त हुने बित्तिकै घाटमा लगिन्छ । नेपाली पुराणहरूमा नदीको किनाराको साथै कुनै पनि घाटमा गइ प्राण त्याग्नाले सम्पूर्ण पापबाट मुक्त हुनाको साथै मोक्षको प्राप्ति हुन्छ भनेर उल्लेख गरिएको छ ।[१७५] शवदाह निकट बस्ने घाटेवैद्यको अर्थ मृतदाह स्थलका आयुर्वेदिक डाक्टर भन्ने हुन्छ जसको मुख्य कर्तव्य कानुनी महत्व नभए तापनि मृत्युको भविष्यवाणी गर्नुहुन्छ जसले गर्दा उसका परिवारले बिरामीको मृत्यु अगावै अन्तिम संस्कार (वैतरिणी, गौदान आदि) गर्न सक्छन् ।[१७६]

यस्ता घाटहरूमा गोकर्णेश्वर मन्दिरको पूर्वतर्फ अवस्थित विष्णुपादुका घाटमा अन्तिम संस्कार गर्दा त्यसले शिवलोक पाउँछ भन्ने धारणा रहेको पाइन्छ । काठमाडौँका मुख्य वाग्मती, विष्णुमती, आदि नदीहरूका किनारमा विष्णुपादुका घाट, आर्यघाट, शंखमूलघाट, गौरीघाट, जस्ता प्रसिद्ध घाटहरू रहेका छन् । यी घाटहरूमा विभिन्न धार्मिक कृत्यहरू गर्दै आएकोले यसको महत्व प्राचीन कालदेखि नै रही आएको पाइन्छ ।

## २.८ श्राद्धको परिचय

सामान्य अर्थमा श्राद्ध भन्नाले मृतक पितामाताको सम्झना स्वरूप श्रद्धापूर्वक गरिने कर्म भन्ने हुन्छ । श्रद्धाबाट श्राद्ध शब्द बनेको हो, जसको अर्थ श्रद्धापूर्वक गरिएको कर्म हुन्छ । श्राद्धको साहित्यिक अर्थ पूर्खा पूजा भन्ने हुन्छ । श्राद्ध शब्द संस्कृत मूलबाट लिइएको हो, जसको अर्थ मृतक एकको विश्वास र आस्थासाथ सत्कार र सम्मान गर्नु हुन्छ ।[१७७] नेपाली शब्दसागरमा[१७८] श्राद्धलाई "नित्य-नैमितिक आदि बाह्र प्रकारका श्राद्ध मध्ये जुनसुकै एक पितृलाई उद्देश्य गरेर

---

[१७४] गुरुङ, पूर्ववत् (पा.टि.न. ७९), पृ. १५
[१७५] मानन्धर, पूर्ववत् (पा.टि.न. १५९), पृ. २१
[१७६] घिमिरे र घिमिरे, पूर्ववत् (पा.टि.न. १६९), पृ. ६१-६२
[१७७] उही, पृ. ३५
[१७८] नेपाल, पूर्ववत् (पा.टि.न. १७०), पृ. १२५८

श्रद्धासाथ गरिने दान भोजन आदि काम" भनिएको छ । श्रद्धया दीयते इति श्राद्धम जसको अर्थ दिवङ्गत भएका पितृलाई सम्झना गरी श्रद्धापूर्वक गरिने धार्मिक कृत्य भनिएको छ ।[१७९]

कसैको बलजफ्ती र करकाप विना आफ्नै मन खुशी र श्रद्धाले आफ्ना स्वर्गवासी मातापिता र आफ्ना कूल पितृहरूलाई सम्मान गरी गरिने कार्यलाई श्राद्ध भनिन्छ ।[१८०] त्यसैले आफ्ना परिवारका मातापिता लगायत पूर्वजहरूको दिवंगत आत्माले शान्ति प्राप्त गरोस् मृतकको सद्गतिहोस् भनेर जुन कार्य श्रद्धापूर्वक गरिन्छ, वा अनुष्ठान गरिन्छ त्यो श्राद्ध हो, पितृको पूजन हो । अर्थात दिवंगत पितृलाई लक्ष्य गरी आफूलाई प्रिय लाग्ने अन्नजल आदि शास्त्रीय वचन उच्चारण गरी दिनुलाई श्राद्ध भनिन्छ । भविष्यपुराणमा श्राद्धका विभिन्न स्वरूप र प्रकारहरुको उल्लेख पाइन्छ । त्यसमा पनि एकोद्दिष्ट, पार्वण, बृद्धि र सपिण्डीकरण आदि चार श्राद्ध बढी प्रसिद्ध छन् ।[१८१] मातापिताको दिवङ्गत भएका दिन बार्षिक रूपमा गरिने बार्षिक श्राद्धलाई एकोद्दिष्ट र आश्विन महिनाको कृष्ण प्रतिपदा (परेवा) तिथिदेखि लिएर औँसीका दिनसम्म पर्ने श्राद्धलाई पार्वण वा सोह्र श्राद्ध भनिन्छ ।

उपनयन, विवाह पुराण वाचन जस्ता शुभकर्मको प्रारम्भमा गरिने बृद्धिमा आभ्युदायिक र शरीर छुटेपनि बाह्रौं दिनमा पुराना पितृसित मृतकको पिण्डमेलनलाई सपिण्डीकरण तिथि विशेषमा गरिने उपर्यूक्त चारका अलावा पञ्चमहायज्ञ गर्नेले प्रतिदिन गर्ने एउटा श्राद्ध हुन्छ त्यसलाई नित्य श्राद्ध भनिन्छ । त्यस्तै नेपालमा पर्ने गोकर्णेश्वर महादेव स्थान उत्तरगया, पशुपति, वाग्मती, वराहक्षेत्रको विष्णुपादुका तथा भारतको पुनः गया, गयामा फल्गु, विष्णुपादुका अक्षयवट, हरिद्वार-कुसावर्त, केदारनाथ-हंसकुण्ड र बद्रिनाथ ब्रह्माकपाली आदि तीर्थस्थलहरूमा जाँदा गरिने श्राद्धलाई 'तीर्थश्राद्ध' भनिन्छ ।[१८२] तीर्थश्राद्ध केही छोटो र भिन्न किसिमको हुन्छ । अरु श्राद्धमा पहिले तर्पण गरी ब्राह्मण पूजा भएपछि पिण्डदान गरिन्छ भने तीर्थश्राद्धमा पिण्डदान भएपछि त्यसैमाथि तर्पण गरिन्छ ।

श्राद्ध विशेषतः दिवंगत भएका आमा-बुबामा सीमित छ । मातामह, पितामह, प्रपितामह, आफन्त निकटतम बन्धु-बान्धवका स्मरणमा गरिन्छ । आत्मबन्धु, मातृबन्धु र पितृबन्धु आदि तीन प्रकारका बन्धुबान्धवहरूसँग जीवनकालमा निकटता, मित्रता र आत्मीयता रही दुःख सबको साझा बन्छ, तिनको मरणमा शोक र स्मरणमा चिरशान्तिको अपेक्षार्थ जुन कर्म गरिन्छ त्यो नै विश्वास हो अनि श्रद्धा पनि । त्यसैले श्राद्ध पनि बितिसकेका समस्त आफन्तजनहरूको सामूहिक स्मरण,

---

[१७९] गौतम, पूर्ववत् (पा.टि.न. १००), पृ. ८१

[१८०] मुकुन्दहरि ज्ञवाली, **हिन्दू संस्कृति र संस्कारको सामान्य व्यवहारिक ज्ञान**, (काठमाडौँ : मुकुन्दहरि ज्ञवाली, २०४४) पृ. १९

[१८१] चेतोनाथ शर्मा आचार्य, "श्राद्धारम्भ र पितृपक्ष", **गोरखापत्र**, बर्ष १०१, अङ्क १२०, बि.स. २०५८, पृ. ६

[१८२] मधुसूदन सुवेदी, **तर्पणैकोद्दिष्ट पार्वणैकपार्वण तीर्थश्राद्ध विधि**, दोस्रो संस्करण (ललितपुर : श्रीमती सानुमैया, वैकुण्ठ, दामोदर सुवेदी, २०६०) पृ. ख

तिनको उद्धार र चिर आत्मा शान्तिका लागि श्राद्धका दुई अङ्ग तर्पण र पिण्डदान सहित गर्ने गरिन्छ । गरूड पुराणले श्राद्ध तर्पण आदि गरेका पितृहरूले प्रसन्न भएर आयु प्रजाधन, विद्या, स्वर्ग, मोक्ष, सुःख आदि प्रदान गर्दछन् भनी वर्णन गरेको पाइन्छ । श्राद्ध तर्पणादि कर्मको मूलाधार आफ्नो कृतज्ञता र आत्मियताको सात्विक कृतिहरूलाई जागृत राख्नु हो । यसलाई पितृऋण तिर्ने अनिवार्य कार्य मानिन्छ ।[१८३] (चित्र नं. ५)

श्राद्धका विभिन्न स्वरूपमध्ये सोह्रश्राद्ध पनि एक हो । नेपाली शब्दकोश अनुसार 'सोह्रश्राद्ध' दुई शब्द (सोह्र+श्राद्ध) मिलेर बनेको शब्द हो जसको अर्थ "आश्विन कृष्णपक्षको प्रतिपदादखि औँसीसम्म गरिने पन्ध्रवटा श्राद्ध र आश्विन शुक्ल प्रतिपदाका दिन गरिने मातामहको श्राद्ध समेत या श्राद्धको पक्ष" भन्ने हुन्छ ।[१८४] त्यस्तै पितृहरूको सम्मान र स्मरणमा श्रद्धापूर्वक आ-आफ्ना दिवङ्गत मातापिता, पितामही, पितामह, प्रपितामही, प्रपितामह, काका, काकी, जेठाबुवा, जेठी आमा, मावलीतर्फ, तीन पुस्ता र दाजुभाई स्वर्ग भएका सबै पितृहरूलाई आफ्ना पिताको मृत्यु भएको तिथिमा वर्षको आश्विन शुक्ल प्रतिपदाका पिण्ड दिने सोह्र दिनलाई सोह्रश्राद्ध भनिन्छ । यो समयलाई पितृपक्ष र यस समयमा गरिने श्राद्धलाई महालय पनि भनिन्छ । यो सोह्र श्राद्धमा बाबुको मृत्यु दिनको तिथिमा मानिसले श्राद्ध गर्दछन् भने श्राद्ध गर्ने मानिसहरूका पितृहरू वर्ष दिनसम्म तृप्त हुन्छन् । जहाँ पितृहरू पूजित हुन्छन् त्यहाँ मातामहहरू पनि पूजित हुनुपर्दछ ।

नेपालको राष्ट्रिय पर्व बडादशैं प्रारम्भ हुनु भन्दा अगाडि पर्ने यो सोह्रश्राद्ध मनमोहक शदरऋतुको शुभारम्भ सँगसँगै शुरू हुन्छ । यस समयमा स्वर्ग भएका पितृहरू पनि आफ्नो जन्मभूमि पृथ्वीमा अवतरण गर्दछन् । प्रकृतिको सुन्दर स्वरूपमा पितृहरूको श्राद्ध गर्न सोह्रश्राद्धमा श्राद्ध गर्ने परम्परा हिन्दू धर्मशास्त्रमा उल्लेख छ । यो समय पितृहरूको पूजा गर्ने समय हो । पितृश्राद्ध गर्ने पनि आफ्नै विधि छ । सोह्रश्राद्धमा शुद्ध बस्त्र र भोजन ग्रहण गर्नुपर्छ । पितृश्राद्ध गर्ने अघिल्लो दिन केशमुण्डन गरी स्नान गरी शुद्ध भएर बेलुकी पख सूर्यास्त नहुँदै एकाद्ध शुद्ध भोजन गरिन्छ र भोलिपल्ट श्राद्धका दिन स्नानादि गरी शुद्ध र सफा बस्त्र पहिरेर ब्राह्मणद्वारा पितृका नाममा पिण्डदान या श्राद्धकर्म गर्नुपर्छ । यो मौसममा पितृहरू आफ्नो सांसारिक कर्मक्षेत्रमा घुमफिर गरिरहेका हुन्छन् भन्ने विश्वास छ । एकोद्दिष्टश्राद्धका साथै प्रत्येक वर्षमा पर्वका दिनहरूमा पार्वण श्राद्ध गर्नुपर्छ । कुनै गृहस्थीले कन्या राशिमा सूर्य गएको बेलामा श्राद्ध गरेन भने पितृहरू नासिन्छन् । पितृहरूले त्यसरी दुःख पाएपछि त्यसको धन र युगादि हानी हुन्छ । पितृपक्षमा पार्वण गर्न नपाएमा गाइतिहारे (कार्तिक कृष्ण) औँसीमा गर्नुपर्छ । घरमा श्राद्ध गरे गाईलाई खुवाउने र तीर्थमा गरे नदीमा सेलाउने प्रचलन छ । श्राद्धका कर्महरूमा कर्मकाण्डमा लेखिएका ३०/४० सामग्री लगायत पितृ तर्पणादिको कर्म पिण्डदान, कन्या तथा ब्राह्मणलाई दान

[१८३] ऋषिकेश शर्मा, "सोह्र श्राद्धको प्रतीकात्मक सन्देश", **गोरखापत्र**, बर्ष ९८, अङ्क १२८, बि.स. २०५५ पृ. ६
[१८४] पोखरेल र अरु, पूर्ववत(पा.टि.नं. २), पृ. १३०५

दिने तथा प्रसादको रूपमा समस्त आफन्त एकै ठाउँका सगोत्री बन्धुहरू र इष्टमित्रहरूलाई निमन्त्रणा दिएर यथाशक्य भोजन गराउने मुख्य कार्यहरू पर्दछन् । सबै प्रकारका श्राद्ध गर्दा विधि, विधिज्ञ, सामग्री र श्रद्धा आदि चार कुरालाई ध्यान दिइ श्राद्ध गर्नु आवश्यक छ । पितृपक्षमा दिवंगत भएका बाबु, बाजे, जिजुबाजे, तथा आमा हजुरआमा र बूढी हजुरआमाको भने एक पार्वण श्राद्ध गर्नुपर्ने विधि छ ।

पितृ भनेका स्वर्गे भएका बाबुआमा, दिवङ्गत भएका आफ्ना पूर्खा भन्ने बुझिन्छ । सोह्र श्राद्धमा यीनै पितृहरूलाई श्रद्धापूर्वक पिण्डदान, श्राद्ध तर्पण गरिन्छ । हिन्दू धर्ममा यो परम्परा अनादिकालदेखि चल्दै आएको छ । आस्तिक पुरुषहरूले शास्त्रको मर्मभावलाई मान्दछन् । पौराणिक कालमा यस्ता आस्तिक पुरूषहरूले पितृहरूको नाममा श्राद्ध गरेको कुरा रामायण तथा महाभारत जस्ता महान ग्रन्थमा उल्लेखित छ । यस्ता महापुरूषहरूमा राजा दशरथ, भीष्म पितामह (देवव्रत) र इक्षवाकु देखिएका छन् ।[१८५] पितृको श्राद्ध गर्ने कार्य पितृले खान्छन् भन्ने किवंदन्ती अनुसार हुनेभए तापनि वास्तवमा पिण्डपितृले खाएको भने देखिदैन् । यो कर्म त पितृको सम्मान र स्मरणका लागि गरिन्छ । हिन्दू धर्म अनुसार प्रत्येक मनुष्य जन्मदेखि मृत्युपर्यन्त देव, ऋषि र पितृ आदि तीन ऋणमा चुर्लुम्ब डुबेको हुन्छ । पितृऋण भने जीवित मातापिताको सेवा गरी मृत्युपश्चात पिण्डदान गरी मुक्त हुन सकिन्छ । यसरी पितृको पूजा गर्ने क्रममा सम्पूर्ण पितृकुलको पूजा गरिन्छ । आश्विन कृष्णको पितृपक्षको तिथिमा श्राद्ध गर्दा आफ्ना वंशका समस्त व्यक्ति, मातृपक्षका तीन-चार पुस्ता, दिदी-बहिनी, फुपू, सानिमा, सासू-ससुरा, गुरू आदि सबैलाई श्रद्धासाथ अन्न, जल अर्पण गर्न पाइने हुँदा सोह्र श्राद्धको महत्व धेरै छ ।[१८६]

हिन्दू धर्म र श्रद्धा एक अर्काका परिपूरक हुन् । यस आत्मिय श्रद्धा शब्दलाई हटाइदिने हो भन्ने हिन्दूधर्मको महत्व नै नष्ट हुन जान्छ । आज पर्यन्त दिवंगत मानिसहरू फर्केर नआएका र श्राद्धमा अर्पित वस्तुहरू पनि पितृहरूले स्वयम् आई ग्रहण गरेको नदेखिए तापनि हाम्रा आदरणीय पूर्वाचार्यहरूले बनाएका शास्त्रीय प्रमाणलाई विश्वास गरी त्यसैलाई मूल्य र मान्यता दिइ श्रद्धापूर्वक श्राद्ध गर्नु हिन्दूहरूको धर्म हो, परम कर्तव्य हो र नेपाली संस्कृति एवम् पहिचान पनि । अतः हिन्दू धर्मको अनिवार्य अङ्ग श्रद्धा हो भने श्राद्ध यसको धार्मिक कार्य हो । तर श्राद्ध केवल आडम्बर मात्र प्रदर्शन गर्नु चाहिँ हिन्दूधर्म र संस्कृतिकैविपरित हुने हुँदा यस्तो आडम्बर त्याग्नु नै उत्तम हुने देखिन्छ । पितृपक्षका जम्मा पन्ध्र दिनमा नेपालका विभिन्न पवित्र धार्मिक स्थलहरूमध्ये चन्द्रभागा, वाग्मती र सूर्यमतीको त्रिवेणी सङ्गमस्थित विष्णुपादुका गोकर्णेश्वर तीर्थमा अन्यत्र भन्दा अधिक मात्रामा दिवङ्गत पितृहरूको स्मरणमा श्राद्ध गर्नेहरूको जमघट रहन्छ । महालयको यस अवधिमा भारतको गयामा पनि श्राद्ध गर्न जाने प्राचीन परम्परा कायमै छ ।

---

[१८५] गोविन्दप्रसाद सापकोटा, “श्रद्धापूर्वक गरिने कार्य श्राद्ध”, **मिर्मिरे,** बर्ष २३, अङ्क ३, वि.सं. २०५१, पृ. १०५
[१८६] कुलचन्द्र कोइराला, **नेपाली सांस्कृतिक जात्रा पर्व**, प्रथम संस्करण (श्रीमती इन्दिरा भट्टराई, २०५२) पृ. १०१

## तेस्रो अध्याय

## गोकर्ण क्षेत्रका सांस्कृतिक गतिविधिहरू

### ३.१ गोकर्णेश्वरको उत्पत्ति

नेपाल अधिराज्यमा अनेकौं धार्मिक, सांस्कृतिक पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण स्थलहरू रहेका छन् जसमध्ये गोकर्णक्षेत्र पनि एक तीर्थस्थलका रूपमा रहेको छ । यो तीर्थ काठमाडौंको गहिरो सहरको उत्तरपूर्व नौ कि.मी पर अवस्थित गोकर्णको संरक्षित क्षेत्र तीर्थका साथै जङ्गली जन्तुहरू र विविध चराहरूको दर्शनका लागि पनि एक प्रसिद्ध क्षेत्रका रूपमा परिचित यो तिर्थ पशुपतिनाथदेखि करिब ३ कि.मी. उत्तर वाग्मती नदीको पश्चिम तटमा रहेको छ । नेपाल उपत्यकाको पूर्वी भेकमा गोकर्णेश्वर महादेवको मन्दिर प्रख्यात छ । साँखुबाट फर्कदा पश्चिमतर्फ डेढ लिग जतिमा पर्ने वाग्मतीको किनारमा तीर्थस्थल मानिएको गोकर्ण गाउँ छ । गोकर्ण र पशुपतिको बीचमा बौद्धनाथ छ ।[१] गोकर्ण तीर्थ काठमाडौंको ५ माइल पूर्व गोकर्ण गाउँमा पवित्र वाग्मती नदीको किनारमा अवस्थित छ । बौद्धनाथको उत्तरपूर्व केही दुरीमा साँखु जाने सडक र सुन्दरीजल जाने बाटो भएर यस तीर्थमा पुग्न सकिन्छ । बौद्धपारी सुन्दरीजलको बाटो भएर गोकर्ण तीर्थमा जाने सिलसिलामा जब यो बाटो बाङ्गोटिङ्गो र तीव्र रूपमा उत्तरतर्फ तल आइन्छ तबमात्र यो ठाउँ दृष्यवान बन्दछ । संरक्षित गोकर्ण जङ्गलको तीनतर्फ किनारा र निकटस्थ गोकर्णको पुरानो नेवारी गाउँमा शिवसँग समर्पित चाखलाग्दो गोकर्णेश्वर महादेव मन्दिर रहेको यो एउटा शान्तपूर्ण ठाउँ हो । (चित्र नं. १)

यो क्षेत्र वाग्मतीको किनारमा जहाँ नदीले दुई भिरालो पहाड बीचमा एउटा सानो गल्छी काटेको छ जसले उपत्यकाबाट सुन्दरीजल उपत्यकाको उत्तरी भागलाई छुट्याउँछ । साँखु जाने बाटोमा नदी छेउमा पर्ने गोकर्ण मन्दिरको पाउ भएर नै नदी बग्दछ, परिश्रमपूर्ण बनाइएका धेरै सिँढीयुक्त बाटाले यो मन्दिरलाई जोडेको छ र पशुपतिनाथ मन्दिर, यसका अन्य तीर्थहरू एवम् अन्य निर्माणहरूले विस्तृत नदी पूर्वीय जटिलता बनाउँछ, जसले बाराणसीको धेरै ठूलो दृश्यको स्मरण गराउने कुरा बर्नियरले उल्लेख गरेका छन् ।[२]

मुख्य मन्दिर नदीको लगभग चार मिटर माथि अवस्थित रहेकोमा गोकर्णेश्वर मन्दिर पूर्व तलतिर नदीको किनारमा जाने खुड्किलाको एउटा सिलसिलेबार श्रेणी रहेको छ । यहाँ नदीको पूर्वतर्फ र पाश्ववर्ती गोकर्ण जङ्गलको फेदीबाट मन्दिर प्राङ्गणको एउटा सानो दृश्य देखिन्छ । वाग्मती गल्छीको एउटा सानो पुल पार गरी यो क्षेत्रमा पुग्न सकिन्छ । भव्य तीन तले गोकर्णको महादेव मन्दिर गजाधर नारायणको एक ठूलो प्रार्थना बैठकको हाता अन्तर्गत अवस्थित छ । ठूलो

---

[१] डिल्लीराज उप्रेती (अनु.), **'नेपालः हिन्दू अधिराज्यको इतिहास'**, (ललितपुर : हिमाल किताब, हिमाल एशोसियसन, सन् २००५), पृ.४२

[२] आर.एम्. बर्निएर, **दि नेप्लीज प्यागोडा**, (न्यू दिल्ली : एस्.चाँद एण्ड कम्पनी एल्टिडि, ११००५५, १९७९), पृ. १५९

सङ्ख्यामा प्राङ्गणमा रहेका प्रस्तर मूर्तिहरू, निकटवर्ती घरहरू र भवनहरूको समूहमा यो मन्दिर अवस्थित छ ।[३]

गोकर्ण जान हिँडेर, वाइक, टेम्पो या ट्याक्सी बस आदि साधन मार्फत जान सकिन्छ । पहिले यहाँको बाटो पूर्णरुपले खराब भए तापनि हालआएर मुख्य सडक छाडेपछि पनि बौद्ध गोकर्ण हुँदै सुन्दरीजल जाने बाटो कालोपत्रे गरिएकाले गोकर्ण तीर्थ यात्रा सहज बनेको छ । त्यसमा पनि कपन बौद्ध विहार हुँदै गरिएको गोकर्ण र बौद्धनाथ बीचको यात्रा त झन् आनन्ददायी हुन्छ भने कपनबाट दक्षिण पश्चिम बौद्धको यात्रा सिधै सहज हुन्छ । गोकर्ण धार्मिक तथा अन्य पर्यटकहरूका लागि पनि एक प्रसिद्ध र महत्वपूर्ण गन्तव्यस्थल हो । नेपालको वर्तमान धार्मिक जीवनमा मात्र नभएर आदिकालमै स्थापना भई मध्यकालदेखि चाहीँ गोकर्णेश्वरको महिमा र प्रतिष्ठा नेपालका धार्मिक जनताहरूमा व्याप्त हुँदै आएको छ ।

यस गोकर्ण तीर्थको नामाकरण ‘गोकर्ण’ कसरी रहन गयो भन्ने बारेमा निश्चित प्रमाण पाइएको छैन । गोकर्ण भन्नाले गाइको कान भन्ने बुझिन्छ । यति हुँदाहुँदै पनि यसको विभिन्न अर्थ लगाइएको पाइन्छ । नेपाली बृहत शब्दकोशमा गोकर्णको विभिन्न अर्थहरू दिइएको छ । जसमा काठमाडौँको पूर्वोत्तरमा रहेको एक प्रसिद्ध तीर्थ (शैव), त्यस तीर्थमा स्थापित शिवलिङ्ग, भागवत् प्रसिद्ध धुन्धुकारीका भाइको नाम, गाईको जस्तो कान हुने एक मृग, गाइकाने बराँठ, गाइको जस्तो कान हुने” आदि अर्थहरू लगाइएको छ ।[४]

गयामा जस्तै तीर्थ भएकोले यस उत्तरगया क्षेत्रको नाम ‘गोकर्ण’ रहन गएको हो । यहीकै नामबाट भाद्रकृष्ण औंसीमा मेला लाग्ने कारणले ‘गोकर्ण औंसी’ पनि भन्ने गरिएको छ । अर्को लोकोक्तिअनुसार चन्द्रभागा नदी र ब्रहमतीर्थ निरै वाग्मतीको किनारामा गोकर्ण रहेकोले ठाउँको नाम पनि गोकर्ण रहन गयो । कुनै भाषावंशावली अनुसार वृषकर्ण (पाञ्चल देशका राजा) का छोरा गोकर्णले आफ्ना बाबु र आफ्नो समेत मुक्तिका लागि गोकर्णेश्वर महादेवको स्थापना गरेको ठाउँ हुनाले गोकर्ण भनिएको हो ।[५] अथवा पिता वृषकर्णको प्रेतात्मालाई तारी राजकुमार गोकर्णको पनि यही उद्धार भएको हुँदा यस ठाउँको नाम गोकर्णेश्वर रहन गएको किंवदन्ती छ ।

गोकर्ण नेपालमा मात्र नभएर भारतमा पनि रहेको छ जहाँ गंगाभ्याली र अग्निसिनी नदीको मुख बीचमा (रही) चेपमा दुई नदीहरूको कानाकार सङ्गम भएकाले गोकर्ण नामाकरण गरिएको हो । गोकर्ण नामको उत्पन्न पौराणिक आख्यानबाट भएको स्थानीय विश्वास छ

[३] युनेस्को, **काठमाडौं भ्याली,** दि प्रिजरभेसन् अफ् फिजिकल इन्भाइरोमेण्ट एण्ड कल्चरल हेरिटेज, ( भियनाः अ प्रोस्पेक्टीभ इन्भेन्ट्री भोलम् वान्, एन्टोन् स्क्रोल एण्ड को.पव्लीसर्स, १९७५), पृ. १५० ।

[४] बालकृष्ण पोखरेल र अरु (सम्पा.) **नेपाली बृहत शब्दकोश,** पाँचौ संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान्, वि.स. २०५८), पृ. ३३३

[५] मदनमोहन मिश्र, **नेपाली संस्कृतिमा वागमती एक विहङ्गम दृष्टि,** (ललितपुर : श्रद्धा प्रकाशन, २०४७), पृ. २८४

जसअनुसार भगवान् शिव एउटा गाईको कानबाट प्रकट भएका हुन् । यस उत्तरगया पितामह महातीर्थमा पनि दक्षिण गोकर्ण जस्तै चन्द्रभागा र वाग्मती नदीको मुख बीचमा रही कानाकार सङ्गम भएकोले गोकर्ण नामाकरण गरिएको हुनुपर्दछ ।

त्यस्तै नेपाल महात्म्यमा त शिवरुपी मृगको सिङको एक टुक्रालाई शिवलिङ्गको रूपमा ब्रह्माजीले गोकर्णमा गोकर्णेश्वर (महादेव) को नामले स्थापित गर्नुभएको उल्लेख पाइन्छ । महादेवको अर्थ महान् देवता भन्ने हुन्छ । अर्थात् सम्पूर्ण देवताहरूमा महान् र सम्पूर्ण देवताका पनि देवता भएकोले नै महादेव भनिएको हो । गोकर्णेश्वरको स्थापना कसरी भएको हो भन्ने बारेमा निश्चित प्रमाण पाइएको छैन । एकातिर प्राचीन अभिलेखहरू- प्रमाणहरू यसबारे मौन प्राय छन् भने अर्कातिर हाम्रा पौराणिक साहित्यले गोकर्णेश्वरको स्थापना बारे रहस्यमय कथाहरू प्रस्तुत गरेका छन् । यसको उत्पत्ति र ऐतिहासिकतालाई हेर्दा विभिन्न पुराणहरू, माहात्म्य कथाहरू, वंशावलीहरूमा उल्लेख भएको पाइन्छ ।

'देवमाला' वंशावलीमा गोकर्णेश्वरको स्थापना बारे यस्तो उल्लेख पाइन्छ :- 'अघि सत्य युगमा श्री महादेव मृग रुपभैँ श्लेषाँतक (श्लेषमान्तक) वन विषे विहार गरिएका बखत ब्रह्मा, विष्णु, इन्द्र तीनै देवताले खोजी फेला पारी घेरा दिई सिङ्मा पक्रदा सो सिङ तीन टुक्रा भै तीनै जनाले हातमा पारे, विष्णुका हातको अमरावतीमा स्थापना गर्न गए । ब्रह्माका हातको गोकर्ण पितामहतीर्थका समीप वाग्मतीका तीरमा स्थापना गरी गोकर्णेश्वर नाउँ गरिदिएका हुन् ।[६]

सुधारकार्य विवरणमा पनि गोकर्णेश्वरको महिमा तथा उत्पत्तिको कथा बारे उल्लेख गरिएको छ :- 'सत्ययुगमा लोकशंकर मृगरूप लिई श्लेषमान्तक वनमा देवी गौरीका साथ विहार गरिरहेको अवस्थामा उहाँको अभावले छट्पटिएका चिन्ताको आँचमा भुट्भुटिएका ब्रहमा, विष्णु, इन्द्र आदि समस्त देवगण उहाँलाई खोजी गर्दै जाँदा योगबलले थाहा पाइ पुर्वोक्त स्थानामा गई घेरा हाली उहाँलाई सिङमा समाती पकड्न खोज्दा समातिएको सिङ तीन टुक्रा भएकाले दिक्क मानी विष्णुले आफ्ना हातको यो सिङको टुक्रा वैकुण्ठमा र इन्द्रले अमरावतीमा तथा ब्रह्माले यो प्रसिद्ध गोकर्णेश्वरको अहिले मन्दिर भएको पवित्र पितृतीर्थमा ल्याई स्थापना गरी गोकर्णेश्वर भन्ने ख्याति चलाई दिएका हुन् ।[७] त्यस्तै गरी भाषावंशावलीमा गोकर्णेश्वरको उत्पत्तिबारे यस्तो चर्चा गरिएको छ :- 'शिवले मृगरूप धारण गरी पुण्यभूमि मृगस्थलीमा क्रीडा गरी रहने क्रममा ब्रह्मा, विष्णु आदिले अञ्जली जोरी प्रत्यक्ष दर्शन नदिएपछि ती देवताहरूले हरिणेश्वरको मृगलाई समाते र सो सिङलाई के गर्ने भनी शिवलाई बिन्ती गर्दा ब्रह्मा, विष्णु, इन्द्रका हातमा परेको सिङलाई आ-आफ्ना लोकमा स्थापना गर्ने आज्ञा अनुसार ब्रह्माले आफ्नो हातको सिङ वाग्मती र चन्द्रभागा

---

[६] देविनाथ, **देवमाला,** (काठमाडौ : श्री ज. सुरशम्शेर ज.व.रा., वि.स. २०१३) पृ. ५०
[७] सोमनाथ सिग्देल, **सुधारकार्य विवरण**, (काठमाडौँ : पुरातत्व विभाग, २०१७) पृ. २८

नदीका तीरमा स्थापना गर्नु, सो श्रृगेश्वर भनी प्रख्यात हुनेछ भने इन्द्रले अमरावतीमा लगी स्थापना गर्नु, पछिबाट सो सिंङ दानवले हरण गरी लगेपछि भूमिमा राखेको ठाउँमा लिप्त भइ उठाउन नसकी सो स्थानमा शिवको सिङ रहन गएकाले 'दक्षिण गोकर्ण' भनी प्रख्यात हुनेछ । त्यसपछि ब्रह्मा, विष्णु, इन्द्र, श्री हरिणेश्वरको आज्ञा अनुसार स्वः स्वः स्थानमा लिङ्ग स्थापना गरी स्वःस्थानमा गई रहन थाले ।[८] पशुपति क्षेत्र मृगस्थलीमा मृगको रूपमा विचरण गरिरहेका भगवान् शिव-मृगको सिङको एक टुक्रालाई शिवलिङ्गको रूपमा ब्रह्माजीले गोकर्णमा 'गोकर्णेश्वर महादेव' को नामले स्थापित गर्नु भएको कुरा नेपाल माहात्म्यमा उल्लेख भएको पाइन्छ ।[९] गोकर्ण शंकरको उत्पति पनि मृगरूपमा विचरण गर्ने शिवको सिङबाट भएको कुरा हिमवत्खण्डमा वर्णित भएको पाइन्छ ।[१०] मृगरूप शिवको सिङ्ग देवताहरूका हातमा टुक्रा भएर रहेकोमा शिवले ती टुक्रा मन लागेको ठाउँमा थाप्न आज्ञा दिएकोमा विष्णुले आफ्ना हातमा रहेको सिङको टुक्रा वाग्मतीको तीरमा शिवलिङ्गको रूपमा थापिदिए भनेर नेपाल महात्म्यमा भनिएको छ ।[११]

यसै शिवलिङ्गलाई त्यहाँ गोकर्ण भनिएको छ । नेपाल महात्म्यमा विष्णुले आफ्नो हातमा परेको मृगरूप शिवको सिंङ थापेर गोकर्ण अथवा गोकर्णेश्वरको स्थापना गरे भनेपछि ब्रह्माजीले पनि आफ्नो हातमा परेको सिङको टुक्रा दक्षिणसारणमा गएर उत्तम गोकर्णेश्वर थापे त्यही नै क्षेत्रहरूमा उत्तम क्षेत्र दक्षिण गोकर्ण भयो भनिएको छ ।[१२] पशुपति पुराणमा हरिणेश्वर शिवको आज्ञाले ब्रहमाजीको हातमा परेको सिङको बीचको टुक्रा थापेर गोकर्णेश्वर महादेव उत्पन्न भएका हुन् भनेर उल्लेख गरिएको छ । यसै स्थानमा आएर रावण र वाणासुरहरू आराधना गर्नेछन् भनेर हरिणेश्वरले भविष्यवाणी गरेको वर्णन त्यहाँ परेको छ ।[१३]

---

[८] नयनाथ पौडेल, **भाषावंशावली**, भाग-१ (काठमाडौं : नेपाल राष्ट्रिय पुस्तकालय, २०२०) पृ. १६

[९] युवराज शर्मा गौतम **तीर्थ-पर्यटन**, प्रथम.संस्करण, (काठमाडौ : लुम्बिनी ट्रेडिङ्ग एण्ड प्रिन्टिङ हाउस प्रा.लि., वि.स. २०६१) पृ. ३९५

गोकर्णाख्यं महालिङ्गं भक्तानां च वरप्रदम् ।
ब्रहमणा स्थापितं पूर्वमेतल्लिङ्गं च हारिणम् ॥ (हि.ख.अ. १४०)

[१०] **हिमवत्खण्ड** अ. ७८, श्लोक ३, पृ. १७३
कथं भगवता पूर्व मृगरुपं धृतं विभो ।
यस्य श्रृंगात समुद्भूतः कथं गोकर्णशंकर : ।

[११] **नेपाल महात्म्य**, अ. १, श्लोक ४३-४४, पृ. ५
विष्णुस्तच्छङ्ग मादाय पशुपाशविमोचनम् ।
उत्तरे वाग्मतीतीरे सुतुङ्गे सुमवोहरे ।
स्थापयामास तल्लिङ्ग - - - ।

[१२] **नेपाल महात्म्य**, अ. १, श्लोक ४७-४८, पृ. ५
ब्रहमऽिप श्रृंगमादाय तदा दक्षिणसारणम् ।
गत्वा संस्थापयामास गोकर्णेश्वरमुत्तमम् ॥
तद्धक्षिणं तु गोकर्णं क्षेत्राणं क्षेत्रमुत्तमम् ।

[१३] **पशुपति पुराण,** अ. १८, श्लोक ७-८, पृ. १३५
त्वत्करस्थमिंद श्रृंग हरिणं मम मध्यमम् ।

इन्द्रको हातमा परेको हरिणेश्वरको सिङको टुप्पो भगवान्कै आज्ञाले स्वर्गमा थाप्नु भनिएको र त्यही पछि रावणले अपहरण गरेर ल्याएपछि दक्षिण गोकर्ण नामले प्रख्यात हुनेछ भनेर पशुपति पुराणमा बताइएको छ ।[१४] इन्द्र, ब्रह्मा र विष्णुको हातमा रहन गएको मृगरूपी शिवको सिङका टुक्रा मध्ये इन्द्रले स्वर्गमा थापे । ब्रह्माले चाहीँ आफ्नो हातमा परेको सिङको टुक्रालाई वाग्मतीको किनारमा थापे । यसको नाम 'गोकर्ण' रह्यो र प्रख्यात पनि भयो ।[१५] देवताहरूको हातमा परेको मृगरूपी शिवजीको तीन टुक्रा परेको सिङ गोकर्णेश्वर भन्ने नामले प्रख्यात हुनेछ भनी शिवजीले आकाशवाणीद्वारा भविष्यवाणी गरेको बयान बराहपुराणमा परेको छ ।[१६]

रावणले यहीको गोकर्णेश्वरमा शिवजीको तपस्या गरेर त्रैलोक्य विजय गर्न सक्ने वर पाएका थिए । स्वर्गको विजय गरेपछि रावणले इन्द्रले स्थापना गरेको सिङ पनि उखेलेर ल्याउँदा समुद्रको किनारामा एकछिनको लागि बिसाएपछि सन्ध्या गरेर फेरि लिएर जान लाग्दा उठाउन नसकेर छोडेको त्यो सिङको टुक्रा नै 'दक्षिण गोकर्ण' भएको भनी बराहपुराणमा बताइएको छ ।[१७]

---

अत्रैव स्थाप्पतां ब्रहमन् निर्मले निम्नगातरे ॥
गोकर्णेश्वर इत्येवं पृथिव्यां ख्याति र्मष्यति ।
दशग्रीवादयो वीरा : साधयिष्यन्ति तत्रमाम् ।

१४ **पशुपति पुराण**, अ. १८, श्लोक ११-१२, पृ. १३६
श्रृङ्गाग्रं हारिणं पुण्यं मामकं त्रिदशेश्वर ।
नीत्वा सुरालमे रम्ये स्थापनीयं ममाऽऽज्ञया ॥
यदा हरति रक्षेन्द्रस्त्वत्पुराद बलदर्पित : ।
स च दक्षिण गोकर्णो भविष्यति पुरन्दर ॥

१५ **बराहपुराण,** अ. २१६, पृ. १२४६-४७
तस्मांत्स्थानादपक्रान्ते त्यम्वेक मृगरुपिणि ।
अन्योन्यं मन्त्रयित्वा तु मया सह सुरोत्तमा : ॥१॥
त्रिधाविभक्तं तच्छङ्ग पृथक पृथगवस्थितम् ।
सम्यक स्थापयितुं देवा विधिदृष्टेन कर्मणा ॥
स्थापितं दिवि नीत्वा वै श्रृंगाग्रं वज्रपाणिना ॥२॥
मया तत्रैव तन्मध्यं स्थापितं विधिवत्प्रभो : ॥३॥
देवैर्दवर्षिभिश्चैव सिध्दैर्ब्रध्मर्षिभिस्तथा ।
गोकर्ण इति विख्याति : कृता विशेषिकी बरा ॥४॥

१६ **बराहपुराण**, अ. २१५, पृ. १२४६
श्रृङ्गमेतरित्र धभूतं सम्यक् सुश्रूयतां भरा : ।
गोकर्णेश्वर इत्येतत्पृथिन्यां ख्यातिमेष्यति ॥११८॥

१७ **बराहपुराण,** अ. २१६, पृ. १२४८
पौलस्त्यो रावणो नाम भ्रातृभिः सह राक्षसै : ।
आगम्याग्रेण तपसा देवभारा धयद्दिभुम ॥
शुश्रूषया च चरया गोकर्णेश्वर भव्यमम् ॥१४॥
× × ×
तदुत्पादयानपामास पुत्रेणेन्द्रजिता सह ॥१७॥
श्रृंगाग्रं यत्पुरा नीत्वा स्थापितं वज्रपाणिना ।
तदुप्पाद्यान पामास पुत्रेणेन्द्रजिता सह ॥ १८॥
तघावद्रवण : स्थात्य मुहूर्त्तमुदधेस्तटे ॥
सन्ध्यामुपासते तत्र लग्नस्तावदसौ मुवि ॥१९॥
न शशाक यदा रक्षस्तदुप्पाटयितुं वलात् ।
वज्रकल्पं समुत्सृज्यं तदा लंकां विनिर्ययौ ॥ २०॥
सतु दक्षिण गोकर्णो विज्ञेयस्ते महामते ॥२१॥

दक्षिण भारतको गोकर्णसँग फरक देखाउन काठमाडौं उपत्यकाको गोकर्णलाई उत्तर गोकर्ण भनी बराहपुराणमा बताइएको पाइन्छ ।[१८]

भविष्य पुराणमा पनि मृगरूपी शिवको इन्द्र, ब्रह्मा, विष्णुका हातमा परेको श्रृंग स्वर्ग, मर्त्य, पातालमा स्थापना गरेको चर्चा पाइन्छ ।[१९] हरिणरुपी शिवको भाँचिएको सिङको एक टुक्रा लिएर विष्णुले त्यसलाई लिङ्ग जस्तो गरि सिँगारिदिए भने सिङका बाँकी रहेका तीन टुक्रामध्ये एउटा दक्षिणी समुद्रको किनार गोकर्णमा, अर्को चन्द्रभागा नदीको किनारमा र तेस्रो इन्द्रको स्वर्ग अमरावतीमा लगिए । यो धेरै प्राचीन समयको घटना हो । योगीहरूले यो घटना त्रेतायुगको अन्त्यको अन्दाजी ३ सय वर्ष अगाडि अर्थात् हाम्रो युग भन्दा नौलाख वर्ष अगाडि भएको भनेका छन् ।[२०] द्वापरयुगको आदिमा ब्रह्मा, गोकर्णमा, गरुड शिखानारायणमा, गणेश चोभारमा र कामधेनु चन्द्रागिरिमा बस्थे ।[२१]

स्वस्थानी ब्रतकथाको अध्याय १७ को पृष्ठ सङ्ख्या ३३९ देखि ३४२ सम्म गोकर्णेश्वर महादेवको स्थापना स्वयम् ब्रह्माजीले नै गर्नुभएको हो भन्ने प्रसङ्ग परेको छ । कथाअनुसार मृगरूपी शिव श्लेषमान्तक वनमा विहार गरिरहेका बखत ब्रह्मा, विष्णु र इन्द्र तीनै देवताहरूले घेरा दिई सिङमा समाउँदा देवराज इन्द्रको हातको सिङको टुक्रा इन्द्रलोकमा, ब्रह्माका हातको मर्त्यमण्डल नेपाल भूमि गोकर्णमा र विष्णुका हातको सिङ पातालमा लगी स्थापना गरेको उल्लेख पाइन्छ । त्यसैले गोकर्णको मृग सिङ शिवलिङ्गलाई अद्यापि ब्रह्माजीले आफै स्थापना गरेको भनी विश्वास गरिन्छ ।[२२]

## ३.२ गोकर्णेश्वरको ऐतिहासिकता

पौराणिक कथाले गोकर्ण तीर्थलाई प्राग्ऐतिहासिक कालको स्थान दिएको छ । शक्तिसङ्गमतन्त्रमा पनि गोकर्ण तीर्थको वर्णन गरिएको छ । वराहपुराणमा नेपालको गोकर्णेश्वर र जलेश्वरको महात्म्यको वर्णन पनि देखिएकोले यहाँको गोकर्ण निकै प्राचीन तीर्थ रहेको बुझिन्छ । गोकर्ण प्राचीन तथा महत्वपूर्ण तीर्थ भएकोले नवौं शताब्दीका वङ्गाली राजा धर्मपाल यहाँ आएका थिए भन्ने ज्ञात हुन्छ ।[२३] आर.एम्. बर्नियरले देउपाटन, बोद्धिनाथ (बौद्धनाथ), गोकर्ण आदि अन्य

---

[१८] **बराहपुराण**, अ. २१३, पृ. १२१६
कथमुत्तर गोकर्ण दक्षिणञ्च कथं विभो ।
थयावदुत्तरस्तस्य गोकर्णस्य महात्मन :॥२२॥
बराहपुराण, अ. २१६, पृ. १२४९
दक्षिणस्य च विप्रर्षे तथा श्रृंगेश्वरस्य च ॥२३॥

[१९] रमेशजंङ्ग थापा (सम्पा.), "वंशावली राजभोगमाला", **प्राचीन नेपाल**, सङ्ख्या ७, बि.सं. २०२६, पृ. २०-२१
[२०] उप्रेती, पूर्ववत् (पा.टि.न.१), पृ. २२१-२२
[२१] गोविन्दप्रसाद भट्टराई **नेपाल र नेपाली**, (काठमाडौँ: अच्युतकुमारी भट्टराई, वि.स. २०३७), पृ. ३-४
[२२] गौरीशंकर 'वशिष्ठ', **वृहत स्वस्थानी-व्रतकथा**, दोस्रो संस्करण (वाराणसी : बम्बई पुस्तक भवन, अध्याय १७, २०५७) पृ. ३३९-३४२
[२३] जगदीशचन्द्र रेग्मी, **नेपालको धार्मिक इतिहास,** (कीर्तिपुर : पाठ्यक्रम विकास केन्द्र, त्रि.वि, २०५८) पृ. १०५ र १३७

क्षेत्रहरूलाई पुराना र कडा प्राग् तृतीय चट्टानहरूमा आधारित भनेका छन् ।[२४] गोकर्णेश्वर महादेवको प्रस्तरलाई हेर्दा यो एउटा कालो प्राकृतिक प्रस्तर हो र यसको अवधि प्राग्ऐतिहासिक नै हो । गोकर्णेश्वर महादेव शिवलिङ्ग प्राग्ऐतिहासिक कालदेखि नै लगातार मानव संसर्गमा आइरहेको छ ।[२५] यो देश अति प्राचीन कालदेखि नै नेपाल नामले प्रसिद्ध हुनुका साथै यहाँका नदी, पर्वत र पशुपतिनाथ, गुह्येश्वरी, गोकर्णेश्वर, कुशेश्वर आदि देवदेवीहरू पनि अति प्राचीन छन् ।[२६] यो तीर्थ प्राचीन भएकाले नै नेपाल माहात्म्यमा पशुपति गुह्येश्वरी (गुप्तेश्वरी) का साथै 'गोकर्णेश' को पनि चर्चा गरिएको छ ।[२७]

नेपालका प्रसिद्ध महादेवका मन्दिरहरूमध्ये काठमाडौंमा भगवान् पशुपतिनाथ र गोकर्णेश्वर आदि प्रसिद्ध छन् ।[२८] प्यागोडा शैलीबाट निर्मित एवम् विस्तृत कलाकृतिले भरिपूर्ण यो गोकर्णेश्वर मन्दिर राजा जयस्थिति मल्लले लगभग १४२२ ई.स. मा जीर्णोद्वार गरी मन्दिरको नित्यपूजा र अन्य पर्वोत्सवका लागि गुठीको समेत व्यवस्था गरेका थिए ।[२९]

यो मन्दिरमा पाइने सबभन्दा पुरानो शिलालेख ने.स. ७०३ को छ ।[३०] त्यसैगरी नेपाली संवत् ७०३ मै गोपीराना भारो गजुरमा सुवर्ण कलश ध्वजा आदि चढाएको बुझिन्छ ।[३१] यो मन्दिर जीर्णोद्वार हुनुभन्दा पहिले कसले कुन समयमा बनाएको हो अहिले सम्मको अन्वेषणबाट थाहा हुन सकेको छैन । शिलालेख, ताम्रपत्र वा इतिहासमा समेत यस मन्दिरको निर्माण कसले गरेको हो भन्ने उल्लेख भएको पाइएको छैन् । ने.स. ५१२ मा राजा जयस्थिति मल्लले जीर्णोद्वार गरिएको[३२] यो गोकर्णेश्वर मन्दिरको गोपीराना भारोले निर्माण गरेको भन्ने भनाई[३३] पाइए तापनि यो मन्दिर झण्डै १५०० वर्ष पुरानो हो भने उक्त मन्दिरको निर्माण लिच्छवि राजा मानदेव प्रथमले गर्न लगाएका थिए ।[३४] त्यसैले अति प्राचीन एवम् प्रख्यात यस तीनतले शिव मन्दिरको राजा मानदेव (

---

[२४] बर्नियर, पूर्ववत् (पा.टि.न.२), पृ.४

[२५] वटुराम भण्डारी, "गोकर्णेश्वर मेला", **राजधानी,** बर्ष ५, अङ्क १९३, वि.सं. २०६२, पृ. ७

[२६] भट्टराई, (पूर्ववत् पा.टि.न.२१), पृ.९

[२७] जगदीशचन्द्र रेग्मी, **पशुपति-गुह्येश्वरी माहात्म्य**, प्रथम संस्करण, (काठमाडौंः नइ प्रकाशन, २०५३), पृ.१४३

वाग्मत्यां सरिति स्नात्वा दृष्टवा पशुपति प्रभुम् ।
गुत्पेश्वरी समालोक्य गोकर्णेशं विलोक्य च ॥

[२८] पुरुषोत्तम ढकाल, **मन्दिरै मन्दिरको देश नेपाल,** (ललितपुरः डा.शोभाकर ढकाल, वि.स. २०६२), पृ.१६

[२९] डि.आर.रेग्मी, **मिडिवल नेपाल**, भाग १, (कलकत्ता : फर्मा के.एल. मुखोपाध्या, १९६५), पृ. ९२

[३०] डि.आर.रेग्मी, **मिडिवल नेपाल**, भाग ४, (कलकत्ता : फर्मा के.एल. मुखोपाध्या,१९६६), पृ. ३४-३५

[३१] सिग्देल, पूर्ववत् (पा.टि.न.७), पृ. २९

[३२] तेजरत्न ताम्राकार, **गोकर्णेश्वर गा.वि.स. गोकर्णेश्वर क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाहरूको एक अध्ययन**, दर्ता नं ७८१, (कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, २०४६-४७), पृ. १६

[३३] युनेस्को, पूर्ववत, (पा.टि.न. ३), पृ. १५०

[३४] श्रीमधुसूदन पाण्डेय र श्रीमती किरण पन्थी पाण्डेय, **नेपालका प्रमुख धार्मिक स्थलहरू** (काठमाडौं : पैरवी प्रकाशन, वि.स. २०६२), पृ. २५

?) र जयप्रकाश (जयस्थिती मल्ल) को पालामा जीर्णोद्वार भएको भन्ने देखिदा यो भन्दा धेरै अगाडि नै निर्माण भएको भन्ने मान्न सकिन्छ ।[३५]

त्यसैगरी लिच्छविकालमा राजा मानदेव प्रथमले निर्माण गराएको भनिने 'मानगृह' पनि गोकर्णमा नै रहेको भन्ने इतिहासमा पाइनु[३६] र मन्दिरको पश्चिममा रहेको पार्वतीको मूर्ति लिच्छविकालीन कलाशैली युक्त भएको भन्ने भनाइ पुरातत्वविद्हरूको दाबी रहेको छ । यस प्यागोडा शैलीको मन्दिर कलाकौशल, टुँडालमा रहेको मूर्तिको कलाकृतिलाई पनि राम्ररी हेर्दा लिच्छविकालीन नै हो भन्न सकिन्छ ।[३७]

यसरी लिच्छवि वंशका मानदेव प्रथमले बनाएको मानिने गोकर्णेश्वर महादेव र चाँगुनारायण मात्र होइन उत्तरबाहिनी गोकर्णस्थित कान्तिभैरव मन्दिरको शैली र उत्तरवाहिनी एवम् गोकर्ण देशको बङ्गलादेवीको मन्दिर एवम् छिन्नमस्तादेवी मन्दिरका भग्नावशेष समेत हेर्दा यो क्षेत्रको प्राचीनता र महत्व नेपालको लिच्छवि कालीन समय भन्दा अगाडि नै प्रसिद्ध भैसकेको देखिन्छ ।[३८]

यसरी मानदेवले निर्माण गराएको यो गोकर्णेश्वर मन्दिरको जीर्णोद्वार र पूजाआजा चलाउने काम राजा जयस्थिति मल्लले गरेको पाइन्छ । त्यसपछि क्रमिक रूपमा श्री ५ रणबहादुर शाहले मन्दिरको माथिल्लो तलामा रहेको तामाको पातामा सुनको जलप लगाई छाना बनाएको कुरा सोही छानामा कुँदिएको छ । यसैगरी गर्भुसिंह बोगटीले सोही छानामा रहेको घण्टाकारको गजुर माथि सुनको जलप लगाएको अर्को गजुर राखेको व्यहोरा पनि सोही छानामा उल्लेख भएको छ ।[३९] राजा गीवार्णयुद्धविक्रम शाहका पालामा फेरी स्वामीका रानी त्रिपुरासुन्दरीले गोकर्णेश्वरका देवालयमा तीन छप्परका छानामा माथिल्लो छाना सुनको बनाइ दिइन् ।[४०]

त्यस्तै मल्ल राजा प्रताप मल्लको पालामा बर्षाको मौसम सिद्धिसक्दा पनि पानी नपर्नाले खडेरी लागी खेती गर्न नपाई जनताहरूमा भयङ्कर सङ्कट एवम् अकालको अवस्था पर्न गएकाले प्रताप मल्लले बज्राचार्य र ब्राहमणसँग सल्लाह लिइ सोही अनुरूप पशुपति, गुह्येश्वरी, स्वयम्भू, बज्रयोगिनी, चाँगुनारायण, गोकर्णेश्वर र अन्य प्रख्यात पवित्र धार्मिक स्थलहरूको लोकको उद्धार हुने विश्वासले पूजाआजा गराएका थिए ।[४१]

---

[३५] ढकाल, पूर्ववत् (पा.टि.न. २८), पृ. ३०४
[३६] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा** (वनारस : कृष्णकुमारी, २०२२) पृ. ८४
[३७] विश्वनाथ खरेल, "श्रद्धा र आस्थाको सङ्गम पर्व : कुशे औंसी " **गोरखापत्र,** बर्ष १००, अङ्क ११६, वि.स. २०५७, पृ. ६
[३८] ऋषिराम पोखरेल, "उत्तरगया श्री गोकर्णेश्वर पितृतीर्थ एवम् त्यस क्षेत्रका प्रमुख देवदेवी", **मुजुरा**, त्रैमासिक, बर्ष १, अङ्क २, बि. सं. २०६१, पृ. १२
[३९] खरेल, पूर्ववत, (पा.टि.न. ३७) पृ. ६
[४०] बालचन्द्र शर्मा, " काठमाडौं : उपत्यकाको एक राजवंशावली", **प्राचीन नेपाल,** सङ्ख्या ६, बि.सं. २०२५, पृ. १९
[४१] मीनबहादुर शाक्य (अनु.), **श्री स्वयम्भूमहाचैत्य** (काठमाडौं : स्वयम्भू विकास मण्डल, वि.स. २०६१), पृ. १८७

पुरातत्व विभागबाट प्रकाशित 'अभिलेख' नामक पत्रिकामा "गोकर्णेश्वर महादेवका पुजाहारी मोर (मूल) भट्टले आम्दानी मात्र खाई भत्के बिग्रेको नहेरेकोले निजलाई खोसी अमानतबाट चलाउनु भन्ने र त्यस अतिरिक्त ठेकेदार जिम्मा रहेका शिवरात्री गुठी, आरती गुठी, पञ्चामृत गुठी पनि अमानतबाट चलाउनु भन्ने श्री ५ तर्फका गुठी पनि अमानतबाट चलाउनु भन्ने श्री ५ तर्फका गुठी अड्डाका नाममा वीरशमशेर र देवशमशेरको पूर्जी" को उल्लेख पाइन्छ ।[४२] यो मन्दिर क्षेत्र सं. १९८० को सुरूमा 'युनेस्को' को सहायताद्वारा पुनः निर्माण गरिएको थियो र सुन्दर काष्ठकला एवम् प्राचीन उत्कृष्ट वास्तुकलाको एउटा सुन्दर नमुनाको रूपमा बचेको छ ।[४३]

यस मन्दिरलाई गत १९९० सालको विध्वंसक महाभूकम्पले आफ्नो प्रबल विध्वंसमा अन्तर्हित गर्न नसक्नु पनि महत्वकै कुरा छ । यो गोकर्णेश्वर मन्दिर ठाउँ ठाउँमा मर्मत सुधार गर्नुपर्ने देखिएकोले तत्कालीन नेपालका राजा श्री ५ महेन्द्रबाट प्राप्त भएको आर्थिक सहायताद्वारा यस समितिले मन्दिरको तल्लो माथिल्लो छाना फेर्नु, टूट-फूट भएको स्थान सज्नु, स-साना मन्दिर जगैदेखि जीर्णोद्वार गर्नु आदि सम्पूर्ण कार्य सम्पादन गराइएको उल्लेख सुधारकार्य विवरणमा परेको छ ।[४४] यस पुस्तकमा श्री गोकर्णेश्वर मन्दिरको जीर्णोद्वार गरिएको चित्र पनि छपाइएको छ ।

पाचौं योजना अवधिदेखि नै काठमाडौं उपत्यकाका स्मारकहरुको संरक्षण र उपयोगको लागि युनेस्कोको सहयोगबाट तयार गरिएको गुरु योजना पनि लागू गरियो । त्यसै अन्तर्गत गोकर्ण, पनौति, बनेपास्थित कैयौं प्राचीन स्मारकहरुको जीर्णोद्वार गरियो ।[४५]

श्री ५ को सरकार (हाल नेपाल सरकार) को अनुरोधमा युनेस्कोले गोकर्ण क्षेत्रको विस्तृत सर्वेक्षण गरी प्रकाशित गरेको प्रतिवेदनमा गोकर्ण क्षेत्रलाई स्मारक क्षेत्र (Monument Zone, V-M26) मा वर्गीकृत गरी सो क्षेत्रलाई संरक्षण गर्नुपर्ने कुराको उल्लेखानुसार कूल रकमको ७५ प्रतिशत दाता संस्थाबाट अनुदान र २५ प्रतिशत श्री ५ को सरकारबाट खर्च बोक्ने सिद्धान्तमा सहमति भई उक्त जीर्णोद्वार कार्य गर्न पुरातत्व विभागका प्राविधिक शोभा श्रेष्ठ र सहयोगीका रूपमा तेजरत्न ताम्राकार एवम् हीराबहादुर ताम्राकारको सक्रियतामा युनेस्को सल्लाहकारबाट सो कार्य सम्पन्न गरिएको थियो ।[४६]

---

[४२] बलराम दास र अरु (सम्पा.), "गुठी संस्थान अन्तर्गत भद्रकाली स्थित गुठी लगत तथा तहसील कार्यालयमा रहेका कागजातहरुको सूचीपत्र," **अभिलेख**, अंक २, वर्ष २, पूर्णाङ्क १७२, बि.सं. २०४१, पृ. ६२

[४३] युनेस्को, **दि काठमाडौं भ्याली** (न्यू दिल्ली : ओम् बुक सर्भिस, केरिमोरन, १९९८) पृ. ११०-११

[४४] सिग्देल, पूर्ववत् (पा.टि.न. ७), पृ. २९

[४५] **नेपालको प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदाको वस्तुस्थिति**, श्री ५ को सरकार काठमाडौं प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षण परिषद, २०४९, जेठ) पृ. ९४

[४६] शोभा श्रेष्ठ, "गोकर्णेश्वर महादेव मन्दिर जीर्णेद्वार", **प्राचीन नेपाल**, सङ्ख्या १०६, बि.सं. २०४५ पृ. २४-२५

## ३.३ गोकर्णेश्वर मन्दिरको नित्य पूजा

गोकर्णेश्वर मन्दिरमा नित्य एवम् नैमितिक पूजा-पर्वहरू आफ्नै किसिमका छन् । कुनै पनि मन्दिरको सजीवता एवम् जीवन्तताको लागि नित्य-नैमितिक पूजाआजा अपरिहार्य मानिन्छ । नित्य-नैमितिक पूजा नहुने मन्दिरहरू दर्शनीय स्मारक त होलान् तर जीवन्त साधनास्थल बन्न सक्दैनन् । मन्दिर केवल पूजास्थल मात्र होइन यो एउटा साधना स्थल पनि हो । जहाँ पुगेपछि मानिसले अनेक प्रेरणा, भावना र जीवनमा उपयोगी हुने तत्वहरू फेला पार्दछ । त्यसैले होला हिन्दूधर्म संस्कृतिमा मन्दिरलाई सर्वाधिक महत्व दिएको पाइन्छ । मन्दिरको आस्थाको बारेमा त्यहाँ पाइने कडीको रूपमा त्यहाँ हुने पूजा-आजा, पर्व र आस्था रहेका हुन्छन् । ती कुराहरू व्यवस्थित, नियमित र सुदृढ छन् भने मन्दिरको अवस्था राम्रो छ भन्न सकिन्छ । अन्यथा तिनीहरू साधनास्थल नभई दर्शनीय स्मारकस्थल मात्र हुन पुग्छन् ।[४७] यहाँ गोकर्णेश्वर मन्दिरसँग सम्बन्धित नित्य-नैमितिक पूजाआजा र पर्व विशेषको बारेमा छोटकरीमा चर्चा गरिने छ ।

भगवान् गोकर्णेश्वरको महत्व नेपालमा सत्य युगदेखि नै रहेको थियो । प्रमाणिक यस्तो उल्लेख चाहिँ मल्लकाल देखिको पाइएको छ । राजश्रय पाएको कारण त्यसबेला भगवान् गोकर्णेश्वरको राज्यका तर्फबाट राजा जयस्थिति मल्लले पूजा चलाउनुका[४८] साथै दैनिक नित्य पूजा गर्ने गुठीको व्यवस्था गरी कोटीहोम समेत गरेका थिए ।[४९]

मल्लकालिन राजा जयस्थिति मल्ल भन्दा अगाडि गोकर्णेश्वरको पूजा-आजा सम्बन्धी कस्ता किसिमका व्यवस्थाहरू गरिएका थिए केही भन्न सकिदैन् । तर मल्लकालमा भने धार्मिक, सामाजिक तथा लौकिक व्यवस्था मिलाउन र तिनीहरूको समुत्थानको निमित्त विभिन्न किसिमका 'गोष्ठी'हरूको सङ्गठनका विवरणहरू पाइने हुनाले गोकर्णेश्वरको पूजा एवम् समृद्धि र समुत्थानमा राजा जयस्थिति मल्लले नित्य पूजाको व्यवस्था गरेको उल्लेख पाइन्छ । यस कुराको पुष्टि गर्न गोकर्णेश्वर मन्दिरको गर्भगृह भित्र कुनामा रहेको तामाको बाकसमा उत्कीर्ण ताम्रलेखले अझ सहयोग पुऱ्याएको छ ।

ने.स. ५१२ मा[५०] राजा जयस्थिति मल्लले गोकर्णेश्वर महादेव मन्दिरको जीर्णोद्वार सँगसँगै नित्यपूजाको लागि गुठीको व्यवस्था गरी दक्षिणी भट्टद्वारा पूजा गर्ने परम्पराको थालनी गरिएको[५१] यो मन्दिर सोही समयदेखि हालसम्म गुठी संस्थानकै स्वामित्वमा रही यहाँ हुने नित्यपूजा, चाडपर्व, जात्रा आदि सम्पूर्ण नित्य तथा नैमितिक धार्मिक कृत्यहरू दक्षिण भट्ट ब्राह्मणबाटै भइरहेको

---

[४७] गोविन्द टण्डन, **देवपाटनस्थित भगवान् श्री पशुपतिनाथ मन्दिरको सांस्कृतिक अध्ययन**, अप्रकाशित शोधपत्र, (कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि, २०४६) पृ. २६६

[४८] बालचन्द्र शर्मा, **नेपालको ऐतिहासिक रूपरेखा,** प्रथम संस्करण, (बनारस : कृष्णकुमारी, वि.स. २००८) पृ. १३८

[४९] यज्ञनाथ आचार्य, **नेपालको संक्षिप्त इतिहास,** प्रथम संस्करण' (काठमाडौं : एकता बुक्स डिस्ट्रीव्यूटर्स प्रा.लि., २०५१) पृ. ४३

[५०] शर्मा, पूर्ववत, (पा.टि.न. ४६), पृ. २४

[५१] सिग्देल, पूर्ववत् (पा.टि.न. ७), पृ. २९

छ ।[५२] यसरी हाम्रो देशका केही थोरै मन्दिरहरू जस्तै पशुपतिनाथ र गोकर्णेश्वरमा संभवत पन्ध्रौं शताब्दीको प्रारम्भदेखि महाराष्ट्रका भट्ट द्रविड ब्राह्मणले पुजारीको कार्य सम्पादन गर्दै आएका छन् ।[५३] यी दुवै पशुपति र गाकर्णको लिङ्ग पूजा गर्ने समुदायहरू कानाराका उत्तरी भागका हुन् ।[५४] श्री ५ सुरेन्द्र विरविक्रम शाहका पालाको एक प्राप्त पञ्जापत्रको जारी लालमोहरमा यस मन्दिरका पुजारी चलाएमा अनिष्ट हुने कुराको वर्णन गरिएको बुझिन्छ । यसरी जयस्थिति मल्लले दक्षिणी भट्टहरूद्वारा नित्य पूजनविधि चलाई आएको यस मन्दिरमा हाल सम्म कति जना पुजारी भए सोको स्पष्ट जानकारी नभए पनि जानकारी भएसम्म महेश्वर भट्ट, गोपाल भट्ट, गणेश भट्ट, राजाराम भट्ट, पुरुषोत्तम भट्ट र हाल जगदिशचन्द्र भट्ट आदि यस मन्दिरका पुजारी भैसकेका छन् भने स्थिति देखि यता जम्मा कति जना भट्ट पुजारी भए भन्ने बारे अझ विस्तृत खोज हुन आवश्यक देखिन्छ ।[५५]

वंशपरम्पराका आधारमा आफ्ना सन्तान दरसन्तान पुजारी पदमा नियुक्त हुने व्यवस्था रहेको यस गोकर्णेश्वर महादेव मन्दिरमा हाल दक्षिण भारतकै ब्राह्मण श्री जगदीशचन्द्र भट्ट 'करमरकर' मूल पुजारीका रूपमा रहेका छन् । 'भट्ट' वास्तवमा थर विशेष होइन बरु पद विशेष भने हो । यस मन्दिरको पुजारी किन दक्षिणी भारतका ब्राह्मण भट्ट भए भन्ने सन्दर्भमा यिनीहरू श्रीयन्त्र पूजन कार्यमा पोख्त हुने (तान्त्रिक विधामा पोख्त), जुठो पर्दा नित्यपूजा रोकिने, तथा साकाहारी भेट्न गाह्रो हुने[५६] साथै नेपाली ब्राह्मण पुजारी बन्न योग्य, निष्ठावान नभएका र आफ्नै देशका भक्तहरूबाट दान-दक्षिणा ग्रहण गर्नुपर्ने आदि विभिन्न कारणले गर्दा मल्लकाल देखि नै यस मन्दिरमा पुजारीका रूपमा भट्टहरूलाई पदीय नियुक्ति गरिदै आएको मानिन्छ ।[५७] यसरी यस मन्दिरमा दक्षिणी ब्राह्मण भट्ट (करमरकर) का सन्तानहरू मात्र मन्दिरको पुजारी हुने मध्यकालदेखि नै बेग्लै परम्परा रहे तापनि हाल समयानुसार पुजारीले खाइपाइ आएको तलब सुविधा अपर्याप्त, अव्यवहारिक एवम् असान्दर्भिक भएकोले भट्टहरूले हिजोको आफ्नो गौरवमय पुजारी बनी बस्ने परम्परालाई निरन्तरता दिने नदिने अब उनीहरूकै काँधमा आइपरेको देखिन्छ ।

जहाँसम्म गोकर्णेश्वरको पूजाआजाको कुरा छ मल्लकालतिर यो वैदिक एवम् तान्त्रिक विधि अनुसार सामान्य रूपबाट हुन्थ्यो भन्ने अनुमान गर्न सकिन्छ । यो कुरालाई अद्यापि यहाँ हुँदै आएको वैदिक एवम् तान्त्रिक पूजा परम्पराले पुष्टि गर्न सहयोग गर्छ । मध्यकालतिर पुग्दा तान्त्रिक-विधि विधानको बाहुल्यता समाजमा ज्यादातर प्रतिस्थापित हुन पुग्यो । यतिकैमा

---

[५२] ताम्राकार, पूर्ववत् (पा.टि.न. ३२), पृ. १३
[५३] रेग्मी, पूर्ववत् (पा.टि.न. २९), पृ. ६७९
[५४] उप्रेती, पूर्ववत् (पा.टि.न. १), पृ. २२५
[५५] अन्तर्वार्ता सुरेशचन्द्र भट्टसँग
[५६] अन्तर्वार्ता फणिन्द्रप्रसाद बास्तोलासँग
[५७] अन्तर्वार्ता जगदीशचन्द्र भट्टसँग

काशीबाट एक जना शङ्कराचार्य स्वामी नामक एक जना तन्त्रमा विशेष दखल भएका सन्यासी आएको कुरा वंशावली एवम् शिलालेखबाट थाहा हुन्छ । त्यसबेलाको पूजा पद्धति पनि तन्त्रद्वारा प्रभावित भएको अनुमान हुन्छ । गोप्य पाशुपत मन्त्रको विधान अनुसार पूजा हुन्थ्यो ।[५८] अक्षय तृतीया, शिवरात्री, श्रावणको सबै सोमबारका दिन एवम् तिथिहरू भगवान् शिवको पूजाआजाको निमित्त उपयुक्त तिथि मानिन्छन् । ती तिथिहरूमा अद्यापि विशेष पूजा-आजा हुने गर्छ ।

प्रत्येक दिन बिहान करिब ५/६ बजेतिर ढकाल वाग्मतीमा नुहाई धुवाई गरी ढोका खोल्छन् । पहिले ढोका खोल्ने र पुजारी मन्दिरमा नआउञ्जेल मन्दिर कुर्नका लागि नाइकेको व्यवस्था गरिएको भए पनि हाल सो व्यवस्था छैन । जाडो मौसममा ढोका खोल्ने समय एक डेढ घण्टा अबेर पनि हुनसक्छ । त्यसबेला सात बजेतिर ढोका खोल्छन् । मुख्यतया बिहान ढोका खोलेपछि सुसारे ढकाल गर्भगृहभित्र सफा-सुग्घर गर्न र पूजाका भाँडा सफा गर्न तथा चन्दन घोट्ने काममा लाग्छन् । साथै दिनभरको पूजा सामग्री ठीक पारेर राख्ने काम पनि पुजारी मन्दिरभित्र प्रवेश हुनु अघि तयार पारी सक्छन् । बिहान सात-आठ बजेतिर पुजारी मन्दिर भित्र बिहानको नित्य स्नानपछि प्रवेश गरी न्यास गर्छन र गोकर्णेश्वर लिङ्गलाई तीन पटक परिक्रमा गर्दछन् । चारैतिर अक्षता छर्कन्छन् । मन्दिर प्रवेश गर्नासाथ गरिने यो आदर स्वरूपको एक किसिमको प्रतीकात्मक पूजा हो । पुजारी मन्दिरमा प्रवेश गरेपछि 'आदि कलश' स्थापनाको लागि दुई घडा पानी वाग्मतीबाट सुसारे ब्राह्मणले ल्याउँछन् ।

जब पुजारी मन्दिरभित्र प्रवेश गरी न्यास तथा प्रदक्षिणाको कार्य गर्छन् तब मुहारको अघिल्लो दिनको श्रृङ्गार उतार्ने कार्य गर्दछन् । ईशान मुखको मुकुट झिक्नु भन्दा अगाडि गणेशको पूजा गरिन्छ र ढोकामा प्रेतलाई भाग पन्छाइन्छ । त्यसपछि 'आदि कलश' मा पूजा हुन्छ । त्यो सकिएपछि 'आदि कलश' को जलले अभिषेक हुन्छ । त्यसपछि धूपवाती वाली देवदर्शन गराउँदै पुजारीले तीन पटक घण्टा बजाउँदै घुम्ने चलन छ । आदि कलशद्वारा हुने अभिषेक बिहान आठ बजेतिर सम्पन्न हुन्छ । आदि कलशको अभिषेक सकिएपछि ईशान मुहारको श्रीयन्त्र मेटिन्छ । त्यसपछि पूर्ण कलशको जलले अभिषेक हुन्छ । त्यसपछि स्नानको कार्यारम्भ हुन्छ, त्यसैबेला पञ्चामृत स्नान पनि हुन्छ । यहाँ दैनिक रूपमा पञ्चामृतले स्नान गराउने र रूद्रीपाठ गर्ने व्यवस्था भएको पाइन्छ । गोकर्ण औँसी, शिवरात्री आदि पर्वका दिन पञ्चामृत स्नानका निम्ति गुठी संस्थानबाट विशेष सामग्रीहरू उपलब्ध गराउने व्यवस्था छ । गर्भको शिवलिङ्गमाथि जलहरी झुण्ड्याइ जलधारा गर्ने रूद्रीपाठ र पञ्चामृत स्नानको कार्यपश्चात पूर्णकलशको स्नान श्रृङ्गार आदि कार्य गरिन्छ । त्यसपछि श्रीयन्त्र लेखी मुकुट लगाउने कार्य गरी आदि कलशको समयमाझैँ

---

[५८] टण्डन, पूर्ववत् (पा.टि.न. ४७), पृ. २७०-७१

घण्ट बजाई मन्दिर प्राङ्गण वरपरका जन्ती देवदेवीहरूको समेत पूजा गरिन्छ । अन्तमा भगवान् श्री गोकर्णेश्वरको श्रृङ्गार गरी धूप, दीप, नैवेद्य आदि सम्पूर्ण गरी पूजाको अन्त हुन्छ ।

यसरी गोकर्णेश्वर महादेवको दैनिक पूजा गर्दा 'आदि कलश' गरी रूद्राभिषेक गरिन्छ । त्यसपछि पञ्चामृत स्नान सहित पूर्णकलश गरी भगवान्को चतुर्मुख शिवलिङ्गमाथि त्रिपुण्ड लेपन गरिन्छ र शीर्षभागमा नित्य चन्दन लेपन गरी 'श्रीयन्त्र' लेखिन्छ । श्री यन्त्रले पूजा गर्दा शिव र शक्ति दुवैको एकात्मक रूपमा पूजा आराधना गरेको मानिन्छ । 'श्री' (देवी) 'यन्त्र' (रहस्य) को दर्शन पूजा जसले गर्दछ उसलाई श्री सम्पत्ति प्राप्त हुने कुरा शास्त्रमा उल्लेख पाइन्छ । त्यसैले यहाँ दैनिक रूपमा श्रीयन्त्रको पूजा-आजा गरिन्छ, जुन हाम्रो हिन्दू संस्कृति हो । यहाँ नियमित रूपमा एक रूद्रीको पाठ गरिन्छ । यो राजा र देशको कल्याणको निमित्त गर्ने गरिएको हो ।[५९] रूद्रीपाठ सकेपश्चात धूप, दिप, नैवेद्यले पूजा गरेपछि पूजा समाप्त हुन्छ । त्यसपछि क्रमश : पूजा सुरु हुन्छ । पूर्वको ढोकामात्र दिनभर खुला रहने (पर्व बाहेक) यस मन्दिरमा भक्तहरूको चाप हेरी अन्य ढोकाहरू खोल्ने प्रचलन छ ।

यहाँ पर्व तिथि र महिना अनुसार पूजा गर्ने भक्तहरूको भीड रहन्छ । श्रावणका सबै सोमबार, भाद्रकृष्ण औँसी, पौषे औँसी, शिवरात्री र अक्षय तृतीयाका दिन पूजाहरू हुन्छन् । मन्दिरमा चढ्ने भेटी मध्ये पुजारीले दुई खण्ड र सुसारेले एक खण्डमा बाँडी लिने परम्परा रही आएको छ भने पुजारीलाई बार्षिक रूपमा रू.२५ हजार, सुसारेलाई १० हजार र जलबोक्ने टहलुवा (हरिकृष्ण पौड्याल) का लागि १५ सय तलबको व्यवस्था गरिएको छ । यो तलब हालको समय र परिस्थिति अनुसार पर्याप्त नभए पनि आफ्नो परम्परा रीतिथिति कुलधर्म आदिलाई धान्न, बचाई राख्न निरन्तर आफू तन, मन, वचनले लागी परेको कुरा मन्दिरका पुजारी श्री जगदीशचन्द्र भट्ट बताउँनुहुन्छ ।

श्री गोकर्णेश्वर महादेवको बिहान नित्यपूजा र बेलुकी पख आरती गर्ने परम्परा रही आएको छ । बेलुकी आरतीको समयमा न्यास ध्यान, जप, धूप, दीप, नैबेद्य आदि देवादिदेवलाई समर्पण गरिन्छ । लगभग बीस मिनेट लगाएर बेलुकीको नित्य आरती गर्ने प्रचलन रहेको छ । यहाँको नित्यपूजा तथा आरती वैदिक र तान्त्रिक विधिबाट गरिन्छ । यहाँ वैदिक विधिबाट चतुर्मुख, शिव लिङ्गमा पूजा हुन्छ भने चर्तुमुख माथि नित्य चन्दनद्वारा श्रीयन्त्र लेपी पूजा गर्ने परम्परा भएबाट वैदिक र तान्त्रिक पूजा नित्य नै चलेको अनुमान गर्न सकिन्छ तापनि सामग्री चाहिँ चतुर्मुख शिवलिङ्गका लागि भने नित्य सात्विक नै माने पनि हुन्छ ।

[५९] उही, पृ. २७५

## ३.४ गोकर्णेश्वर मन्दिरको नैमित्तिक पूजा

गोकर्णेश्वरमा विशेष रूपबाट सम्पन्न गरिने नैमित्तिक पूजापर्वहरूको चर्चा गर्नु पनि यस सन्दर्भमा उल्लेखनीय हुन आउँछ । त्यसबारे सङ्क्षिप्त रूपमा यहाँ चर्चा गरिएको छ । तिथिपर्व विशेषको महत्वको कारण कतिपय अवसरहरूमा गोकर्णेश्वर मन्दिरमा भीडभाड हुने गर्दछ । कुशे औँसी, कृष्णाष्टमी, साउने सबै सोमबार, पौषे औँसी, शिवरात्री आदि अवसरहरू विशेष उल्लेखनीय छन् । ती अवसरहरूमा नित्य पूजा सरह पूजाआजा हुन्छ तर केही पर्व विशेषको लागि दाता महानुभावहरूले छुट्टै सरसामग्रीको व्यवस्था गरिदिएको वा गुठी राखिदिएको अवस्थामा चाँही त्यसबाट पूजाआजा हुने बाहेक अरू विशेष केही हुँदैन । त्यसैले यहाँ उपयुक्त सबै पर्वहरूको चर्चा गर्नुभन्दा अलि विशेष देखिएका पर्वहरूको केही उल्लेख गर्नु सामायिक हुने देखिन्छ ।

### ३.४.१ भाद्र/कुशे औँसी

भाद्रकृष्ण औँसीको दिनलाई पिता एवम् पूर्वजनहरु प्रति श्रद्धा-आदर प्रकट गर्ने पितृ दिवसका रूपमा लिइन्छ । यस दिनलाई ‘पिताको मुख हेर्ने’ दिन पनि भन्दछन् । जीवित पिताप्रति आदर गर्ने एवम् मुख हेर्ने भनेको दर्शन ढोग गर्ने दिन पनि हो । ‘कुशे’ औँसी समेत भनिने यो भाद्रकृष्ण औँसी अत्यन्त विशिष्ट धार्मिक पर्वमात्र नभएर पितृसम्मानको पर्व र पारिवारिक पुनःर्मिलनको सामाजिक पर्व पनि हो । यो दिन पिता दिवंगत भएकाहरूले ‘गोकर्ण औँसी’ का रूपमा ‘उत्तरगया गोकर्णेश्वर पितामह तीर्थ’ मा आइ वाग्मतीको तटमा तर्पण-श्राद्ध गर्ने परम्परा चलन रही आएको छ । यहाँ यस दिन पितृश्राद्ध गरेमा ठूलो पुण्य मिल्छ भन्ने कुरा नेपाल महात्म्य हिमवत्खण्डमा उल्लेख भएको छ । (चित्र नं. ६ र ७)

गोकर्ण औँसी मनाउने चलनका सम्बन्धमा सत्ययुगमा ब्रह्माको हातमा परेको मृगरुपी शिवको सिङ्को टुक्रा ब्रह्माले श्रावण कृष्णपक्षको औँसीका दिन स्थापना गरेको हुँदा सोही बेला देखि गोकर्ण औँसीको मेला चलेको भन्ने किंवदन्ती रहेको छ ।[६०] गोकर्णेश्वरको स्थापना भएको दिन हाम्रो परम्परानुसार गोकर्ण औँसीको अघिल्लो दिन मानिएको  छ । यस दिन स्वर्गका सारा देवदेवीहरू यहाँ ओर्ली वाग्मतीमा स्नान गरी शिवको पूजा-भाव गरेका थिए ।[६१] भनिन्छ सो दिन स्वर्गका सारा देवगणहरू अद्यापि यहाँ आई वाग्मती नदीमा स्नान गरी गोकर्णमा रहेको शिवलिङ्गमा पूजा गर्न आउँछन् भन्ने धार्मिक विश्वास रहेको पाइन्छ । यसरी गोकर्णमा यसैदिन देखि पूर्खा पूजाको हालको परम्परा समेत स्थापना गरेको भनिन्छ ।

[६०] ताम्राकार, पूर्ववत् (पा.टि.न. ३२), पृ. १२
[६१] मनवज्र वज्राचार्य, **हाम्रा चाडपर्वहरूका विवेचना,** (काठमाडौ : रत्नपुस्तक भण्डार, सम्वत् २०२५), पृ. ३४-३५

चरक-सुश्रुत आदि ग्रन्थहरूका प्रकरणमा हाम्रो मनमा सन्धिपर्वहरूमा अर्थात् औंसीको दिन मृतआत्माको सम्बन्ध प्रवल हुने कुरा उल्लेख भएको छ । वास्तवमा यसै तथ्यको आधारमा हाम्रो यहाँ गोकर्ण औंसीको सांस्कृतिक महिमा चलेको देखिन्छ ।[६२]

कुशे औंसीपर्वका सम्बन्धमा यस्तो अर्को कथा पनि पाइन्छ । प्राचीन कालमा पाञ्चाल देशका राजा वृषकर्ण र उनका छोरा गोकर्ण बीच मेल नभई झगडाका साथै एकले अर्कालाई 'यमपुरीको बास होस्' भनेर श्राप दिन्थे । पहिले राजकुमार मरेकाले बाबु मरेपछि उनलाई जलदान र पिण्डदान दिने कोही नभएकाले बाबुको श्राप लागेर गोकर्ण यमपुरीमा भौतारिरहेका बेला गगनगञ्जबोधिसत्वको सल्लाहनुसार मृतक राजकुमार गोकर्णले प्रसिद्ध तीर्थस्थल गोकर्णमा गई आफ्ना बाबुको नामबाट जलदान र पिण्डदान गरी प्रेतयोनीबाट मुक्त गराए पछि गोकर्णले बाबुबाट आर्शीवाद पाइ यही तपस्या गरी अन्तमा पापबाट मुक्त भई बैकुण्ठ बास पाए ।[६३] यसरी गोकर्णले श्राद्धगरेको दिन संयोगले कुसे औंसी भएकाले त्यसै बेलादेखि कुशे औंसीका दिन गोकर्ण तीर्थमा मृत पिताका नाममा श्राद्ध गर्ने चलन चलिआएको मानिन्छ ।

त्यस्तै गरी कुशे औंसीका सम्बन्धमा एक वेश्या-पुत्र वैश्यको जीवनीमा आधारित भिन्नै महिमा र किवंदन्ती छ । कथानुसार पौराणिक समयमा नेपाल उपत्यकामा एक वेश्यामा गर्भ रहन गई उनीबाट एक सुन्दर 'दन्तुर' नामक छोरा जन्मिन पुग्यो । यसरी बाबु विना जन्मिएको टुहुरो केटालाई बाबु नभएकाले सबैले हेला गरेर जिस्क्याएकाले दुःखित बनेका दन्तुरले एक तपस्वी महात्मा पुलह ऋषिको सल्लाह अनुसार प्रतिदिन गोकर्णेश्वरको पूजा र पितामहतीर्थमा स्नानगरी भाद्रकृष्ण औंसीका दिन कुश हातमा लिइ मृत पिताको नाममा पिण्डदान गर्दा पिण्डखाने धेरै पितृहरू देखा परे पनि दन्तुरले आफ्ना बाबुलाई चिन्न नसकी अल्मलिँदा ब्रह्माजी प्रकट भई पिताको परिचय सुनाइदिए पछि उसले श्रद्धा एवम् विधिपूर्वक आफ्ना बाबुलाई पिण्डदान दिएको पुण्यले उनी चक्रवर्तीसम्म भएकाले त्यसैबेलादेखि यहाँ श्राद्ध गर्ने चलन रहेको विश्वास गरिन्छ ।[६४] त्यसै दिनबाट गोकर्णेश्वर वाग्मतीलाई पितृतीर्थ भनियो किनकी यस भाद्रकृष्ण औंसीको दिन 'दन्तुर' ले बाबु चिनेको र पिण्डतर्पण गरेको हुनाले यस दिनलाई पिताको लागि विशेष दिन मानियो ।[६५] अर्थात् पौराणिक धारणानुसार गोकर्णेश्वरको स्थापना भएको भाद्र औंसीको दिन पारी गोकर्णेश्वरको मेला लाग्ने भएको हुनाले नै औंसीको भावनाले र वैश्यको किंवदन्तीको आधारमा पितृविहिन जनताको गोकर्णमा विशेष आकर्षण रहेको कुरा स्पष्ट झल्कन्छ ।[६६]

---

[६२] उही,

[६३] गोकुलप्रसाद शर्मा, "पितृभक्तिको दिन : कुशे औंसी", **गोरखापत्र**, बर्ष ९३, अङ्क १०४, बि.सं. २०५०, पृ. ४

[६४] लीलाभक्त मुनंकर्मी, **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन**, (भक्तपुर : श्रीमती भवानी केशरी मनुंकर्मी, २०४१), पृ. ३७९-८०

[६५] मीना सुवेदी, "बाबुको मुख हेर्ने गोकर्ण औंसी", **गोरखापत्र**, बर्ष १०१, अङ्क १०४, बि.सं. २०५८, पृ. ६

[६६] बज्राचार्य, पूर्ववत् (पा.टि.न. ६१), पृ. ३४-३५

गोकर्ण औँसी मनाउने चलनको उल्लेख पूर्व १ नं नाला लगनटोल युधिष्ठिरको मन्दिरमा रहेको ने.स. ८६४ (वि.स १८०१) को अभिलेखमा भएको पाइन्छ । सो अभिलेखमा रन्हधर भारोले गोकर्ण औँसीको दिन श्राद्ध गर्ने गुठी राखेको वर्णन गरिएको पाइन्छ ।[६७] भाद्रकृष्ण औँसीको दिन कुश काटिने हुँदा यस दिनलाई कुशे औँसी भन्दछन् । कुशे औँसीसँग 'कुश' को सम्बन्ध छ । पितृकार्य श्राद्धकर्ममा कुशको विशेष आवश्यकता पर्छ । आजको दिन कुश काटी राख्ने र त्यही कुश वर्षभरि देवकार्य र पितृकार्यमा प्रयोग गर्नुपर्छ भन्ने धार्मिक एवम् शास्त्रीय मान्यता रहेको छ । जालन्धरकी श्रीमती सती वृन्दाको श्रापले कुशमा भगवान् विष्णुको अंश निहित हुन्छ । 'कुश' एउटा 'तृण' हो तर यो नभई कुनै देवकार्य, यज्ञयज्ञादि, पितृश्राद्ध, पितृतर्पण आदि धार्मिक कृत्यहरू अर्थात् विभिन्न संस्कारहरू सम्पन्न गर्न नसकिने हुनाले कुशको ठूलो महत्व रहेको छ ।[६८] स्नान, दान, जप, होम, स्वाध्याय, पितृकार्य आदि गर्दा हातमा कुश हुनैपर्छ धर्मशास्त्रले त कुश विनाको कुनै पनि शुभ कर्म निष्फल बन्दछ भनेर ठोकुवै गरेको छ । देवकार्य र विशेष संस्कारका कार्यहरू गर्दा कुशलाई औठी जस्तो बनाई साँहिली औँलामा र पितृकार्य गर्दा चोर (तर्जनी) औलामा लगाउनु पर्ने परम्परा छ । पिण्डदानको वेदी र त्यसको दुवैतिर कुश बिछ्याउनुका साथै श्राद्ध गर्ने व्यक्ति पनि कुशकै चकटीमा बस्छन् । विना मोटकको पैतृक कर्म निष्फल हुन्छ भनिएकोले पितृलाई तर्पण, पिण्डदान, अन्नदान गर्दा कुशको मोटक बनाउने चलन छ । पितृकृत्य गर्दा चामल माथि थापिने ब्राह्मणको प्रतिकृति पनि कुशबाटै बन्दछ । पर्यावरण संरक्षणमा वनस्पतिको महत्वलाई समेत बुझाउने कुशका मुठा घरमा राख्नाले वर्षभरि अशान्ति हुँदैन र सर्वत्र कल्याणमय वातावरण कायम रहन्छ भन्ने विश्वास गरिन्छ । यसरी बहुकार्यमा उपयोगी हुने यो कुश श्रावण शुक्ल चर्तुदशीका दिन रोप्ने र बर्षमा एक पटक भाद्रकृष्ण औँसीका दिन काटिने शास्त्रीय विधान अनुसार भाद्र कृष्ण औँसीका दिन वैदिक मन्त्रोचारण गरी ब्राह्मणद्वारा कुश उखेल्ने या छेद्न गर्ने र आ-आफ्ना यजमानका घरमा कुश पुऱ्याएर मन्त्र पढी यजमानलाई खुवाउने र कुश दिने धार्मिक विधान रहेको पाइन्छ ।

कुशे औँसीमा सोमबार परेको छ भने त्यसदिन काटिएको कुश बाह्र्वर्षसम्म पनि पवित्र मानी अध्यात्मिक कार्यमा प्रयोग गरिन्छ । यसरी बहु उपयोगी कुशको हाम्रो धर्म र संस्कृतिमा अत्याधिक महत्व रहेको छ । अतः अत्यन्त सङ्क्षेपमा भन्दा इन्द्रको अस्त्र वज्रले जुन काम गर्छ, विष्णुको शुदर्शन चक्र र शिवको त्रिशूलमा जति शक्ति छ त्यो सम्पूर्ण शक्ति कुशको पवित्र (३ त्यान्द्रे गाँठो) धारण गर्नेले पाउँछ ।[६९]

---

[६७] शंकरमान राजवंशी, 'राष्ट्रिय अभिलेखालयमा संग्रहित अभिलेखहरू', (पूर्व १ नं नालाको अभिलेख, **रोलम्बा**, वर्ष ६, अं ४, ई.स. १९८६)

[६८] गौतम, पूर्ववत् , (पा.टि.न. ९), पृ. ३९६

[६९] ऋषिप्रसाद शर्मा, **नेपाल राष्ट्रिय चाडपर्व**, प्रथम संस्करण (काठमाडौ : रत्नपुस्तक भण्डार, २०६३), पृ. ७८
*यथा वज्रं सुरेन्द्रस्य यथा चक्रं हरेस्तथा ।*

कुश उत्पतिका सम्बन्धमा शास्त्रमा विभिन्न आख्यानहरू पाइन्छन् । श्रीमद्भागवतको कथानुसार बराह अवतारी विष्णुले कश्यपुत्र हिरण्याक्षको बधपछि समुद्र तटमा केही क्षण विश्राम गर्दा त्यहाँको बालुवामा खसेका विष्णुका रौं बाट कुशको उत्पति भएको हो । अत्यन्त कल्याणकारी, सर्वपापनाशक शक्तिसम्पन्न कुशको उत्पति सृष्टिकर्तासँगै भएको हो भन्ने कुरा कुश काट्दा पढिने मन्त्रबाट बुझ्न सकिन्छ ।[७०] यसरी कथानुसार 'कुशको उत्पति' "विरिञ्जना सहोत्पन्न" भनेर सृष्टिकर्ता ब्रह्माजीसँगै भएको कुराको उल्लेख पाइन्छ ।

कुशे औँसीका दिन आफ्ना मृत पिताको सम्झना र शान्तिका लागि 'गोकर्णेश्वर' को मन्दिरमा गई महादेवको पूजा गरेर मृत पितालाई पिण्डदान गरिने हुँदा यो दिन 'गोकर्णे औँसी' को नाउँले पनि प्रसिद्ध  छ । यसै दिन आफ्ना जीवित पितालाई सन्तानले विभिन्न मिष्ठान्न र वस्त्रादि समर्पित गर्दै सम्मान गरी आर्शिवाद पाउने हुँदा यो दिन पितृ दिवस पर्वबाट चर्चित भएको हो । यो पर्व भाद्रकृष्ण औंसीमा पर्छ । प्रत्येक महिनामा हुने दुईवटा पक्षहरूमध्ये शुक्लपक्ष देवोपासनाका लागि प्रसिद्ध छ भने कृष्णपक्षमा पितृ सम्मान गरिन्छ । वैशाख कृष्ण अमावस्याको दिन आमालाई र भाद्रकृष्ण अमावस्याको दिन आमालाई र भाद्रकृष्ण अमावस्याको दिन बाबुलाई समर्पित छन् । अमावस्याको (औँसी) तिथिमा चन्द्रमा र सूर्य सङ्गमस्थलमा रहने हुँदा यो दिन महत्वपूर्ण मानिन्छ ।[७१] मातृ एवम् पितृ दिवसहरूमा जीवित माता-पितालाई तिनीहरूका छोराछोरीहरूले विभिन्न प्रकारका मिष्ठान्न तथा अरु अनेकौं लुगा आदि ल्याई चढाउने गर्दछन् । त्यसबेला माता-पिताले पनि आफ्ना छोराछोरहीरूलाई शुभाशिर्ष दिँदै तिनीहरूका सुखद चिरायुका लागि आशिष दिने गर्दछन् । यदि आमा बाबुहरू दिवंगत भइसकेको भएमा तिनीहरूको सम्झनामा तिनीहरूका छोराछोरीहरू मातृ औँसीका दिन मातातीर्थ र पितृ औँसीका दिन गोकर्णमा गई नुवाई-धुवाई गर्नुको साथै श्रद्धाञ्जली स्वरुप तर्पण दिने कार्य गर्दछन् । सम्बन्धित तीर्थमा जान नसक्नेहरू आ-आफ्ना पुरोहित अथवा कर्मनिष्ठ ब्राह्मण कहाँ गई सीधा दान दिने कार्य गर्दछन् । यसरी यी दुवै अमावस्या खासगरी पितृ दिवसका रूपमा विख्यात रहेका छन् जबकि अन्य अमावस्याका पनि अधिपतिको रूपमा पितृलाई नै लिइएका छन् ।[७२]

सम्पूर्ण अन्य औँसी जस्तै यो दिन विशेषतः बाबुको लागि अलग तय गरिएको हो किनभने यो दिन छोराछोरीहरूद्वारा गरिएको दान उनीहरूका मृतक बाबुलाई प्राप्त हुनेछ भन्ने भनाइ छ । एक चाडपर्वका रूपमा यो पर्व गोकर्णको वाग्मती नदीको किनारमा मनाइन्छ । जसका बाबु गत

---

त्रिशूलं च त्रिनेत्रस्य तथा विप्रपवितकम् ॥

[७०] उही, पृ. ७९

विरञ्चिना सहोत्पन्न । परमेष्ठिनिसर्गत
नुदः सर्वाणि पापानि दर्भ स्वस्तिकरो भव ॥

[७१] उही पृ. ७७

[७२] हरिराम जोशी, **नेपालका चाडपर्व**, (जोशी रिसर्च इन्स्टिच्यूटका निमित्त इ. सुशीलराम जोशी, २०६०), पृ. ३०

एकवर्षभित्र देहान्त भएका छन् ती मानिसहरू आचारपूर्ण धार्मिक विधिअनुसार स्नानका लागि त्यहाँ जाने गर्दछन् । तिनीहरूमध्ये केही त्यही वरिपरि रहेका गोकर्णेश्वर महादेव मन्दिरमा गई नदीबाट पवित्र जल लिई शिवलाई अर्पण गर्छन । मृतक बाबुको आत्माको चिर-शान्तिका लागि शिवको समेत प्रार्थना गरिन्छ । पिता हुनेहरूले भने यो धार्मिक अनुष्ठान सम्पन्न गर्दैनन् ।[७३]

गोकर्ण औँसीको सम्बन्ध 'गोकर्णेश्वर' महादेवको मन्दिरसँग छ । यो औँसी पितृकार्यका निम्ति अत्यन्त उत्तम तिथि मानिन्छ । आफ्ना पिताको मृत्यु भइसकेका सन्तानहरू 'पितृऔँसी' का दिन गोकर्णमा गई नुवाई धुवाई गरी श्रद्धाञ्जली स्वरुप आफ्ना पितृहरूलाई तर्पण दिन्छन् । जुन पितृ-पूर्वजहरूको मृत्यु तिथि थाहा हुँदैन त्यस्ता पितृहरूको श्राद्ध पनि 'गोकर्ण' मा गई यसैदिन गरिन्छ । अतः यो गोकर्ण औँसीबाट प्रसिद्ध भएको हो । गोकर्णेश्वर शिवको नाम हो । यस दिन काठमाडौँबाट गोकर्णेश्वरको मन्दिरमा गएर शिवको पूजा गर्नुका साथै पितृहरूप्रति श्रद्धा प्रकट गरिन्छ जसबाट एकातिर शिव-आराधनाबाट आत्मकल्याण हुन्छ भने अर्कातिर आफ्ना पूर्वज पितृहरूलाई तर्पणबाट तृप्त गरिन्छ । यसरी भाद्रकृष्ण औँसी पिता तथा पूर्वजहरूप्रति श्रद्धा र आदर प्रकट गर्ने दिनका रूपमा प्रसिद्ध भएको छ । यस दिन श्रद्धालुहरू दिवगंत पितृहरूलाई मोक्ष र शान्ति दिलाउने उद्देश्यले पवित्र वाग्मती नदीमा स्नान गर्छन र तर्पण श्राद्ध गर्छन् । यसै दिन जीवित पिताप्रति आदर प्रकट गर्ने आफ्ना बाबुलाई दर्शन-ढोग गर्ने चलन छ ।[७४]

गोकर्णमा प्रत्येक वर्षको भाद्रकृष्ण औँसीका दिनमा श्रद्धालु भक्तजनको ठूलो भीड लाग्दछ । खासगरी पिता जीवित नभएकाहरू त्यहाँ गएर केश खौरेर वाग्मतीमा स्नान गरी श्राद्ध तर्पण र पिण्डदान गर्छन् । त्यसो गर्नाले ठूलो पुण्य मिल्ने विश्वास गरिन्छ ।[७५] अर्को कुरा त्यस ठाउँमा गई त्यहाँको नदी सङ्गममा स्नान-ध्यान गरी श्राद्ध क्रिया गरे आफ्ना मृतक पिताको आत्माले शान्ति प्राप्त गरी शिवलोकमा श्री शिवजीसँगै लीन हुन गई तर्दछन् भनी मानिसमा ठूलो विश्वास परेको छ ।[७६]

यही भाद्रकृष्ण औँसीको दिन पितृहीन छोराछोरीहरू गोकर्णको चन्द्रभागा नदी र (सूर्यमती) वाग्मतीको सङ्गममा स्नान गरी पिण्ड तर्पण गर्दछन् र अघिल्लो दिनदेखिनै वावुको नाममा दीप-महादीप बालेर मन्दिरको वरिपरि भजन-किर्तन गरी रात बिताउने गर्दछन् । हिन्दू, बौद्धमार्गी, तामाङ, गुरुङ ज्यापू लगायत थुप्रै जातिहरूले यो पर्व धुमधामसँग मान्ने गर्दछन् । विशेष गरी विवाह भएर गएका छोराछोरीका लागि यो चाड उत्साह र उमङ्गले सजिएको हुन्छ । छोरीले बाबुको मुख हेर्ने बहानामा श्रीमान्को घरको वर्तन र कामबाट छुट्कारा पाई एक दिन भए पनि

[७३] बीणा घिमिरे(पौड्याल) र विनोद घिमिरे, **हिन्दू डेथ राइट्स,** प्रथम संस्करण (काठमाडौं : बर्षा घिमिरे र विशाल घिमिरे, सन् १९९८), पृ. ९८

[७४] शर्मा, पूर्ववत (पा.टि.न. ६९), पृ. ८०-८१

[७५] पाण्डेय र पाण्डेय, पूर्ववत (पा.टि.न. ३४), पृ. २५

[७६] मुनंकर्मी, पूर्ववत (पा.टि.न. ६४), पृ. २७९

सहर बजार, बाटो-बाटोमा राम्रा-राम्रा लुगा गहनाले सजिएर झोला, डालो, खर्पन, ढक्की सोलीमा मीठा-मीठा खानेकुरा फलफूल बोकेर प्रफुल्लीत मुद्रामा माइती घर हिडेका महिला देख्दा यो पर्वले अझै रौनकता पाएको महसुस हुन्छ ।[७७]

यहाँ विशेष गरेर गोकर्णे औँसीका दिन ठूलो मेला अनेकौँ मानिसको भेला भएको देखिन्छ ।[७८] गोकर्णेश्वरमा लाग्ने मेलाका दुई पक्ष छन् । एक स्वयम्को आत्मकल्याण र अर्को हो पितृ तृप्ति । गोकर्णेश्वरको महत्वपूर्ण पक्ष पितृ तृप्तिलाई लक्ष्य गरी श्राद्ध तर्पण गर्ने गरिन्छ । नेपालमा दुई तीन नदीको सङ्गम देवस्थल क्षेत्र देवघाट, त्रिवेणी, बराहक्षेत्र र आर्यघाट जस्ता अरू पनि प्रसिद्ध छन् तर कुशे औँसी गोकर्णेश्वर बढी प्रसिद्ध छ ।[७९] यस दिन भारतको गया र उत्तरगयाका नामले परिचित गोकर्णेश्वर क्षेत्रमा श्रद्धालुभक्तहरूको विशाल घुइँचो लाग्दछ ।

कसैले बाबुको नामलाई सम्झाइरहन पाटी, धर्मशाला, विद्यालय, पुस्तकालय, पुरस्कार, चौतारा आदि स्थापना गर्ने गर्दछन् । चन्द्रप्रकाश शर्माले विभिन्न चाडपर्वहरूको वर्णन गर्ने क्रममा गोकर्ण औँसीका बारेमा यसरी चर्चा गरेका छन् - 'आफ्ना पिताहरूको मृत्यु हुने मानिसहरू भगवान् गोकर्णेश्वर मन्दिर नजिक पवित्र नदी उत्तरतर्फ बगेको ठाउँमा गई श्राद्ध कार्य सम्पन्न गर्छन । अन्य पिता हुने मानिसहरू भने आफ्ना बाबुलाई मिष्ठान्न खाद्य र उपहार दिइ बाबुलाई खुसी पारी आर्शिवाद ग्रहण गर्छन्' ।[८०] त्यस्तै गरी लेखकद्वय वीणा पौड्याल र विनोद घिमिरेको 'हिन्दू डेथ राइट्स' नामक पुस्तकमा मानिसहरू वाग्मती नदीको किनारमा रहेको गोकर्ण मन्दिरमा पितृदिवसका दिन पारेर उनीहरूका देहान्त पिताका नाममा श्राद्ध-तर्पण पिण्डदान आदि गर्दै गरेको तस्वीर सहित उल्लेख गरिएको छ ।[८१]

गोकर्णेश्वर महादेव भगवान् शिवको एक पवित्र तीर्थ हो । जो उनको एकल मृतात्मा सँगको निकट सम्पर्कका लागि नामी छ । गोकर्णे औँसी पिताविहिन मानिसहरू उनीहरूको पिताहरूको स्मरणमा मान सम्मान र मृतात्माको मङ्गलको कामना गर्छन् । यस दिनले धुन्धुकारी जस्तो पुत्र होइन गोकर्ण जस्तो पुत्रको कामना गरेको छ । साथै यसले हाम्रो धर्म शास्त्रानुसार 'मातृदेवो भवः र पितृदेवो भवः भनेर आमाबाबुप्रति सन्तानलाई देवता समान सम्झेर उनीहरूप्रति सदा श्रद्धा र सम्मान गर्न अभिप्रेरित गर्नुका साथै यसले पारिवारिक मिलन र नातेदारको पुनर्विकरण एवम् बलियो पार्दछ । धार्मिक, सांस्कृतिक, सामाजिक र नैतिक दृष्टिले हेर्दा पनि यो पर्वलाई स्वयम्मा अद्धितीय र नेपाली संस्कृतिकै एउटा अत्यन्त विशिष्ट पर्वका रूपमा महत्व

[७७] सुवेदी, पूर्ववत (पा.टि.नं. ६५), पृ. ६
[७८] सिग्देल, पूर्ववत (पा.टि.न. ७), पृ. २८
[७९] चेतोनाथ शर्मा आचार्य "भाद्र कृष्ण औँसी पितृसम्मान र सामाजिक सन्देश", **गोरखापत्र**, बर्ष १०१, अङ्क १०५ बि.सं. २०५८, पृ. ६
[८०] चन्द्रप्रकाश शर्मा, **भिजिट नेपाल** (काठमाडौ : श्रीमती माधुरी शर्मा, सन् १९९७), पृ. १९२
[८१] घिमिरे र घिमिरे, पूर्ववत (पा.टि.न. ७३), पृ. १२४

दिइएको छ । यो पर्व वास्तवमा प्रत्येक सन्तानलाई आफ्नो काम, कर्तव्य र पितृधर्मको पूर्ण पालना पारिवारिक सहअस्तित्व, सामाजिक सद्भाव,व्यवहारिक सम्बन्धलाई सुमधुर र सुदृढ तुल्याउने जीवन दर्शनलाई ओतप्रोत आस्तिक भावनाको मूल मर्म समाहित अत्यन्त उपयोगी छ । भाद्रकृष्ण औँसी अत्यन्त विशिष्ट धार्मिक पर्व मात्र नभएर यो पितृसम्मानको पर्व र पारिवारिक पुर्नमिलनको सामाजिक पर्व पनि हो ।

यसरी भाद्रकृष्ण औँसीका दिन वास्तवमा पितृसम्मान गर्ने, कुश भित्र्याउने र युवाकवि मोतीराम भट्टको जन्मजयन्ती समेत परेको यी तीन चाडहरूको त्रिवेणी बनेको यस दिनलाई एक पर्व अनेक रूपमा लिइन्छ । धार्मिक दृष्टिले जति महत्व छ भाषिक र साहित्यिक दृष्टिकोणले पनि त्यतिकै महत्वपूर्ण रहेका हिन्दूमात्रका लागि सम्पूर्ण पिताहरूका पनि परम पिताका रूपमा रहनुभएका पुराण प्रसिद्ध गोकर्णेश्वर महादेव र अर्को आफूलाई जन्मदिने इहलौकिक पिताहरू आदि दुई महत्वपूर्ण कुराहरूको स्मरण गराइदिने यो भाद्रकृष्ण औँसीको दिन बाबु भएका र नभएका दुवै थरिका लागि एक अत्यन्त महत्वपूर्ण पर्वका रूपमा मानिदै आएको छ ।

हाल कुशे औँसीका दिन 'पशुपति कांवडिया सेवा सङ्घ' ले विगत एक वर्ष यतादेखि नि :शुल्क रूपमा यहाँ आउने श्रद्धालु भक्तहरूलाई सर्वत, पानी र फलफूल वितरण गर्दै आएको छ ।

### ३.४.२ शिवरात्री पर्व

महादेव शिवलिङ्गको रूपमा उत्पन्न हुनुभएको रात नै शिवरात्री हो । पुराणहरूमा शिवरात्रीको ठूलो महिमा वर्णन गरिएको छ । लिङ्ग र स्कन्द पुराणमा पुरुष र स्त्री दुवैले शिवरात्रीको व्रत बसेर विशेष फल पूजा आराधना गरेमा प्राप्त हुने झल्को उल्लेख छ । शिवरात्रीको दिन एक जना शिकारीले थाहै नपाइकन शिवलाई बेलपत्र चढाएको र त्यसको फल प्राप्तिले शिवलोक प्राप्त गरेको आख्यान प्रचलित छ ।[८२]

वैदिक धर्ममा चार रात्रीहरूको विशेष ख्याति पाइन्छ । ती हुन् मोहरात्री, कालरात्री, सुखरात्री र शिवरात्री । ती रात्रीहरूमा विभिन्न देव-देवता विशेषको पूजा हुन्छ । शिवरात्रीमा शिवको विधि विधानसाथ पूजा-अर्चना गरिन्छ । शिवरात्रीलाई 'महाशिवरात्री' पनि भनिन्छ । शिव पुराणमा यस दिनको व्रतलाई व्रतहरूमा श्रेष्ठ व्रतराजको संज्ञा दिइएको छ । शिवरात्रीलाई भोग र मोक्ष दिने पुण्यदायक पर्वको रूपमा लिइएको छ । प्रत्येक वर्ष फाल्गुण कृष्ण चर्तुदशीका दिन महाशिवरात्री पर्वोत्सव पर्दछ । जहाँ जहाँ भगवान् शिवका मन्दिर र पूजास्थलहरू छन् शिवरात्रीका दिन त्यहाँ भक्तजनहरूको भीड लाग्दछ ।[८३] यस दिन व्रत, पूजा गर्ने व्यापक चलन छ । शिवरात्रीमा गरेको व्रत सबै यज्ञ भन्दा पनि उत्तम हुन्छ । समस्त दान, तपस्या, नाना प्रकारका व्रत-तीर्थहरूले नभएको पुण्य शिवरात्रीको व्रत गर्नाले हुन्छ । यो दिन उपत्यकाका विभिन्न शिव

---

[८२] वीणा पौड्याल, **सर्वेश्वर महादेव,** (काठमाडौँ : डा. ठाकुरनाथ पन्त स्मृति गुठी, २०६०) पृ. १६३

[८३] टण्डन, पूर्ववत (पा.टि.न. ४७), पृ. ३१२-१३

मन्दिरहरूमाझैँ गोकर्णेश्वर महादेव मन्दिरमा पनि गोकर्ण आसपास र उपत्यकाका विभिन्न क्षेत्रहरूबाट नरनारीहरू दर्शन पूजनार्थ आउँछन् ।

उक्त शिवरात्रीका दिन गोकर्णेश्वर मन्दिरमा विशेष र भव्य रूपमा पूजा गरी यो पर्व सम्पन्न गरिन्छ । दैनिक झै यो दिन पनि वाग्मतीको जल ल्याई गोकर्णेश्वरलाई स्नान गराउँछन् । तर यो दिनको आफ्नै बेग्लै विशेषता रहेको छ । सो दिन व्रतबसी भगवान् शिवको पूजा-आजा पश्चात् प्रसाद स्वरूप खानेकुरा खाने प्रचलन छ । यो दिन षोड्शोपचार विधिले चारै प्रहर अथवा बेलुका रात्रीमा पूजाआजा गरिन्छ । आब्हान, आसन, पद्य, अर्घ्य, आचमन, स्नान, उपवीत, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, ताम्बूल, दक्षिणा, आरती, प्रदक्षिणा आदि पूजाका क्रमहरूले यस दिनको पूजा गरिन्छ । त्रयोदशी उपरान्त चतुर्दशी लाग्ने तिथिको दिन शिवरात्री पर्व मनाइन्छ । रात्रीको चौथो प्रहरमा पायस (खीर) भोग लगाउने चलन छ । उक्त भोग लगाउँदा सहायक पुजारीलाई समेत मन्दिर भित्र पस्न नदिइ चारैतिरका सम्पूर्ण ढोकाहरू बन्द गरी पायसको भोग शिवलाई दिने प्रचलन छ । भोग लगाउँदा भट्ट पुजारी बाहेक अरू कसैले दर्शन नगर्ने प्रचलन रही आएको छ । साथै उक्त भोग लगाएको पायस चौथो प्रहरको पूजा समाप्त भएपछि सम्पूर्ण उपस्थित विभिन्न भक्तजनहरूलाई प्रसाद स्वरूप वितरण गरिन्छ । प्रथम प्रहरमा दूधबाट शिवको ईशान मूर्तिलाई, द्धितीय प्रहरमा दहीद्वारा अघोर मूर्तिलाई, तृतीय घ्यूबाट वामदेव मूर्तिलाई एवम् चतुर्थ प्रहरमा महबाट सद्योजात मूर्ति भागलाई स्नान गराएर पूजन गरिन्छ ।[८४]

शिवरात्री पर्व कहिले देखि चलेको हो सो बारे स्पष्ट बताउन सकिँदैन । तर पनि मल्ल राजा जयस्थिति मल्लले मन्दिरको नित्यपूजाको लागि गुठीको व्यवस्था गरिदिएबाट यहाँ शिवरात्री पर्व पनि सोही समयदेखि वा अघि लिच्छवि कालदेखि नै मनाउँदै आएको हुनसक्ने अनुमान गर्न सकिन्छ । गोकर्णेश्वर मन्दिरमा नित्य पञ्चामृत चढाइ पूजा गरिए तापनि भाद्रकृष्ण औँसी, पौषे गया औँसी र शिवरात्री आदि पर्वमा भने विशेष पूजा हुन्छ । परापूर्वकालदेखि नै शिवरात्रीका दिन प्रथम प्रहरको पूजामा एघार ब्राह्मणद्वारा एघार आवृति रुद्रीपाठ गर्ने परम्परा छ । यस दिन मध्यरात्रीको समयमा एघार आवृति रुद्रीको प्रबन्ध गरिदै आएकोमा गुठी संस्थानले पहिले देखि दिँदे आएको रुपैया छवीस (रु.२६) पूजा खर्च हाल आएर अपर्याप्त हुन गई प्राचीन समयदेखि चलि आएको यो परम्परा धान्न समेत धौ-धौ हुँदै आउको दुःखेसो मन्दिरका पुजारी श्री जगदीशचन्द्र भट्टको छ । यसै रातको चारै प्रहर एक लाख बेलपत्रद्वारा पूजा गरिन्छ । ब्राह्मणहरूलाई प्रतिव्यक्ति रुपैयाँ एकका दरले दक्षिणा तोकिएकाले हाल यहाँ रूद्री पाठ गर्न ब्राह्मणहरू नै पाउन सकिदैन् । यहाँ शिवरात्री, कुशे औँसी, गया औँसी र अक्षय तृतीया आदि पर्वहरूका लागि गुठी संस्थानद्धारा पूजाआजाको सामान्य व्यवस्था गरिएको भए पनि यी पर्वका अलावा अन्य पर्वका

---

[८४] अन्तर्वार्ता पुजारी जगदीशचन्द्र भट्टसँग

लागि भने यस्तो व्यवस्था छैन । यस दिन गोकर्णेश्वर परिसरमा गोकर्णको प्राचीन गाउँ लगायत सम्पूर्ण गाउँ-टोलहरूबाट दर्शनार्थीहरूको ठूलो भीड रहन्छ ।

### ३.४.३ जात्राहरू

#### ३.४.३.१ कुशे औँसीको जात्रा

हरेक मन्दिरमा नित्य पर्व, भाकल पूजा बाहेक सम्बन्धित देवी देवताको जात्रा पनि हुने गर्दछ । काठमाडौं उपत्यकामा मल्लकालदेखि नै देवताको रथयात्रा गरेर पर्व सम्पन्न गर्ने व्यापक प्रचलन अनुसार नै हरेक चाडपर्वमा उक्त पर्वसँग सम्बन्धित देवदेवीलाई रथमा राखेर सहर परिक्रमा गराइ जात्रा गर्ने प्रचलन रहेको पाइन्छ । जात्रा भनेको वास्तवमा घर-परिवार, समुदाय एवम् विशेष अवसर पारी मनाइने धार्मिक, सामाजिक अवसर हो । चाडपर्व भन्नाले धार्मिक वा अन्य कुनै प्रकारको उत्सव विशेष बुझिन्छ । कुनै चाडपर्वले धार्मिक भावना व्यक्त गरेको हुन्छ भने कुनै चाडपर्व सामाजिक एवम् सांस्कृतिक जीवनसँग सम्बन्धित हुन्छन् त कुनै चाडपर्व मनोरञ्जनका उद्देश्यले पनि मनाइन्छन् । गोकर्ण क्षेत्रमा पनि हरेक वर्ष कैयौं जात्राहरू गर्ने चलन रहेको पाइन्छ । गोकर्णेश्वर महादेव मन्दिरमा प्रत्येक वर्ष मनाइने दुई जात्राहरू मध्ये भाद्रकृष्ण औँसीका दिन बेलुकी पख मनाइने एउटा जात्रा कुशे औँसीको जात्रा हो । यो जात्रा देवस्थलसँग सम्बद्ध रहेको पाइन्छ । गोकर्णे औँसी समेत भनिने भाद्रकृष्ण अमावस्याको दिन मनाइने यो जात्रा हरेक बर्ष गोकर्णेश्वर मन्दिरमा मनाइन्छ । यो जात्रा गोकर्णेश्वरको सम्मानमा मनाइने हुँदा भाद्रकृष्ण औँसीको दिन महादेवको चतुर्मुख मुकुटलाई खटमा राखी परिक्रमा गराइन्छ । यस दिन गोकर्णेश्वर मन्दिरमा षोड्शोपचार विशेष पूजा आजा गरी सकेपश्चात महादेवको मुकुट ( शिवलिङ्ग) लाई खटमा राखी सहर परिक्रमा गराउने क्रममा गोकर्णको पुरानो गाउँमा परिक्रमा गर्ने चलन छ जो लिच्छविकालिन गाउँ हो । मानदेवको मानगृह समेत यही कतै भएको अनुमान गरिने गोकर्ण गाउँको डठुलाछीं हुँदै तलेजु मन्दिरमा रथ परिक्रमा गराई पुनः सोही रात गोकर्णेश्वर मन्दिरमा फर्काइने चलन छ । यो जात्राको बारे जानकारी दिने स्रोतहरू नपाइए तापनि यो जात्रा लिच्छविकालदेखि नै चल्दै आएको मानिन्छ । सो जात्राको समयमा गुठियारहरूले नाचगान, बाजागाजा बजाउने र अन्तमा भोज समेत खाने चलन रहेको छ ।[८५]

जात्राको क्रममा महादेवको मुकुटलाई रथमा राखी सहर परिक्रमा गराउन गोकर्णको पुरानो गाउँबाट बासुरी, ढोलक, ढेमे, बेण्डबाजा आदि विभिन्न बाजागाजाहरूको सांगितीक धुनसँगै गाउँलेहरू गोकर्णेश्वर मन्दिर परिसरमा भेला हुन्छन् । मन्दिरको बेलुकीको नृत्य आरती पश्चात रात्रीको नौ-दश बजेतिर त्यहाँ उपस्थित पाँच-छ जनाले महादेवको मुकुट सहितको रथलाई गोकर्णको प्राचीन बस्तीमा घुमाउने क्रममा विश्राम नगरी त्यहाँका विभिन्न टोलहरूका

---

[८५] अन्तर्वार्ता पुजारी जगदीशचन्द्र भट्टसँग

मानिसहरूले पूजाआजा गर्ने चलन रहेको छ । रथलाई यसरी डुलाएपछि सो अमावस्याको मध्य रात्रीको बाह्र-एक बजेको समयतिर करिब दुई घण्टाको समयपछि पुनः सो खटलाई बाजागाजा सहितै गोकर्णेश्वर मन्दिरमा फिर्ता ल्याइन्छ । सो अवसरमा मन्दिर परिसर खट बोकी जाने श्रद्धालुलाई मन्दिरका भट्ट पुजारीले प्रसादको रूपमा केरा, दही, स्याउ काँक्रो आदि फलफूल बाँड्ने चलन छ ।[८६] पहिले-पहिले कुशै औंसीका दिन गोकर्णेश्वर मन्दिरको दक्षिणतर्फ प्राङ्गणमा तामा मोरेको ठाउँ (?) मा गहुँ उसिनेर गाईलाई पूजागरी खुवाउने चलन रहेको थियो हाल भने यो परम्परा लोप भइसकेको छ ।[८७]

यसरी महादेवको मुकुटलाई गोकर्ण गाउँ परिक्रमा गरी मन्दिरमा ल्याएपछि सो देवता सहितको रथलाई रातभर मन्दिर बाहिरै राखी भोलिपल्ट मात्र महादेवको मुकुटलाई पवित्र वाग्मती नदीमा स्नान गराएर मात्र पुजारीले मन्दिरको गर्भभित्र भित्रयाउने चलन छ । यो सम्पूर्ण जात्राको कार्य सम्पादन गर्ने गुठी रहेको छ । हाल सो गुठी अन्तर्गत पाँच जना गुठीयारहरू रहेका छन् । कुशे औंसीको रथजात्रा समाप्त भएपछि गुठियारहरूमध्येका एक जना सदस्यले सो रथलाई घरमा लगी राख्ने चलन छ ।[८८] कुशे औंसी र गया औंसीका लागि गुठी संस्थानबाट सामान्य पूजा सामग्री प्राप्त हुने गर्दछ । अन्य सरसफाइ तथा मर्मत सम्भारका लागि कुनै रकम आउँदैन जसको कारण पूजा र पर्वको समयले पुजारीवर्गलाई दुःखित बनाएको पाइन्छ ।

### ३.४.३.२ शिवरात्री जात्रा

भाद्रकृष्ण अमावस्याको रात र महाशिवरात्रीको अवसरमा फाल्गुण कृष्णपक्ष अमावस्याको औंसीको रात गरी बार्षिक रूपमा गोकर्णेश्वर महादेवको मुकुटलाई दुईपटक सहर परिक्रमा गराउने चलन छ । ब्युत्पतिका आधारमा अमावस्याको शाब्दिक अर्थ 'एकसाथ रहनु' भन्ने हुन्छ । जुन तिथिमा सूर्य र चन्द्र एकसाथ रहन्छन् त्यो अमावस्या हो । जीवात्माको बोधक चन्द्रमा र परमात्माको बोधक सूर्य चतुर्दशीको रात्रीमा जीव र शिव एकै स्थानमा आई जीव शिवमा अत्यन्त निमग्न हुनजान्छ । त्यसैले सोही शुभमुर्हूत नै शिव उपासनाको पुण्य समय हो । उपासनाको माध्यमबाट जीव शिवमा एकाकार भई शिव सायुज्य प्राप्त गर्दछ । त्यसैले शिवरात्री व्रत अनुष्ठानमा रात्रीको विशेष महत्व रहेको छ ।

शिवरात्रीका दिन चौथो प्रहरको पूजा समाप्त भएपश्चात गोकर्णेश्वर महादेवलाई कुशे औंसीको झैं चतुर्मुख मुकुट लगाइन्छ । त्यसपछि सो मुकुटलाई खटमा राखी नगर परिक्रमा गराउने सिलसिलामा गोकर्णको पुरानो नेवारी गाउँ (गोकर्ण देशैः) परिक्रमा गराइन्छ । करिब रात्रीको आठ-नौ बजेतिर गोकर्णेश्वर महादेवको मुकुटलाई रथमा राखी गोकर्णको प्राचीन

---

[८६] अन्तर्वार्ता राममाया श्रेष्ठसँग

[८७] अन्तर्वार्ता विष्णुभक्त श्रेष्ठसँग

[८८] अन्तर्वार्ता आशाकाजी श्रेष्ठसँग

लिच्छविकालिन गाउँमा घुमाउने चलन छ । शिवरात्रीको यो जात्रा पनि लिच्छविकालदेखि नै चल्दै आएको विश्वास गरिन्छ । शिवरात्रीमा मन्दिरभित्र रहेको सुनको मोलम्बायुक्त ढलोटको शिवलिङ्गलाई जात्रा गरी गोकर्ण गाउँमा लगी परिक्रमा गराएर सोही दिन मध्यरातको बाह्र-एक बजेतिर रथलाई मन्दिरमा फिर्ता ल्याउने चलन छ ।

शिवरात्रीको अवसरमा यहाँ आएका भक्तहरूको सुविधाका लागि यहाँ विभिन्न प्रबन्धहरू गरिएको हुन्छ । रात्रीको समयमा यस गोकर्णेश्वर मन्दिरमा आरती गरेपश्चात मुकुटलाई खटमा बोकी जात्रा गर्ने क्रममा श्री ५ को सरकार गुठी संस्थानबाट चार माना चिउरा, तेल एक कुरुवा, एक कतारा दही र एक रूपैयाको मिठाई किन्न ठेकी दिने व्यवस्था छ । पहिले मुकुट बोक्ने गुठियारले जग्गा गुठी कमाइ खान पाएकोमा हाल ती सबै जग्गा रैतानमा परिणत भइ तिनै गुठियारद्वारा बिक्री समेत भइसकेका र सो जात्रालाई कसैले पनि ध्यान नपुऱ्याएकोले मन्दिरका पुजारीलाई ठूलो सङ्कट परेको देखिन्छ । शिवरात्रीको दिन साँझमा 'शिवधुनी' भनी मन्दिर प्राङ्गणमा आगो बाल्ने गरिन्छ । भगवान् शिव धुनीप्रिय भएका कारणले यसलाई महाशिवरात्रीमा स्थान दिएको हुनु त छँदैछ साथै माघको कठ्याङ्ग्रीदो जाडोको प्रभाव शिवरात्रीसम्म रहीरहेकै हुने वास्तविकताको कारण पनि 'धुनी' ले प्रश्रय पाएको हुनुपर्दछ ।[८९] धुनी जगाउँदा यसबाट बर्षा हुन्छ र यसै बर्षाबाट संसारको रक्षा हुन्छ साथै नाना प्रकारका रोग, व्याधिहरू समेत नाश हुन्छन् भन्ने भनाइ पनि छ । गोकर्णेश्वर मन्दिरमा शिवरात्रीको रात जाग्राम बस्दै धुनी जगाउँदै तरकारी, हलुवा पकाएर खाने चलन पनि छ । मन्दिर वरिपरिका प्यालाहरूमा दीप प्रज्ज्वलन गरेपछि त्यहाँको वातावरण नै मनमोहक एवम् रमाइलो हुन्छ । स्मरणीय छ भारतको गोकर्णको महाबलेश्वर मन्दिरमा पनि शिवको जन्मोत्सव विगुल सहित धुमधामसँग मनाइन्छ । प्रत्येक वर्ष एक दलले दुई महान् मन्दिरका रथहरू बनाउँछन् । जुन शिवरात्री पर्वमा प्रयोग गरिन्छ । ती दुई महान् मन्दिर खटहरूले एउटा शोभायात्रालाई सहरका साँगुरा गल्लीहरूमा अगुवाई गर्छन् । जुन बेला पुजारी एवम् भक्तहरू (तीर्थालु) शिवको स्तुतिमा भजन गाउने गर्छन् । ती रथहरू मोटा डोरीले तान्न मात्र पनि सय भन्दा बढी मानिसहरूको आवश्यकता पर्दछ । सोही बेला पुजारीहरूले भित्र धार्मिक संस्कारहरू सञ्चालन गर्छन् । गोकर्णको सानो सहरमा शिवरात्री पर्वोत्सवका चार दिनमा बीस हजार धार्मिक तीर्थालुहरूले यात्रा गर्ने गर्छन् ।

### ३.४.४ साउनको सोमबार

शिवको पूजा व्रत गर्न बर्षको ३६५ दिन नै उपयुक्त भए पनि साउनको सोमबारलाई विशेष महत्वपूर्ण मानिन्छ । काठमाडौं उपत्यकाका प्रमुख शिव मन्दिरहरू सबैमा साउनको सोमबार स्त्रीहरूले विशेष पूजा आराधना गरेको देखिन्छ । यसदिन एक छाक मात्र शुद्ध आहार

[८९] टण्डन, पूर्ववत (पा.टि.न. ४७), पृ. ३२२

खाएर शिवजीको विशेष पूजा आराधना गरिन्छ ।[९०] गोकर्णेश्वर महादेव मन्दिरमा पनि प्रत्येक वर्ष साउनको सोमबार भक्तजनहरूको विशेष घुइँचो लाग्दछ । शिवजीको दैनिक पूजा स्तुतिमा चढाइने जौ, तिल, चन्दन, मह नै यस दिनको पूजामा पनि चढाइन्छ । भक्तजनहरूले पूजा गर्नुभन्दा अघि गोदान र पछि पूर्णपात्रो र सिदा दान पनि गर्दछन् ।

प्रथम पटक साउनको सोमबार व्रत लिँदा पाँचवटा सोमबार परेको महिना भएमा अति उत्तम मानिन्छ । शिवजीका श्रद्धालु भक्तजनहरूले बाह्रै महिनाको सोमबार विशेषपूजा र व्रत लिने पनि गर्दछन् । गोकर्णेश्वर महादेव मन्दिरमा पनि प्रत्येक साउनको सोमबार विशेष पूजा पाठ आयोजना गरिन्छ । महादेवको पूजा गर्नको लागि श्रावण महिना उत्तम मानिएको छ किनकी श्रावण महिनामा देवाधिदेव महादेवले अर्द्धनारीश्वरको अवतार लिएको मानिएको छ ।[९१] साउनको पहिलो सोमबारका दिन यहाँ विशेष रूपमा महिला भक्तजनहरूको घुइँचो लाग्दछ । यस दिन अविवाहित युवतीहरूले योग्य वरको कामना गरी महादेवको दर्शन पूजा अर्चना गर्दछन् भने विवाहित महिलाहरूले आफ्नो श्रीमान्को दीर्घायुको कामना सहित सुख, शान्ति र समृद्धिको लागि महादेव समक्ष हार्दिक कामना व्यक्त गर्दछन् । (चित्र नं. ८ र ९)

यस दिन गोकर्ण आसपास लगायत काठमाडौँका विभिन्न ठाउँहरूबाट हातमा पूजा सामग्रीको थाली बाकेर रातो सारीमा सजिएर महादेवको दर्शन गर्न आउने महिलाहरूको लावा लस्कर लाग्दछ । सर्वप्रथम महिलाहरू मन्दिरपूर्व वाग्मती नदीमा स्नान धुपवाती गरी महादेवको दर्शनार्थ लाममा उभिएर आफ्नो पालो आएपछि दर्शन पूजा अर्चना गरी आ-आफ्नो घर फर्कन्छन् । प्रायजसो प्रत्येक शिव मन्दिरहरूमा सोमबार भक्तजनहरूको पूजा अर्चनार्थ भीड लाग्ने गर्दछ ।

### ३.४.५ रूद्री पाठ

हरेक सक्रान्ति या महिनाको प्रथम दिन पवित्र मानिन्छ । सूर्य हरेक महिनाको पहिलो दिन एक राशिबाट अर्को राशिमा जाने गर्दछन् । बाह्रै महिनाको पहिलो दिनलाई विशेष मानेर पूजा गर्ने र मौसम अनुसारको प्रसाद खाने चलन छ । प्रत्येक महिनाको पहिलो दिन रूद्री गर्ने चलन नेपाली समाजमा व्यापक छ ।[९२] गोकर्णेश्वर मन्दिरमा पनि हरेक महिनाको पहिलो दिन धार्मिक ग्रन्थहरूको निर्देशन अनुसार रूद्री पाठ गर्ने चलन छ । मूल पुजारी बाहेक अरू ब्राह्मणहरूलाई पनि वैशाख महिनाको रूद्रीमा समावेश गर्ने प्रचलन यस मन्दिरमा छ । यहाँ मन्दिरकै व्यवस्थामा सम्पन्न गरिने रूद्रीमा भक्तजनहरूले पनि आफन्तहरूका नाममा पाठ गराउन सक्ने व्यवस्था छ ।

यस मन्दिरमा वैशाख महिनामा मात्र नभएर प्रायजसो दिनदिनै रूद्रीपाठ गरी पूजाआजा गर्ने प्रचलन रहेकाले हरेक दिन रूद्रीपाठ गर्नु यस मन्दिरको नित्यपूजाको एक अङ्ग नै बनेको छ ।

---

[९०] पौड्याल, पूर्ववत (पा.टि.न. ८२), पृ. १६३
[९१] ढकाल, पूर्ववत (पा.टि.न. २८), पृ. १६
[९२] पौड्याल, पूर्ववत (पा.टि.न. ८२), पृ. १६२

यहाँ वर्षभर ३६५ दिनै रूद्री पाठ गरिन्छ । कुनै भक्तहरूले चाहेमा यहाँ एघार जना ब्राह्मणद्वारा एघार आवृति रूद्री गराउन सक्छन् । यहाँ लघु रूद्री पनि हुने गर्दछ । लघु रूद्रीमा मुख्यतः रूद्री पाठ र पूजा सामग्रीद्वारा दाताको संकल्प पश्चात पूजा हुन्छ । एघार जना ब्राह्मणले एक-एक आवृति रूद्री पाठ गर्छन् । पहिले देखि अद्यापि गाईको शुद्ध दूधले गोकर्णेश्वरलाई स्नान गराउने प्रचलन छ । दाताहरूले रूद्रीपाठ गराइसकेपछि आ-आफ्नो इच्छानुसार पुरोहितलाई दान दक्षिणा गर्ने प्रचलन छ । रूद्रीपाठ बाहेक गोकर्णेश्वरमा कसैले पञ्चामृत स्नान गर्न अऱ्हाएमा सो समेत गर्न सकिने वातावरण यहाँ छ ।

### ३.४.६ बोलबम तीर्थयात्रा

पौराणिक कालमा महावली रावणले भारत विहारको वैद्यनाथ धाममा शिवलिङ्गको स्थापना गरेको पौराणिक कथन पाइन्छ । भगवान् शिव र पार्वतीको बास साउन महिना भरी पवित्र मन्दिर देवघरमै हुने गर्दछ । यो महिना जो कोही भक्तले गंगाको पवित्रजल वैद्यनाथ धाममा चढाउँछ भने उसले अश्वमेध यज्ञ गरे सरहको फल प्राप्ति गर्नुका साथै मनोकाङ्क्षा पूर्ण हुने धार्मिक विश्वास  छ । त्यसैले पनि वैद्यनाथ धामको शिवलिङ्ग दर्शन प्रसिद्ध हुँदै आएको हो । विहारको वैद्यनाथ बाबाधाम यात्रा लामो र धेरै खर्चिलो हुने एवम् बाटोमै लुटिने, ठगिने, अप्रिय घटना तथा त्यहाँका पुजारीहरूले दान दक्षिणाको नाममा दुःख दिने जस्ता कारणहरूले धेरैजसो भक्तहरू अब स्वदेशमै बोलबम मान्न थालेका छन् । केही बर्ष यता देखि यहाँकै पवित्र नदी एवम् घाटहरूबाट जल भरेर शिव मन्दिर एवम् लिङ्गमा जल अर्पण गर्ने गरेको पाइन्छ । यसरी पायक पर्ने पवित्र नदी, घाट या जलाशयबाट जल लिएर आराध्यदेव शिवको दर्शनका लागि गरिने पैदलयात्रालाई “काँवरिया यात्रा” भनिन्छ ।

तराईका गाउँ बस्तीदेखि सहर बजारका शिवभक्तहरू हरेक बर्षको साउन महिनामा हजारौंको सङ्ख्यामा वैद्यनाथ धाम पुग्ने क्रम बढ्दो रहे तापनि केही बर्ष यता देखि भने नेपालकै सर्लाही, रौतहट, बारा, सुनसरी र काठमाडौंका विभिन्न शिवमन्दिरहरूमा पनि जल चढाउनेहरूको वर्षेनी भीड लाग्दै आएको पाइन्छ । काठमाडौंको सुन्दरीजलबाट जल ल्याइ पशुपतिनाथमा चढाउनु अघि बाटोमा पर्ने गोकर्णेश्वर मन्दिरमा पनि विगत केही साल अघिदेखि जल चढाउने गरिँदै आएको छ । सर्वप्रथम यहाँ बोलबम तीर्थ यात्राको प्रारम्भ गर्न संस्था पशुपति कांवडिया सङ्घ   हो । साउन महिनाको आगमन सँगसँगै हिन्दू धर्मावलम्बीहरू विशेष गरी तराईबासी माडवारी समुदायका व्यक्ति एवम् संस्थाहरूले नै विगत तीन-चार वर्षअघि देखि सुन्दरीमाई देखि जल ल्याई गोकर्णेशवर शिवलिङ्गमा अर्पण गरी मन्दिरको उत्तर प्राङ्गणमा भजन कीर्तन गरी बोलबममा पाल्नुहुने धर्मावलम्बी महानुभावहरूलाई जल, फलफूल फलाहार आदि इच्छानुसार निःशुल्क वितरण गर्ने गरेको पाइन्छ । साउन महिना र सोमबार आफैमा शिव भगवान्को

आराधनाका लागि शुभ मानिन्छ । लिङ्ग शिवको निराकार प्रतीक मात्र नभएर साक्षात ब्रह्माको प्रतीक पनि हो । सारा सृष्टि शिवलिङ्मै समाहित छ । भगवान् शिव देव, दानव, मानव, अनि पशुका पनि आराध्यदेव हुन् । इन्द्र, बरूण, कुवेर, सूर्य, चन्द्र, दिक्पाल, लोकपाल, प्रजापति लगायतका ॠषिमुनिहरूले प्राप्त गरेको अष्टसिद्धि, ऐश्वर्य एवम् निर्वाण भगवान् शिवको लिङ्ग पूजनकै फल हो । तसर्थ गृहस्थ जीवनमा जो कोहीले पनि साउन महिनामा शिवलिङ्गको पूजन गर्नु उत्युत्तम मानिने हुँदा विशेष गरी साउनको सोमबार गोकर्णेश्वर मन्दिरमा पूजाआजा सहित तीर्थस्थल नदी, घाट आदिबाट ल्याइएको जल चढाउने भक्तहरूको सङ्ख्या हजारौँ हुने कुरा मन्दिरका पुजारी जगदीशचन्द्र भट्ट बताउनुहुन्छ । यसमा अधिकांश तराइबासी हिन्दू माडवारीका साथै अन्य धर्मावलम्बीहरूले समेत सुन्दरीमाई, उत्तरवाहिनीबाट जल ल्याई मन्दिरको शिवलिङ्गमा जलार्पण गर्दछन् । प्रत्येक बर्ष यो क्रम बढ्दो छ ।

बाँसको फट्टालाई आर्कषक काँबर बनाई नागको आकृति सजाएर काँधमा दुवैतर्फ जलको भाँडो झुण्डयाएर एकै प्रकारको गेरुवा बस्त्रधारण गरी नाङ्गा खुट्टाले गन्तव्यस्थलमा पुग्ने क्रममा बाटो भरि लगाइने- 'प्रेमसे वोलो बोलबम, बोल्ते रहो बोलवम' आदि नाराहरूले एक आपसमा सद्भाव, समानता र भाइचाराको भावना एवम् आत्मीयताको अभिवृद्धि गराइ यात्रालाई सहज बनाउनु काँवरिया धामको एउटा महत्वपूर्ण विशेषता हो । यसरी धाममा निस्कनु अघि काँवरियाले भक्तजनहरूले एक महिना अघि देखि नै कडा नियम पालन गरी माछा, मासु, लसुन, प्याज र तामसी भोजन भन्दा पर रही ब्रहमचर्याको पालना गरी खाली खुट्टा हिड्न पनि अभ्यास गर्नुपर्ने हुन्छ । यात्रामा निस्किए पश्चात जललाई भुँइमा राख्न नहुने तर कुनै स्थानमा विश्राम गरी पुनः काँवर बोक्नु पर्दा कान समातेर पाँच पटक उठवस् गरी माफी माग्नु पर्ने नियमानुसार पशुपतिमा जल चढाउन सुन्दरीजलबाट फर्कने क्रममा बाटोमा पर्ने गोकर्णेश्वरमा पनि जललाई भुँइमा विश्राम गराए बापत पाँचै पटक उठबस् गरी माफी माग्ने गरिन्छ । नुन खाए या सौंच ( दिशा) बसेमा नुहाउनै पर्ने, कसैको वास्तविक नामोच्चारण गर्न नहुने, बम भनेर मात्र बोलाउनुपर्ने, कपाल कोर्न नहुने र चौबीसै घण्टा शुद्धभावले रहनुपर्ने नियम रहेको छ ।[९३]

यसरी कडा नियमको पालना गरी सम्पन्न गरिने बोलबम तीर्थयात्रा गोकर्णेश्वर क्षेत्रमा हुने विभिन्न धार्मिक एवम् सांस्कृतिक गतिविधिहरूमध्ये एक नयाँ नौलो एवम् यस क्षेत्रमा सम्पन्न हुने बाबाधामको अनुकरणबाट प्रेरित एक आधुनिक गतिविधिका रूपमा महत्वपूर्ण रहेको छ । यस क्षेत्रमा माडवारीहरूको यस्तो गतिविधि सञ्चालनले गर्दा शौचालय, स्नानागार आदि भौतिक निर्माणका कार्य समेत सम्पन्न भएका छन् भने भावी दिनहरूमा पनि यस समुदायका व्यक्ति एवम् संस्थाबाट भजन कीर्तन आदिको सांगठनिक रूपले सुरूवात र विकास हुने संभावना रहेको कुरा

[९३] अन्तर्वार्ता अशोक अग्रवालसँग

सुरेशचन्द भट्ट बताउँछन् । यसरी यो पर्वलाई देशव्यापी रूपमा व्यवस्थित गर्न सकेको खण्डमा नेपालको आन्तरिक पर्यटनलाई सहयोग पुग्ने देखिन्छ । (चित्र नं. १०)

### ३.५ गोकर्णेश्वर मन्दिरमा बाजा सम्बन्धी व्यवस्था

सनातन हिन्दूधर्म अन्तर्गतका मन्दिरहरूमा भगवान्को पूजा-आजाको क्रमसँगै बाजाको सम्बन्ध रही आएको पाइन्छ । यद्यपि पन्चोपचार र षोड्शोपचार पूजा विधिमा बाजा बजाउने विधान पाइँदैन तापनि विभिन्न मङ्गल धूनहरू बजाई पूजा-आजा एवम् आरती गर्ने चलन प्राचीन समयदेखि नै हिन्दू धर्मावलम्बीहरूमा व्यापक रूपमा पाइन्छ ।[९४]

गोकर्णेश्वर मन्दिरमा बाजा बजाउने व्यवस्थाको सम्बन्धमा प्राचीन कालमा के-कस्तो अवस्था थियो सो बताउने सामग्रीहरूको अभाव छ । तर लिच्छविकालमा वादित्र गोष्ठी[९५] को चर्चा पाइने हुँदा सङ्गठनात्मक रूपबाट बाजा-गाजा बजाउने परिपाटीको विकास गर्न खोजिएको पाइन्छ । सम्भवतः मदिरका देवदास, देवदासीहरूको कतिपय कामहरूमध्ये बाजा बजाउने नाच्ने आदि पनि थियो ।[९६] सम्भवतः यो प्रचलनको प्रभाव गोकर्णेश्वर मन्दिरमा पनि परेको हुनुपर्छ । लिच्छविकालमा यो मन्दिरमा बाजा बजाउने व्यवस्था भएको अभिलेखीय प्रमाणको अभाव रहेता पनि मल्लकालमा आएर पूजा आरती गुठीको व्यवस्था सँगसँगै बाजा बजाउने व्यवस्था गरिएको कुरा प्राप्त खड्ग निशानीबाट प्रष्ट हुन्छ ।[९७]

यहाँ बाजा बजाउने कुस्लेहरूको उल्लेख गर्ने एउटा खड्गनिशानी प्राप्त भएको छ । प्राप्त सो नेपाली कागजको दायाँतर्फ देवीले हातमा खड्ग लिई उभिएको चित्र र त्यसमा बाजाबजाउने कुस्लेले परम्पराको हिसाबले सन्तान-दरसन्तानले खान्गी खान पाउने कुराको उल्लेख गरिएको छ । पहिले यहाँ नगरा, कर्नाल, सहनाई आदि बाजाहरू दमाइले बजाउने गर्दथे भने झ्याली, सहनाई (अर्को), ट्याम्को, ढोलक, कुस्लेले बजाउने व्यवस्था थियो । नगरा, कर्नाल आदि बाजा बजाउनेमा चक्रबहादुर र कृष्णबहादुर आदि रहेका थिए । हाल तिनीहरूको मृत्यु भैसकेकाले नगरा गोपाल दमाई र कर्नाल आइते दमाइका छोराले बजाउने गर्छन् । त्यस्तै ढोलक बजाउनेमा काजीलाल कुस्ले, हिरामान कुस्ले आदि थिए । हाल भने उनीहरूका छोराहरूले जागीर तिर संलग्न भएर पनि आफ्ना बाबुबाजेको बिडो जेनतेन थाम्दै आएको पाइन्छ । (चित्र नं. ११)

धेरै वर्ष अघि कुशे औंसी, कृष्णजन्माष्टमी, शिवरात्री आदि पर्वहरूमा रात्री र दिवामा बाजा बजाउनका लागि दमाई चार जना र कुस्ले ६ जना गरी जम्मा दश जनाको व्यवस्था गरिएको थियो । तर हाल आएर सो व्यवस्था छदैँछैन् भने पनि हुन्छ । गोकर्णेश्वर मन्दिरमा केही

---

[९४] टण्डन, पूर्ववत (पा.टि.न. ४७), पृ. ३२२-२३

[९५] धनवज्र वज्राचार्य, **लिच्छविकालका अभिलेख**, (काठमाडौँ : नेपाल र एसियाली अध्ययन संस्थान, त्रि.वि, २०३०), पृ. १८६

[९६] उही, पृ. ४८६

[९७] अन्तर्वार्ता सुरेशचन्द्र भट्टसँग

वर्ष अगाडि सम्म धुमधामसँग बाजा बजाउने चलन थियो । बाजा बजाउनेहरूका लागि छुट गुठीको तिरो प्रथाद्वारा धान/नगद खान्गी स्वरूप दिने प्रचलन थियो । हाल गुठी जग्गा रैकर हुन गई गुठी व्यवस्था नै धराशायी हुनुको साथै अपरिपक्क राजनैतिक निर्णयले गर्दा पनि कहिले काहीँ मात्र जिनतिन नगरा र पञ्चेबाजा बजाउने गरिएको छ । यसका लागि कुस्ले र दमाईलाई वर्षको रुपैयाँ ४२९ रकमको बन्दोबस्त गुठी अन्तर्गत गरिएको छ । यसरी छुट गुठीबाट बाली उठाएर खानुपर्ने साथै गुठीद्वारा उपलब्ध गराइने रकम पनि समयानुकूल अति न्यून भएकाले हाल चौकी नाइके एक, पाले चार, कुस्ले छ र दमाई चार भने हराइसकेका छन् भने पनि हुन्छ ।[९८] गोकर्णेश्वर नित्य स्नानको अवसरमा नगरा बजाइन्थ्यो । यसका लागि जग्गा गुठी राखिएको भए तापनि गुठी जग्गा नै रैकर हुनाले साथै नित्य स्नानका लागि रूपैयाँ २६ मात्र प्राप्त हुने आदि विभिन्न कारणहरुले गर्दा हाल भने बाजा बजाउने विगतको परम्परा नै हटिसकेको बुझिन्छ ।

हाल आएर कृष्णाष्टमी, कुशे औँसी, वसन्तपञ्चमी र शिवरात्री आदि मुख्य पर्वहरूमा मात्र गोकर्णेश्वर मन्दिर बाहिर प्राङ्गणमा बसेर पूजा आरतीका समयमा बिहान चारपटक र बेलुकी साँझपख तीनपटक गरी जम्मा सात पटक बाजा बजाउने चलन छ । गोकर्णेश्वर मन्दिर प्राङ्गणमा दैनिक रूपमा बिहान सँधै भजन-कीर्तन गरिदै आएको छ । यसका लागि गुठीको व्यवस्था छैन । गोकर्णेश्वर मन्दिर क्षेत्रमा धार्मिक वातावरणको आवश्यकता खट्किएको देखिन्छ ।

## ३.६ गोकर्णेश्वर मन्दिरको कला र वास्तुकला

भवन निर्माण सम्बन्धी कलालाई वास्तुकला भनिन्छ । घर, मन्दिर, दरबार, विहार, चैत्य, गुम्बा आदिको निर्माण वास्तुको आधारमा गरिन्छ । नेपालमा प्राचीन कालदेखि नै विभिन्न शैली जस्तै प्यागोडा, शिखर, दरबार, विहार, स्तूप आदि वास्तुकलाको शैलीबाट मन्दिरहरू निर्माण गरिएको पाइन्छ । नेपालमा लिच्छविकाल, मल्लकाल, शाहकालसम्म पनि यी शैलीका मन्दिर, दरबार, विहार आदि निर्माण गरिएको पाइन्छ । नेपालमा विभिन्न शैलीका मन्दिरहरू रहेका छन् जसमा प्यागोडा शैली पनि एक हो । त्यस्तै प्यागोडा (नेपाली शैली) शैलीमा निर्मित विभिन्न मन्दिरहरू मध्ये गोकर्णको गोकर्णेश्वर महादेव मन्दिर पनि एक हो जो धार्मिक, सांस्कृतिक, ऐतिहासिक र वास्तुशैलीको दष्टिकोणबाट निकै नै महत्वपूर्ण र आकर्षक छ ।

आर.एम. बर्नियरले नेपाली मन्दिर वास्तुकलाका विविध स्वरूपको चर्चा गरेका छन् । उनले नदी किनाराका मन्दिरहरूमा गोकर्ण, पशुपति, दक्षिणकाली, कङ्केश्वरी, इन्द्रायणी, शोभा भगवती आदि मन्दिरहरूको चर्चा गरेका छन् ।[९९] बर्नियरले 'प्लेटहरूको लिष्ट' दिने क्रममा प्लेट नं १ मा 'गोकर्णेश्वर महादेवको स्केल प्लान' को चित्र समेत छापेका छन् ।[१००] त्यस्तै 'काठमाडौँ

---

[९८] अन्तर्वार्ता सुरेसचन्द्र भट्टसँग

[९९] वर्नियर, पूर्ववत (पा.टि.न. २), पृ. १५९

[१००] उही, पृ. ४

झ्याली' नामक पुस्तकमा गोकर्णेश्वर महादेव मन्दिर, गजाधार नारायण मन्दिर, गजाधर नारायण पाटी, गोकर्णेश्वर पाटीको रङ्गीन सुन्दर फोटो छापिएको छ । त्यस्तै गरी सोही पुस्तकमा वाग्मतीमा महिलाहरू स्नान गर्दै गरेको र दक्षिणपट्टिको जङ्गलको समेत तस्वीर छापिएको छ ।[१०१]

वाग्मती क्षेत्रमा अवस्थित ठूला मन्दिरहरू मध्ये गोकर्णको गोकर्णेश्वर मन्दिर पनि एक हो । यो तीन तले नेपाली छाने शैलीको मन्दिर निकै ओजपूर्ण र कलात्मक देखिन्छ । काष्ठकलाले भरिपूर्ण यो मन्दिर कुनै पनि मल्लकालीन राम्रा मन्दिरहरू भन्दा कम छैन् । गोकर्णेश्वर मन्दिरका तीन वटा छानामध्ये सबैभन्दा माथिल्लो छाना सानो र क्रमिक रूपमा तल्लो छाना ठूलो हुँदै आएको छ भने यहाँका काष्ठ तोरण, टुँडाल पनि प्रशंसनिय छन् । तीन तले यो विशाल मन्दिरको माथिल्लो एक छाना तामाको पातायुक्त सुनको मोलम्बा गरिएको छ । उक्त छाना श्री ५ रणबहादुर शाहको पालामा राखिएको कुरा त्यही रहेको शाके सम्वत १७५१ को अभिलेखबाट प्रष्ट हुन्छ ।[१०३] गजुर पनि तामाको स्वर्ण मोलम्बायुक्त रहेको यो मन्दिरको तल्लो दुई वटा छाना चाहिँ झिँगटीले छाइएको छ । यस मन्दिरका सम्पूर्ण तीनै छानाको वरिपरि घण्टीहरू झुण्ड्याइएका छन् ।

तेस्रो तथा माथिल्लो छानाको चार सुरमा भने चार वटा पूर्ण कलश झुण्ड्याइएको छ । शुभको प्रतीक मानिने कलशलाई स्थानीय नेवार भाषामा 'अम्वासा' भन्ने गरिन्छ । मन्दिरको शीर्षमा गजुर रहेको र त्यसमाथि त्रिदण्डी रहेको छ । गजुरकै छेउमा त्रिशूल रहेको यस मन्दिरको तेस्रो छानाको चारै सुरमा एक-एक वटा शान्तिका प्रतीक परेवा समेत बनाइएको छ ।

मन्दिर प्राङ्गणबाट तीनवटा सिँढीहरू चढी प्रदक्षिणा पथ हुँदै यो मन्दिरको मुख्य प्रवेशद्वार भई गर्भगृहमा पुग्न सकिन्छ । मन्दिरको पूर्वी मुख्य प्रवेशद्वारमा धेरै पुरानो फलामे भोटे साँचो लगाउने गरिन्छ । यो मन्दिरको वरिपरि भक्तजनहरूलाई दीप प्रज्ज्वलन गर्नका लागि प्यालाहरू बनाइएका छन् । मुख्य प्रवेशद्वार प्रवेश गर्ने सिँढीको दायाँ बायाँ तलदेखि माथिसम्म क्रमशः साँघुरिदै आएका पाँच तह मिलाई राखेका प्यालाहरू छन् । गोकर्णेश्वर मन्दिरको पश्चिम ढोका अघि प्राङ्गणमा शिवको वाहन नन्दी रहेको छ । नन्दी शिवको वाहन भएकाले प्रत्येक शैव मन्दिरहरूमा रहेको हुन्छ । मन्दिरको दक्षिण तर्फ प्राङ्गण छेउमा एउटा विशाल घण्ट रहेको छ । सो घण्टमा श्री ५ रणबहादुर शाहकी कान्छी महारानी ललितत्रिपुरासुन्दरीले राखेको भनी उल्लेख भएको छ । तेह्रौं शताब्दीमा राजा जयस्थिति मल्लले पहिलो पटक जीर्णोद्वार गरी आजको स्वरूपमा ल्याइएको गोकर्णेश्वर महादेव मन्दिर ढुङ्गा, ईंटा र काठबाट बनेको छ । मन्दिर वरपर प्रशस्त मूर्तिहरू र अन्य कलाकृतिहरू छरिएर रहेका छन् । मन्दिर परिसरमा चारमुखे ब्रह्मा र चित्रगुप्तका मूर्तिहरू पनि छन् जसलाई अमूल्य मूर्तिका रूपमा लिइन्छ ।[१०४] साथै मन्दिरको

[१०१] युनेस्को, पूर्ववत (पा.टि.न. ४३), पृ. १११
[१०३] ताम्राकार, पूर्ववत (पा.टि.न. ३२), पृ. १३
[१०४] पाण्डेय र पाण्डेय, पूर्ववत (पा.टि.न. ३४), पृ. २५

ढोकामा मोडिएको तामामा सुनको जलप र मन्दिरको प्राङ्गण वरिपरिका जन्ती देवताहरू समेत बलभञ्जन पाण्डेले बनाएको उल्लेख हुनुका साथै निज र निजका श्रीमतीहरूको सालिक समेत यस मन्दिरको प्राङ्गणमा अवस्थित रहेको देखिन्छ ।[१०५]

गोकर्णेश्वर मन्दिरको हेरविचार मर्मत सम्भार र जीर्णोद्वार कार्य विभिन्न समयमा विभिन्न संस्थाहरूबाट हुँदै आएको छ । जसअनुसार २०१६ सालमा श्री ५ महेन्द्रको राज्यकालमा गुठी संस्थानबाट यस मन्दिरको मर्मत र सम्भार गरिएको थियो । तर पछि पुरातात्विक सिद्धान्त अनुसार रासायनिक प्रक्रियाद्वारा संरक्षण नभएकाले चाँडै बिग्री छानाबाट पानी चुहिँएकाले दलिनहरू बिग्रिएर खस्नुका साथै चारै तिर झारपात पलाई मन्दिरको सौन्दर्यमा गिरावट आएकाले जीर्णोद्धार कार्य शुरु गरियो । गोकर्णेश्वर मन्दिरको जीर्णोद्धार क्रममा पहिले सबै टुँडालहरू झिकेर सुरक्षित राखी मन्दिरको तीन वटै छाना भत्काइयो । मन्दिरको गजुरको पुरै भाग निकाली नयाँ काठको फ्रेम बनाइ राखियो भने माथिल्लो छानाको पित्तल पाता पनि सबै नम्बर राखी निकाली आवश्यक मर्मत, सम्हार गरेर मात्र पुनः यथास्थानमा काठमाडौँका ताम्राकार कालीगढबाट राखियो । मन्दिरको तीनै छानाको दलिन, मुठल, मुसी, चलु पनि तयार गरी रसायन उपचार गरेर मात्र मन्दिरमा प्रयोग गरियो ।

यस मन्दिरको तल्लो छानामा प्रयोग भएको माटो तथा झिँगटीमा समेत रसायन प्रयोग गरी झारपात आउनबाट रोकियो । मन्दिरमा झारपात आउने समस्याको रोकथाम एउटा अर्न्तराष्ट्रिय समस्याको रुपमा रहि आएको छ । जब सम्म मन्दिरमा परेवा बस्छन् तब सम्म घाँस आउनबाट रोक्न धेरै गाह्रो हुने हुन्छ । पश्चिमी देशहरूमा परेवा धपाउन विभिन्न आवाज दिने यन्त्रको जडान गरे तापनि पूर्ण रुपमा सफल हुन सकेका छैनन् । जीर्णोद्धारकै क्रममा मन्दिरको तल्लो तलाको चारैतिर रहेको कलात्मक ढोका, कार्नेश र अन्य देवदेवीका मूर्तिहरूमा पहिले तोरीको तेल प्रयोग गरी बलियो बनाए तापनि पछि ठेकेदारहरूबाट अशुद्ध तेल प्रयोग गरिनाले बुट्टाभित्र धुलो रहन गई सो तेल र धुलो सुकेपछि कडा लेपमा परिणत भएकाले सो कालो लेप अति मेहनाथसाथ दुई तीन पटक सम्म अमोनिया लिक्विड प्रयोग गरी हटाइएको थियो । करिब १५-१८ महिना लगाएर जीर्णोद्धार कार्य सम्पन्न गरिएको उक्त गोकर्णेश्वर मन्दिरको जीर्णोद्धारको क्रममा (आर्थिक वर्ष २०३७/३८ देखि) विष्णुपादुका, गजाधर नारायण पाटी, मक्तिमण्डपका साथै गोकर्णेश्वर पाटीको मर्मत कार्य समेत सम्पन्न गरिएको थियो ।

**टुँडाल**

तले शैलीको मन्दिरमा छाना अड्याउन पर्खालदेखि बाहिरबाट ठड्याइएका काठलाई टुँडाल भनिन्छ । घर, दरबार, मन्दिर एवम् विहारको पर्खालबाट छड्के पारी टुँडालहरू

---

[१०५] खरेल, पूर्ववत (पा.टि.नं. ३७), पृ. ६

ठड्याइएका हुन्छन् जसले पर्खाल भन्दा बाहिर निस्किएको छानोको भागलाई अड्याउन मद्दत गर्दछ । गोकर्णेश्वर महादेव मन्दिरमा प्रयुक्त टुँडाल, झ्याल, तोरण, ढोका, पखेटा, ब्राकेट, काष्ठमूर्तिहरू सबै पूर्वमध्यकालिन नै हुन् ।केही टुँडालहरू पानी चुहिन गई काठ कुहिएर जीर्णोद्वारको क्रममा फेरिएका पनि छन् । पाटन रूद्रबर्ण विहारमा रहेको प्राचीन सालभञ्जिका मुद्राको टुँडालसँग मिल्दाजुल्दा साधा र कलात्मक टुँडालले नै प्राचीनताको प्रमाण दिएको छ ।[१०६]

मन्दिरका टुँडालहरूले नीतिकथा, चिन्ह्हरू सामाजिक क्रियाकलापको प्रस्तुति सँगसँगै सौन्दर्यानुभूति पनि गराइरहेको हुन्छ । नेपालको वास्तुकला सम्बन्धी अध्ययन गर्ने विद्वान रोनाल्ड एम.वर्नियरले टुँडाल बारेमा आफ्नो विचार व्यक्त गरेका छन् ।[१०७] मन्दिरको तीनवटै छानालाई काठका टुँडालले अड्याइएको छ । विभिन्न देवीदेवताका सुन्दर आकृति कुँदिएको काष्ठ टुँडालले मन्दिरको सुन्दरता बढाएको छ । चार कुनाकै टुँडालले छानाको भार थाम्नुपर्ने भएकोले अन्य टुँडालहरू भन्दा ठूलो एवम् चरा र जनावरको मिश्रित स्वरूप शार्दुल दर्शाइएको छ । भेँडाको जस्तो सिङ, घोडाको जस्तो शरीर, चराको जस्तो प्वाँख, सिंहको जस्तो पञ्जा सबैको मिश्रित रूप शार्दुलको आकृतिको टुँडालले मन्दिरको छानाको चारै वटा कुनामा छानाको भार बहन गर्नुपर्ने भएकोले सुन्दर कलाकृतिहरू कुँद्न पनि कलाकारले विचार पुऱ्याएको देखिन्छ । अन्य टुँडालहरूमा भने फुलपात, एउटा जनावर, देवदेवी, मानवको आकृति कुँदिएको हुन्छ ।

यसरी यस मन्दिरका टुँडालहरू पनि चार सुरमा राखिएका र अन्य बाँकी वरिपरिका टुँडालहरू गरी जम्मा दुई प्रकारका टुँडालहरू प्रयोग भएका छन् । अन्य प्राचीन मन्दिरको हरेक तलाको चार सुरमा शरीर सिंहको र टाउको र पखेटा चाहिँ गरुडको जस्तो अनौठो रूपको जनावरको तल्ला दुई खुट्टाले तल टेकेर माथिल्लो जोडी खुट्टाले हरेक मन्दिरको सुरबाट छानालाई थेगेका एकै आकृतिका जनावरका आकृति निर्माण गरिएझैं यो गोकर्णेश्वर मन्दिरमा पनि यस्ता आकृति देखिन्छन् । मन्दिरका झ्याल, मेषव्याल, शार्दुल भनिने यी आकृतिका पखेटा अर्कै काठको बनाएर जोडिएको भए पनि दुई सुरका पखेटा चाहिँ झरिसकेका छन् । स्थानीय भाषामा 'कुशल' भनिने यो शार्दुल जमिनमा हिड्नुका साथै आकाश मार्गमा समेत उड्न सक्ने हुँदा मन्दिरको सुरक्षार्थ कुनामा राखिएको हो । यसरी यो गोकर्णेश्वर मन्दिरको तीनै तलाको सुरमा तलदेखि माथिसम्म पसारिएका टुँडालमा प्रयुक्त शार्दुल आकृति कलात्मक काष्ठकलाको उत्तम नमुनाका रूपमा रहेको छ ।

---

[१०६] बटुराम भण्डारी, "काष्ठकलाको नमुना गोकर्णेश्वर महादेव मन्दिरमा", **राजधानी**, बर्ष ६, अङ्क ३८, बि.सं. २०६३ पृ. २

[१०७] रोनाल्ड एम्. बर्निएर, **दि टेम्पल्स अफ् नेपाल**, दोस्रो संस्करण (दिल्ली : एस.चाँद एन्ड कम्पनी लिमिटेड, १९७८) पृ. ३२-३४

नेपालमा बनाइएका टुँडालहरूलाई तीन खण्डमा विभाजन गरेर अध्ययन गर्न सकिन्छ । सबैभन्दा माथि सुन्दरताका लागि फूलपात आदि, बीचमा देवीदेवताका विभिन्न आकृति र सबभन्दा तल्लो भागमा भक्तभक्तिनी, पुराणको कुनै कथा र क्रियाका विभिन्न दृष्यहरू झल्काउने प्रचलन छ ।[१०८] यो गोकर्णेश्वर महादेव मन्दिरको टुँडालमा सुन्दर रूपमा शैवधर्मसँग सम्बन्धित दृष्यहरू अंकित गरिएको छ । यहाँ प्रयोग गरिएका सम्पूर्ण टुँडाल शिव परिवारका र अन्य कलाकृतिमा अष्टमातृका, अष्टभैरव आदिको अति सुन्दर काष्ठकलाले भरी पूर्ण छन् ।[१०९]

गोकर्णेश्वर मन्दिरको पहिलो तलामा पूर्व, पश्चिम, उत्तर र दक्षिण चारै दिशामा ६/६ वटा टुँडाल र चार कुनामा चार वटा मोटा टुँडाल गरी जम्मा २८ वटा टुँडालले मन्दिरको छाना अड्याइएको छ । यी सबै टुँडालहरूको माथिल्लो भागमा विभिन्न देवीदेवता र वाहनका मूर्तिहरू कुँदिएका छन् । पछिल्लो मध्यकाल (१७ शताब्दी पछि) मा निर्मित प्राय सबै टुँडालहरूमा कामुकता झल्काइएको पाइए तापनि यस मन्दिरमा प्रयुक्त एउटा टुँडालमा पनि यस्तो अश्लील र कामुक आकृतिहरू नकुँदिएबाट पनि यहाँका टुँडाल वास्तवमै प्राचीन हुन् भन्न सकिन्छ । यस मन्दिरको तल्लो तलाको पूर्वपट्टि प्रयुक्त सिंहवाहिनी भगवती, कुमार, नन्दी, नटराज, भृङ्गी र गणेशको मूर्ति अङ्कित छ वटा टुँडालमध्ये पाँच वटा टुँडाल ज्यादै प्राचीन हुन् । यस मन्दिरको दक्षिणतर्फ प्रयुक्त टुँडालहरूमा पञ्चपाण्डव र द्रौपदीका सजीव मूर्तिहरू कुँदिएका छन् । नेपाली कलाको मौलिक पहिचान दिने नमुनाका रूपमा बोलुँला झैँ गरेर कुँदिएका पाँचपाण्डवका काष्ठ मूर्तिहरू अति कलात्मक र उत्कृष्ट छन् । तीन धाम, चार धाम तथा सम्पूर्ण भारत भ्रमणमा जाँदा पनि यस्ता मूर्ति कही देखिएनन् । सौम्य लचकदार भावले भरिपूर्ण र कामुकताबाट धेरै टाढा रहनु प्राकृतिक नेपाली कला हो । मन्दिरको पश्चिमतर्फका टुँडालहरूमा पनि यस्तै महत्वपूर्ण मूर्तिहरू रहेका छन् भने उत्तरतर्फका टुँडालहरूमा विष्णु, नन्दी, भृङ्गी, कुमार, गणेश, चतुषष्ठी योगिनी आदिको ज्यादै उत्कृष्ट-कलात्मक मूर्तिहरू सहित यो मन्दिरको तल्लो तलामा जम्मा २८ वटा टुँडालहरू रहेका छन् ।

यसैगरी मन्दिरको माथिल्लो तथा दोस्रो बीच तलामा चारै दिशामा चार-चारवटा मजबुत टुँडाल सहित जम्मा २० वटा टुँडालहरूले तलाको भार बहन गरेको छ । यस मन्दिरको दोस्रो तलामा प्रयुक्त भएका चारै दिशाका टुँडालहरूमा भगवान् शिव, देवी आदिका वाहन माथि स्थानक अवस्थामा रहेका अति कलात्मक र आकर्षक मूर्तिहरू कुँदिएका छन् । त्यसमा पनि मन्दिरको दक्षिण पट्टि भने अन्य टुँडालमा नपाइने मुसो वाहन माथि चढेको गणेश मूर्ति कलात्मक रूपमा उत्कीर्ण गरिएको छ भने शिव नृत्य मुद्रामा प्रस्तुत छन् । यसरी मन्दिरको बीच तथा दोस्रो तलाको चारै दिशामा प्रयुक्त टुँडालहरूमा विभिन्न देवीदेवताहरूका मूर्ति अंकित गरिएका छन् भने

---

[१०८] पौड्याल, पूर्ववत (पा.टि.न.८२), पृ. १११-१२

[१०९] ताम्राकार, पूर्ववत (पा.टि.न.३२), पृ. १४

टुँडालका अन्य शीर्ष र सबैभन्दा तल्लो भागमा अन्य टुँडालहरूमा जस्तै सौन्दर्यका लागि फूलबुट्टा उत्कीर्ण गरिएका छन् ।

गोकर्णेश्वर मन्दिरको शीर्ष तलामा पनि १२ वटा टुँडालहरू अन्य तलामा जस्तै सिलसिलेबार मिलाएर राखिएको छ । सबैभन्दा तल्लो छाना ठूलो र क्रमिक रूपमा अन्य माथिल्ला छानाहरू साना हुँदै गएकाले कम भार बहन गर्नुपर्ने हुँदा टुँडालको सङ्ख्या पनि घट्दै गएको र साह्रै मिलेको पनि देखिन्छ । मन्दिरको तेस्रो तथा अन्तिम तलामा भने टुँडालका देवीदेवताहरूको आकार सानो भएकोले त्यति प्रष्ट देखिदैन । यस मन्दिरमा प्रयुक्त जम्मा ६० वटै टुँडालको उच्च स्तरीय काष्ठकला भने ज्यादै प्रशंसनिय र उल्लेख्य छ । यसरी शिव परिवारको मूर्ति कुँदिएका यस मन्दिरका टुँडाल त्यतिकै सुन्दर र कलात्मक पनि छन् ।

**तोरण**

नेपाली शैलीका मन्दिर लगायत विहार, पुराना दरबार, झ्याल आदि माथि राखिने अर्धचन्द्रकार या अर्धगोलाकार काठ या धातुको कलात्मक वस्तुलाई नै तोरण भनिन्छ । माटो, ढुङ्गा, काठ र धातु, सीमेन्टका तोरणहरू नै काठमाडौँ उपत्यकामा निर्माण भएका छन् । कतैकतै काठको तोरणलाई धातुका पाताले मोडेर राख्ने गरेको पनि पाइन्छ । तोरणको कलात्मक पक्ष सँगसँगै धार्मिक महत्व पनि छ । ढोका माथिको तोरणलाई पवित्र मानेर पुज्दछन् ।[११०] हाम्रा घर मन्दिरहरूमा देखिने कलात्मक तोरणद्वारहरू पनि पूर्णतया प्रतीकात्मक भावनाहरूमा निर्माण भएका छन् ।[१११] नेपाली वास्तुकलाका अध्ययनकर्ता रोनाल्ड.एम.बर्नियरले नेपालका मन्दिर विहारहरूमा प्रयुक्त तोरणको सौन्दर्यताको मुक्त कण्ठले प्रशंसा गरेका छन् । उनले नेपालमा वास्तुकला र सजावटको वस्तुका रूपमा तोरणको विकास प्रशस्त भएको तथ्य वर्णन गरेका छन् । वर्नियरले पाटन मच्छेन्द्रनाथ मन्दिरको तोरणलाई कलाकृतिले मनमोहक रूपमा सिङ्गारिएको भनेर बयान गरेका छन् ।[११२]

तोरणको बीच भागमा सम्बन्धित मन्दिरको गर्भगृहमा स्थापित देवदेवी या परिवारसँग सम्बन्धित मूर्ति नै कुँदिएको हुन्छ । शिवको मन्दिरमा तोरणको केन्द्रमा शिवलिङ्ग वा शिव परिवारको सदस्य गणेश पनि राख्न सकिन्छ । तोरणको माथिल्लो शीर्ष भागमा भने छत्र राख्ने परम्परा छ र प्राय तोरणमा गरुड वा छेपुले नाग नागिनी समातेर मुखमा हालेको देखाइन्छ । गोकर्णेश्वर मन्दिरमा चाहिँ बाहिरी मूल एउटा ढोकामाथि र मन्दिरको मूलढोका भित्रको अर्को खण्डको चारैतिरका चार ढोकामाथि एक-एक वटा गरी जम्मा पाँच वटा तोरणहरू रहेका छन् । मन्दिर बाहिरका चार ढोकाहरू मध्ये पूर्वी मुख्य ढोका बाहेक अन्य ढोकामाथि भने तोरण राखिएको

---

[११०] पौड्याल, पूर्ववत (पा.टि.न.८२) पृ. ११५
[१११] मनबज्र बज्राचार्य, **नेपालको मध्यकालीन कला**, (काठमाडौं : सूचना विभाग, सूचना तथा सञ्चार मन्त्रालय) पृ. २३२
[११२] वर्नियर, पूर्ववत (पा.टि.न.१०७) पृ. ४१-४२

छैन । मन्दिरको पूर्वपट्टिको बाहिरी मुलद्वारमाथि रहेको तोरण अन्य मन्दिरमा रहने तोरण भन्दा अलिकति भिन्न प्रकृतिको छ । काठद्वारा निर्मित यो तोरणलाई पितलको पाताले मोडेर स्वर्ण जलप लगाइएको छ । तोरणको केन्द्रमा चर्तुबाहु शिव र द्बिभुजी पार्वती पद्म माथि सुखासनमा आलिङ्गन मुद्रामा रहेका छन् । शिवलाई परिवारसँगै दर्शाउने यस्तो मूर्तिलाई उमामहेश्वर भनिन्छ । यस क्रममा शिवलाई दायाँ पाउले नन्दी माथि टेकेको र बायाँ पाउ भने खुम्च्याएर बसेको अवस्थामा देखाइएको छ । शिवको बायाँ काखमा लेपासिएर बसेकी पार्वतीले बाँया पाउ सिंहमाथि राखेको देखाइएको छ । जहाँ उक्त देवीदेवताहरूका वाहन नन्दी र सिंह एक आपसमा पीठ फर्काएर दुई विपरित दिशामा फर्किएर बसेका छन् । शिव पार्वतीको दायाँ बायाँ चर्तुबाहु गणेश र कुमार आ-आफ्ना अवस्थामा रहेका  छन् । यी तीनै मूर्तिहरू एकै घेराभित्र आबद्ध छन् । तोरणको दायाँ बायाँ छेउमा मकरामुखाकृति छन् । यस माथि दुवैतिर दायाँ बायाँ जोडी हातले घडा समातेको पखेटा युक्त गरुड आकृति, नाग नागिनी र सात फणायुक्त वासुकी नाग, सूर्य, चन्द्र, अंकित   छन् । यस भन्दा बाहिरपट्टि ज्वालावलीयुक्त प्रभामण्डल घेरो र त्यसमाथि फेरि कलश, छत्रावली एवम् गजुर पनि रहेको छ । तोरणमा गजुर हुनु अत्यन्तै दुर्लभ कुरा हो भने तोरण आफैमा पनि मौलिक नेपाली काष्ठकलाको उत्तम नमुना र पवित्रताको प्रतीक पनि हो ।

गोकर्णेश्वर मन्दिरको बाहिर पूर्व मूल ढोका माथिको साथै मन्दिरको मूल ढोका भित्रको अर्को खण्डको चारैतिरका चार ढोकामाथि पनि एक-एक वटा गरी जम्मा चार वटा तोरण रहेका छन् । यी सम्पूर्ण तोरण मन्दिर प्रवेशद्वारको बाहिरी ढोकामाथि रहेको तोरण जस्तै स्वर्ण नै छन् भने ती तोरणहरूको केन्द्रमा पनि शिव र पार्वती उमामहेश्वरकै अवस्थामा रहेका छन् । यी चार वटै तोरणहरू बाहिरको स्वर्ण तोरणसँग हु-बहु मेल खाने प्रकारका छन् । जसमा मन्दिरको पूर्वतर्फको मूलढोकामा मात्र काष्ठखम्बालाई तामाको पाताले मोडी बाहिरबाट स्वर्ण लेपन (सुन मोलम्बा ढलोटको) गरिएको छ । यो ढोका दुई वटा परिवार मिलेर बनाइएको देखिन्छ ।

**ढोका**

प्योगाडा शैलीको मन्दिरमा देवताको प्रकृति अनुरूप ढोका राखी गर्भगृहको बीच भागमा देवमूर्ति  (लिङ्ग) स्थापना गरिएको हुन्छ । मन्दिरको चारै दिशामा राखिएका ढोका पनि पर्व विशेषमा मात्रै खुला गरिन्छ । विशेष पूजा र समयमा गोकर्णेश्वरको सम्पूर्ण चारै वटा ढोका खोलिन्छ । दैनिक पूजा र दर्शनको प्रयोजनार्थ भने अधिकांश समय पूर्व वाग्मती तर्फको ढोका मात्र खोलिन्छ । मन्दिरको बाहिरी गाह्रोको भित्र र बाहिर दुवैतर्फ प्रदक्षिणा पथ छ । शिवलिङ्ग स्थापना गरिएका सम्पूर्ण मन्दिरहरूमा चारै दिशामा ढोका निर्मित हुन्छन् । यस अनुरूप गोकर्णेश्वर मन्दिरमा पनि चारैतर्फ तीन-तीन वटा गरी जम्मा १२ वटा ढोका निर्माण गरिएका छन् । गाह्रो भरिको चौकोशमा बनाइएका तीन वटै ढोकामध्ये बीचको ढोका केही ठूलो  छ । त्यही

ढोका माथि तोरण राखिएको छ । नेपालका अधिकांश मन्दिरमा ढोकाको दायाँ बायाँ सूर्य, चन्द्र, अष्टमङ्गल चिन्ह बनाइन्छ । यस गोकर्णेश्वर मन्दिरमा पनि ढोका सँगैको काठको कार्निसमा विभिन्न कलाकृति कुँदिएका छन् । गोकर्णेश्वर मन्दिरको चारै दिशाका बाहिरी ढोकाहरूको दायाँ बायाँ दुवैतर्फ तल भित्तामा काष्ठभैरवका भिन्न-भिन्न स्वरूप र आयुध लिएका मूर्तिहरू कुँदिएका छन् । शिव पुराणमा शिवको पूर्ण रूपको झलक नै भैरव स्वरूप हो भनी वर्णन गरिएको छ । चारै दिशाका ढोकाको दुवैतिर अलिपर छेउमा कृतिम काष्ठ झ्यालको स्वरूप बनाइ त्यसभित्र गंगा र जमुनाका काष्ठ मूर्तिहरू राखिएका छन् । अष्ट काष्ठ भैरव मूर्ति पखेटामा रावणले बोकी हिँडेका कथामा आधारित भै कुँदिएका छन् र अर्कोतिर गजेन्द्रमोक्ष, वासुकी लगायतका मूर्ति कुँदिएका छन् । गजेन्द्र मोक्षमाथि इन्द्राकृति, त्यससँगै शव माथि रहेको भैरव, वीरभद्र र ग्रह आदि काष्ठ मूर्तिहरू छन् । मृतक मान्छेको शवलाई श्मशानमा जलाउँदै गरेको दृश्य उत्कीर्ण भएबाट शिव संहारकर्ता र श्मशानप्रिय भएको संकेतको अनुमान गर्न  सकिन्छ । पूर्वतर्फ ढोकामा गङ्गा, पूर्णकलश, जमुना, भैरव, मकराकृति आदि मूर्तिहरू र उत्तरी भागमा पासाङ्क समाएको मूर्तिका अतिरिक्त अन्य शिवपरिवारका मूर्तिहरू उत्कीर्ण गरिएको यस मन्दिरमा कुँदिएका यस्ता काष्ठमूर्तिका नमुनाहरू सम्भवतः अरू कुनै पनि मन्दिरमा देख्न  सकिँदैन । (चित्र नं. १२ र १३ )

यो मन्दिरको मूल पूर्वी ढोका भित्र अर्को खण्ड रहेको छ त्यहाँ पनि बाहिर जस्तै मन्दिरको भित्र वरिपरि घुम्न प्रदक्षिणा पथ र त्यसभित्र पुनः चारैतिर चार वटा ठूल्ठूला स्वर्ण द्वारहरू र सुनको मोलम्बा गरिएका ढलोटका कार्नेस रहेका छन् । भित्री खण्डमा चारैतिर सुनको मोलम्बायुक्त ढोकाहरू विभिन्न दाताहरूबाट चढाइएको कुरा त्यहाँ रहेको अभिलेखबाट प्रष्ट हुन्छ । मन्दिरको सबैभन्दा भित्री खण्ड गर्भगृहको बीचमा जलहरी सहितको अण्डाकार कालो ढुङ्गाको गोकर्णेश्वर शिवलिङ्ग इशान कोणमा स्थापना गरिएको छ जसलाई शिवरुपी मृग सिङको एक टुक्राको रूपमा ब्रह्माले प्रतिस्थापन गरिएको विश्वास गरिन्छ र त्यसलाई पूजा आजा गरिन्छ । नेपाल महात्म्यमा यो लिङ्गलाई महालिङ्ग भनिएको छ । भाषा वंशावलीमा चतुषष्ठि लिङ्गकार तीर्थहरूको नामोल्लेख गर्ने क्रममा ५३औं स्थानमा 'वाग्मती चन्द्रभागा सङ्गम पितामहतीर्थ श्रीगोकर्णेश्वर गोकर्ण' को उल्लेख गरिएको छ ।[११३] चौषठी शिवलिङ्ग यात्राको सन्दर्भमा पशुपतिमा भएको पशुपतिनाथको दक्षिण बाहिर द्वारतोरणमा भीमसेनको रजताभिलेख मुनि नासादरूका राजत लेखहरू-६४ शिवलिङ्गपाद पीठहरूमा ५४औं स्थानमा 'श्री गोकर्णेश्वर' शिवलिङ्गको पनि चर्चा गरिएको छ ।[११४] त्यस्तै स्कन्दपुराण हिमवत्खण्डमा वर्णित ६४ लिङ्गको प्रार्दुभाव भएका पर्वतहरूको नामोल्लेख गर्ने क्रममा ४८ औं नम्बरमा भुजवतपर्वत स्थान गोकर्ण

[११३] पौडेल, पूर्ववत (पा.टि.न.८), पृ. ६-७

[११४] मदनमोहन मिश्र, **नेपाली संस्कृतिमा शिव महिमा,** (ललितपुर : मित्र करुणा प्रकाशन, २०४३), पृ. परिशिष्ट क-ख

पितामहतीर्थको उल्लेख छ ।[११५] चौसट्ठी लिङ्गको भजनमा 'गोकर्णेश्वर लिङ्ग' को यसरी उल्लेख गरिएको छ :"सर्वेश्वर महादेव गोलकेश रुद्रतीर्थ चन्दन भरातेश्वर यक्षेश्वर चण्डिकेश धर्मेश्वर धर्मतीर्थ गोकर्णेश्वर लिङ्ग थीर ॥ श ॥ ७[११६] नेपालको हिन्दू संस्कृति अनुसार ६४ शिवलिङ्गयात्रा कम महत्वको छैन । भारतको चारधाम यात्रा भन्दा पनि कम गरिमामय छैन ।[११७]

गोकर्णेश्वर मन्दिरको पूर्वपट्टी बीचको ढोकामा पूर्ण जलहरी सहितको स-साना शिवलिङ्ग बनाइएको छ, जसलाई तामाको पाताले मोडेर स्वर्ण जलप लगाइएको छ । यस मन्दिरमा रहेको तामाको जलहरी धेरै जीर्ण भई स्नान आदि समेत गर्न बाधा परेकोले स्थानीय जनताले श्री ५ को सरकारमा उक्त जलहरी मर्मत गर्न अनुरोध गरेकाले श्री ५ को सरकारबाट चाँदीको नयाँ जलहरी राख्न वार्षिक बजेटको निकाशा भए बमोजिम पन्ध्र सय तोला चाँदीको उक्त जलहरी यहीका कालीगढहरूबाट बनाइएको हो । जलहरी तयार भएपछि कालीगढहरूलाई समेत मन्दिर भित्र प्रवेश नदिइएकोले उनीहरूको निर्देशनमा पुजारीबाट नै बडो मुस्किलले जडान गर्ने काम सम्पन्न भएको थियो । जलहरी राखिएकोले सो मन्दिरको सुन्दरता र भव्यता अझ बढेको छ ।[११८] यस मन्दिरमा अनार्य (गैर हिन्दू) हरूलाई प्रवेश निषेध गरिएको छ । पाञ्चायन देवता पूजागर्ने विधानमा गणेश, सूर्य, दुर्गा, विष्णु र शिवमध्ये एकलाई केन्द्रमा स्थापना गरेर चारैतर्फ अन्य चार देवीदेवतालाई प्रतिस्थापन गरिन्छ । गोकर्णेश्वर शिवलिङ्ग स्थापना गरिएको गर्भगृह भन्दा बाहिर गणेश, विष्णु, सूर्य र देवीका मूर्तिहरू छन् किनकी यो मन्दिर शिवपाञ्चायन विधान अनुरुप बनेको मन्दिर हो ।

**झ्याल**

गोकर्णेश्वर मन्दिरको तीन वटै तलामा गाऱ्होको बीचमा मिलाएर झ्यालहरू राखिएका छन् । यसको प्रमुख कार्य प्रकाश र सूर्यभित्र प्रवेश गर्न दिनु हो । आवश्यकता अनुसार झ्यालको खापा खोल्न र बन्द गर्न मिल्ने प्रकारको हुनुपर्दछ । मन्दिरमा भने सौन्दर्यताका लागि खोल्न मिल्ने र नमिल्ने दुवै प्रकारका झ्यालहरूको व्यवस्था गरिएको हुन्छ । यस मन्दिरमा पनि प्रत्येक तलामा गाह्रोको बीच भागमा झ्याल र दायाँ बायाँ दुई-दुई वटा टुँडाल समान दुरीमा मिलाएर राखिएको छ । लिच्छविकालदेखि शुरू भई मध्यकालमा विस्तृत रूपमा फस्टाउँदै आएको झ्याल कला पनि नेपाली वास्तुकलाको एक अङ्ग हो । जुन आर्कषक फुलबुट्टा, लहरा, जनावर, देवीदेवताका मूर्ति, पखेटाका साथै विभिन्न गोला चार पाटे र संयुक्त रूपमा निर्माण गरिएको हुन्छ । गोकर्णेश्वर महादेव मन्दिरको प्रत्येक तलाको चारै दिशामा झ्यालहरू रहेका छन् । यस मन्दिरको पहिलो र दोस्रो तलाको चारै दिशामा बीचमा एउटा केही ठूलो र दायाँ बायाँ एक एक वटा गरी जम्मा २८

---

[११५] उही, पृ. ७-१०

[११६] उही, पृ. ञ (परिशिष्ट)

[११७] उही, पृ. क

[११८] श्रेष्ठ, पूर्ववत (पा.टि.न.४६), पृ.३०

वटा झ्याल कलाका नमुना रहेका छन् । स्थानीय भाषामा 'ग-झ्याल' भनिने यी झ्यालका चौकोश बाहिर पखेटा निर्माण गरी त्यसमा पनि शिवसँग सम्बन्धित विभिन्न मूर्तिहरू कुँदिएका छन् । चौकोश भित्र कलात्मक काठद्वारा बिस्तारै बन्द गर्न लागे जस्तो पर्दाको बीचमा शान्तिको प्रतीक परेवालाई प्रवेश गर्न सजिलोको लागि प्वाल छाडिएको छ । हाल परेवा बस्दै आएका यी सम्पूर्ण झ्यालहरू सँधै बन्द नै रहन्छन् । अन्यत्र देख्न नपाइने यस्ता झ्यालहरू मन्दिर वास्तुकलामा मात्र हुने विशेष प्रकारका झ्यालहरू हुन् ।

**मन्दिरको भित्री खण्ड**

तीन तले प्यागोडा शैलीमा निर्मित गोकर्णेश्वर महादेव मन्दिरको बाहिर पट्टिको इँटाको गाह्रो एक तलामा पुगेर अन्त भएको छ भने भित्री गाह्रो दुई तला माथि पुगेर टुङ्गिएको छ । मन्दिरको गर्भगृहको चारै दिशाका चार काष्ठ स्तम्भ सीधा माथि तेस्रो तलासम्म पुगेर अन्त भएका छन् । जसमा काठ तेर्साइ त्यसमाथि पनि इँटाको गाह्रो लगाइएको छ र त्यस गाह्रो माथि नै तेस्रो छानो लगाइएको छ । माथिल्लो तेस्रो तल्लाको झैं मन्दिरको गाह्रो बलियो बनाउन पहिलो र दोस्रो तलाको गाह्रोलाई पनि (काठको चुकुलद्धारा) टाइवीम गरी मजबुत पारिएको छ ।

यस मन्दिरको ढोका, द्वार, तोरण, टुँडाल, झ्याल, ढोकाका दुवैपट्टि रहेका आठ-आठ वटा काष्ठ भैरव गंगा, जमुना, नागकन्या र शिवगणका मूर्तिहरू, नागबेली आकृति आदि नेपालका अन्य मन्दिरहरूको तुलनामा चाखलाग्दा उत्कृष्ट र मनमोहक छन् । त्यसैले नेपाली कला र वास्तुकलाको क्षेत्रमा यसको विशेष महत्व रहनुका साथै नेपाली काष्ठकलाको दृष्टिकोणमा गोकर्णेश्वर महादेव मन्दिरले एउटा खुला संग्रहालयको रूपमा अद्धितीय नमुना प्रस्तुत गरेको मान्नुपर्दछ ।

## ३.७ पितृ दिवसको अर्थगत महत्व

जीवित माता-पितालाई सम्मान गर्ने हाम्रो नेपाली संस्कृतिमा दिवङ्गत मातापितालाई समेत श्रद्धा, पूजा र तर्पण गरिन्छ । हाम्रो नेपाली संस्कृतिले माता-पितालाई मातृदेवो भवः र पितृदेवो भवः भनी साक्षात जीवित देवताकै रूपमा मानेको छ । त्यसैले हामी नेपालीहरूले देवतुल्य आफ्ना माता-पिताको स्मृतिमा मातृ एवम् पितृदिवसका दिन जीवित पितालाई तिनका सन्तानले मिष्ठान्न, अनेकौं प्रकारका लत्ताकपडा आदि चढाइ ढोग गर्ने चलन छ । पिताले पनि आफ्ना प्यारा सन्तानलाई सुख, शान्ति, समृद्धि तथा दीर्घायुको आर्शिवाद सहित सुरक्षाको अनुभूति गराउँछन् । 'पितृ औँसी' समेत भनिने यस पितृ दिवसलाई कुशे औँसीसँग सन्दर्भ जोडेर आमापछिका सबैभन्दा ठूला र आदरणीय मानिने बाबुलाई यसरी पूजा सम्मान गरी खुशी तुल्याएर आर्शिवाद समेत ग्रहण गर्दछन् भने बाबु नहुनेहरूले बाबुको सम्झनामा घर वा तीर्थस्थल (गोकर्ण)

मा गई स्नान श्राद्ध तर्पण गरी दान र दक्षिणा दिन्छन् । कसैले बाबुको स्मरण स्वरूप उनैका नाममा पाटी, धर्मशाला, स्कुल, पुस्तकालय, पुरस्कार, चौतारा आदि स्थापना गर्ने गर्दछन् ।

संस्कृतको 'पा' रक्षणे धातुबाट निर्मित 'पिता' शब्दको अर्थबाट नै आफ्ना अबोध शिशुहरूलाई पालन पोषण गर्ने पिताको महत्वपूर्ण उत्तरदायित्व प्रमाणित हुन्छ । आफ्ना जीवनदाता, शिक्षादाता र पालनकर्ता पिताको सम्मान र आज्ञापालन गर्नु सन्तानको सर्वोपरि कर्तव्य हो ।[११९] यो विश्वमा मानिसलाई प्राणीको रूपमा सर्वप्रथम पर्दापण गराउने हुँदा माता-पिता सबैका लागि बन्दनीय रही साँचो मानेमा मुनष्यको रूपमा देवता नै रहेका हुन् ।[१२०] माता पितालाई देवता मानेर तिनीहरूलाई आदर सत्कार गरिनुपर्ने अत्यावश्यकतामाथि वैदिक साहित्यले जोड दिएको छ । हिन्दू धर्मानुसार मनुष्यले पितृऋण, ऋषिऋण र देवऋण आदि त्रिऋणलाई चुकाउन सकेमा नै ऊ मोक्षको भागीदार हुन्छ । वैशाख कृष्ण औँसी र भाद्रकृष्ण पक्ष औँसीको साथै पितृ श्राद्धकर्महरूलाई पितृऋणबाट उऋण हुने महत्वपूर्ण चाडपर्वको रूपमा लिइएका छन् ।

'निर्णय सिन्धु' मा औँसीको रातका स्वामी पितृलाई मानिएको छ । लोक व्यवहारमा पनि जब जब हाम्रो जीवन कुनै सङ्कटले गर्दा अन्धकारमय हुन्छ तब-तब हामीहरू आफ्ना जन्मदाता आमा-बाबुलाई सम्झने गर्दछौं । अमावस्याको तिथिमा चन्द्रमा र सूर्य सङ्गमस्थलमा रहने हुँदा यो दिन महत्वपूर्ण मानिन्छ ।[१२१] पिताको सम्मान र सेवा गर्नाले जति कल्याण हुन्छ त्यति कल्याण त कुनै पनि दान, मान र पर्याप्त दक्षिणाबाट गरिने यज्ञबाट समेत सम्भव छैन भन्ने कुरा रामायणको अयोध्याकाण्डमा उल्लेख गरिएको छ ।[१२२] भगवान् राम पनि पिताको आदेश भएमा आगोमा हाम फाल्न, खुसी-खुसी विष पिउन र समुद्रमा खस्न तत्पर पाइन्छ । पिता नै रामका हित चिन्तक, गुरु, शासक एवम् नियामक थिए भन्ने तथ्य रामायणमा वर्णित छ ।[१२३] त्यस्तै महाभारतको शान्तिपर्वमा पिताको आज्ञालाई सम्मानपूर्वक पालन गर्ने सन्तानका समस्त दोष र पाप स्वतः हराउँछन् भन्ने कुराको उल्लेख गरिएको पाइन्छ । त्यस्तै गरी महर्षि व्यासले 'पितालाई नै धर्म, स्वर्ग र श्रेष्ठ तप हो' भन्दै पिता प्रसन्न भएमा समस्त देवगण आफैँ प्रसन्न हुन्छन् भनेका छन् ।[१२४]

---

[११९] शर्मा, पूर्ववत (पा.टि.न. ६९), पृ. ८१-८२

[१२०] जोशी, पूर्ववत (पा.टि.न. ७२), पृ. दुई शब्द

[१२१] शर्मा, पूर्ववत (पा.टि.न.६९), पृ. ७७

[१२२] उही, पृ. ८२

न. सत्यं दानमानौ वा न यज्ञाश्चाप्तदक्षिणा : ।
तथा बलकश : सीते यथा सेवा पितृर्हिता ॥

[१२३] उही

अयं हि वचनाद्राज्ञ : पातेयमपि पावके ।
भक्षयेमं विषं तीक्ष्णं पातेयमपि चार्णके ।
नियुक्तो गुरुणा पित्रा नृपेण च हितेन च ॥

[१२४] उही

"तस्मात पितृ वच : कार्यन विचार्य कदाचन ।

तैत्तिरीयोपनिषद्मा "गुरुकुलबाट घर फर्कन लागेका विद्यार्थीलाई गुरुले सदाचार गर्नुको अतिरिक्त मान्नु पर्ने पिता माता आदि जीवित देवताहरूको नामोल्लेख गर्दै[१२५] तिनीहरूलाई देवतुल्य-तीर्थ हुन् । यिनीहरूलाई हेला गरेर देवता मान्नु, तीर्थ, जानु त्यसको कुनै महत्व रहँदैन । जसले आफ्ना आमाबाबु आदिलाई आदर मान सम्मानका साथ सत्कार गर्छ, त्यसले देवता पूजेको र तीर्थ घुमेको सम्पूर्ण फल प्राप्त गर्छ । जसले बाबुलाई सेवा गर्छ त्यसलाई वेद, धर्म, तीर्थ, चाहिन्न स्वतः प्राप्त हुन्छ भनिएको छ ।[१२६] पिता नै मानव-उत्पतिको कारण हो र देवतारूप पिता सदासर्वदा सम्मान गर्नुपर्छ भन्ने कुरा रामायणमा उल्लेख छ ।[१२७]

संस्कृतका महाकवि कालीदासले 'पार्वती र शिवका दुई रूप देखिए पनि तिनीहरू वस्तुतः एउटै हुन् । त्यसैले म आफ्ना मातापिता दुवैलाई एउटै रूपमा लिएर वन्दना गर्दछु भनेका छन् ।[१२८] मातापिता आदिका प्रयत्नबाट बालकको उन्नति प्रगति हुन्छ । स्मृति ग्रन्थमा मातालाई ब्रह्मा पितालाई विष्णु र आचार्यलाई शिवको स्थान दिइएको छ ।[१२९] आमा पृथ्वी हुन् भने बाबु आकाश हुन् । यी दुईका बीच सन्तान जन्मन्छन्, हुर्कन्छन् अनि सांसारिक गतिविधि बुझी कर्तव्यपरायणमा पाइला चाल्न समर्थ हुन्छन् ।[१३०]

मातृभक्तिद्वारा भूलोक, पितृ भक्तिद्वारा अन्तरिक्षलोक र गुरुभक्तिद्वारा ब्रह्मालोक प्राप्ति हुन्छ । जुन मनुष्य यी तीन लोकलाई आदर गर्दछ, त्यसले सबै धर्मको आदर गर्नुपर्छ । जो यी तिनलाई अनादर गर्दछ, त्यसको सबै धर्मकर्म निष्फल हुन्छ ।[१३१] प्रकृति र पुरुषको रूपमा बाबु र आमाले सन्तानको जन्म, भरणपोषण, चेतना ज्ञानको विकास गर्दछन् र पछि ऊ स्वयम् अर्को मानव सिर्जना गर्न सक्षम भई यसरी नै सृष्टि निरन्तर चलिरहन्छ । त्यसैले सृष्टिको मूल रहस्यमा माता र पिताको महत्वपूर्ण भूमिका छ ।[१३२]

तसर्थ आमाबाबुको औंशका रूपमा रहेका सन्तान भन्नु नै आमाबाबुकै प्रतिरूप हुन् । त्यसैले माता पिताको आदर सत्कार गर्नु छोराछोरीले स्वयम् आफूले आफैँलाई चिन्नु हो,

---

पातकान्यपि पुज्यन्ते पितु : शासनकारिण : ॥
पिता धर्म : पिता स्वर्ग : पिता हि परमंतप : ।
पितरि प्रीतिमापन्ने सर्वा : प्रीयन्ति देवता : ।"
(महाभारत शान्तिपर्व २६३/२१)

[१२५] जोशी, पूर्ववत् (पा.टि.न. ७२), पृ. २९
"...मातृदेवभव ॥ पितृदेवो भव ॥
आचार्यदेवो भव ॥ अतिथिदेवो भव ॥..."

[१२६] भरतमणि रिसाल, "पिता सम्मान पर्व कुशे औँसी", **गोरखापत्र**, बर्ष १०४, अङ्क १३२, बि.सं. २०६१, पृ. ४

[१२७] शर्मा, पूर्ववत (पा.टि.न. ६९), पृ. ८३
यतो मूलं नर : पश्येत्प्रादुर्भाव मिहात्मन : ।
कथं तस्मिन्न वर्तते प्रत्यक्षे सति दैवते ॥

[१२८] जोशी, पूर्ववत् (पा.टि.न. ७२) पृ. २९

[१२९] ऋषिकेश शर्मा, "सोह्रश्राद्धको प्रतीकात्मक सन्देश", **गोरखापत्र**, बर्ष ९८, अङ्क १२८, बि.सं. २०५५, पृ. ६

[१३०] शर्मा, पूर्ववत (पा.टि. नं. ६३ ), पृ. ४

[१३१] बाबुकृष्ण ढकाल, "गुरु र दीक्षा", **अभिलेख**, वर्ष. ६, अंक ६, बि.सं. २०४५, पृ. १३

[१३२] सुवेदी, पूर्ववत (पा.टि.नं. ६५), पृ. ६

विगतलाई नियाल्दै प्रगतिपथमा लम्कनु हो । त्यसैले हामीले हिजोलाई कहिल्यै बिर्सनु हुँदैन हिजोलाई सतत् स्मरण गर्दै हामीले आफूलाई डोऱ्याउनु पर्दछ ।[१३३] साँच्चै भन्ने हो भने हाम्रो संस्कृति अनुसार जीवन दिएर यस जगत्मा समर्थवान बनाइ दिने हाम्रो लागि आमाबाबु नै सजीव इतिहासका अवतार हुन् । बाबु, आमा र आफ्ना मान्यजनहरूलाई मान्नु उनीहरूको सेवा गरी आर्शीवाद प्राप्त गर्नु हाम्रो सामाजिक धर्म र सामाजिक अनुशासन पनि हो । त्यस्तै दिवङ्गत पितृहरूको श्राद्ध तर्पण दिनु-गर्नुबाट आयु, सन्तान, धन, विद्या, स्वर्ग, मोक्ष, सुख, राज्य समृद्धि, ऐश्वर्य आदि प्राप्त हुन्छ भन्ने हाम्रो स्मृति शास्त्रहरूको भनाइ छ ।[१३४]

पुत्रका लागि माता-पिताले जुन काम गरेका हुन्छन् त्यसको मूल्य चुकाउने काम सयौं वर्षमा पनि पूरा हुन सक्दैन भनी मनुस्मृतिमा भनिएको छ ।[१३५] तीर्थपर्यटन नामक ग्रन्थमा तीर्थका उपभेदहरूको चर्चा गर्ने क्रममा माता एवम् पितातीर्थको महत्वलाई दर्शाउँदै भनिएको छ- 'पुत्र वा सन्ततिका लागि माता-पिता अत्यन्त आदरणीय छन् तापनि त्यसमा माताको स्थान सयौं गुणा बढी हुन्छ भन्दै शास्त्रमा माता गङ्गासमं तीर्थ माता तीर्थ पुनः पुनः र मातृदेवो भव' भनेर मातालाई देवतातुल्य मानी पुत्रले आफ्नी माताको सेवा वन्दना पूजन आदि गर्छ भने उसले तेतीस कोटी देवताको पूजा गरेको फल र समस्त तीर्थाटन गरेको फल पाउँछ भनी शास्त्रमा वर्णन गरिएको छ भने बालकलाई जन्मपछि भरणपोषण शिक्षादिक्षा दिइ समर्थवान बनाउने पिता पनि पुत्रका लागि एउटा महान् तीर्थ हुनुका साथै 'पितृदेव भवः' भनेर पितालाई देवतातुल्य भनिएको छ । साथै पुत्रस्य परमोधर्मः पितृसेवासमोनहि' पितृसेवा गर्ने पुत्र एवम् सन्ततिलाई सदैव कल्याण हुन्छ भन्ने शास्त्रीय कथन छ ।[१३६]

भाद्रकृष्ण औँसीको दिन हाम्रो सांस्कृतिक र धार्मिक महत्व दर्शाउँदै सामाजिक अनुशासन मर्यादा र जन्मदाता पिताप्रति कृतज्ञताको र श्रद्धाको भाव दर्शाउने दिन हो । यस अनन्त संसारमा हामीलाई सर्वप्रथम प्राणीका रूपमा जन्माउने माता पिता सबैका लागि स्मरणीय र वन्दनीय छन् । यसै दिन युवा कवि मोतीराम भट्टको जन्मजयन्ती पनि भएकाले यसको महत्व अझ बढेको छ । पारिवारिक आत्मीयता र स्नेह सम्बन्धलाई प्रगाढ बनाई आफ्ना जन्मदाताको सम्मान गर्न सिकाउने यस पर्वले ठूलो योगदान पुऱ्याएको छ । कुशे औँसी पितृ भक्तिको प्रतीक र मोतीजयन्ती यी तीनै पर्वको त्रिवेणी समेत बनेको यस पर्वले हामीलाई आफूभन्दा ठूलाको मान सम्मान र मर्यादा कायम गर्न सिकाउँदछ ।

---

[१३३] जोशी, पूर्ववत (पा.टि.न. ७२), पृ. २९
[१३४] भरतमणी रिसाल, "कुशे औँसीको गरिमा र महत्व", **गोरखापत्र**, बर्ष ९४, अङ्क १२२, बि.सं. २०५१, पृ. ४
[१३५] गौतम, पूर्ववत (पा.टि.न. ९), पृ. ८

यं माता-पितरौ क्लेशं सहेते सम्भवे नृणाम् ।
न तस्य निष्कृतिं कर्तु शक्या वर्षशतैरपि ॥

[१३६] उही, पृ. ७-८

धर्म, संस्कृति र सभ्यता भनेको मनुष्यको आभूषण र पहिचान हो । यसैमा हाम्रो आफ्नो मौलिक पन र गौरवगाथाको इतिहास पनि लुकेको छ । माया, ममता र प्रेम विनाको आजको भौतिक र यान्त्रिक पाश्चात्य संस्कृति भन्दा पितामाता, पुत्र, गुरु आदि मान्यजनको निरन्तर मूल्य मान्यता र मर्यादामा जीवनभर माया, ममता स्नेह सम्बन्ध बाँधिएको बुढेसकालमा प्रश्चय दिने मृत्युपछि पनि श्रद्धा र आस्थापूर्वक कृतज्ञता स्वयम् जलपिण्ड श्राद्ध आदि दिने छोरा छोरी र आमाबाबुको सुमधुर सम्बन्ध गाँस्ने यी हाम्रा मौलिक नेपाली गरिमामय चाडपर्वले आफ्नोपनको रक्षा र अन्धानुकरण नगर्न पनि सन्देश दिएको छ । अतः पितृ दिवसलाई बाबु भएका र नभएका दुवै थरिका लागि एक अत्यन्त महत्वपूर्ण पर्वका रूपमा मानिन्छ । अन्त्यमा पितृसम्मानले हाम्रो धर्म र संस्कृति पनि सम्मानित भएको छ । पिताको महत्वबाट हाम्रा ग्रन्थहरू भरिएका छन् । अतः अत्यन्त सङ्क्षेपमा भन्नुपर्दा पिताको मान सम्मान गर्नु जस्तो अन्य धर्म छैन । पिताको सेवा र वचन पालन गर्नुमा नै सन्तानको सुख लुकेको छ । यही धर्म, सेवा तथा परोपकार काम गर्ने सन्देश पितृ दिवसले दिएको छ किनकी परोपकार जस्तो महान् धर्म र सेवा अर्को हुनै सक्दैन ।

### ३.८ गोकर्ण तीर्थको महत्व

नेपालका विभिन्न शैव मन्दिरहरू मध्ये गोकर्णेश्वर मन्दिर सत्य युगदेखि नै एक महत्वपूर्ण र प्रसिद्ध तीर्थस्थलका रूपमा परिचित छ । यो तीर्थमा मृत पिता वृषकर्णको पुत्र गोकर्णले वाग्मतीमा स्नान साथै तपस्या गरी श्रद्धापूर्वक भक्तिभावले पिण्ड जल दान गरी पिताको प्रेतात्मालाई तारी स्वर्गलोक पुऱ्याउनुका साथै स्वयम् गोकर्णको पनि यही उद्धार भएकोले जो कोहीले पनि यस तीर्थमा स्नान गरी श्रद्धाभावले मृत पिताका स्मृतिमा श्राद्ध पिण्डदान गर्नाले पितृ प्रसन्न भै शिवलोक प्राप्त गर्नुका साथै आर्शिवाद पनि दिन्छन् भन्ने कुरा शास्त्रमा उल्लेख पाइन्छ । त्यस्तै गरी श्रीमद्भागवत अनुसार आत्मदेवका छोरा गोकर्णले पापीष्ट दाजु धुन्धुकारीको नाममा निरन्तर श्रीमद्भागवत सप्ताह लगाई प्रेतयोनीबाट तारेको ठाउँ पनि यही भएको विश्वास गरिन्छ । गोकर्णेश्वर तीर्थको महत्वबारे विभिन्न स्रोतहरूमा यस्तो वर्णन गरेको पाइन्छ ।

गोकर्णको शिवलिङ्ग पितामह ब्रह्माद्वारा प्रतिस्थापित गरिएको र उहाँले सयपटक गया गई पिण्ड दिएको पुण्य गोकर्णमा श्राद्ध गर्नाले पाइने वरदान दिएकोले यो क्षेत्रको महत्व उत्तरगया महाक्षेत्र एवम् पितामहमहातीर्थका रूपमा आदिकालदेखि नै रहँदै आएको विश्वास गरिन्छ । पितामह ब्रह्माजीले तपस्यागरी शिवजीबाट वर पाएको हुँदा यो तीर्थ सबै पितृक्षेत्रमा उत्तम छ । नेपाल-महात्म्य अनुसार ब्रह्माद्वारा स्थापित गोकर्णेश्वर महादेव स्थानको वाग्मती तीर्थमा स्नान गर्नाले मनुष्यलाई शिवजीको दिव्य अविनाशी कैलाशधाम प्राप्त हुन्छ भनिएको छ ।[१३७]

---

१३७ मुक्तिनाथ खनाल (अनु.), **नेपाल माहात्म्य**, प्रथम संस्करण (काठमाडौँ : नेपाल राज्ञकीय प्रज्ञा प्रतिष्ठान, वि.स. २०२८) पृ. ७

गोकर्णेश्वर तीर्थे ही स्नातो रूद्रालयं व्रजेत ॥ (हि.ख.अ.१६०)

नेपाल माहात्म्य अन्तर्गत पशुपति माहात्म्यमा ब्रह्माले चन्द्रभागा नदी र वाग्मतीको संगमस्थित 'ब्रह्माश्रम' को नजिक गोकर्णेश्वर महादेवको शिवलिङ्ग भाद्रकृष्ण चर्तुदशीका दिन स्थापना गरेको र यही स्थानमा निवास गरी ब्रह्माजीले शंकर भगवान्को आराधना गरेको हुँदा यस स्थलको नाम ब्रह्माश्रम रहन गएको हो । मृगरुपी शंकरको सिङलाई शिवलिङ्गको रूपमा स्थापना गरिएकोले यसको महत्व अझ बढेर गएको हो ।[१३८] 'ब्रह्माद्वारा स्थापित मृगको सिङ भएको' गोकर्णेश्वर शिवलिङ्गलाई महालिङ्ग भनिन्छ र भक्तहरूलाई इच्छित वरदान प्रदान गर्नुहुन्छ भन्ने तथ्य स्कन्दपुराण अन्तर्गत हिमवत्खण्ड नेपाल महात्म्यको १४०औं अध्यायमा उल्लेख गरेको पाइन्छ ।[१३९]

यसरी 'श्री ब्रह्माले गोकर्णमा सिङ स्थापना गर्दा स्वर्गबाट देवगण तथा अप्सराहरू आई नाच-गान गर्ने र ठूल्ठूला ग्रन्थहरूको पुराण सुनाइ शिक्षा दिने गरेकोले त्यो ठाउँ बढी महत्वको भयो ।[१४०] स्कन्दपुराणका अनुसार ब्रह्माले यसरी मर्त्यलोक गोकर्णमा चर्तुदशीका दिन शिवरूपी मृगको सिङको बीचको टुक्रा स्थापना गरेको कुरा थाहा पाएर स्वर्गलोकका देवताहरू भोलिपल्ट औंसीको दिन यो तीर्थमा नुहाएर गोकर्णेश्वर महादेवको दर्शन गरेकोले यो दिन नुहाएर पितृहरूलाई पिण्ड दान गरेमा पुण्य प्राप्त हुनेछ भनिएको छ ।[१४१] नेपाल महात्म्यमा गोकर्णेश्वर शिवको माहात्म्य सबै पाप नाश गर्ने हुनुमा छ ।[१४२] त्यही गोकर्ण औंसीको उल्लेख पनि भएको छ र भनिएको छ - भाद्र महिनाको औंसीमा गोकर्ण नजिकै पितृहरूलाई पिण्ड दिएमा पितृहरू तर्दछन् ।[१४३] गोकर्णेश्वर नजिकै 'भृगुपात' (भीरबाट खसी मुर्न) गरेमा सबै मनोरथ पुरा हुन्छन् भनेर नेपाल महात्म्यमै भनिएको छ ।[१४४]

हिमवत्खण्डको १४०-१६० अध्यायमा गोकर्ण क्षेत्रको महत्वबारे यसरी वर्णन गरिएको पाइन्छ । चन्द्रभागा र (सूर्यमती) वाग्मती महानदीको साथ हुने त्रिवेणी सङ्गममा उत्तम पितातीर्थ या पितामहतीर्थ छ । यस उत्तरगया पितृतीर्थमा स्पर्श (टेक्दा) गर्दा मात्र पनि अरू गया तीर्थ भन्दा

---

[१३८] पं.लोकनाथ आचार्य, **नेपाल माहात्म्य** (पशुपतिमाहात्म्य), (वाराणसी : त्रिमूर्ति प्रकाशन, २०३६) पृ. १०

[१३९] उही

गोकर्णाख्यं महालिङ्गं भक्तानां च वरप्रदम् ।
ब्रहमणा स्थापितं पूर्व मेतल्लिङ्गं च हारिणम् ॥ (हि.ख.अ. १४०)

[१४०] मुनंकर्मी, पूर्ववत् (पा.टि.न.६४), पृ. ३७९

[१४१] प्रेममान डंगोल, "महत्व गोकर्ण औंसीको", **गोरखापत्र**, बर्ष १०६, अङ्क १०९, बि.सं. २०६३, पृ. ४

[१४२] **नेपाल माहात्म्य,** अ. १, श्लोक ४४, पृ. ५
स्थापयामास तल्लिङ्गं सर्वपापै : प्रमुच्यते ।

[१४३] **नेपाल माहात्म्य,** अ. १, श्लोक ४५, पृ. ५
भाद्रमासेत्वमावस्यांतिथौ गोकर्ण सन्निधौ ॥
ये पिण्डदान पातयिष्यन्ति तारयिष्यन्ति ते पितृन ।

[१४४] **नेपाल माहात्म्य,** अ. १, श्लोक ४६, पृ. ५
भृगुपातं करिष्यन्ति गोकर्णेश्वर सन्निधौ
तेषां मनोरथा : सर्वे भविष्यन्ति न संशय :

दश गुणा बढी फल मिल्दछ र विधिपूर्वक त्यसक्षेत्रमा एक पिण्डदानगर्दा सय गुणाबढी फलदायी छ र त्यही नै बसेर पिण्डदान गरेमा एक्काइस कुलको नै उद्धार हुन्छ भन्ने कुरा हिमवत्खण्ड नेपाल महात्म्यको १४२औं अध्यायमा वर्णित छ ।[१४५] त्यसमा पनि उत्तरगया पितृतीर्थमा स्नान गरेर जसले श्राद्ध गरी पिण्डदान समेत गर्दछन् त्यसमा पनि विशेष गरेर भाद्रकृष्ण औँसीमा गोकर्णतीर्थमा सो काम गर्नाले मातृकुल, पितृकुल, बन्धु-ससुराली कुलादि सय कुलको उद्धार गरी स्वयम् पनि पितृलोकमा बास गर्न पाउँछ भनी हिमवत्खण्डकै १६०औं अध्यायमा भनिएको छ । 'जो मनुष्य भक्तिपूर्वक पितामह तीर्थमा स्नान पुण्य गर्दछ, कर्ताले कोटिकुल (एक करोड कुल) को उद्धार गरीकन पनि स्वयम्ले ब्रह्मालोकमा आश्रय पाउँदछ ।' त्यसै गरी सोही अध्यायमा यस्तो उल्लेख छ कि 'जसले पिष्णपादुका तीर्थ गदाधरमा स्नान र पिण्डदान गर्दछ उसले आफ्ना एक्काइस कुलको उद्धारका साथै वैकुण्ठलोक प्राप्त गर्दछ ।[१४६]

देवमाला वंशावलीमा 'त्रेता युगमा रावणले गोकर्णमा तपस्या गरी वरदान पाई तीनै लोक जिती राज्य गरे । यी परमेश्वर यस्तो प्रत्यक्षका हुन् भन्ने कुरा उल्लेख छ ।[१४७] नेपाल माहात्म्यमा त रावणले गोकर्णमै तपस्या गरेको र गोकर्णेश्वर कै कृपाबाट उनले त्रैलोक्यमा कसैबाट नजितिने भएका थिए भनिएको पाइन्छ ।[१४८] 'रावणका भाइ कुम्भकर्ण विभीषण सहित बाबुदेखि उपदेश पाइ 'उत्तर गोकर्णेश्वर' मा आई रावणले आफ्ना शिर छेदन गरी घृतमा डुबाउँदै यज्ञमा होम्दै उग्र तप गरी ब्रह्मालाई प्रसन्न पारी दुर्लभ हुने वरदान पाएका थिए भन्ने कुरा भाषावंशावलीमा वर्णित छ ।[१४९] वृषभ ऋषिका छोरा रावणले आफ्ना दसै वटा शिर हवन गरी चढाउन लाग्दा गोकर्णेश्वर

---

[१४५] आचार्य, पूर्ववत (पा.टि.नं. १३८) पृ. १०-११
"चन्द्रभागा नदी पुण्या वाग्मति च महानदी ।
तयोश्च संगमेतीर्थे पैतामहेति विश्रुतम ॥" (हि.ख.अ.१४२)
'दश गयासमं ज्ञेयं तद्भूमिस्पर्शमात्रत : ॥
पिण्डदानं शतगुणं तत्र चेद्दिधिवत्कृतम ॥
तत्रैव पिण्दानाच्च त्रिसप्तं प्रोद्धरेत्कुलम् ॥ (हि.ख.अ.१४२

[१४६] उही, पृ. ११
"तथोत्तरगयातीर्थे स्नात्वा पिण्डं ददातिच ।
विशेषा दभाद्रयामावास्यायं तस्य पुण्यफलं श्रृणु ॥
मातु : पितुस्तया बन्धोश्वसुरस्य कुलानि च ॥
समुद्धत्य शतं साग्रं पितृलोकं स गच्छति ॥
पितामह-महातीर्थे स्नात्वा भक्त्या हि मानुष : ।
कोटिकुलं समुद्धृत्य ब्रहालोकं प्रागच्छति ॥
यो विष्णुपादुका तीर्थे स्नात्वा पिण्ड ददाति च ॥
त्रिसप्त कुलमुद्धृत्य विष्णुलोकं सगच्छति ॥" (हि.ख.अ.१६०)

[१४७] देवीनाथ, पूर्ववत (पा.टि.न.६) पृ. ५०

[१४८] **नेपाल माहात्म्य,** अ. २६, श्लोक १, पृ. १५१
अत्रैव रावणस्तेपे तप : परम दारुणम् ।
गोकर्णेश प्रसादेन त्रैलोक्ये दुर्जयोज्भवत् ॥
नेपालमहात्म्य, अ. १६, श्लोक ७ र ९, पृ. १०७
अत्र श्याम दशग्रीवो गोकर्णेश्वर सन्निधौ ।
तपस्यां परमां कृप्वा त्रैलोक्ये दुर्जयोऽभवत् ॥

[१४९] पौडेल, पूर्ववत (पा.टि.न.८), पृ. १६

महादेवको दर्शन र सर्वत्र विजयी हुने वरदान पाएको कुरा पुराणकथामा प्रसिद्ध छ ।[१५०] परशुराम पनि यही गोकर्णेश्वरमा तप गरी निच्छत्रिय गर्न समर्थ बने ।[१५१] देवमाला वंशावलीमा गोकर्णको महत्वमाथि प्रकाश पार्दै भनिएको छ - "अघि वाणासुर दैत्यले गोकर्णमा बसी दिव्य एक हजार वर्ष सम्म आफ्नो शिर काटी यज्ञमा होमी अति उग्र तपस्या गर्दा ब्रह्मा खुसीभै देवता राक्षस दैत्य सबै तेरो अधिन हवस् भन्ने वर पाए' ।[१५२] त्यसैगरी गोकर्ण क्षेत्रमा अर्जुनले शिवजीको हातबाट पशुपत शस्त्र प्राप्त गर्न तपस्या गरेका थिए ।[१५३]

भाषावंशावलीमा यस क्षेत्रको तीर्थाटनबाट विरूपाक्षको पापमोचन भएको चर्चा पाइन्छ । पूर्वजन्ममा आमासँग विग्रेको पापले पछिल्लो जन्ममा कुष्ठरोगादि महापातकहरूले ग्रस्त भई महारोगहरूले पीडित भएका विरूपाक्षले वाग्मतीको सङ्गममा रहेका गोकर्णेश्वर लगायतका सम्पूर्ण तीर्थ (८९) हरूमा नुहाए जसले गर्दा विरूपाक्षले गरेका सम्पूर्ण पापहरूबाट उनी मुक्त भएका थिए ।[१५४]

विरूपाक्षले नुहाएका वा वाग्मती सङ्गममा रहेका सेतुभिन्नबाट शुरु भई बाग्द्वार सम्म रहेका ती तीर्थहरूमा तिनीहरूको उत्पत्ति भएका दिन पारेर वा पर्वमा स्नान गर्नाले मानिसहरूको सबैतिरबाट कल्याण हुन्छ भनिएको छ ।[१५५]

त्यस्तै भाषावंशावलीमै श्राप प्राप्त 'भृङ्गी' ले पनि वाग्मती स्नान गरी श्री पशुपतिश्वर लगायत गुह्येश्वरी, गोकर्णेश्वर, सुन्दरीजल आदि ४५ देवतीर्थहरूको विधिपूर्वक दर्शन-पर्शन स्नान दान गरेको उल्लेख पाइन्छ ।[१५६] गोकर्ण प्राचीन तथा महत्वपूर्ण तीर्थ भएकोले नवौं शताब्दीका वंगाली राजा धर्मपाल यहाँ तीर्थयात्रा गर्न आएका थिए भन्ने ज्ञात हुन्छ ।[१५७]

स्कन्दपुराण हिमवत्खण्डका केही प्रसङ्ग हेर्दा गोकर्णेश्वर क्षेत्रको धार्मिक महत्वबारे अझ बढी प्रकाश पारेको देखिन्छ । 'त्रिशङ्कु' नामक राक्षसले तपस्वी ऋषिमुनिहरूलाई भगाई वाग्मतीको छेडो बन्द पारेर गोकर्णेश्वरलाई जलेश्वर महादेवका रूपमा पुऱ्याई एक वर्षसम्म बिहान, दिउँसो र साँझ तीनै काल स्नान गरी नित्य जल स्नान गराई गुफामा बसेर पूजा आराधना गर्दा भगवान् शिवजी त्यो शिवलिङ्गबाट प्रकट हुँदा त्यो तिथि कार्तिक शुक्ल अष्टमी परेको थियो । यस प्रसङ्गबाट गोकर्णेश्वरसँग पवित्र वाग्मती नदी वग्ने र त्यो नदी थुन्न सकिने छेडो परेको ठाउँबाट वग्ने साथै गोकर्णेश्वरको प्राचीनता र प्रत्यक्ष दर्शन एवम् वरदान दिइ

---

[१५०] शर्मा, पूर्ववत् (पा.टि.न.६९), पृ. ८०-८१
[१५१] भट्टराई, पूर्ववत् (पा.टि.न.२१), पृ. १०
[१५२] देवीनाथ, पूर्ववत् (पा.टि.न.६), पृ. ६-७
[१५३] ताम्राकार, पूर्ववत् (पा.टि.न.३२), पृ. १२
[१५४] पौडेल, पूर्ववत् (पा.टि.न.८), पृ. २९-३०
[१५५] बालकृष्ण मानन्धर, **पशुपति आर्यघाटको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन**, अप्रकाशित शोधपत्र (कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि, वि.स. २०४६) पृ. १८-१९
[१५६] पौडेल, पूर्ववत (पा.टि.न.८), पृ. २७-२८
[१५७] रेग्मी, पूर्ववत (पा.टि.न.२३), पृ. १३७

मनोरथ पूरा गरिदिने देवताका रूपमा असुर जातिले पनि जाने मानेको प्रमाण मान्नु पर्ने हुन्छ ।[१५८] हिमवत्खण्ड पुराणअनुसार अघि मुञ्जपर्वतको डाँडामा बसेर एक हजार वर्षसम्म चन्द्रमाले तपस्या गरी द्विजराज हुने वरदान पाइ चन्द्रमा जस्ती उज्याली नदी चन्द्रासनबाट निस्किएकाले ती नदीको नाम चन्द्रभागा भयो । त्यसैले जसले यस नदीमा स्नान गर्दछ त्यसले अश्वमेध यज्ञ गरे सरहको फल पाउँदछ भन्ने रहेको छ । अतः चन्द्रभागा र वाग्मती नदीको सङ्गमलाई पितामहतीर्थ भनेर चिनिन्छ । यस तीर्थको जल छुनाले मात्र पनि दश कोटी गयामा श्राद्ध गरे सरहको फल प्राप्त गर्दछ भने अझ पिण्डदान समेत गऱ्यो भने त सय गुना फल पाउँदछ । भक्तहरूलाई वरदान दिने ब्रह्माले अघि स्थापना गरेको गोकर्णेश्वर लिङ्गको पुलत्स्य, विश्रवा आदि हजारौं ऋषि र सिद्धहरूले सेवा गरेको लिङ्ग हो ।[१५९]

यो तीर्थ पौराणिक कालमा भाई गोकर्णले अगति परेका आफ्ना दाजु धुन्धुकारीलाई उद्धार गरे जस्तै यस गोकर्णतीर्थलाई पितृको उद्धार गर्ने एउटा तीर्थको रूपमा मानिएको छ । मृत बाबुको सम्झनामा यस तीर्थमा आई श्राद्ध गरेपछि मात्र अन्य तीर्थमा श्राद्ध गर्ने बाटो खुल्छ र फल प्राप्त हुन्छ भन्ने विश्वासले कुशे औँसीका दिन यस तीर्थमा आइ श्राद्ध, तर्पण, सिदादान आदि गर्दछन् । त्यसैले यस ठाउँलाई पितृ तार्ने एउटा ठूलो तीर्थको रूपमा लिइन्छ ।[१६०] वाग्द्वारबाट बग्दै आएको वाग्मतीको किनारमा अवस्थित गोकर्णेश्वर महादेवको ठूलो महिमा छ । ब्रह्मतीर्थ एवम् उत्तरगयाको नामले प्रसिद्ध यस तीर्थ स्थलमा कुशे औँसीका दिन वाग्मतीमा नुहाई परलोक भएका पितृहरूलाई पिण्डदान जलदान गर्नाले पुण्य मात्र प्राप्त हुने हैन बरू पितृहरूले पनि मुक्ति पाउँछन् भन्ने विश्वास गरिन्छ ।[१६१]

औँसीको दिन सोमबार पऱ्यो भने त्यो दिन गरेको दान पुण्य सूर्यग्रहण पर्वमा गरेको भन्दा बढी फलदायी हुन्छ भनेर महर्षि शङ्खले भन्छन् भने स्कन्दपुराणको काशीखण्डमा चाहिँ सोमवती औँसीमा श्राद्ध गर्दा पुष्करतीर्थ गयातीर्थमा श्राद्ध गरेको फल पाइन्छ भनिएको छ ।[१६२] गोकर्ण औँसीको सम्बन्ध गोकर्णेश्वर महादेवको मन्दिरसँग छ । 'गोकर्णेश्वर' शिवको नाम हो । पितृ औँसीका दिन गोकर्णेश्वर मन्दिरमा गएर शिवको पूजा गर्नुका साथै पितृहरूप्रति श्रद्धा प्रकट गरिन्छ जसबाट एकातिर शिव आराधनाबाट आत्मकल्याण हुन्छ भने अर्कातिर आफ्ना पूर्वज पितृहरूलाई तर्पणबाट तृप्त गरिन्छ । जसरी भारतमा पितृहरूलाई पिण्डदानका लागि गया तीर्थको महत्व छ त्यसरी नै नेपालमा गोकर्णेश्वरको वाग्मतीको तटमा आई गरिने तर्पण-श्राद्धको विशेष महत्व रहेको पाइन्छ । यस दिनमा यहाँ पितृहरूलाई पिण्डदान गरे ठूलो पुण्य पाइन्छ र कुलको पनि

---

[१५८] पोखरेल, पूर्ववत (पा.टि.न.३८), पृ. १२
[१५९] ढकाल, पूर्ववत (पा.टि.न.२८), पृ. ३०६
[१६०] उही, पृ. ३०५
[१६१] डा. साफल्य अमात्य, **पानी र संस्कृति**, प्रथम संस्करण, (काठमाडौं : नेपाल खानेपानी संस्थान, २०६०)पृ. २३-२४
[१६२] कुलचन्द्र कोइराला, **नेपाली सांस्कृतिक जात्रापर्व**, प्रथम संस्करण, (श्रीमती इन्दिरा भट्टराई, २०५२) पृ. ११०

उद्धार हुन्छ । यसरी गोकर्णेश्वर महादेव मन्दिरको महत्व सर्वोपरि छ ।[१६३] हिमवत्खण्ड नेपाल महात्म्यमा यस स्थानको महान् महत्व लेखिएको छ ।[१६४]

हिमवत्खण्डमा एक वैश्यका पितृ विहिन छोरा दन्तुरले गोकर्णेश्वर पितामहतीर्थमा विश्रवा ऋषिको सल्लाहनुसार आफ्ना दिवङ्गत पिताको नाममा श्राद्ध कर्मगरी पिण्ड नदीमा फाल्न लैजादा पितालाई चिन्न नसकी अल्मलिँदा ब्रह्माजीले पिताजी चिनाइ दिएका र उनलाई विधिपूर्वक तिल, पानी, कुश हातमा लिइ पिताका नाममा श्राद्ध तर्पण पिण्डदानादि गरेको पुण्यले पितृ ज्यादै खुसी भए जसको पुण्यको फलले दन्तुर चक्रवर्ती सम्राटसम्म भए भन्ने वर्णन पाइन्छ ।[१६५] यस ठाउँमा भाद्रकृष्ण औँसीका दिन पिण्डदान गर्दा स्वयम् आ-आफ्ना पितृले सोझै हातथापी लिन्छन् भन्ने जनश्रुति रहेको पाइन्छ । यसरी बाबुको नामबाट सिदा तथा पिण्डदान गरेमा ठूलो पुण्य मिल्ने र त्यस पुण्यद्वारा आफ्नो स्थिर गर्न सक्ने सन्तान हुने विश्वास गरिन्छ ।[१६६]

यो मन्दिर श्रद्धा र संस्कारका लागि अत्यन्तै पवित्र भनिएको छ । भारतको काशीको गया गएर श्राद्ध गर्नु र यस उत्तरगयामा गएर श्राद्ध गर्नु उतिकै फलदायी हुन्छ भन्ने विश्वास गरिन्छ ।[१६७] त्यसैले गयाश्राद्ध गर्न भारत जान नसक्नेहरू यहाँ आएर श्राद्ध गर्ने गर्दछन् । धर्म, संस्कृति, ज्ञान, विज्ञान बोकेर बग्ने वाग्मतीका अङ्ग-प्रत्यङ्गमा पर्ने उपतीर्थहरूमा गोकर्णको गोकर्णेश्वर महातीर्थ र महादेवभन्दा पर अवस्थित गयातीर्थमा भदौको कुशे औँसी र पुसे औँसीमा पर्व मेला लाग्दछ जहाँ पितृहरूको उद्धारका लागि पितृकार्य र स्नान तर्पण श्राद्ध गरेमा पितामहातीर्थ वसुरूद्रादित्येश्वर महादेव पुण्यफल ब्रह्मालोक प्राप्ति, वाग्मती चन्द्रभागा नदी सङ्ममा चन्द्रभागा तीर्थ सोमपान फलप्राप्ति सूर्यभागा सङ्गममा नारदतीर्थ र नारदेश्वर महादेव श्रावण सप्तमी असत्य दोष निवारण हुने कुराको चर्चा छ ।[१६८] यहाँ भाद्रवदि औँसीका साथै अन्य प्रत्येक औँसीमा पनि यो उत्तरगया गोकर्णमा स्नान तर्पण श्राद्धादि कर्म गरेमा दारिद्रय दोषबाट मुक्त हुनुका साथै निःसन्तानको पनि सन्तान हुन्छ भन्ने पौराणिक कथन छ ।[१६९]

भाद्र औँसीका दिन हिन्दू, बौद्ध र अन्य विभिन्न पहाडी झाँक्री परम्परामा तीर्थमा गई श्राद्ध वा पिण्डदान गर्ने चलन छ र यी सबै धर्म सम्प्रदायमा औँसीका दिनमा पितृतीर्थमा गई श्राद्ध-पिण्ड गर्नाले आफ्ना पितृले प्रत्यक्ष प्राप्त गर्ने र त्यसबाट खुसी भई आर्शिवाद स्वरूप पुत्र, धन दिने विश्वास गरिन्छ । हामीहरू नदीलाई यस लोक र स्वर्गलोक जोड्ने माध्यम अथवा पुलको रूपमा मान्दछौ । त्यसैले पितृ कार्यहरू जस्तै श्राद्ध, तर्पण दान आदि नदीमा गई गर्नाले पितृले

---

[१६३] शर्मा, पूर्ववत् (पा.टि.न.६९), पृ. ८०
[१६४] सिग्देल, पूर्ववत (पा.टि.न.७), पृ. २८
[१६५] बज्राचार्य, पूर्ववत (पा.टि.न.६१), पृ. ३७-३८
[१६६] बोधनाथ पौडेल, “बाबुको मुहार हेर्ने पर्व”, **गोरखापत्र**, बर्ष १०३, अङ्क ११३, बि.सं. २०६०, पृ. ४
[१६७] पाण्डेय र पाण्डेय, पूर्ववत (पा.टि.न.३४), पृ. २५
[१६८] मिश्र, पूर्ववत (पा.टि.न.५), पृ. २९७
[१६९] मिश्र, पूर्ववत (पा.टि.न.११४), पृ. ‘ज’ (५४)

चाँडै नै त्यसका फलहरू प्राप्त गर्दछन् भनी विश्वास गरिन्छ । खासगरी नदी सङ्गम र त्रिवेणीहरूलाई तीर्थ भन्नुको मतलब नै यी ठाउँहरू यस लोकबाट अर्को लोक (स्वर्गलोक) मा जाने दोबाटो हुन् भनी विश्वास गरिन्छ । दुई नदी मिलेको ठाउँलाई दोभान भनिए झैं तीनवटा नदी मिलेको ठाउँहरूलाई त्रिवेणी भन्दछन् । त्रिवेणीलाई ब्रह्माको द्योतक 'ओंकार' सँग सम्बन्धित र गँगा, यमुना र सरस्वती नदीहरूको प्रतीक मान्दछन् । हाम्रो धर्म र परम्परानुसार दोभान र त्रिवेणी सबै तीर्थ हुन् । यी तीर्थहरूमा गइ स्नान, दान, धर्म, आदि पुण्य कामहरू गर्नाले मोक्ष प्राप्त हुने, अभिलाषा पूरा हुने, निरोगी हुने र गरेको काम सिद्ध हुने विश्वास गरिन्छ ।[१७०] यसरी गोकर्णेश्वर मन्दिर पनि वाग्मती, सूर्यमती र चन्द्रमतीको त्रिवेणी सङ्गम त्रिवेणीतीर्थका रूपमा रहेकाले यस क्षेत्रको महत्व अझ बढी झल्किएको छ । स्कन्दपुराण हिमवत्खण्ड तथा उत्तर भारत नामक ग्रन्थको नेपाल उपत्यका खण्डमा-"संसार भरका पितृतीर्थहरूमा गया जति उत्तम पितृतीर्थ छैन । उत्तरगया र दक्षिण गयाका रूपमा प्रसिद्ध ती दुई गया तीर्थमध्ये गोकर्णेश्वर महादेव गदाधरको चरणमा पर्ने सूर्यमती, चन्द्रमती र वाग्मती नदीमा मिल्ने त्रिवेणीघाट परम पावन छ । सबैभन्दा पूज्य, सर्वकल्याण तथा सिद्धिवृद्धि प्रदान गर्दछ" भनिएको छ ।[१७१] सोही उत्तर महाभारतको काठमाडौं उपत्यका वर्णन अन्तर्गत गोकर्णेश्वर उत्तगया बारे भनिएको छ - 'संसारभरमा भएका पितृतीर्थहरूमा गया तीर्थलाई श्रेष्ठ भनिन्छ, त्यसमध्ये पनि उत्तर गोकर्णेश्वर गया तीर्थलाई उत्तम भनिएको छ ।[१७२] यसबाट भारतको दक्षिण गोकर्ण क्षेत्र एवम् गया क्षेत्र भन्दा विश्वको एकमात्र स्वतन्त्र हिन्दू राष्ट्र नेपालको उत्तरगया, पितृतीर्थ गोकर्णेश्वरको श्रेष्ठता छ भन्ने कुरा स्पष्ट हुन्छ । अझ सोही तीर्थबारे पूर्वोक्त आर्षकृतिमा "गोकर्णेश्वर उत्तरगया पितृ तीर्थमा जहाँ श्राद्ध गरे पनि हुन्छ तापनि प्राणीको शरीरमा शिरलाई उत्तमाङ्ग भनिएझैं चन्द्रमती, सूर्यमती र वाग्मतीको सङ्गम त्रिवेणी तीर्थमा स्नान गरी विधिपूर्वक श्राद्ध र पिण्डदान गरी देवाधिदेव भगवान् गोकर्णेश्वर महादेव र भगवान् गदाधरको दर्शन गर्नाले पितृहरू मुक्त हुन्छन् । यस कुरामा कुनै शङ्का छैन" भनिएको छ ।[१७३] यसरी नै काष्ठमण्डप उपत्यका खण्ड उत्तर

---

[१७०] अमात्य, पूर्ववत (पा.टि.न.१६१), पृ. ३४

[१७१] ऋषिराम पोखरेल, "उत्तरगया श्री गोकर्णेश्वर पितृतीर्थ एवम् त्यस क्षेत्रका प्रमुख देवदेवी", **मुजुरा**, त्रैमासिक, बर्ष १ अङ्क ३, बि.सं. २०६१, पृ. ६

"पितृतीर्थेषु सर्वेषु गयातीर्थसमं नहि ।
तत्रोत्तर-गयातीर्थ गोकर्णेश्वर-सन्निधौ ॥१॥
सूर्यमती-चन्द्रमती वाङमतीसंगमे खलु ।
कुलकोटिगुणं पिण्डदानादुद्घरते नर : ॥२॥
तत्रात्युत्तर वाहिन्यां श्रीवाम्वत्या समाश्रिता ।
तपोभूमि सर्वपूज्या सर्वसिद्धि-प्रदायिनी ॥३॥"

[१७२] उही, पृ. ७

पितृतीर्थेषु सर्वेषु गयातीर्थ वरं स्मृतम् ।
तत्र चोत्तरगोकर्ण-गयातीर्थ वरं स्मृतम् ॥

[१७३] उही

सर्वथा मोक्षदं प्रोक्तं तीर्थमेतन्न संशय : ।

महाभारतमै "यो भारतवर्षमा दुईवटा मात्र श्रेष्ठ पितृतीर्थ छन् तीमध्ये उत्तरगयापितृतीर्थ गोकर्णेश्वर गदाधरक्षेत्रलाई शिर या उत्तमपितृतीर्थ" भनिएको छ ।[१७४] पितृकृत्यको लागि गदाधरको सानित्य अत्युत्तम मानिन्छ ।

गदाधर नारायणको मन्दिर परिसरमा रहेको विष्णुपादुकामा राखी पिण्डदान गऱ्यो भने सबैभन्दा ठूलो पुण्य मिल्ने कुरा वराहपुराण्मा पनि उल्लेख गरिएको छ ।[१७५] गंगा गुहेश्वरी वन नाघेर उत्तरपूर्वमा गोकर्ण वनको दक्षिण भागबाट बगेकी र वाग्मतीको सङ्गम हत्यामोचन तीर्थ छ जहाँको पर्वकाल ज्येष्ठ शुक्ल दशमी (दसहरा) हो त्यहाँ नुहाएर हतियार दान गर्नाले दशमहापातक नाश हुन्छ भनी कही-कही उल्लेख गरेको पाइन्छ ।[१७६] जहाँ वाग्मती महानदीका साथ चन्द्रमती र सूर्यमतीको सङ्गम भएको छ त्यहाँ श्राद्ध गर्नाले अक्षय तृप्ति हुन्छ अर्थात् पितृहरू सधैँ अघाएर तृप्त हुन्छन् भनी शास्त्रकार ऋषि महर्षिहरूले भनेका छन् ।[१७७]

## ३.९ अन्य पर्वहरू

### ३.९.१ पुषे औँसी

पुसे औँसीका दिन गोकर्णेश्वर स्थित विष्णुपादुका मन्दिरमा हरेक वर्ष श्राद्ध गर्नेको भीड लाग्ने गर्दछ । पुसे औँसीको दिनलाई पौसे गया औँसी वा गया औँसी पनि भनिन्छ । भगवान् विष्णुले राक्षसद्वारा मारिएका देवताको मृतात्माको शान्तिको कामना गर्दै श्राद्ध गरेको विष्णुपादुका क्षेत्र रहेको धार्मिक विश्वास छ । सोही विश्वासमा यस क्षेत्रमा नेपालको काठमाडौँ उपत्यकाका साथै देशभर तथा छिमेकी राष्ट्र भारतका विभिन्न स्थानबाट आएका भक्तहरूले पितृका नाममा पिण्डदान गर्दछन् । गोकर्ण औँसी र पुसे औँसीका दिन गोकर्णमा पैतृक कार्यका लागि मेला लाग्ने गर्दछ ।[१७८] काठमाडौँ उपत्यका बाहेक नेपाल अधिराज्यका विभिन्न स्थानबाट तीर्थयात्रीहरू भाद्र महिनाको कुशे औँसी र पुष महिनाको गया औँसीमा प्रशस्त आउने गर्दछन् ।[१७९] कुशे औँसी पछि श्राद्ध गर्न आउने भक्तहरूको बढी मात्रामा भीड यसै दिन हुने गर्दछ । यस दिन गोकर्णेश्वर मन्दिर

---

तत्रापि पूज्यते जन्तोर्यथा मूर्धा तथोत्तमम् ।
सूर्याचन्द्रमती यत्र वाग्वत्या सह सङ्गते ।
स्नात्वा त्रिवेण्यां तत्रैव श्राद्धं कृत्वा यथाविधि ॥
दर्शना ज्जायते मोक्ष : पितृणां नात्र संशय : ॥

१७४ उही
अत्र भारतवर्षेऽस्ति पितृतीर्थद्वयं वरम् ।
तत्रात्युत्तर-गोकर्ण-पितृतीर्थ शिर : स्मृतम् ॥

१७५ बटुराम भण्डारी, "गोकर्णेश्वर मेला", **राजधानी**, बर्ष ५, अङ्क १९३, वि.स. २०६२, पृ. ७

१७६ मिश्र, पूर्ववत (पा.टि.न.५), पृ. २७८

१७७ पोखरेल, पूर्ववत (पा.टि.न.१७१), पृ. ७
सूर्याचन्द्रमती यत्र वाग्वत्या सह सङ्गते ।
तत्रोत्तरगयातीर्थे पितृणां दत्तमक्षयम् ॥

१७८ मिश्र, पूर्ववत (पा.टि.न.५), पृ. ३०४

१७९ श्रेष्ठ, पूर्ववत (पा.टि.न.४६), पृ. २५

परिसर स्थित विष्णुपादुका र यसको वरिपरि ब्राह्मणहरू श्राद्ध गराउन शास्त्रका पुस्तकहरू एवम् अन्य सामग्रीहरू लिएर बसेका हुन्छन् । पुसे औँसीका दिन विष्णुपादुका तीर्थका अतिरिक्त गोकर्णेश्वर पर्व उत्तरवाहिनी क्षेत्रमा पनि श्राद्ध गर्ने प्रचलन  छ ।

हिमवत्खण्डमै यो गोकर्ण तीर्थलाई भारतको प्रख्यात गया जस्ता दश गया जतिको पवित्र छ भनेर पनि वर्णन गरिएको छ । यसरी आफ्नै देशको एक तीर्थलाई भारतको प्रख्यात गयातीर्थ भन्दा दश गुना पवित्र र उत्तरगया महातीर्थको रूपमा नेपाली पुराण (हिमवत्खण्ड) ले मान्यता दिएको पृष्ठभूमिमा पौष कृष्ण अमावस्याको दिन गोकर्णमा गयाश्राद्ध गर्ने चलन हाम्रो समाजमा चली आएको छ । उक्त तिथि यस वर्ष पुष ५ गते पऱ्यो । स्मरणीय रहोस् पौष कृष्ण अमावस्यामा भारतको गयामा श्राद्ध गर्ने ठूलो मेला लाग्दछ । यो गया सहर मृतात्माका लागि धार्मिक विधि सम्पन्न गर्ने उत्तम स्थल मानिन्छ । यो ठाउँ पवित्र धार्मिक सात हिन्दू केन्द्रहरू मध्ये एक मानिन्छ । प्राचीन भनाइ अनुसार यो ठाउँ एउटा दैत्य पिशाच आफैले सम्पूर्ण जीवित प्राणीहरूको कल्याणको लागि उत्सर्ग गरेको भनी प्रसिद्ध छ । गया बनारस पछिको दोस्रो पवित्र ठाउँ हो । जहाँ पिण्डदान गर्नाले पिताविहिन मानिसहरूका मृतक पूर्खाहरूले पृथ्वीको बन्धनबाट छुट्कारा पाउने विश्वास गरिन्छ ।[१८०]

कुशे औँसीका दिन गुठी संस्थानबाट अशक्त भक्तहरूका लागि केही निःशुल्क सिदा दानादिको व्यवस्था भए पनि यस गया औँसीका लागि भने यस्तो कुनै व्यवस्था गरेको बुझिदैँन ।

### ३.९.२ अक्षय तृतीय

वैशाख महिनाको शुक्लपक्षको तृतीया तिथिमा दान गरिएका विभिन्न वस्तुहरू कहिल्यै नाश भएर नजाने या अक्षय भएकोले यस दिनको व्रतपूजा दानको विशेष महत्व छ । भविष्य पुराणमा अक्षय तृतीयाको दिन जलले भरिएको गाग्री पूजा गरेर दान दिएमा शिवलोकमा स्थान सुरक्षित हुने वर्णन गरिएको छ । फल, सातु र सर्वतले भरिएको घडा ब्रह्मा, विष्णु, महेश्वर र पितृहरूलाई सम्झी दान गरिन्छ ।[१८१]

अक्षय तृतीया भनेको शिव र पार्वतीको विवाह भएको दिन हो । त्यसैले उनीहरूको विवाह भएको दिनको स्मरण स्वरूप अक्षय तृतीया पर्व मनाउँदै आएको पाइन्छ । यस दिन विवाह गर्न कुनै साइन हेर्नु नपर्ने विश्वास गरिन्छ । गोकर्णमा यो दिन केही युवा र युवतीहरू जोडी भएर पनि जाने गर्दछन् । गोकर्णेश्वर महादेव मन्दिरमा पनि अक्षय तृतीया पर्व श्रद्धापूर्वक मनाइन्छ । गर्मी मौसम हुने भएकोले घडादान गरी तामाको ठूलो भाँडामा सातु सर्वत बनाई गोकर्णेश्वर मन्दिरमा चढाइन्छ । गोकर्णेश्वरलाई अर्पण गरिसकेपछि अन्तमा प्रसादको रूपमा सो सर्वत भक्तजनहरूलाई वितरण गरिन्छ । यसरी प्रसाद बाँड्नाले ठूलो पुण्य हुने मान्यता रही आएको छ । यो दिन पनि

---

[१८०] घिमिरे र घिमिरे, पूर्ववत (पा.टि.न.७३), पृ. ९६
[१८१] पौड्याल, पूर्ववत (पा.टि.न.८२), पृ. १६२

गोकर्णेश्वर मन्दिर परिसरमा भक्तजनहरूको राम्रै उपस्थिति रहन्छ । अक्षय तृतीया, चर्तुमासको हरिसयनी र हरिबोधनी एकादशीमा पर्व चलाउन गुठी संस्थानबाट कर्मचारी गई चलाउने परम्परा अद्यापि कायमै छ । तीर्थ यात्रीहरूलाई मन्दिरको भित्री भागमा जान निषेध छ ।[१८२]

### ३.९.३ जनै पूर्णिमा

हिन्दूहरूका विभिन्न महत्वपूर्ण संस्कार मध्ये ब्रतबन्ध पनि एक हो । ब्रतबन्ध संस्कारमा जनै धारण गर्ने महत्वपूर्ण कार्य गरिन्छ । हरेक बर्ष साउन महिनाको पूर्णिमा या ऋषि तर्पणिमा जनै फेर्ने चलन छ । तागाधारी पुरूषहरूले नदी, पोखरी, कुण्ड आदि स्थानमा स्नान गरी देवदेवीको दर्शन गरेर गायत्री मन्त्रोच्चारण सहित जनै र रक्षाबन्धन डोरो बाँध्ने कार्य गर्दछन् । जनै धारण नगर्ने स्त्रीहरू पनि डोरा बाँध्ने कार्य जनै पूर्णिमाका दिनमै गर्दछन् ।

यसै दिन काठमाडौँको गोकर्णेश्वर मन्दिरमा मेला भर्न निकै धेरै भक्त जम्मा हुन्छन् । यसै दिन रसुवाको गोसाइकुण्ड र पाटनको कुम्भेश्वरमा पनि भव्य मेला लाग्दछ । गोकर्णेश्वर मन्दिर परिसर र वरिपरि जनै पूर्णिमाको दिनमा ब्राह्मणहरू जनै र रक्षाबन्धन लिएर बसेका हुन्छन् । महादेवको पूजा गर्नका लागि श्रावण महिना उत्तम मानिएको छ किनकी श्रावण महिनामा देवाधिदेव महादेवले अर्धनारीश्वरको अवतार लिएको मानिएको छ । त्यसैले श्रावणशुक्ल पूर्णिमा या जनै पूर्णिमालाई श्रावणी पर्वका रूपमा मनाइने हाम्रो परम्परा रहेको छ ।[१८३] तामाको भाँडो भित्र यज्ञोपवित हालेर बेसार लगाई गायत्रीको आह्वान गरेर मन्त्र शुद्ध बनाइन्छ । जनै पूर्णेको अघिल्लो दिन नै कपाल खौरी नङ, दाह्री काटेर शुद्ध भई एक छाक मात्रै चोखो खानुपर्ने नियम छ । जनै पूर्णिमाको दिन पवित्र जलाशयहरूमा गएर स्नान गर्ने, ब्राह्मणलाई सिधादान दिने र मन्त्रिएको जनै धारण गर्ने चलन छ । पुरानो जनै पनि मन्त्र पढेरै शरीरबाट झिक्ने र चोखो ठाउँमा सेलाउने प्रचलन छ । रक्षाको लागि बाँधिने सूत्र या अभिमन्त्रित डोरी नै रक्षाबन्धन हो ।[१८४] जनै पूर्णिमाको दिनमा गोकर्णेश्वर मन्दिरको वातावरण रमणिय हुन्छ ।

ब्राह्मण, पुरोहितबाट रक्षाबन्धन बाँधेर जनै धारण गरेर सम्पन्न गरिने जनै पूर्णिमाको त्यसै दिन गोकर्णेश्वर स्थानमा पनि दर्शनार्थहरू भेला भई यो पर्व मनाउने गरेको पाइन्छ । देवता एवम् दानव दुवैले पूज्ने भगवान् शिवलाई यस दिन ब्राह्मण आदिले पूजा अर्पण गर्दछन् । यही दिन भिजाएको गेडागुडी उमारेर स्वादिष्ट क्वाँटी खाने र बर्षाको कामना गरेर भ्यागुतोलाई भात दिने रमाइलो काम पनि हुन्छ । यसरी यो पर्वका दिन पनि गोकर्णेश्वरमा भक्तहरूको ठूलै भीड रहन्छ ।

## ३.१० अन्य सांस्कृतिक गतिविधिहरू

---

[१८२] श्रेष्ठ, पूर्ववत (पा.टि.न.४६), पृ. २५
[१८३] ढकाल, पूर्ववत (पा.टि.न.२८), पृ. १६
[१८४] पौड्याल, पूर्ववत (पा.टि.न.८२), पृ. १६०

### ३.१०.१ संस्कारको परिचय

सामान्य परिभाषा अनुसार 'संस्कार' भन्नाले "मानव समाजले आफ्नो शुद्धता, परिस्कृति एवम् उन्नतिका लागि विशेष अवसरका रूपमा सम्पन्न गर्ने पर्व वा व्यवहार विशेष" भन्ने बुझिन्छ ।[१८५] संस्कृतिको 'सम' मूल शब्दमा 'कुञ' र 'घञ' प्रत्यय लागेर बनेको संस्कार शब्दको अर्थ शुद्धि, परिस्कार र स्वच्छता भन्ने हुन्छ ।[१८६] संस्कृत भाषाको 'संस्कृतज्ञ' शब्दबाट बनेको संस्कार शब्दको वास्तविक अर्थ मानसिक र शारीरिक शुद्धताका लागि गरिने धार्मिक कार्यहरू भन्ने हुन्छ ।[१८७]

अंग्रेजी सेरीमनी (Ceremony) र ल्याटिन भाषाको सेरीमोनिया (Cerimonia) मा संस्कार शब्दको उल्लेख भएको देखिदैन् । अंग्रेजी भाषामा संस्कार शब्दलाई Sacramants वा Rites भनिएको छ । नेपाली वृहत शब्दकोष अनुसार 'संस्कार' भन्नाले अवगुण, दोष, कमजोरी, आदि हटाई परिस्कार गर्ने पवित्र पार्ने काम या शुद्धता भन्ने हुन्छ ।[१८८] संस्कार शब्दलाई परिभाषित गर्दा मनुष्य जीवनलाई शारीरिक, मानसिक एवम् आध्यात्मिक आदि सम्पूर्ण पक्षहरूबाट शुद्ध, परिस्कृत र स्वच्छ पार्न विधिवत् सम्पन्न गरिने धार्मिक पर्व विशेष हो भनेर भन्न सकिन्छ । जीवनलाई खास सन्देश दिने संस्कारहरू हिन्दूहरूका लागि आत्मा अभिव्यक्तिका माध्यम पनि हुन् । जीवनलाई नियमित, सङ्गठित र अनुशासनको सन्देश दिने संस्कारले विशेषतः आन्तरिक शुद्धतालाई जोड दिँदै मानिसलाई सु-संस्कृत,शुद्ध एवम् परिष्कृत पार्नुका साथै व्यक्ति र सङ्कट बीचको समस्यामा मध्यस्थताको पनि कार्य गर्दछ ।

सांसारिक सुख, स्मृद्धि, आध्यात्मिक उन्नति, प्रगति, प्रतीकात्मक, रक्षात्मक एवम् सामाजिक सांस्कृतिक महत्व रहेको संस्कारको प्रमुख उद्देश्य भने शारीरिक र मानसिक शुद्धता नै हो भने परम्परागत विचार अनुसार मोक्षप्राप्तिको एक द्वार पनि हो । हिन्दू समाजमा संस्कार एक अभिन्न अङ्गको रूपमा विकास भएको देखिन्छ भने बौद्धधर्ममा सिद्धान्ततः संस्कार कर्मलाई महत्वपूर्ण स्थान नदिए तापनि सामाजिक व्यवस्था र सामाजिक व्यवहार बन्धनको कारण मानिसहरूले संस्कार कर्मलाई अपनाउँदै आएको देखिन्छ ।

यसरी शारीरिक, मानसिक र आध्यात्मिक दोषहरू समाप्त गरी जीवनलाई निरन्तरता, पवित्रता, सफलता, सुखमयता, समुदायलाई सूत्रबद्धता, खराबतत्वर्को निर्मूलीकरण गर्ने संस्कार वास्तवमा मानव जीवनलाई हेर्ने एक दर्पण हो । मानवले जन्मदेखि मृत्युसम्म सम्पन्न गर्ने विभिन्न

---

[१८५] प्रेमकुमार खत्री, **नेपालका धार्मिक मत र सामाजिक संरचना,** (काठमाडौं : एम. के पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स, २०५८) पृ. १२४

[१८६] गणेशप्रसाद क्षेत्री र सोमप्रसाद खतिवडा, **हिन्दू समाज र धर्म**, (विराटनगर :शिवा प्रकाशन, २०५४) पृ. २३३

[१८७] पेशल दाहाल, **नेपालको इतिहास र संस्कृति,** (काठमाडौं : एम.के पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स, २०६२) पृ. १७५

[१८८] पोखरेल र अरू, पूर्ववत (पा.टि.नं. ४) पृ. १२०९

संस्कारहरू घर या देवस्थलहरूमा सम्पन्न गर्नु पर्दछ । गोकर्ण पनि एउटा यस्तो धार्मिक देवस्थल हो जहाँ उपनयन, विवाह र मृत्यु आदि विभिन्न संस्कारहरू समेत आयोजना गरिन्छ ।

### ३.१०.२ उपनयन

'उपनयन' को अर्थ नजिक बस्नु हुन्छ । हिन्दूहरूका लागि उपनयन संस्कार पुरुषहरूको मात्रै गर्ने गरिन्छ । बालकलाई द्विज बनाउन सर्वप्रथम यस संस्कारमा जनै प्रदान गर्ने महत्वपूर्ण कार्य गरिन्छ । यसलाई उसको रक्षक र पवित्रताको प्रतीक मानिन्छ । उपनयनको उपलक्ष्यमा उसलाई जनैका साथै मन्त्र प्रदान गरिन्छ तब मात्र ऊ द्विज हुनसक्छ । यस संस्कारबाट नै एक हिन्दूले आफ्ना सही जातीय स्थिति प्राप्त गर्दछ । विधिवत् विद्यारम्भ बाहेक यस संस्कारको अर्को महत्वपूर्ण पक्ष शुद्धता पनि हो ।

हिन्दू तथा बौद्ध दुवै धर्मावलम्बीहरूको महत्वपूर्ण आस्थाको केन्द्र मानिदै आएको यस गोकर्ण पितामह तीर्थमा देवदर्शन, पूजा, तीर्थश्राद्ध आदि बाहेक अन्य विविध प्रयोजनले पनि भक्तहरूको उपस्थिति रहन्छ । यहाँ उपनयन संस्कार सु-सम्पन्न गर्ने उद्देश्यले पनि हिन्दूहरूको जमघट हुने गर्दछ । ठीक उमेरमा पुगेका बालकलाई ज्योतिषीले जुराएको शुभ साइतमा उपनयनका लागि तयार पारिन्छ । यसका लागि सूर्य उत्तरायण पथमा रहेको समय उत्तम मानिन्छ । तोकिएको दिनमा आफ्ना नातेदार बोलाइन्छ । यस संस्कारका मूल विधिहरू दिनको प्रात पक्षमै सम्पन्न हुने भए तापनि विद्यारम्भ र मन्त्रदान निश्चित मुर्हूतमा सम्पन्न गरिन्छ । सर्वप्रथम बालकको केश मुण्डन गरिन्छ र सुगन्धित तेलहरू शरीरमा लगाई स्नान गराइन्छ । त्यस दिन बालकलाई भिक्षुको जस्तो गेरु रंगको कपडा लगाउन दिइन्छ । प्राचीन गुरुकुल परम्परानुसार भिक्षाद्वारा जीवन यापन गर्नु पर्ने संकेत स्वरूप ब्रह्माचारीलाई झोली र लाठी दिइ आफन्तहरूसँग भिक्षा माग्न लगाइन्छ ।[१८९]

हाल आएर प्राचीनकालको उपनयन संस्कारको रूप धेरै बदलिएको छ । देवस्थल आदि धार्मिक तीर्थमा यो संस्कार गर्नुपर्छ भन्ने केही बाध्यता छैन । खर्चको बचावटको दृष्टिकोणले पनि गोकर्ण तीर्थमा विभिन्न ठाउँबाट मानिसहरू आई ब्रह्मचारीको उपनयन संस्कार सम्पन्न गर्ने गरेको पाइन्छ । पहिले-पहिले यो संस्कार देवस्थलमा नगरी घरघरमै सम्पन्न गरिन्थ्यो । यहाँ मन्दिर परिसर वरपर पाटी पौवाको बस्ने सुविधा रहेकाले पनि देशका विभिन्न क्षेत्रबाट उपनयन संस्कार गर्ने मानिसहरूको जमघट रहने गरेको पाइन्छ । यस गोकर्ण तीर्थमा स्वदेशबाट मात्र नभएर छिमेकी राष्ट्र भारतबाट पनि फाटफुट रूपमा ब्रतबन्ध गर्न मानिसहरूको आगमन हुने गरेको छ । गोकर्णेश्वर मन्दिर आसपास पुरोहितहरूको बसोबास रहँदै आएकाले यहाँ विविध धार्मिक कृत्यहरू सम्पन्न गर्न आउने तीर्थालुहरूलाई पुरोहित खोज्ने समस्या पर्दैन । तर कोही

[१८९] खत्री, पूर्ववत (पा.टि.न.१८५), पृ. १३३

भक्तहरू भने आफू साथ पुरोहित पण्डित पनि लिइ आउने गरेको पाइन्छ । यहाँ विशेष गरी श्रीपञ्चमीको शुभमुर्हूतका दिन उपनयन संस्कार गर्न मानिसहरूको घुँइचो लाग्दछ । यस दिन गोकर्णेश्वरको वातावरण रमणिय देखिन्छ । यो दिन आफैमा शुभमुर्हूत भएकाले ब्रतबन्ध गर्नका लागि शुभ साइत हेर्नु नपर्ने हुँदा यहाँ पहिल्यै देखि यो दिन उपनयन संस्कार गर्न मानिसहरूको विशेष जमघट रहदै आएको छ । अन्य दिनमा पनि पात्रो हेरी शुभ ब्रतबन्धमुर्हूतको पहिचान गरी सोही अनुसार उपनयन संस्कारसम्पन्न गर्न मानिसहरूको उपस्थिति रहन्छ ।[१९०]

यहाँ पैयू, निगालो, केराको बोट आदिको प्रयोग गरी बनाइएको चौकुने यज्ञशालाको बीचमा यज्ञ कुण्ड निर्माण गरी वैदिक विधि/शास्त्रीय विधि विधान अनुरुप यो संस्कार आयोजना गरिन्छ । यसरी हिन्दूधर्मावलम्बीहरूले यो संस्कार गरे तापनि पुण्यतीर्थ मानी आएका बोद्धहरूले भने यहाँ उपनयन संस्कार गर्ने गरेको पाइँदैन । हाल आएर यो गोकर्ण तीर्थमा उपनयन संस्कार आयोजना गर्न मानिसहरूको बढी भीड लाग्ने गरेको पाइन्छ भने अर्कातिर दिनानुदिन विभिन्न विकृतिहरूले पनि प्रश्चय पाउँदै गएको  देखिन्छ ।

### ३.१०.३ विवाह संस्कार

सबै हिन्दू संस्कारहरूको आ-आफ्नो महत्व छ । कुनैमा धार्मिक भावना बढी छ भने कुनै सामाजिक दृष्टिकोणले अति महत्वका छन् । एक प्रकारले जीवनको एक पवित्र र मुख्य संस्कार मानिने विवाहका सामाजिक मूल्य र मान्यताहरूलाई महत्वपूर्ण ठानिन्छ । हिन्दूहरूका लागि विवाह दुई अपरिचित व्यक्ति, गोत्र र परिवार बीचको एक सम्झौता नभएर यो एक पवित्र चिरस्थायी धार्मिक बन्धन वा सम्बन्ध हो जसमा पितृऋणबाट मुक्ति, वंशको अक्षुणता, सामाजिक र नैतिक आदि विविध महत्वका पक्षहरू पनि समाविष्ट छन् ।[१९१]

हिन्दूहरूको पवित्र धार्मिकस्थल मानिदै आएको गोकर्णेश्वर क्षेत्रमा पहिल्यैदेखि उपनयन संस्कार जस्तै विाह संस्कार पनि सम्पन्न गर्दै आएको पाइन्छ । साधारणतया निश्चित उमेर पुगेको वर र कन्याको छनौट भइसकेपछि विवाहको समय निश्चित गरिन्छ । यसमा दुवैतर्फका संरक्षकहरूको निर्णय मान्य हुन्छ र सोही अनुरूप विवाहका विधिहरू प्रारम्भ भएको मानिन्छ । विवाहका लागि उमेर, योग्यता, वर वधुको शारीरिक बनौट, रूप, रङ्, लक्षण, सम्पत्ति, सौन्दर्य, खानदान, शिक्षा, बुद्धि आदिलाई प्राचीनकालदेखि नै विवाहको एक आवश्यक तत्व मानिएको छ । गोकर्ण तीर्थमा पहिले-पहिले विवाह गर्नु अघि 'नान्यमुखी श्राद्ध' गरेर मात्र विवाह सम्पन्न गर्ने परम्परा थियो । तर समयको परिवर्तनका साथै अहिले विवाहमा केही युगानुकूल परिवर्तनको आवश्यकता सँगसँगै सो श्राद्ध नगरी नै विवाह गर्न थालिएको छ । वैदिक बिधि अनुरुप विवाह गर्न झण्डै तीन दिन जति लाग्ने गर्दछ । तर यस क्षेत्रमा प्रेमी र प्रमिकाहरू आएर दश मिनेट भित्रमा

---

[१९०] अन्तर्वार्ता सुरेशचन्द्र भट्टसँग
[१९१] खत्री, पूर्ववत (पा.टि.न.१८५), पृ. १३४-१३५

शिवजीलाई (गोकर्णेश्वरलाई) साक्षी राखेर विवाह गरेर एक अर्कामा जीवनसाथी बनेर फर्कने गरेको पनि देखिन्छ ।

विवाहको चिरस्थायी धार्मिक र नैतिक बन्धनलाई बढी सारयुक्त र मजबुत बनाउनका लागि वर-वधुका संरक्षक, नातासम्बन्धी र इष्टमित्रहरूका सामुन्ने अनेक देव-देवतालाई साक्षी राखी विवाहका विविध विधिहरू गर्ने गरिन्छ । यसै कुरालाई आत्मसाथ गर्दै वर र वधु दुवै पक्षका आमाबाबुहरू विवाह पक्का गर्न गोकर्णेश्वर महादेव मन्दिरमा आइ विवाहको निश्चित गर्ने चलन छ । यही बेला केटाले केटीलाई हेर्ने र कुरा गर्न समेत अवसर दिइन्छ ।[१९२] यति मात्र नभएर केटा र केटीबीच यही विवाह हुने गरेको पाइन्छ । यो पावन शैवक्षेत्र गोकर्णेश्वरमा मुलुकका ७५ वटै जिल्लाहरूबाट मात्र नभएर भारतीय उपमहाद्विपबाट समेत विभिन्न समयमा हिन्दूहरू आई विवाह संस्कार सु-सम्पन्न गर्दै आएको पाइन्छ । धार्मिक क्षेत्रमा सम्पन्न गरिने विवाहमा कम खर्च, कम समय र फलदायी हुनुका साथै आत्मनिर्णय आदि विविध पक्षहरू पनि समाविष्ट हुन्छन् ।

वि.स.२०४६ सालमा प्रजातन्त्रको पुनःस्थापना भए पछि यस क्षेत्रमा चार/पाँच जना पुरोहितहरूको मन्दिर आसपास बसोबास गर्ने क्रम बढेर गएकाले यहाँ जाने मानिसहरूलाई उपनयन, विवाह, तीर्थश्राद्ध आदि विभिन्न धार्मिक एवम् सांस्कृतिक कृत्यहरू/गतिविधिहरू सञ्चालन गर्न धेरै सहज भएको छ । हिन्दूहरूका अलावा बौद्ध धर्मावलम्बीहरू भने यहाँ आई विवाह गर्ने गरेको पाइन्न ।

### ३.१०.४ अन्त्येष्टि संस्कार

हिन्दूहरूका निमित्त जीवनको अन्तिम संस्कार अन्त्येष्टि संस्कार हो । मृतकका नातेदारहरूले परलोक या पुर्नजन्ममा मृतकलाई सुख र कल्याण होस् भन्ने भावनाले यो संस्कार सम्पन्न गर्दछन् । हिन्दूहरूका निमित्त यस लोकको जीवन भन्दा परलोकको जीवन ज्यादै महत्वपूर्ण भएकाले यो संस्कार अनिवार्य र धेरै सावधानी पूर्वक गर्ने गरिन्छ ।[१९३] यसरी अन्त्येष्टि संस्कारको सम्बन्ध मूलतः मोक्ष र पुनर्जन्मसँग छ । आत्मवादी हिन्दूहरू पुनर्जन्ममा विश्वास राख्ने हुनाले त्यसका लागि पनि केही गरिनुपर्छ भन्ने भावना हिन्दूहरूमा छ । पवित्र वाग्मती, चन्द्रमती र सूर्यमतीको सङ्गम गोकर्णेश्वर तीर्थमा उपनयन, विवाह आदि संस्कारहरूका अलावा वाग्मती नदीको तटमा निर्मित घाटमा गोकर्ण गाउँ लगायत वरिपरिका हिन्दूहरूले शवदाह समेत गर्दै आएका छन् । पहिले-पहिले यहाँ हिन्दूहरूले दाहसंस्कार गर्दा बाजा गाजा सहित गर्ने गर्दथे । तर हाल आएर सो परम्परा हटी शंख, घण्ट आदिका साथ वाग्मतीमा अन्त्येष्टि संस्कार गरिन्छ । पहिले

---

[१९२] ताम्राकार, पूर्ववत (पा.टि.न.३२), पृ. ४
[१९३] क्षेत्री र खतिवडा, पूर्ववत (पा.टि.न.१८६), पृ. २६५

मृत्युसंस्कार गर्दा विश्रामस्थल दोबाटो र चिता बनाएको ठाउँमा पिण्ड प्रदान गरेर शव दाह गर्ने चलन थियो । यो परम्परा अद्यापि भारतको मद्रासमा जीवितै रहेको पाइन्छ ।[१९४]

श्मसानमा पुगेपछि चिता तयार पारेर चितामाथि लास राखेपछि मुख्यकर्ताले मुखपट्टि चितामा आगो सल्काउने गर्दछन् । अग्निद्वारा शवदाह गरेर मृतक आत्मालाई पवित्र बनाउनुका साथै पितृलोकतिर विदा गरिन्छ । शबदाहपछि मलामी जाने सबैले पानीमा डुबुल्की मारेर मृत व्यक्तिको नाम लिँदै अँजुलीबाट मृतकलाई पानी दिने परम्परा छ । यसपछि चिता पिण्ड दिएर नदीमा स्नानादि गरिसकेपछि मलामीहरू घर फर्कने काम हुन्छ । पितृलोकतिर जाँदा बाटोमा पर्ने वैतरणी नदी पार गर्न सहयोग होस् भनेर गाई दान, र पिण्डका रूपमा दैनिक भोजन मृतक आत्माका लागि दिने गरिन्छ ।

यहाँ दाहसंस्कार गर्ने सिलसिलामा क्षेत्री, बाहुन आदि जातिहरूले शवलाई चिता पिण्ड दिने चलन छ भने बौद्ध नेवारहरूमा श्रेष्ठ, मानन्धर आदिले आफ्नै परम्परा संस्कृति अनुसार घरबाटै अगाडि ढोलक, भ्याली, ढ्याङ्ग्रो आदि बाजागाजा सहित एक माना भात, माटोको भाँडोमा उसिनेको अण्डा, परालको कल्ली र हाँडीभित्र भूस राखी मृतकको घरबाटै लाससँगै बालेर ल्याएको आगोले मृतदाह गर्ने चलन पाइन्छ । मृतकलाई घाटतिर लग्दा ढोलक, भ्याली, शंख, घण्ट आदि बजाउनु भनेको अजातले लाश छुनबाट बच्न गरिएको प्रतिकात्मक संकेत हो भने शवदाह कार्य सम्पन्न गर्ने क्रममा अशुभतत्वबाट बचाउनु पनि हुनसक्दछ । यति हुँदाहुँदै पनि साउन र भदौ महिनामा चाहिँ बौद्धहरूले पनि बाजा रहित मृतकको दाहसंस्कार सम्पन्न गर्ने चलन छ । बौद्ध लामाहरूमा धेरै वर्ष पहिले एउटा मृत व्यक्ति पुनः बहुरिएको कारणले अद्यापि मृतकलाई एकरात भए पनि घरमै राखेर मात्र भोलिपल्ट जलाउने गरिन्छ । नेवारहरूले पहिले मृतकको देहलाई डाँडामा लगी जलाउने गरेकोमा हाल आएर ती क्षेत्र खेती तथा जनसङ्ख्या बृद्धिका कारण खाली नभएकाले नदी किनारतिरै सो कार्य गर्न थालेका हुन् । त्यसमा पनि पहिला गोकर्णेश्वर उत्तर चन्द्रभागा नदीको तटमा नेवार पुटुवार (महर्जन), श्रेष्ठ आदि समूदायको चिता भए पनि हाल ती सम्पूर्ण चिताको नष्ट भए पछि भने मृतदाह गर्ने घाटतर्फ मानिसहरूको आकर्षण बढ्न थालेको पाइन्छ । हिन्दूहरूमा मृतकको जेठो छोराले दागवत्ती दिने चलन छ भने बौद्ध नेवारहरूमा आमा बिते कान्छा छोराले र बाबुबिते जेठो सन्तानले दागबती दिने प्रचलन छ । मन्दिरमा बाजा बजाउने नेवार कुस्ले समूदायका मानिसहरूमा भने शवलाई नजलाई वाग्मती नदी किनारामै गाड्ने प्राचीन परम्परा अद्यापि कायमै छ ।[१९५]

पहिले-पहिले यहाँ गोकर्ण गाउँ र आसपासका हिन्दू तथा बौद्धहरूले मात्र शवदाह गर्नेमा हाल आएर नजिकै जोरपाटीमा मेडिकल कलेज रहेकाले उपत्यका र अन्य बाह्य क्षेत्रबाट

---

[१९४] अन्तर्वार्ता सुरेशचन्द्र भट्टसँग
[१९५] अन्तर्वार्ता विष्णुभक्त श्रेष्ठसँग

उपचारार्थ ल्याइएका बिरामीहरूको मृत्यु भएमा तिनको पनि यही वाग्मती नदीको किनारामा ल्याई दाहसंस्कार कार्य गर्ने गरेको पाइन्छ । शिवजीलाई लाशको दर्शन गराउनु हुँदैन भन्ने शास्त्रीय मूल्य र मान्यता रहे पनि गोकर्णेश्वर पूर्व वाग्मती नदीको तीरमा दाहसंस्कार कार्य गर्दै आएको देखिन्छ । यसरी धार्मिक क्षेत्रको आसपास शवदाह गर्नाले मृतकको आत्माले चिरशान्ति प्राप्त गर्नुका साथै मोक्ष प्राप्त गर्ने विश्वास गरिन्छ ।

# चौथो अध्याय

# गोकर्णेश्वर र आसपास क्षेत्रका कला र वास्तुकला

## ४.१ कला

कला भनेको विचार अभिव्यक्त गर्ने माध्यम हो चाहे त्यो बोल्ने, लेख्ने वा कुनै पनि कार्य होस् । कलालाई एउटा क्षेत्रमा मात्र सीमित नराखेर त्यसलाई विभिन्न क्षेत्रमा फराकिलो पारिएको छ । प्राग्ऐतिहासिक कालमा मानवले कलाको माध्यमबाट आफ्ना मनोभावनाहरू अरु समक्ष अभिव्यक्त गर्ने गर्दथ्यो । कला अन्तर्गत चित्रकला, मूर्तिकला, धातुकला आदि पर्दछन् । मूर्तिकलाको इतिहासलाई केलाउँदा सबभन्दा प्राचीन माटोबाट निर्मित मूर्तिहरू देखा पर्दछन् । मूर्तिकलाको प्रारम्भमा काठबाट पनि मूर्तिहरू बने होलान् तर काठ स्थायी रूपले नखप्ने भएकोले त्यसबाट निर्मित वस्तुहरू माटाका बस्तुहरु झैं पुराना भेटिएका छैनन् । माटोपछि स्थायी रूपले खप्ने प्रस्तरका मूर्तिहरू छन् । यस्ता प्रकारका मूर्तिहरू गोकर्णेश्वर मन्दिर आसपास प्रशस्तै रहेका छन् ।[१]

गोकर्ण मुख्य मन्दिरको प्राङ्गणमा १८/१९ शताब्दीका असंख्य मूर्तिहरू रहेका छन् ।[२] ई.१८५५ (वि.स १९१२) मा गोकर्णेश्वर मन्दिरको बाटो र मन्दिर क्षेत्र वरपर बलभञ्जन पाण्डेले स्थापना गर्न लगाएका करिब ३०/३२ वटा विभिन्न देवदेवी तथा गणहरूका मूर्तिहरू मध्ये सरस्वती, चन्द्रमा र महाकाल भैरवका मूर्ति अति नै सुन्दर छन् ।[३] त्यसैगरी दिवंगत पितृहरूमा श्रदाञ्जली अर्पण गर्न उत्तरगया मानिएको पुण्य क्षेत्र कुशे औँसी र पुसे औसीमा मेला लाग्ने वाग्मती तटका गोकर्णेश्वर मन्दिरमा जीत गोविन्द आमात्य र हरि गोविन्द आमात्य तथा अन्य दुनिया दारका कीर्ति पनि थुप्रै छन् ।[४]

यो मन्दिरमा वरिपरि सम्पूर्ण भागमा उत्कृष्ट मूर्तिहरूको संग्रह रहेको छ । यो मन्दिरको महान चासो भनेकै आश्चर्यजनक रूपमा अनेकौं मूर्तिहरूको संकलन र देवी-देवताहरूको विविध संग्रह मार्फत यो क्षेत्रको विशेषतालाई स्पष्टता पार्नु हो । यहाँका केही मूर्ति त हजार वर्ष भन्दा पनि पुराना छन् । यस क्षेत्रका स्मारकहरूमा महादेव मन्दिर, गजाधर नारायण हल, पार्वती मन्दिर र अन्य विभिन्न कलाकृतिहरूमा इन्द्र, नरसिंह, नारद, विष्णु, ब्रह्मा, वायुदेव, महागौरी, अन्नपूर्ण, भगवती, चामुण्डा, हनुमान, वासुकी, कामदेव, सूर्य, गणेश, चन्द्र, गरुडनारायण, बुद्ध, सरस्वती, मञ्जुश्री आदि रहेका छन् । जसमा ब्रह्मा, नरसिंह, सूर्य, गणेश, प्रेमदेव कामदेव, दुर्गा, चन्द्रमा आदिले धेरै हिन्दू देवताहरूको प्रतिनिधित्व गरेका छन् ।

---

[१] लैनसिंह वाङ्देल, **नेपाली मूर्तिकलाको विकासक्रम,** (काठमाडौं: नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.स.२०३२), पृ.१-२

[२] युनेस्को, **काठमाडौं भ्याली**, दि प्रिजरभेसन अफ् फिजिकल इन्भाइरोमेन्ट एण्ड कल्चरल हेरिटेज अ प्रोटेक्टीभ इन्भेन्ट्री, भोलम् १, (भियनाः एन्टोन स्क्रोल एण्ड कम्पनी, १९७५), पृ. १५०

[३] साफल्य अमात्य, **नेपालमा पुरातत्व**, पहिलो संस्करण, (साझा प्रकाशन, २०३६), पृ. १६३

[४] मनदमोहन मिश्र, **नेपाली संस्कृतिमा वागमती एक बिहङ्गम दृष्टि**, (ललितपुरः श्रद्धा प्रकाशन, २०४७), पृ. २८०

मन्दिरको पूर्वतर्फ कामदेव, धन्वन्तरी, सूर्य, चन्द्र, नारद, अग्नि, हरगौरी (१६ श.), गरुडनारायण र एउटा पशुपति लिङ्ग आदिका कलाकृति रहेका छन् । पश्चिमतर्फ विष्णु, ब्रह्मा, नन्दी, भृङ्गी, वायुदेव, महागौरी (८ श.) नन्दी, मञ्जुश्री, हनुमान, कुवेर र कुमारका मूर्तिहरू छन् । त्यस्तैगरी उत्तरतर्फ अन्नपूर्ण, दुर्गा, गौरी, भगवती, अन्नपूर्ण, जरेश्वर, शिव, गंगा, वासुकी, हनुमान र असंङ्ख्य शिवलिङ्गहरू रहेका छन् । मन्दिरको दक्षिणतर्फ भने इन्द्र, नरसिंह, नारद, कामधेनु, लक्ष्मी, बुद्ध, सरस्वती र भैरवका मूर्तिहरू छन् । यहाँ यत्रतत्र छरिएर रहेका लिच्छविकालीन, मल्लकालीन, शाहकालीन र राणाकालीन विभिन्न कलाकृतीहरू पाइएका छन् जुन यस प्रकार छन् ।

### ४.१.१ पूर्वतर्फका कलाकृतिहरू

**१. कामदेव**

चतुर्भुज पद्मासनमाथि स्थानक मुद्रामा रहेको यो मूर्तिको चारबाहु मध्ये दायाँ दुई बाहुमा जपमाला .......रहेको छ भने बाँकी बायाँ दुई बाहुमा त्रिशूल र थैली समातेको छ । फुस्रो बलौटे ढुङ्गाबाट निर्मित यो मूर्तिको कानमा पुष्पकुण्डल, गलामा पुष्पमाला र शिरमा जटामुकुट लगाएको छ भने मूर्तिको माथि प्रस्तर छत्र रहेको देखिन्छ । (चित्र नं. १४)

**२. धन्वन्तरी**

स्थानक द्विभुजी यस मूर्तिको दायाँ बाहुमा बज्र र बायाँ बाहुमा अगाडि पेटसम्म उठाई ल्याएको कलश रहेको छ । फुस्रो कालो बलौटे ढुङ्गाबाट निर्मित यस मूर्तिको शिरको दायाँ तिरदेखि तल कानको भाग सम्म टुटेको र मुखको अन्य भाग पनि फुटेको छ । धन्वन्तरी योगीलाई आयुर्वेद शास्त्रका देवता मान्ने प्रचलन छ । उनी आयुर्वेद शास्त्रका विशेष ज्ञाता तथा शल्यतन्त्रका आचार्य हुन् ।

**३. सूर्य**

सौर्य देवताहरूमध्ये सबैभन्दा शक्तिशाली देवता सूर्य मानिन्छन् । यिनलाई अन्धकारहन्ता, प्रकाशदाता, जीवनबर्धक, रोगनाशक र विश्वको नियामक एवम् मनुष्यका कर्मका प्रेरक पनि भनिएको छ । यो मूर्तिफलकमा सूर्यलाई आकाशमा विचरण गर्ने सात घोडे रथमा उत्कीर्ण गरिएको छ । रथको सारथीको रूपमा अरुणलाई देखाइएको छ । सूर्यदेवको दुवै बाहुको कमल पुष्प कुमसम्म पुगेको छ भने दुवै सूर्य मूर्तिका बाहुहरूलाई अभय मुद्रामा प्रस्तुत गरिएको छ । सूर्यको शिरमा अलंकृत किरिट मुकुट, कानमा पुष्पकुण्डल र छात्ती भने कवजयुक्त देखिन्छ । गलामा विभिन्न माला पहिरिएको सूर्यको दायाँ बायाँ दुई घुँडा टेकेर बसेका सूर्यका द्वारपाल दण्ड र पिङ्गल छन् । ती दुवै मूर्तिले आ-आफ्ना बाहुमा अन्धकारको विनासका निम्ति धनुकाँड वा धनु

खैचिएर वाण हान्न उत्सुक रूपमा मूर्तिकारले उत्कीर्ण गरेका छन् । यो मूर्ति कालो फुस्रो बलौटे प्रस्तरबाट निर्मित छ ।

**४. चन्द्र**

चन्द्रलोकका अधिष्ठाता (स्वामी) या सोम चन्द्रमालाई आर्धिदैविक देवता मानिन्छ । सात घोडाको रथले तानेको सूर्य मूर्तिको नजिकै रहेको यो मूर्तिफलकमा पद्मासनमाथि सातवटा हाँस र सारथीलाई स्थानक अवस्थामा समातेको पुष्प मूर्तिको कुमसम्म पुगेको देखिन्छ । शिरमा किरिट मुकुट, कानमा पुष्पकुण्डल र छातीमा कवजयुक्त यो मूर्तिको दुवैतिर दायाँ र बायाँ दुई गणहरू हातमा अन्धकार नासक धनुषकाँड लिई घुँडा टेकेर बसेको अवस्थामा छन् । कालो फोस्रो बलौटे प्रस्तरबाट बनेको यो मूर्ति ठाउँ ठाउँमा चर्केर गएकोले त्यति आकर्षक छैन ।

**५. अग्नि**

वैदिक साहित्यमा पृथ्वीका देवताहरू मध्ये सर्वश्रेष्ठ देवता अग्निले नै हविलाई देवतासम्म पुऱ्याउने र देवताहरूलाई यज्ञभूमिमा ल्याउने गर्दछन् भन्ने विश्वास गरिन्छ । दानव, पिशाच र राक्षसहरूका शत्रु, मानवका मित्र (रक्षक) र प्राणीहरूका सहायक अग्निलाई पिता, बन्धु, मित्र र गृहपति पनि भनिन्छ । कालो फुस्रो ढुङ्गाबाट निर्मित स्थानक द्विभुजी यो मूर्तिको दायाँ पाउ भेडा (बोका) र बायाँ पाउ कमलको फूलमाथि राखेको देखिन्छ । मूर्तिको दुई बाहुमध्ये दायाँ बाहुमा जपमाला र बायाँ बाहु अग्निको ज्वालायुक्त रहेको छ । प्रस्तर छनौट राम्रो नभएको कही कही फुटेको यो मूर्तिको शिरमा मुकुट, गलामा पुप्पमाला र कानमा पुष्प कुण्डल लगाएको देखाइएको छ ।

**६. हरगौरी** (**अर्धनारीश्वर**)

हरगौरी मूर्तिमा शिव र पार्वतीलाई एउटै मूर्तिफलकमा देखाइएको हुन्छ । शिव र शक्ति मिलेर नै पूर्ण हुन्छ जसलाई पूर्ण ब्रह्माको रूप अर्धनारीश्वर भनिन्छ । यो मूर्ति विशिष्ट शक्तिमान या प्रकृति विशिष्ठ पुरुषको धोतक हो । यो विश्व स्त्री र पुरुषबाट उत्पन्न भएको हो स्त्री पुरुषात्मक नै छ । गोकर्णेश्वर मन्दिरको पूर्वतर्फ रहेको यो चतुर्भुजी स्थानक मूर्तिको दायाँ आधा भाग शिव र बायाँ तर्फको आधा भाग पार्वतीको रहेको छ । त्यसैले यो मूर्तिफलकले दुवै देवदेवीको प्रतिनिधित्व गरेको पाइन्छ । मूर्तिको दायाँ पाउ नन्दी माथि र बायाँ पाउ सिंहमाथि रहेको यो मूर्तिको जोडी दायाँ बाहुमा त्रिशूल र पात्र छ भने एक जोडी बायाँ बाहुमा पद्मपुष्प र पास समातेको छ । शिव भाग साधारण छ भने नारीरूप पार्वती अलङ्कृत छ । यस मूर्तिफलकको शिरोभागमा गरुड नारायणको मूर्ति उत्कीर्ण गरिएको छ । चतुर्भुजी यस मूर्तिको चार बाहुमध्ये तीन बाहुहरू भाँचिएका छन् भने अर्को एउटा बायाँ बाहुमा गदा लिएको छ । फुस्रो बलौटे ढुङ्गाबाट निर्मित यो गरुडको मूर्तिको प्रभामण्डलका साथै मुख समेत फुटेको देखिन्छ । स्थानीय

जनताहरूको आधा टाउको दुखेमा अर्धनारी नटेश्वरको रस शिव र पार्वतीको दुवै भाग बेग्ला-बेग्लै बाख्राको दूधमा लगाई विपरीत दिशामा सुँगेमा आधा टाउको दुखेको सञ्चो हुन्छ भन्ने स्थानीय जनविश्वास रहेको पाइन्छ । सुन्दर गरुडनारायणको सो मूर्ति प्रारम्भदेखि नै यही थियो वा मर्मतका क्रममा उठाएर त्यहाँ ल्याई कसैले राखेको हो यसै हो भन्न सकिदैन । शिवरात्रीमा दाताका परिवारका सदस्य आई पूजा गर्ने एवम् धुपबात्ती चढाई बत्ती बाल्ने चलन छ । (चित्र नं. १५)

**७. गणेश**

ज्ञान र सफलताका देवता, हात्तीको टाउको भएका गणेश संरक्षक र विध्नहर्ता हुन् । मुसो वाहन भएका अन्य देवताहरू भन्दा पहिले पूजा गरिने शिवपुत्र गणेश सिद्धिदाता एवम् विनायकका रूपमा पनि चिनिन्छन् । चतुर्भुजी यो प्रस्तर मूर्ति आफ्नो वाहन छुचुन्द्रो माथि दायाँ पाउ पलेटी मारी एवम् बायाँ बाहु बायाँ घुडामाथि राखेर आसन मुद्रामा रहेको अवस्थामा देखाइएको छ । मूर्तिको दायाँ तर्फका दुई बाहुमा माला र दन्त समाती भू-स्पर्श मुद्रामा रहेको छ भने बायाँ दुई बाहुमा परशु (बञ्चरो) र लड्डु लिएको देखिन्छ । भक्तजनहरूले रातो गेरु रङ्ले लिपेकाले पुरै रातो भएको यो मूर्तिको शिरमा किरिट मुकुट, पुष्पमाला लगाएको देखिन्छ । गोकर्णेश्वर मन्दिरको पूर्वीद्धारको ठीक सामुन्ने छेउमा माथि चढ्दा दायाँ तर्फ रहेको फुस्रो बलौटे प्रस्तरबाट निर्मित यो मूर्तिको बायाँतिर हनुमानको मूर्ति रहेको छ । (चित्र नं. १६)

**८. हनुमान**

बादर चेहरा भएका देवता हनुमानले रामलाई रावणको नष्ट गर्न सहयोग गरेका थिए । रामभक्त भएकाले उनी सधैँ राम र सिताका कथाहरूमा देखिन्छन् । उनको शिर रातो वा सुवर्ण छत्रले ओताइएको हुन्छ । उनी विशेषत राजकुमार र लडाकु मानिन्छन् । रामका परमभक्त हनुमान ब्रह्मचारी भएकाले नेपाली परम्परा आस्था र विश्वासअनुसार उनलाई सधैँ रातो कपडाले छोपी राख्नुपर्छ भन्ने मान्यता अनुसार यो मूर्तिलाई पनि रातो वस्त्रले पूर्णत ढाकिएको छ । द्विभुजी यो प्रस्तर मूर्तिको सम्पूर्ण भाग रातो वस्त्रले छोपिएको छ । द्विभुजी यस हनुमान मूर्ति बायाँ घुँडा टेकी बसेको अवस्थामा छ भने दायाँ बाहु घुँडामाथि राखेको र बायाँ बाहु अभय मुद्रामा रहेको देखिन्छ ।

**९. नरसिंह**

भगवान् विष्णुका विभिन्न दश अवतारमध्ये चौथो एवम् सत्ययुगको अन्तिम अवतार नृसिंह अवतार हो । विष्णुभक्त प्रह्लाद र राक्षसी प्रकृतिको हिरण्यकशिपुको कथासँग सम्बन्धित नृसिंह अवतार विष्णुको स्वरूप आधा सिंह र आधा नरको जस्तो हुने यो अवतारको प्रयोजन हिरण्यकशिपुलाई नाश गरी देवताहरूको र प्रह्लादको रक्षा गर्नु नै मानिएको छ । वाग्मती नदी तटीय घाट देखि गोकर्णेश्वर मन्दिरतर्फ सिँढी चढी उक्लँदा सिँढीको दायाँतिर एउटा सानो देवालय भित्र चतुर्भुजी पद्ममाथि स्थानक अवस्थामा रहेको एउटा धेरै राम्रोसँग निर्माण भएको प्रस्तरको

मूर्ति छ । मूर्तिको आभूषण तथा पोशाक पनि मूर्तिकारले राम्ररी कुँदिएको देखिन्छ । यो मूर्तिको दायाँ दुई बाहुमा पुष्पमाला लिएको छ । बायाँ दुई बाहुले................लिएको छ । कानमा पुष्पकुण्डल, शिरमा किरिट मुकुट लगाएको यो मूर्तिको प्रस्तर कालो चिल्लो प्रकारको छ । यो देवालयसँगसँगै जोडिएको अवस्थामा दायाँतर्फ एउटा टुटेफुटेको शिवलिङ्ग र यसका अग्र भागमा फलामको संवत् उल्लेखित एउटा घण्ट पनि रहेको छ ।

**१०. जलाशयन नारायण**

शेष (सर्प) मा शयन गर्ने शेषशायी विष्णु सबै अवतारका मूल कारण हुन् । नारा (जल)मा निवास गर्ने हुनाले जलशायी विष्णुलाई नारायण भन्ने नाम दिइएको हो । महाप्रलयको बेला सम्पूर्ण जगत् जलमग्न हुँदा नारायण मात्र शेषमाथि बसी योगनिन्द्रामा रहँदा परमेश्वरलाई सृष्टि-इच्छा जागी नारायणको नाभिबाट कमल, कमलबाट ब्रह्माजी उत्पन्न भएका र तिनै नारायणले धर्मसंस्थापनार्थ नाना अवतार धारण गरी धर्मको संस्थापना र अधर्मको नास गरेको वर्णन पाईन्छ । गोकर्णेश्वर मन्दिर पूर्व पवित्र वाग्मतीको किनारमा पहिलो सिँढीमै या गजाधार नारायण मन्दिरको मुख्य प्रवेशद्वार अगाडि अलीपर चतुर्बाहुयुक्त बाहुहरूमा शङ्ख, चक्र, गदा र पद्म धारण गरेको सानो चारकुने पोखरी आकारका स्थानमा शयन मुद्रामा वाग्मतीतर्फ शिर पारी शेष शैयामा सुतेको यो मूर्तिको शिरलाई सात नागको फणाले सुरक्षित गरेको छ । फुस्रो बलौटे ढुङ्गाबाट निर्मित यो शेषशायी नारायणको मूर्ति मूर्तिकलाको दृष्टिकोणले त्यति उत्तम देखिदैन । मूर्तिको फुटेको स्थानमा सीमेन्ट लगाई दिनाले त झन् यो मूर्ति च्याप्टो प्रस्तरझैँ प्रतीत हुन्छ । मूर्तिले बाहुहरूमा लिएको आयुध एवम् मुद्राले मात्र जलाशयन नारायण हो भनी चिनिन्छ ।

**११. राधाकृष्ण मूर्ति**

राधा र कृष्णको संयुक्त मूर्ति फलकलाई राधाकृष्ण मूर्ति भनिन्छ । शिव र पार्वती जस्तै राधा र कृष्ण पनि एक अर्कामा परस्पर अभिन्न छन् । गोकर्णेश्वर महादेव मन्दिर पूर्व वाग्मती नदीको केही सिँढी माथि चढ्दा बायाँ तर्फ छत्र ओडाएको हनुमानको प्रस्तर मूर्ति छेउमै एक नव निर्मित राधाकृष्णको स्थानक मूर्ति रहेको छ । दायाँ तर्फ कृष्ण र बायाँ तर्फ राधा रहेको यो मूर्तिमा कृष्णले दुई हातले मुरली बजाउँदै गरेको देखिन्छ । नव निर्मित आसपासका अन्य मूर्तिहरू भन्दा पनि यसको महत्व धेरै नै कम महसुस हुन्छ ।

**१२. नारद**

नारद प्राचीन ऋषिमुनिका साथै एक प्रसिद्ध र प्रकाण्ड विद्वान हुन् । धर्मतत्ववेत्ता र विद्वान नारदलाई एक कुरौटे व्यक्तिको रूपमा समेत उल्लेख गरेको पाईन्छ । पद्मपुष्पमाथि स्थानक मुद्रामा रहेको द्विभुजी यो प्रस्तरको मूर्तिको दायाँ बाहुमा माला र बायाँ बाहुमा वीणा धारण गरेको देखिन्छ । ऋषिमुनिका रूपमा देखाउन यस मूर्तिलाई लामो दाह्री सहित प्रस्तुत गरिएको छ ।

### ४.१.२ पश्चिमतर्फका कलाकृतिहरू

### १. विष्णु मूर्ति

गरुड वाहन भएका हिन्दू देव विष्णुलाई नारायणका रूपमा पनि चिनिन्छ । यस ब्रह्माण्ड र सम्पूर्ण प्राणीका संरक्षक वा पालनकर्ता विष्णुले दश पटक पृथ्वीमा अवतारका रूपमा भ्रमण गरी संसारलाई विध्वंस हुनबाट बचाएको विश्वास गरिन्छ । चर्तुभुजयुक्त गरुडासनमाथि स्थानक रूपमा रहेको यो मूर्तिको चारबाहुमा शङ्ख, चक्र, गदा र पद्म रहेका छन् । फुस्रो कालो प्रस्तरबाट निर्मित यो मूर्ति कलात्मकताको हिसाबले त्यति सुन्दर एवम् उच्चकोटिको भने लाग्दैन । यो प्रस्तर मूर्तिलाई चर्तुभुज नारायण मूर्ति पनि भनिन्छ ।

### २. ब्रह्मा

हिन्दू धर्ममा त्रिदेव भनेर सृष्टिकर्ता ब्रह्मा, पालनकर्ता विष्णु र संहारकर्ता भनेर महादेवलाई चिनिन्छ । यसरी जगत् उत्पत्तिका मूल (स्वामी) विजतत्व भएकाले नै ब्रह्मालाई पितामह पनि भनिन्छ । चतुर्बाहुयुक्त हाँसको वाहन माथि स्थानक रूपमा प्रस्तुत यो मूर्तिको चार बाहुहरू मध्ये दुई दायाँ बाहुमा जपमाला र पुस्तक तथा बायाँ दुई बाहुमा भने त्रिशूल र कलश लिएको देखिन्छ । फुस्रो कालो ढुङ्गाबाट निर्मित यो मूर्तिलाई कलाको दृष्टिकोणले त्यति उच्च मान्न सकिदैंन । (चित्र नं. १७)

### ३. नन्दी

नन्दी शिवका मुख्य गणनायक हुन् र शिवका द्वारपाल पनि हुन् । नन्दी पशु उपासकको प्रतीक हो । शिव भगवान्को कृपाबाट भएका सांसारिक बन्धन काटिन्छ भन्ने भाव झल्काउन नै हरेक शिव मन्दिरमा नन्दीको स्थापना गरिन्छ । पद्मासन माथि उभिएर नृत्यमुद्रामा रहेको चतुर्भुजयुक्त यो मूर्तिको चारबाहुमध्ये एउटा दायाँ र अर्को एक बायाँ बाहुले मादल जस्तो बाजा बजाइरहेको देखिन्छ भने अर्को दायाँ र बायाँ बाहुमा डमरू तथा खट्वाङग लिएको छ । कालो फुस्रो प्रस्तरबाट निर्मित यो मूर्ति शिवकै एउटा रूप हो अथवा यस मूर्तिलाई नृत्येश्वर महादेव पनि भनिन्छ ।

### ४. भृङ्गी

भृङ्गीलाई शिवपरिवारका महत्वपूर्ण सदस्यहरू मध्येको एक मानिन्छ । शिवका अगाध भक्त अन्धक राक्षसले घनघोर तपस्या गरेर भृङ्गीको रूपमा जन्म लिएको वर्णन शिवपुराणमा पाइन्छ । पद्मासनमाथि उभिएर नृत्य मुद्रामा तल्लिन रहेको यो चतुर्भुजी प्रस्तर मूर्तिको एक दायाँ र बायाँ बाहुले मादल बजाइरहेको देखिन्छ भने अरु दुई बाहुमध्ये दायाँ एक बाहुमा डमरु र बायाँ बाहुमा खटवाङ्ग समातेको देखिन्छ । महादेवका गणहरूमध्ये एक सदस्य मानिने यो भृङ्गीको फुस्रो कालो प्रस्तर मूर्तिलाई पनि नृत्येश्वर महादेव भन्ने गरिन्छ ।

### ५. वायुदेव

हावा हुण्डरीका देवता मानिने वायु अन्तरिक्षका देवता हुन् । आर्यहरूमा अति प्राचीन देवता वायुलाई ऋग्वेदमा सहस्र नेत्रधारी, जलवृष्टिका कारण, मेघमालाको संचालक तथा जलराशि समुद्रमा गिराउने गर्दछन् भनी वर्णन गरेको पाइन्छ । स्थानक मुद्रामा दायाँ पाउ जरायो माथि र बायाँ पाउ कमलको फूलमाथि राखेको यो द्विभुजी मूर्तिको दायाँ बाहुमा अङ्कुश र बायाँ बाहुमा ध्वजा लिएको छ । यो प्रस्तर मूर्तिको शिरमा मुकुट, कानमा कुण्डल र घाँटीमा पुष्पमाला लगाएको देखिन्छ । यो वायुदेवताको मूर्ति फुस्रो कालो प्रस्तरबाट बनाइएको छ ।

### ६. कुवेर, व्यालीद्य, हनुमान र विश्वकर्मा

गोकर्णेश्वर मन्दिर देखि पश्चिमतर्फ मूलबाटो माथि लहरै चारवटा भिन्दा-भिन्दै प्रस्तर मूर्तिहरू रहेका छन् । यहाँ क्रमशः दायाँबाट कुवेर, व्यालीद्य (?), हनुमान र विश्वकर्माका मूर्तिहरू रहेका छन् । कुवेरलाई पुराणमा उत्तर दिशाका स्वामी र सम्पूर्ण धनधान्यादि ऐश्वर्यशाली भनिएको पाइन्छ । पृथ्वीमा जति निधि छ ती सबैका स्वामी मानिएका मयुरासनमा रहेको द्विभुजी यस कुवेर मूर्तिको दायाँ बाहु घुँडामाथि उतानोपारी राखेको अवस्थामा देखाइएको छ भने बायाँ बाहुमा पद्म लिएको छ । कुवेर मूर्ति सँगै व्यालीद्य (नेवारीमा) को द्विभुजी मूर्ति छ । त्यस्तै अर्को एउटा द्विभुजीय मूर्ति छ जसलाई हनुमानको मूर्ति भनिन्छ । सो मूर्तिलाई बायाँ घुँडा टेकी दायाँ हात घुँडामा उतानो पारी राखेको अवस्थामा देखाइएको छ । त्यस्तै लहरै रहेको चौथो तथा अन्तिम मूर्ति विश्वकर्माको हो । यस षड्वाहुयुक्त मूर्तिले बाहुहरूमा खड्ग, पद्म, किताब, वाणादि आयुधहरू लिएको देखिन्छ । (चित्र नं. १८)

## ४.१.३ उत्तरतर्फका कलाकृतिहरू

### १. अन्नपूर्ण (शीतला माई)

गोकर्णेश्वर महादेव मन्दिरको उत्तरतर्फ दुर्गा मूर्तिको छेउमै एउटा पद्म माथि स्थानक द्विभुजी प्रस्तर मूर्ति रहेको छ । मूर्तिको दायाँ बायाँ दुई रक्षकहरू रहेका छन् । यो मूर्तिको दायाँ बाहुमा पूर्ण कलश र बायाँ बाहु भने बायाँ तर्फको स्थानक रक्षकको पछाडि अडेस लगाएको देखिन्छ । कालो फुस्रो ढुङ्गाबाट निर्मित यो मूर्तिको दायाँ कम्मर र पाखुरा देखि प्रभामण्डल सम्म फुटेको, शिरमा किरिट मुकुट, गलामा पुष्पमाला र पत्रकुण्डल आदि आभूषणले सिङ्गारिएको छ । पहिला बालकको कान छेड्ने बेलामा बालकलाई यो मूर्तिको दर्शन गराइन्थ्यो तर हाल यो प्रचलन हराएर गइसकेको छ । बालकको अन्नप्रासन संस्कार सम्पन्न गर्दा यो मूर्तिको दर्शन गराई अन्न खुवाउने चलन रहे तापनि हाल सो चलन पनि लोपोन्मुख हुँदै गएको पाइन्छ । यी देवतालाई पहिले-पहिले शरीरमा विफर र ठेउला आएमा पूजा गर्ने चलन थियो तर पछि यी रोगहरू उन्मूलन भएर गएकाले यी देवता पूज्ने परम्परा र विश्वासमा पनि परिवर्तन देखा पऱ्यो ।

२. **दुर्गा**

गोकर्णेश्वर मन्दिरको उत्तरतर्फ रहेको चतुर्भुज सिंह वाहन माथि दायाँ खुट्टा र कमलको फूलमाथि बायाँ खुट्टा राखी स्थानक अवस्थामा रहेको एक मूर्ति छ । चतुर्बाहुयुक्त मूर्तिको एक जोडी दायाँ बाहुमा खड्ग र शंख तथा अरु दुई बायाँ बाहुमा चक्र र त्रिशूल लिएको यो दुर्गा मूर्तिको शिरमा किरिटमुकुट, कानमा पद्म पत्र देवीको वाहन सिंहको मुखभित्र तर्फ फर्केको छ । कालो फुस्रो बलौटो ढुङ्गाबाट निर्मित यो मूर्ति कलाको दृष्टिले त्यति राम्रो देखिदैन ।

३. **गौरी**

गोकर्णेश्वर मन्दिरको उत्तरतर्फ दुर्गाको मूर्ति छेउमै रहेको चतुर्भुज सिंह वाहनमाथि दायाँ पाउ सिंह र बायाँ पाउ पद्मको फूल माथि स्थानक अवस्थामा रहेको यो मूर्ति पार्वतीको अर्को स्वरूप हो । चारबाहु मध्ये दायाँ एक बाहु वरद मुद्रामा र अर्को एकले चाहिँ खड्ग लिएको छ भने बायाँ एक बाहु अभय मुद्रामा र अर्को एक बाहुले पद्म समातेको देखाइएको छ । शिरमा किरिटमुकुट, घाँटीमा पुष्प एवम् मुण्डमाला, कानमा पदमपत्र कुण्डल लगाएको यो देवीको वाहन सिंह अघिल्लो मूर्ति (दुर्गा) को ठीक विपरीत बाहिर तर्फ फर्केको छ । कालो फुस्रो बलौटे ढुङ्गाबाट निर्मित यो मूर्ति बिग्रिएको देखिन्छ ।

४. **भगवती**

गोकर्णेश्वर महादेव मन्दिर शैव मन्दिर भएकोले यहाँ शिव परिवारका विभिन्न सदस्यहरूका मूर्तिहरू राखिएका छन् । त्यसमा पनि यस मन्दिर प्राङ्गणमा पार्वतीका विभिन्न स्वरूपलहरूलाई देखाइएको छ । अघिल्लो गौरी मूर्ति जस्तै यो चतुर्बाहुयुक्त मूर्तिको दायाँ पाउ सिंहमाथि र बायाँ पद्म पुष्प माथि राखेको अवस्थामा छ । माथिल्लो दायाँ बाहुमा खड्ग, अर्को बाहु भने आफ्नै घुडामाथि अडेस लगाइ राखेको छ । मूर्तिको बायाँ बाहु अभय मुद्रा र अर्को बायाँ बाहुमा भने पद्मपुष्प लिएको देखिन्छ । शिरमा किरिटमुकुट, कानमा पद्म कुण्डल, गलामा पुष्प तथा मुण्डमाला लगाएको यो देवी मूर्तिको बायाँ खुट्टाको दोस्रो औंला फुटेको छ भने प्रभामण्डल पनि चर्केको छ । कालो फुस्रो बलौटे ढुङ्गाबाट निर्मित यो मूर्ति कलाशैलीका दृष्टिकोणले त्यति उत्तम आर्कषक देखिदैँन ।

५. **जरेश्वर / जोरहरेश्वर मूर्ति**

गोकर्णेश्वर महादेव मन्दिरको उत्तरतर्फको द्वार अगाडि स्तम्भमा फलामको त्रिशूल गाडिएको छ, सोही त्रिशूल गाडिएको स्तम्भको पेटी माथि चारैतिर फर्केको अवस्थाका चार भिन्ना भिन्नै मूर्तिहरू रहेका छन् । ती मूर्तिहरू मध्ये गोकणेश्वर मन्दिरतर्फ फर्किएको एउटा अनौठो मूर्ति छ जसको तीनवटा पाउ र तीन वटै शिर रहेको छ । यस्तो मूर्ति हरेक शिव मन्दिरमा हुनुपर्ने परम्परा अनुसार नै राखिएको हो । एउटा बायाँ खुट्टा पद्मासनमा रहेको यो मूर्तिको पहिलो दायाँ

बाहुमा चिन्तामणि ढुङ्गा सहितको अभय मुद्रा र दोस्रो बाहुमा जपमाला लिएको छ । बायाँ बाहुमा थैली आदि लिएको यो मूर्ति जुँगायुक्त, पत्रकुण्डल, जटामुकुटयुक्त छ ।

ज्वरो आएको बखत यी देवताको पूजा आजा गरेमा ज्वरो ठीक हुन्छ भन्ने स्थानीय जनधारणा रहेको छ । यी देवतालाई ज्वरो आएको बेला दहीचिउरा मुसी खुवाउने चलन नेवार समुदायका मानिसहरूमा रहेको पाइन्छ । उनीहरू यी देवतालाई "धौबजी नकेउद्य" भन्ने गर्छन् । "धौ" भनेको दही र "वजी" भनेको चिउरा खुवाउने र "नकेउदय" भनको देवता भन्ने हुन्छ । यसरी यी देवतालाई दही चिउरा खुवाउने देवता पनि भन्ने गरेको पाइन्छ । काठमाडौं उपत्यकामा नै यस प्रकारका मूर्तिहरू बहुत कम सङ्ख्यामा मात्र पाइन्छन् ।

**६. अन्नपूर्ण**

जरेश्वर मूर्तिसँगै त्रिशूल मुनि पश्चिम तर्फ फर्केर रहेको यो द्विभुजी मूर्ति पद्मपुष्प माथि स्थानक अवस्थामा रहेको छ । मूर्तिको दुई बाहुहरू मध्ये दायाँ बाहुको चमरले बायाँ बाहुमा लिएको  पूर्णघडाको पानी झिकेको जस्तो अवस्थामा देखाइएको छ । घाँटीमा विभिन्न माला, शिरमा किरिटमुकुट लगाएको यो मूर्तिको कानमा भने पद्मपत्र लगाएको छ । यो अन्नपूर्णको मूर्ति फुस्रो बलौटे ढुङ्गाबाट निर्मित छ ।

**७. दक्षिणकाली / चामुण्डा मूर्ति**

गोकर्णेश्वर मन्दिरको उत्तरतर्फ सीधा अगाडि जरेश्वर र अन्नपूर्ण मूर्तिसँगै फलामको त्रिशूल गाडिएको पेटीमाथि जरेश्वरको ठीक विपरीत दिशामा शयन बेतालमाथि स्थानक अवस्थामा रहेको द्विभुजी मूर्ति छ । मूर्तिको दुई बाहुहरू मध्ये दायाँ बाहुमा खड्ग र बायाँ बाहुमा टाउको ( मुण्ड) समातेको छ । शरीरको सम्पूर्ण करङ्ग स्पष्ट देखिने शिरमा जट्टाले ढाकेको यो मूर्तिको गलामा मुण्डमाला, कानमा पुष्पकुण्डल लगाइएको देखिन्छ । फुस्रो बलौटे प्रस्तरबाट बनेको यो मूर्ति पाण्डे परिवार (बलभञ्जन)ले स्थापना गरेका मूर्तिहरू भन्दा कलाको दृष्टिकोणले राम्रो र उत्कृष्ट छ ।

**८. वीरभद्र / महाकाली**

दक्षको यज्ञ विध्वंस गर्न शिवले उत्पन्न गरेर पठाएका शिवका गण नै वीरभद्र हुन् । महादेवका गणमा वीरभद्रको ठूलो स्थान छ । वीरभद्र साक्षात रूद्रमूर्ति मानिन्छन् । बाबु दक्षले गरेको यज्ञमा हामफालेर सतीले प्राण त्यागेको, अग्निले शिवको क्रोधको डरले शरीर भष्म नगरेको र शिवको आज्ञाले वीरभद्रले दक्षको शिर काटेर होमेको वर्णन शिव पुराणमा छ । नेपालमा भने वीरभद्रको मूर्ति खासै उपलब्ध छैनन् ।

गोकर्णेश्वर महादेव मन्दिरको उत्तरतर्फ सीधा अगाडि फलामको त्रिशूल गाडिएको पेटीमाथि अन्नपूर्ण मूर्तिको ठीक विपरीत दिशा तर्फ षड्भुजी दायाँ पाउ गोरुमाथि र बायाँ पाउ

पद्मपुष्पमाथि राखी स्थानक अवस्थामा एक मूर्ति रहेको छ । मूर्तिको छ बाहुमध्ये पहिलो दायाँ बाहुमा चिन्तामणि ढुङ्गा लिई अभय मुद्रामा र बाँकी दुई बाहुमा चक्र तथा खड्ग लिएको छ भने बायाँ प्रथम बाहुमा त्रिशूल र अरु दुई बाहुमा बेतालको टाउको आदि समातेको छ । यो प्रस्तर मूर्तिको शिरमा जटामुकुट, सर्पकुण्डल एवम् मुण्डमाला पनि लगाएको यो मूर्ति नेपालकै एक अपवादका रूपमा प्राप्त मूर्ति हुनसक्छ ।

## ९. गङ्गा

पितृहरूको उद्धारका निम्ति भगीरथले प्रवाहित गराइएकी गङ्गाजीको कथा पुराणहरूमा पाइन्छ । वेदमा नदी रूप र पुराणमा साकार रूपमा वर्णन गरिएकी गंगालाई नेपाली संस्कृतिमा पवित्र नदीका साथै सबैभन्दा उत्तम तीर्थका रूपमा मानिन्छ । पद्मासनमाथि स्थानक अवस्थामा रहेको चतुर्भुजी यी देवीका चारबाहुमध्ये दुई बाहुले कलश अगाडि ल्याई समातेको छ भने अन्य दुई बाहुले पूर्णघडा शिरमाथि राखी समातेको अवस्थामा देखाइएको छ । नाडीमा वाला लगाई कानमा पद्मकुण्डल र गलामा विभिन्न प्रकारका पुष्पमाला, बुट्टेदार कपडा लगाइएको कालो फुस्रो बलौटे प्रस्तरबाट निर्मित यो मूर्तिको पाउको बूढी औंलाको टुप्पो भने टुक्रिएको देखिन्छ ।

## १०. वासुकी मूर्ति

गोकर्णेश्वर मन्दिरको उत्तरतर्फ गङ्गाको मूर्ति निकट अर्को एक सात नागको आसनमाथि बसेर शिरलाई सातै वटा नागका फणाले सुरक्षित गरेको मूर्ति छ । द्विभुजी यो मूर्तिको दायाँ अभय मुद्रा सहितको बाहुको मध्य भागबाट कमल पुष्प निस्केको र बायाँ बाहुमा चक्र कमाण्डलु लिएको छ । फुस्रो बलौटे ढुङ्गाबाट बनेको यो मूर्तिको शिरमा किरिट मुकुट, कानमा पुष्पकुण्डल, गलामा पुष्पमाला लगाएको छ भने नाडीमा वाला लगाएको देखिन्छ ।

## ११. असङ्ख्य शिवलिङ्गहरू

देव चिन्हका रूपमा लिङ्ग शब्द शिवको लिङ्गका लागि नै प्रयोग भएको छ । शिव यस्ता देवता हुन् जसको मूर्ति र लिङ्ग दुवैको पूजा हुन्छ । शिवको साकार स्वरूपको प्रतीक विभिन्न रूपका मूर्ति हुन् भने निराकार स्वरूपको प्रतीक चाहिँ शिवलिङ्ग हो । गोकर्णेश्वर महादेव मन्दिरको उत्तरतर्फ एकै ठाउँमा असङ्ख्य शिवलिङ्गहरू रहेका छन् । यो शिव मन्दिर भएको हुनाले यहाँ अनगिन्ती शिवलिङ्गहरू निर्माण गरिएको हुनुपर्दछ ।

गोकर्णेश्वर महादेवको उत्तरतर्फ खुला रहेको ठाउँमा शिवलिङ्ग समूह सँगसँगै जमिनमा गाडिएको एउटा महादेवको लिङ्ग छ जसको अगाडि वाहन नन्दी रहेको छ । नन्दीको शिर भने हुण्डरीले सँगैको पाटीबाट उडाई ल्याएको जस्ताले ठक्कर दिएर फुटेको छ । यी महादेवको

स्थापना महांकाल बौद्धस्थित मधुवन सुब्बाका पुर्खाले गरेका थिए । यहाँ माघशुक्ल द्वादशीका दिन होम गरी बत्ती बाल्ने तथा पूजा आजा गर्ने प्रचलन रहेको थियो ।[५]

गोकर्णेश्वरको आसपास कार्तिक शुक्ल पूर्णिमाका दिन होमादि गरी पर्व चलाउने र गोकर्णेश्वर महादेवकै पुजारीलाई नित्य पूजा तथा पर्व चलाउन खान्की दिने व्यवस्था गरिएको एउटा शिवलिङ्गको चर्चा पाइन्छ । त्यस्तै एउटा अग्लो आसन माथि जलहरीमा शिवलिङ्ग रहेको छ । एउटै ढुङ्गाबाट निर्मित शिवलिङ्ग र जलहरी मध्ये शिवलिङ्गलाई माटो एवम् पातपतिङ्गरले ढोकेको र उत्तर तिरको भत्केको गाह्रोको भाग पनि यही भित्र जम्मा भएको थियो ।[६] फुस्रो बलौटे ढुङ्गाबाट निर्मित यो शिवलिङ्ग हाल भने सुरक्षित अवस्थामै रहेको हुनुपर्दछ । मन्दिर प्राङ्गणमा यत्रतत्र छरिएर रहेका शिवालयहरू झैँ स्थापित शिवलिङ्गको नित्य पूजाका निम्ति गुठी रहेको या नरहेको केही जानकारी हुन नसकेको बेवारिसे शिवालयका रूपमा रहेको छ । यहाँ शिवलिङ्ग बाहेक उत्तरतर्फको गाह्रोमा भैरव र पूर्वको गाह्रोमा हनुमानको अधिक मात्रामा खिइएका प्रस्तरका मूर्तिहरू रहेका छन् । जसमा हनुमान मूर्तिको दायाँ बाहु भने टुटेको अवस्थामा छ ।

### १२. शिवमूर्ति

यही कतै कमसल प्रस्तरबाट बनेको बाहिर घामपानीका कारणले निकै बिग्रेको अवस्थामा एउटा शिवको मूर्ति प्राप्त छ । पूर्वतर्फको जलहरी माथी अड्याइएको चतुर्बाहु यो मूर्तिको एक दायाँ बाहुमा जपमाला, बायाँबाहुमा त्रिशूल र अन्य बाहुहरूमा डमरु र टाउको (?) जस्तो वस्तु छ । यो मूर्तिको दायाँ एक पुरुष मूर्ति र बायाँतर्फ द्विभुजी एक नारी मूर्ति रहेको छ । पुष्पकुण्डल र जटामुकुट आदिले सिङ्गारिएका यी सबै मूर्तिहरू ठाउँठाउँमा फुटेका एवम् टुक्रिएका छन् । जलहरीको अधिकतम भाग माटोले छोपिएको फुस्रो बलौटे ढुङ्गाबाट निर्मित यो शिवमूर्ति शिवालय नम्बर ६ को पछाडिपट्टि छ ।

## ४.१.४ दक्षिणतर्फका कलाकृतिहरू

### १. भैरव

शिवका असङ्ख्य भिन्नाभिन्नै रूपहरू मध्ये भयंकर उग्ररूप एवम् अति विशिष्ट तान्त्रिक स्वरूप नै भैरव हो । शिवको पूर्णरूपको झलक नै भैरव हो भनेर शिवपुराणमा भनिएको छ । वैदिक कालमा भयावह रूपमा चिनिने रूद्रकै परिवर्तित रूपमा भैरवलाई लिन सकिन्छ । गोकर्णेश्वर मन्दिरको दक्षिणतर्फ बेतालमाथि स्थानक मुद्रामा रहेको चतुर्बाहुयुक्त मूर्ति छ । मूर्तिको चारबाहुमध्ये दुई दायाँ बाहुमा त्रिशूल र खड्ग लिएको छ भने दुई बायाँ बाहुमा ढाल र बेतालकै टाउको समातेको छ । पहिलो दाताबाट राखिएको गुठीको आम्दानीले यस मूर्तिको नित्य पूजा र

---

[५] तेजरत्न ताम्राकार, **गोकर्णेश्वर गा.वि.स. गोकर्णेश्वर क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाहरूको एक अध्ययन**, भिलेज प्रोफाइल, दर्ता नं ७८१ (कीर्तिपुर : नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रि.वि., ०४६/०४७), पृ.३४

[६] उही, पृ. ३५

पर्व चलिआए तापनि वि.स. २०४६/४७ सालदेखि भने सो कार्य बन्द भएको छ ।[७] भैरवको यो मूर्ति कालो फुस्रो ढुङ्गाबाट बनेको छ ।

## २. इन्द्र

विभिन्न हिन्दू वैदिक देवी देवतामध्ये अन्तरिक्ष निवासी स्वर्गका देवराज इन्द्र सबैभन्दा प्रख्यात मानिन्छन् । हात्ती वाहन भएका आर्यको रक्षक र अनार्य विनासक मानिने इन्द्र वर्षाका देवताका रूपमा पनि चिनिन्छन् । ऐरावत हात्ती वहान माथि विराजमान देवराज इन्द्रका जम्मा चार बाहुहरूमा विभिन्न चार आयुधहरू रहेका छन् । मूर्तिको दायाँ दुई बाहुमा चवर र बज्र छ भने बायाँ दुई बाहुमा कलश र ध्वजा लिएको छ । पूर्णरूपले श्रृंगार गरिएको यो मूर्तिको शिरमा किरिट मुकुट लगाइएको छ । यो फुस्रो कालो प्रस्तरबाट निर्मित मूर्तिको गलामा पुष्पकुण्डल र पुष्पमाला लगाइएको देखिन्छ । मूर्तिको दायाँ र बायाँतर्फ चार भक्तहरूले हातमा सिङ्गारिएको हात्तीको एउटा खण्ड समातेको देखाइएको छ । यो मूर्ति गोकर्णेश्वर मन्दिरको दक्षिणतर्फ अवस्थित छ ।

## ३. नरसिंह

नरसिंह भगवान् विष्णुको सत्य युगमा लिएको चौथो अवतार हो । विष्णुले नृसिह ( मानव+सिंह) अवतार धारण गरी राक्षसराज हिरण्यकशिपुलाई मारी आफ्ना परमभक्त प्रल्हादको रक्षार्थ यो अवतार लिएको मानिन्छ । चारबाहुयुक्त नरसिंहको यो मूर्ति ललितासनमा विराजमान रहेको छ । मूर्तिको चारबाहु मध्ये एउटा दायाँ बाहुमा चक्र र अर्को बायाँ बाहुमा गदा लिएको छ । अन्य दुई बाहुले भने हिरण्यकशिपु दैत्यलाई आफ्ना काखमा राखी नङले पेट चिरिरहेको अवस्थामा देखाइएको छ । यो नरसिंह मूर्ति पनि फुस्रो कालो प्रस्तरबाटै बनेको छ ।

## ४. लक्ष्मी

धन दौलतकी देवी एवम् नारायणकी शक्ति मानिने हिन्दू देवी लक्ष्मी प्रायजसो स्थानक भन्दा आसनमा रहने गर्दछिन् । पद्मासनमा बसेको यो मूर्तिका चारवटा बाहुहरूमध्ये दुई बाहुमध्ये एउटामा जपमाला रहेको छ भने अर्को बाहु वरद मुद्रामा देखिन्छ । अन्य दुई बाहुहरूमध्ये एउटा बाहुमा कलश र अर्को बाहु चाहिँ अभय मुद्रामा रहेको छ । यस मन्दिर प्राङ्गणमा रहेका अन्य मूर्तिहरू झैं कालो प्रस्तरबाट निर्मित यो मूर्तिलाई पनि करिब १२५ से.मी. उचाइको पेटीमा राखिएको छ ।

## ५. कामधेनु

नेपाली हिन्दू धर्म र संस्कृतिमा गाईलाई राष्ट्रिय जनावरका रूपमा मानिन्छ । कामधेनु एवम् गौमाता लक्ष्मीका रूपमा परिचित गाईको इहलौकिक जीवनमा मात्र नभएर परलौकिक

---

[७] उही, पृ.२४-२५

जीवन सुधार्न समेत ठूलो महत्व रहेको छ । यो मूर्ति मूल गोकर्णेश्वर मन्दिरको दक्षिणतर्फ मन्दिर प्राङ्गण झर्ने बाटोको सिढीमा रहेको छ । गाइले बाच्छोलाई दूध चुसाइरहेको यो मूर्ति अन्य मूर्तिहरू जस्तै जमिनमाथि उठाएर राखिएको छ । खुला स्थानमा राखिएको कालो प्रस्तरको यो मूर्ति घाम पानीको कारणले ठाउँ ठाउँबाट उप्केर गएकोले त्यति आर्कषक देखिँदैन ।

**६. सरस्वती**

हाँसको वाहनमाथि विराजमान ज्ञानकी देवी सरस्वतीको पूजा गर्नाले विवेक र ज्ञान प्रदान गर्ने विश्वास गरिन्छ । हरेक बर्ष, वसन्त पञ्चमीका दिन सांगितीक देवीका रूपमा यीनलाई हिन्दू र बौद्ध दुवैले विशेष श्रद्धा एवम् आदर सम्मान गर्दछन् । गोकर्णेश्वर मन्दिर प्राङ्गण जाने सिँढीको बायाँतर्फ भगवान् बुद्धको मूर्तिसँगै चारबाहुयुक्त सरस्वतीको प्रस्तर मूर्ति रहेको छ । सरस्वतीको वाहन हाँस भए तापनि यो मूर्तिको वाहन भने मकर छ । यस्तो प्रकारको मूर्ति धेरै कम संख्यामा मात्र देख्न पाइन्छ । चार बाहुमध्ये अगाडिका एक जोडी बाहुमा वीणा र अन्य दुई बाहुमध्ये एउटामा जपमाला र अर्को बायाँ बाहुमा चाहिँ पुस्तक लिएको छ । वसन्त पञ्चमीका दिन हरेक वर्ष गाउँका प्राय सबै भक्तजनहरू यहाँ आई बडो हर्षोल्लासका साथ फुलमाला र अविरले यो मूर्तिको पूजा गर्दछन् । यो मूर्ति पनि अन्य मूर्तिहरू जस्तै कालो प्रस्तरबाट बनेको पाइन्छ । हिन्दूहरू यस मूर्तिलाई विशेषतः प्रत्येक वर्ष वसन्तपञ्चमीका दिन सरस्वतीका रूपमा पूजाआजा गर्दछन्. भने बौद्धहरू मञ्जुश्री (बोधिसत्वको एउटा स्वरूप) का रूपमा पूजा गरी विद्या ज्ञान माग्दछन् । (चित्र नं. १९)

**७. बुद्धको मूर्ति**

मूर्ति पूजाका विरोधी भगवान् बुद्धको महापरिनिर्वाण पश्चात उनका भक्त तथा भिक्षु सदस्यहरूले उनले प्रयोग गरेका चिवर, भिक्षुपात्र आदि वस्तुहरूलाई सम्मान उपासना गर्ने क्रममा पछिबाट बौद्ध प्रतिमाहरूको प्रशस्त बृद्धि हुन गएको मानिन्छ । गोकर्णेश्वरको दक्षिण वा सरस्वती मूर्तिको छेउमा भिक्षापात्र लिइ पद्मासनमा बसेको यो मूर्तिको पादपीठमा एक लाइनको अभिलेख समेत कुँदिएको छ । जहाँ बुद्धसंवत् २४९५ (वि.स २००९) अङ्कित छ । यो मूर्ति स्वयम्भूमा बसोबास गर्ने एक जना भिक्षुले स्थापना गरेका थिए । उनको देहावसान पछि भने उनका एक जना चेलाले रेखदेख गर्दै आएका थिए । यो मूर्ति राम्रो अवस्थामा रहेको छ । मूर्तिको परम्परागत पूजाआजा चलाउन कुनै गुठी नभए तापनि दाताबाटै बर्षको एक पटक कुशे औंसीका दिन यहाँ आएर होमादि पूजाआजा गर्ने प्रचलन रहेको छ । कालो प्रस्तरबाट निर्मित हिन्दू देवदेवताहरू सँगसँगै स्थापित यो बुद्ध मूर्तिले धार्मिक सहिष्णुताको एउटा उत्कृष्ट नमुना प्रस्तुत गरेको छ । ( चित्र नं. २०)

### ८. विश्वामित्र

गोकर्णेश्वर मन्दिरको दक्षिणतर्फ नरसिंह मूर्तिसँगै पद्मासनमाथि स्थानक अवस्थामा रहेको एउटा द्विभुजी प्रस्तर मूर्ति रहेको छ । मूर्तिको दुई बाहुहरूमध्ये दायाँ बाहुले जपमाला समाइ छातीसम्म बाहु लगी राखेको र बायाँ बाहुले कमण्डलु लिएको छ । दायाँ पाउलाई केही मात्रामा मोडेर टेकिएको र बायाँ पाउ सिधा टेकेको यो मूर्तिलाई ऋषि मूर्तिका रूपमा चिनाउन दाह्रीयुक्त एवम् केश बटारेको देखाइएको छ ।

### ९. चित्रगुप्त

चित्रगुप्तलाई यमराजकै एक स्वरूप विशेष मानिन्छ । उनको अभिभारा भनेको जीवात्माहरूको पापपुण्यको लेखाजोखा गरी स्याहा-स्रेस्ता ठीक राख्ने हो । गोकर्णेश्वर मन्दिर देखि दक्षिणतर्फ बाटोमा पद्मासनमा बसेको द्विभुजी एउटा प्रस्तर मूर्ति रहेको छ । सो मूर्तिको दुई बाहुमध्ये दायाँ बाहुमा कमल र बायाँ बाहुमा बही खाता लिएको देखिन्छ । जुन खातामा चित्रगुप्तले धर्म पापको लेखाजोखा गर्ने विश्वास गरिन्छ । घाँटीमा रूद्राक्षमाला लगाएको यो मूर्ति दाह्रीयुक्त देखिन्छ । चित्रगुप्तको यो प्रस्तर मूर्ति सँगसँगै अर्को द्विभुजी प्रस्तर हनुमानको मूर्ति पनि रहेको छ । घनविक्रमद्वारा निर्मित यी दुवै प्रस्तर मूर्तिहरू जगदीश्वर महादेव गुठी अन्तर्गत पर्दछन् ।

### १०. गणेश/कुमार

गणेश र कुमार पार्वतीका पुत्र मानिन्छन् । गणेशका भाइ कुमार कार्तिकेयका रूपमा पनि चिनिन्छन् । शिवपरिवारका गणहरूमध्ये अग्रपूजा हुने गणेश र द्वितीय पूजा हुने कुमार यी दुईको ठूलो स्थान छ । गोकर्णेश्वर देखि दक्षिणतर्फ बाटोमा चित्रगुप्त र हनुमानको मूर्ति ठीक अघिल्तिर दुई वटा प्रस्तर मूर्तिहरू सँगसँगै रहेका छन् जुन गणेश र कुमारका मूर्तिहरू हुन् । मुसो वाहन माथि बसेको चतुर्बाहु गणेश मूर्तिको दायाँ माथिल्लो बाहुमा माला र वायाँ माथिल्लो बाहुमा पास अङ्कुश लिएको छ भने दायाँ तल्लो बाहुमा पदम र बायाँ तल्लो बाहुमा लड्डु लिएको देखाइएको छ । अधिकांश कुमारका मूर्तिहरू मयुर वाहन माथि सवार भएको पाइए तापनि गणेश मूर्ति सँगै रहेको यो द्विभुजी कुमार भने मयुर माथि सवार भएको पाँइदैन । यो मूर्ति बलभञ्जन पाण्डेले निर्माण गरेको निजी गुठी अन्तर्गत पर्दछ ।

## ४.२ वास्तुकला

वास्तुकला भन्नाले भवन निर्माण सम्बन्धी कला भन्ने हुन्छ । वास्तु शब्द 'बस्' धातु बाट बनेको हो । जसको अर्थ बासस्थान सम्बन्धी कला भन्ने बुझिन्छ । नेपालमा विभिन्न थरीका मन्दिर, दरबार, विहार, स्तूप आदि वास्तुकलाहरू छन् । जसमध्ये मन्दिरहरू मन्दिर वास्तुकला

अनुसार निर्माण गरिन्छ । मन्दिर वास्तुकला अन्तर्गत नेपाली शैली, शिखर शैली, गुम्बज शैली आदि पर्दछ । यस गोकर्ण क्षेत्रमा पनि यी विभिन्न शैलीका मन्दिरहरू रहेका छन् । जुन यस प्रकार छन् ।

### ४.२.१ गदाधर नारायण मन्दिर

प्रसिद्ध गोकर्ण मन्दिरको उत्तरपूर्व (ईशानकोण) तर्फ वाग्मतीको तटमा विष्णुपादुका सहितको एक तले महत्वपूर्ण गदाधरनारायण मन्दिर अवस्थित छ । तीर्थ-पर्यटन नामक ग्रन्थमा गदाधर सम्बन्धी यस्तो उल्लेख पाइन्छ । धर्मराजकी छोरी मारिची ऋषिकी पत्नी धर्मावतीले पतिको अवज्ञा गरेको निहुँमा शिला हुने कठोर श्राप पाएपनि हजारौं वर्ष ठूलो तपस्या गरी विष्णुबाट 'तिम्रो शिलामा समस्त देवताहरूको बास हुनेछ' भन्ने वरदान पाई त्यो शिला देवतुल्य हुन गएको र अर्को तिर 'गय' नामको असुर दैत्यले विष्णु भगवान्को तपस्याबाट 'उसको शरीर समस्त तीर्थहरूले बास गर्ने अत्यन्त पवित्र हुनेछ' भन्ने वरदान पाए पनि तपस्यामै लीन रहेकाले तीनै लोक डगमगाई देवगण भयभित हुनगई विष्णुको निर्देशनअनुसार ब्रहाजीले गयासुरलाई राजी पारी शरीर माथि यज्ञ गरी जान लाग्दा गयासुर पुनः उठ्न लागेकाले देवताहरूको बास भएको धर्मावतीको विशाल शिलालाई देवताहरूले उठाएर गयासुरको देहमाथि राखिदिए । तापनि गयासुरले शिलालाई हल्लाउँदै पुन उठ्न लागेकाले भगवान् विष्णु सोही समयदेखि बास गर्नु भएको हुनाले विष्णु गदाधर उक्त शिलामा नाम रहन गएको हो । यसरी गय नामक असुरको देहले सम्पूर्ण गयालाई नै पवित्र पार्नाले गयाक्षेत्र तीर्थरूप हुनगई यस शिलामा श्राद्धतर्पण गर्नाले समस्त शास्त्रीय मान्यताअनुसार अनन्त महिमायुक्त पितृहरूको श्राद्धतर्पण गर्नाका लागि ठूलो तीर्थ हुन गएको हो ।[८] (चित्र नं. २१,२२,२३ र २४)

सोही समयदेखि भाद्रकृष्ण पक्ष औँसी तिथिका दिन भगवान् नारायणको मन्दिर या गदाधर मन्दिरमा आफ्ना दिवङ्गत पितृहरूको उद्धारहोस् भन्ने कामनाका साथ मृतक व्यक्तिका सन्तानले त्रिवेणी नदीको सङ्गममा स्नानगरी श्राद्ध तर्पण गर्ने कुराको उल्लेख हिमवत्खण्ड नेपाल महात्म्य अध्याय १४२ देखि १६२ सम्म र बराहपुराणमा पाइन्छ । समस्त तीर्थहरूको निवास गर्ने गया-पितृतीर्थ सर्वश्रेष्ठ हो जसको क्षेत्र पनि ठूलो छ । शास्त्रमा बताइएको गया ५ कोश हो र गया शिर एक कोश क्षेत्रलाई मानिएको छ । पितृको श्राद्ध गर्नेले गया र गदाधर विष्णुलाई स्मरण गरेर मात्र श्राद्धतर्पण गर्नुपर्दछ भन्ने शास्त्रीय भनाई पाईन्छ ।[९]

---

[८] युवराज शर्मा गौतम, **तीर्थपर्यटन**, प्रथम संस्करण, (काठमाडौँ : लुम्बिनी ट्रेडिङ एण्ड प्रिन्टिङ हाउस प्रा.लि, वि.स. २०६१), पृ.१७२-७३

[९] उही, पृ.१७१

पञ्चकोशं गयाक्षेत्र क्रोशमेकं गयाशिर : ।
यत्र-यत्र स्मरेद् विद्वान पितृणां दतमक्षयम् ॥
श्राद्ध भूमौ गयां ध्यात्वा तथा देवं गदाधरम् ।
अभाभ्यांच नमस्कृत्यततः श्राद्धं समारभेत् ॥

असुर दैत्य गयको अन्तपछि केही लोभी ब्राहमणहरूले सो क्षेत्रमा तर्पण आदि गर्न आउने श्रद्धालु पितृ भक्तहरूसँग लोभमा परी दान स्वीकार्न थालेको देखेर सृष्टिकर्ता ब्रह्माले ती लोभी ब्राह्मणहरूलाई तिमीहरूको तीन पुस्तासम्मको धन, दौलत ढुङ्गामाटो समान हुनेछ भन्ने श्राप दिनुभयो । तर सम्पूर्ण ब्राह्मणहरू लोभी थिएनन् त्यसैले मारमा परेका ब्राह्मणहरू आफूहरूलाई अन्याय परेकोले ब्रह्माको आराधनामा लागे । सो ब्राहमणहरूको स्तुतिबाट प्रसन्न भएका ब्रह्माले आफ्नो श्राप लोभलालचामा फस्ने ब्राह्मणहरूलाई मात्र रहेको र शास्त्रविधान अनुसार कर्मगरी दान स्वीकार्ने ब्राह्मणलाई होइन भन्दै ती ब्राह्मणलाई भने श्रीसम्पति धनदौलत प्राप्त भै मृत्युपछि ब्रह्मालोक प्राप्त हुनेछ भन्ने ब्रह्माले आर्शीवाद दिएको कुराको उल्लेख गरुड पुराणमा पाइन्छ ।[१०] गदाधर नारायणको मूर्ति नभएको ठाउँमा गया हुँदैन । 'गया' हुनाका लागि गदाधर नारायणको प्रतिमा र विष्णु पादुका हुनै पर्दछ । स्कन्धपुराणको हिमवत्खण्डमा गोकर्ण पितृतीर्थको बारे चर्चा गरिएबाट सोही बेला यहाँ गदाधर नारायणको मूर्ति स्थापना भइसकेको थियो ।[११] यस स्थानमा बसोबास गरी ब्रहाजीले शंकर भगवान्को आराधना गर्ने गरेकाले यस स्थललाई 'ब्रहाश्रम' पनि भनिएको छ ।[१२]

यक्ष मल्ल भन्दा लगभग १०० वर्षपछि जगज्ज्योति मल्लको पालामा लेखिएको 'नरपतिजयचर्यास्वरोदयटिका' ग्रन्थको पुष्पिका बाक्यमा प्रसिद्ध नाम चलेका रघुवंशी राजा जय यक्ष मल्लले आफ्नो पुरुषार्थले मिथिला मगध जितेर गयामा गई पितृश्राद्ध आदि गरे भन्ने विवरण परेको छ ।[१३] यसबाट राजा यक्ष मल्लको पालादेखि नै गया गई पितृश्राद्ध गर्ने नेपालीहरूको प्राचीन परम्परा रहेको अनुमान गर्न सकिन्छ । त्यस्तै श्री ३ महाराज जङ्गबहादुर पनि आफ्नो तीर्थयात्राको सिलसिलामा भारतका चारधाम एवम् गयाक्षेत्रको दर्शन गरी फर्केका थिए । उनले भारतको गयामा श्राद्धतर्पणादि गर्न जाँदा विष्णुपादुका, गदाधरनारायणको दर्शन, अवलोकन गरी स्वदेश फर्किएपछि त्यहाँको धार्मिक प्रभावबाट प्रभावित भई त्यहाँको जस्तै तीर्थस्थल नेपालमै स्थापना गरी विकास गर्न सकेमा देशलाई नै धार्मिक एवम् आर्थिक रूपले टेवा पुग्ने कुरालाई मनन गरी गोकर्णेश्वर मन्दिरको पूर्वोत्तर ईशान कोणमा वाग्मती नदीको तटमा भारतको गयाबाटै ढुङ्गा ल्याई श्री ३ जङ्गले निर्माण गरेको विष्णु पादुका सहितको गदाधर भगवान्को मूर्ति रहेको छ ।[१४] वर्तमान नारायणको मूर्ति र त्यसमा प्रयुक्त गरगहना तथा प्रस्तर स्वरूप हेर्दा लिच्छविकालिन नै हो भन्न सकिन्छ ।[१५]

---

[१०] अन्तर्वार्ता सुरेशचन्द्र भट्टसँग

[११] बटुराम भण्डारी, "काष्ठकलाको नमुना गोकर्णेश्वर महादेव मन्दिरमा" **राजधानी**, बर्ष ६, अङ्क ३८, बि.सं. २०६३, पृ. ७

[१२] लोकनाथ आचार्य, **नेपाल माहात्म्य** (वाराणसी : त्रिमूर्ति प्रकाशन, २०३६), पृ.१०

[१३] गणेशप्रसाद क्षेत्री र रामचन्द्र रायमाझी, **नेपालको इतिहास,** दोस्रो संस्करण (काठमाडौं : एसिया पब्लिकेसन्स, २०६० (क)) पृ.२४९

[१४] ऋषिप्रसाद शर्मा, **नेपाल राष्ट्रिय चाडपर्व**, प्रथम संस्करण, (काठमाडौं : रत्न पुस्तक भण्डार, २०६३), पृ.८०

[१५] बटुराम भण्डारी, "गोकर्णेश्वर मेला", **राजधानी**, बर्ष ५, अङ्क १९३, बि.स. २०६२, पृ. ७

त्यस्तै मन्दिरको बाहिरी स्वरूप र मन्दिर प्राङ्गणमा स्थापित विष्णुपादुका पनि श्री ५ सुरेन्द्रका पालामा श्री ३ जङ्गबहादुरकी आमा रक्षाकुमारीले ई.१८५४ वा वि.स.१९११ मा निर्माण गरेको कुरा सोही मन्दिर भन्दा माथि रहेको एउटा सतलको तल भित्तामा टाँसिएको शीलालेखबाट प्रष्ट हुन्छ । यो गोकर्णको जंगबहादुरकी आमा रक्षाकुमारीले निर्माण गर्न लगाएको रक्षगजाधर मन्दिरको चर्चा 'नेपालमा पुरातत्व' नामक पुस्तकमा लेखक डा. साफल्य आमात्यले गरेका छन् ।[१६] त्यस्तै गरी 'शाहकालिन कला र वास्तुकला' नामक ग्रन्थका लेखक डा. जगदीशचन्द्र रेग्मीले पनि यो मन्दिर तथा यहाँ प्राप्त हुन आएको अभिलेखको उल्लेख गरेको पाइन्छ ।[१७] विष्णुको मूर्ति र विष्णुपादुका दुवै संलग्न गरी एकतले ठूलो गजाधर नारायणको प्रार्थना हल उन्नाइसौं शताब्दीतिर निर्माण गरिएको हो ।[१८] रक्षकुमारीद्वारा निर्मित यो मन्दिरको सञ्चालन या बन्दोबस्तका लागि जम्मा १०० रोपनी जग्गाको गुठी समेत राखिदिएको कुराको उल्लेख यसै शिलालेखमा परेको छ ।

प्यागोडा शैलीमा निर्मित एक तले छानो हालेको यो गदाधर नारायण मन्दिर खुला मण्डप जस्तो गरी बनाइएको छ । पश्चिमतर्फ मात्र भित्ता बनेको यो मन्दिरको अन्य तीन दिशातर्फ भने काष्ठ आँखी बनेका ठूल्ठूला बारको प्रयोग गरिएको पाइन्छ । गजाधर नारायणको मण्डप वरिपरि ढोकाकै नाममा मण्डप घेर्ने गरी निर्माण गरिएका आँखी झ्यालहरू वाग्मती किनारबाट फर्केर हेर्दा ज्यादै कलात्मक, मनमोहक तथा उत्कृष्ट नेपाली भावनाको प्रतीक देखिने हुँदा आँखा झिम्म नगरी हेरीरहुँ जस्तो लाग्दछ ।

यस मन्दिरको पश्चिमतर्फ बनेको भित्ताको भित्रपट्टि धातुको पूजास्थल निर्मित छ, जहाँ ताँवोमा सुनघसी झलमल्ल पारिएको छ । यहाँ विष्णुको कालो शालिग्रामको मूर्ति स्थापना गरिएको छ । पहिले यो मन्दिर प्यागोडा शैलीको झिँगटीले छाएको र त्यसपछि टिनको छानो[१९] भएपनि हाल यस मन्दिरको छानो पहिले जस्तै झिँगटीबाटै बनेको देखिन्छ । गोकर्णेश्वर मन्दिरको झैं विष्णुपादुका मन्दिरको पनि समय-समयमा जीर्णोद्वार कार्य गरिदै आएको छ । वाग्मती नदीको डिलमा अवस्थित यस मन्दिरमा हरेक बर्षातमा आउने बाढीले मन्दिरलाई धेरै नोक्सान पुऱ्याइ जग समेत ढल्कन गएकाले पूरा मन्दिरलाई जगसम्म भत्काई ढलान गरी दचीअप्पाको गाह्रो उठाउनुका साथै मन्दिरको थाम, दलित, मुठल, मुसी, मेठ, फलेक, कार्नेस समेत सम्पूर्ण नयाँ बनाई काष्ठकृति, काठ, फलेट, माटो र झिँगटीमा पनि रसायन प्रयोग गरी मन्दिरको एकसरो जीर्णोद्वार कार्य सम्पन्न गरियो ।[२०]

---

[१६] आमात्य, पूर्ववत् (पा.टि.न.३) पृ.१६२
[१७] जगदीशचन्द्र रेग्मी, **शाहकालीन कला र वास्तुकला**, (काठमाडौंः साझा प्रकाशन, २०३३) पृ.२१६
१८ युनेस्को, पूर्ववत (पा.टि.न. २) पृ.१५०
[१९] रेग्मी, पूर्ववत् (पा.टि.न. १७) पृ.२१६
[२०] शोभा श्रेष्ठ, "गोकर्णेश्वर महादेव मन्दिर जीर्णोद्वार", **प्राचीन नेपाल**, सङ्ख्या १०६, बि.सं. २०४५, पृ.२८

शास्त्रीय मान्यताअनुसार मूल ढोका दक्षिणतर्फ फर्केर रहेको यो मन्दिरको गजुर सुनको जलपयुक्त छ र सोही दिशा तर्फ अगाडि घण्टी पनि झुण्ड्याइएको छ भने ढोका र भुइँमा तामा छापिएको पाइन्छ । नारायणको अलावा यो मन्दिर भित्र दायाँ कुनामा २४ से.मी अग्लो सुनको जलप फुटेको मुकुट, चाँदीको पुष्पमाला लगाएको शिवलिङ्ग छ । नारायण मूर्तिको दायाँ बायाँ लक्ष्मी र सरस्वतीका दुईवटा मूर्तिहरू पनि रहेका छन् । कालो चिप्लो ढुङ्गाबाट निर्मित चतुरबाहुहरुमा ढाल र शङ्ख आदि आयुधहरू लिएको देखिन्छ ।

गुम्बज शैलीमा बनेको भनिए पनि एउटै शुद्धशैलीमा नभई मिश्रित शैलमि बनेको यो गजाधर नारायणकै मन्दिर परिसरमा रहेको विष्णुपादुकामा राखी पिण्डदान गऱ्यो भने सबैभन्दा ठूलो पुण्य मिल्ने कुरा बराहपुराणमा उल्लेख छ ।[२१] पितृकृत्यको लागि गदाधरको सानित्य अत्युत्तम मानिन्छ । आफ्नै महत्व रहेको विष्णुपादुका स्थानमा श्राद्ध गर्दा मृतकहरू स्वर्गमा बास पाउँदछन् भनी विश्वास गरिन्छ ।[२२] यहाँ तस्वीर लिनु अघि पुजारीसँग अनुमति लिनुपर्दछ ।

गदाधर मन्दिरको छानामुनि वरिपरि चारैतिर साना आकारका काठका अलङ्कृत २८ वटा टुँडालहरू रहेका छन् । तीनमा पश्चिमतर्फका टुँडालहरू अश्लील चित्रले युक्त छन् । मन्दिरका टुँडालमा मल्लकालदेखि मात्र कामुक चित्रहरू राख्न थालिएको हो । यस्ता अश्लील चित्रहरू राख्नाले मन्दिरमा ‘चट्याङ्की देवी लज्जालु स्वभावकी कुमारी केटी भएकीले नखस्ने विश्वास गरिए तापनि प्राकृतिक प्रकोपबाट बच्न टुँडालमा देखाइएका कामुक दृश्यहरूको तन्त्रसँग सरोकार देखिन्छ भनी डा.वीणा पौड्यालले ‘सर्वेश्वर महादेव’ पुस्तकमा उल्लेख गरेको पाइन्छ ।[२३]

### ४.२.१.१ मन्दिरको नित्यपूजा

गदाधरनारायण मन्दिरमा दैनिक रूपमा बिहान नित्यपूजा र बेलुकी पख आरती गरिन्छ । मन्दिर निकट तटमा रहेको वाग्मती नदीमा स्नान गरी बिहानको नित्यपूजा गरिन्छ । तर हाल पवित्र वाग्मती नदी प्रदुषित हुन पुगेकाले सो क्रम दिनानुदिन घट्दो देखिन्छ । यहाँ पञ्चामृतले दैनिक नृत्य पूजाआजा गरिन्छ । यस मन्दिरमा दैनिक रूपमा बिहान वैदिक विधिद्वारा पञ्चोपचार पूजा गरिन्छ भने बेलुकी साँझपख धुप, दीप, नैवेद्य, आरती गरिन्छ । बिहान एक-डेढ घण्टा समय लगाई यहाँ नारायणको पूजा अर्चना गरिन्छ । त्यस्तै साँझमा नारायणलाई शयन गराई घण्टीको धुन सहित आधा घण्टा लगाई आरती गर्ने गरिन्छ । नारायणलाई अक्षताले पूजा गर्ने प्रचलन छैन । गोकर्णेश्वर मन्दिर र गदाधर मन्दिरको पूजा-आरतीमा फरक पाइन्छ । यी दुई मन्दिरका पुजारी नै छुट्ट-छुट्टै छन् त अर्कातिर नारायणको पूजा पूर्व या पश्चिमतर्फ फर्किएर गर्ने गरिन्छ । यसरी नित्य पञ्चोपचार पूजा गरिने यस मन्दिरमा कृष्णजन्माष्टमी, ठूलो एकादशी, कुस्माण्ड नवमी, बैकुण्ठ

---

[२१] भण्डारी, पूर्ववत (पा.टि.न. १५) पृ.७
[२२] श्रेष्ठ, पूर्ववत (पा.टि.न. २०) पृ.२८
[२३] वीणा पौड्याल, **सर्वेश्वर महादेव**, (काठमाडौं : डा. ठाकुरनाथ पन्त स्मृति गुठी, २०६० ‘क’), पृ. ११४-११५

चतुर्दशी पर्वका दिनमा भने शोड्षोपचार विधिद्वारा पूजा गर्ने प्रचलन छ । यो मन्दिर छुट गुठी अर्न्तगत रहेको छ ।

हालका उपाध्याय पुजारी हुनु पूर्व यस मन्दिरका पुजारी कर्णेल वशी रहेकोमा उनी निःसन्तान भएकाले पुजारीको वंश परिवर्तित हुन गई उपाध्याय  हरू पुजारी पदमा नियुक्त भए । सोही अनुसार यस मन्दिरका पुजारी बनेका शिवनाथ पनि निःसन्तान भएकाले उनकै आफन्त काँशीनाथ उपाध्याय पुजारी भए । यसरी वि.स १९९६ सालदेखि भने उनै शिवनाथका वंशले पुजारीको भूमिका बहन गर्दै आएका छन् । हाल भने यस गदाधर मन्दिरका पुजारी काशीनाथका सुपुत्र केदारनाथ उपाध्याय (पाण्डे) रहेका छन् । उहाँ पनि बृद्ध हुनाले उहाँकै छोरा इश्वरले मन्दिरको पूजाआजामा पालो दिदै आएका छन् ।[२४] त्यसैगरी सुसारेका रूपमा पूजा सामग्री (सर्दाम) हाल्ने, भाडावर्तन सफा गर्ने केशव ढकाल रहेका छन् । टहलुवा (जलबोक्ने) हरिकृष्ण पौड्याल अस्वस्थ भएका कारण हाल उहाँकै उत्तराधिकारी सुपुत्र केशव पौड्यालले सो कार्यको जिम्मेवारी सम्हाल्दै आएको पाइन्छ । हाल गुठी संस्थानले सुसारेलाई बार्षिक रु १०,००० र टलुवालाई बार्षिक रु १५०० दिदै आएको छ ।

### ४.२.१.२ गजाधरनारायाण मन्दिरका पर्वहरू

#### १. ठूलो एकादशी

गजाधर नारायण मन्दिर परिसरमा सञ्चालन हुने विभिन्न पर्वहरू मध्ये ठूलो एकादशी पनि एक  हो । यो पर्व प्रत्येक साल असार महिनामा पर्दछ । यो पर्व यस वर्ष असार २३ गते मनाइयो । यो दिन घरघरमा तुलसीको मठ स्थापना गरी तुलसी रोप्ने प्रचलन हिन्दूहरूमा अद्यापि कायमै रहेको छ । तुलसीलाई भगवान् विष्णुको एक अशंका रूपमा शास्त्रमा वर्णन गरिएको पाइन्छ । यस दिन गोकर्णेश्वर महादेव मन्दिर परिसरमा भक्तजनहरूको उपस्थिति रहन्छ । भक्तजनहरू मन्दिरपूर्व अवस्थित वाग्मती नदीमा स्नान गरी विष्णुपादुका सहितको गजाधर नारायण मन्दिर, शिवजी आदिको दर्शन पूजा गरी आ-आफ्नो घर फर्कन्छन् । नेपाली हिन्दू संस्कृतिमा ठूलो एकादशी पर्वको पनि आफ्नै महत्व र गरिमा रही आएको पाइन्छ । ठूली एकादशीका दिन पहिलै देखि एघार ब्राह्मणहरूलाई हलुवा, स्वारी, मालपुवा, चिउरा, दक्षिणा आदि गुठीसंस्थानद्वारा पुजारीलाई उपलब्ध गराउने र पुजारी मार्फत ब्राह्मणहरूलाई वितरण गरिदै आएको छ  र अद्यापि सो प्रचलन कायमै रहेको बुझिन्छ ।[२५]

#### २. कुस्माण्ड नवमी

यो पर्वको दिन ब्राह्मणलाई कुभिण्डो दान गर्ने गरिन्छ । यसो गर्नाले कर्तालाई ठूलो पुण्य हुने विश्वास रही आएको छ । शास्त्रमा यस पर्वको ठूलो महत्व एवम् महिमाको वर्णन गरिए

[२४] अन्तर्वार्ता केदारनाथ उपाध्यायसँग
[२५] अन्तर्वार्ता सुरेशचन्द्र भट्टसँग

तापनि हाल मन्दिरमा यो पर्वको दिन भक्तहरूको त्यति ठूलो संख्यामा भीड लागेको पाइदैन । पहिले पहिले गोकर्णेश्वर महादेव मन्दिरको उत्तरतर्फ रहेको एक निजी गुठी अन्तर्गतको एक शिवालयमा कुस्माण्ड नवमीका दिन पूजाआजा गरी यस पर्वमा आउने आगन्तुक भक्तहरूलाई दही, चिउरा खुवाउने प्रचलन थियो तर हाल आएर सो गुठी नै लोभ भइसकेको एवम् कतिपयलाई यो पर्वको ज्ञान नभएर होला यहाँ भक्तहरूको यो पर्व विशेषमा उपस्थिति शून्य नै रहँदै आएको छ ।

### ३. कृष्णजन्माष्टमी

भगवान् श्रीकृष्णको जन्म मथुरामा पिता वासुदेव र माता देवकीको गर्भबाट हुँदा बाबुआमा कंसको झ्यालखानामा राखिएका थिए । कडा पहरायुक्त झ्यालखानमै उनको जन्म भए तापनि श्रीकृष्णको जन्म जनकल्याण र धर्म रक्षाका लागि भएकोले उनको जन्मलाई पूर्णवतार मानिन्छ । महाभारतको युद्धमा उनले कुन्ती पुत्र अर्जुनलाई कर्मयोग, ज्ञानयोग र भक्तियोग प्रधान गीता सुनाएका थिए । हिन्दू विश्वासअनुसार श्रीकृष्ण जगत्पालक ईश्वर हुन् । संसारमा अन्याय र अत्याचार बढ्दै गएपछि भगवान् नारायणले धराधामबाट पापीहरूलाई नष्ट पार्न सत्ययुगदेखि नै विभिन्न अवतार लिँदै आएका छन् ।[२६] त्यसैले प्रत्येक बर्ष भाद्रकृष्ण अष्टमी श्रीकृष्णको जन्म दिनको संस्मरण स्वरूप हिन्दू अधिकांश नेपाली नरनारीहरू व्रत लिई पूजाआजा गरेर श्रीकृष्णको जन्मोत्सव मनाउने गर्दछन् । गजाधार मन्दिरमा पनि कृष्णाष्टमीको दिन विशेष पूजा गरिन्छ । यस दिन यहाँ विशेष पर्व लाग्ने गरेको पाइन्छ । यस दिन यहाँ बिहानैदेखि भक्तहरूको भीडभाड रहन्छ । गोकर्णमा यो दिन पनि ठूलो मेला लाग्दछ । त्यस्तै गरी यो दिन पाटनको कृष्णमन्दिरमा भने पचासौ हजार मानिसहरू श्रद्धापूर्वक श्रीकृष्णको दर्शनार्थ जाने गर्दछन् ।

पहिले पहिले उक्त दिन गजाधार मन्दिर र छेउछाउमा निर्मित अन्य मन्दिरहरूका पेटी, प्राङ्गण र पाटीमा दिप प्रज्ज्वलन गरी भक्तजनहरू भजन कीर्तन र नाचगान गरी रात छर्लङ्ग पार्दछन् । यो क्रम पहिले देखि नै चल्दै आएको विश्वास गरिन्छ । हाल यो दिन रात्रीमा भजनकीर्तन गर्ने भक्तहरूलाई एक मुरी चिउरा, तरकारी, दही आदि रात्रीको बाह्र बजे श्रीकृष्णको जन्म भएपछि प्रसादको रूपमा वितरण गर्न गुठी संस्थानले पुजारी मार्फत वितरण गर्ने व्यवस्था पहिल्यै देखि अद्यापि गर्दै आएको छ । तर हाल आएर उक्त पर्वका दिन राती बाह्र बजेतिर प्रसाद ग्रहण गर्ने मान्छेसम्म नहुनु साह्रै दुःखलाग्दो कुरा बनेको छ । तर प्रसाद खानेहरूमा वरिपरिका भक्तजनहरू, बाजा बजाउने, मन्दिरका पुजारी, पुरोहितवर्ग एवम् सुरक्षाकर्मीहरू भने अवश्य संलग्न रहन्छन् । मल्लकाल देखि नै धुमधामसँग मनाउँदै आएको श्रीकृष्णाष्टमी पर्व हाल आएर गौण रूपमा मानिए पनि नेपाली हिन्दू संस्कृतिमा यस पर्वको ठूलो महत्व भने रही आएकै छ ।

---

[२६] वासु बराल, **हिन्दू सामाजिक संगठनको प्रारुप**, दोस्रो संस्करण, (काठमाडौ : साझा प्रकाशन, २०५०) पृ. ३०७

## ४. बैकुण्ठ चतुर्दशी

हिन्दूहरू मृत्युपछिको जीवनमाथि पनि विश्वास र आस्था राख्दछन् । आफ्नो जीवनकाल भर मृत्यु पछिको मोक्ष प्राप्तिका लागि अनवरत रूपमा सङ्घर्षका खातिर धार्मिक, सांस्कृतिक पैतृक गतिविधिहरूमा संलग्न रहन्छन् । हिन्दूहरू स्वर्ग र नरकमा विश्वास गर्दछन् । त्यसैले आफ्नो इहलीला समाप्ती भएपनि स्वर्ग, बैकुण्ठमा नै बास हुन पाऊँ भनी विभिन्न धार्मिक अनुष्ठान, देवीदेवता, खोलानाला, कुण्ड आदिको पूजा अर्चना गर्ने गर्दछन् । कुस्माण्ड नवमी पछिको पाँचौ दिनका दिन यो पर्व पर्दछ । यो पर्वका दिन भक्तजनहरूद्वारा तुलसीपत्र वाग्मती नदीमा सेलाउने प्रचलन रहेको छ । सो कार्य गर्नाले भक्तलाई बैकुण्ठलोक प्राप्त हुने शास्त्रीय मान्यता रही आएको छ । बैकुण्ठबासको इच्छा, आकाङ्क्षा पूरा हुने विश्वास राखी यो पर्व मान्दै आएको पाइन्छ । पहिले पहिले यहाँ यो पर्व मनाउन भक्तहरूको मन्दिरमा घुइँचो लाग्ने गर्दथ्यो तर हाल आएर यहाँ मन्दिरमा त्यति ठूलो भीड लागेको पाइन्न ।

यो दिन पनि ठूलो एकादशीका दिनमा झैं एघार ब्राहमणलाई हलुवा, स्वारी मालपुवा, चिउरा र दक्षिणा आदि गुठी संस्थानले पुजारीलाई र पुजारीले वितरण गर्दै आएको पाइन्छ तर हाल आएर सो संस्थानले उपलब्ध गराउँदै आएको रकम कम हुन गएकाले पहिले जस्तो यो पर्व मनाउन सहज छैन । यसमा विचार पुऱ्याउनु नितान्त आवश्यक छ ।

## ४.२.२ पार्वती मन्दिर

गोकर्णेश्वर मन्दिरको पश्चिमोत्तर वायण्य कोणमा एउटा पार्वतीको मन्दिर रहेको छ । शिव परिवारका प्रमुख सदस्यहरूमध्ये पार्वती पनि एक हुन् । शिवपुराणमा दक्षप्रजापतिले आफ्नो यज्ञमा शिव र छोरी सतीलाई निमन्त्रणा नगरे पनि सतीले माइत गई यज्ञकुण्डमा हामफाली प्राण त्याग गरेको वर्णन छ भने पुराणहरूमा पर्वतराज हिमालय र मेनकाको गर्भबाट सतीको दोस्रो जन्म पार्वतीका रूपमा भई शिवपति पाऊँ भनी तपस्या गर्दा सफल भएको कथाको वर्णन पाइन्छ । अमरकोशमा पार्वतीका विभिन्न उमा, काव्यानी, गौरी, काली, हैमवती, ईश्वरी, शिवा, भवानी आदि २१ नामहरूको उल्लेख गरिएको छ ।[२७]

शक्ति र शक्तिमानद्वारा उत्पन्न यो जगत शैव र शाक्त दुवै हो । जस्तो पिता र माता नभई पुत्र उत्पन्न हुँदैन् त्यस्तै शिव र भवानी नभई यो चराचर (जगत) हुँदैन, यो विश्व स्त्री र पुरुषबाट उत्पन्न भएको हो, स्त्री पुरुषात्मक नै छ । पुरुषपरमात्मा शिव हुन् भने स्त्री भगवती शिवा हुन् ।[२८] यो मन्दिरको गर्भमा पार्वतीको प्रस्तर मूर्ति रहेको छ । गोकर्णेश्वर महादेवको शक्तिका रूपमा रहेको यो पार्वतीको मूर्ति कलात्मकता दृष्टिकोणले पनि राम्रो देखिन्छ ।

---

[२७] वीणा पौड्याल, **काठमाडौँ उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू,** (काठमाडौँ :साझा प्रकाशन, वि.स.२०६० ख.) पृ.५३

[२८] **भगवान् श्रीपशुपतिनाथको स्वरूप तथा महिमा**, सञ्चार मन्त्रालय, वि.स. २०४६, असार, पृ. ४४

११औं शताब्दी पछिका विभिन्न मूर्तिहरूमध्ये गोकर्णेश्वरको यो पार्वती पनि एक विशेष उल्लेखनिय मूर्ति हो ।[२९] उक्त क्षेत्रमा भएका विभिन्न मूर्तिहरू मध्ये यो पार्वतीको मूर्ति सबैभन्दा राम्रो मूर्ति हो । अन्दाजी बाह्रौ शताब्दी तिरको सो मूर्ति धेरै नै सुन्दर छ ।[३०]

१९औं शताब्दीको एकतले छत्रशैलीको यो पार्वती मन्दिरभित्र रहेको पार्वतीको मूर्ति भने १२औं शताब्दीको हो ।[३१] गोकर्णेश्वर मन्दिर प्राङ्गणमा रहेका अठारौं-उन्नाइसौं शताब्दीका मूर्तिहरू मध्ये पश्चिम तर्फ रहेको यो महागौरीको मूर्तिलाई आठौं शताब्दीको मूर्ति मानिन्छ । मन्दिर प्राङ्गणको उत्तरपश्चिम कुनाको एक सानो मन्दिरभित्र रहेको आठौं शताब्दीको देवी पार्वतीको यो मूर्ति[३२] गोकर्णकै एक उत्तम मूर्ति मानिन्छ । यसरी यो मूर्तिको विशेषतालाई विचार गर्दा यो मूर्ति आठौ शताब्दीतिरै निर्माण भएको हुनुपर्दछ ।

यो पार्वती मूर्ति पनि एउटै शिलाबाट निर्मित छ । पुरातत्व विभागले पनि यो मूर्तिलाई लिच्छिवीकालको हुनसक्ने अनुमान गरेको छ । द्विभुजी प्रभामण्डल समेत लगाइएको एउटै ढुङ्गाबाट बनेको यो मूर्तिले दायाँ बाहुमा मणि र बायाँमा कमलपुष्प आदि आयुधहरू लिएको देखिन्छ । यो पार्वती मूर्तिको दायाँतर्फ भक्तजनका जोडी सलिकको आसनमा अभिलेख सहित संवत् १८४२ एवम् 'श्री बालसिंह' भनी दाताको समेत नाम कुँदिएको छ । त्यस्तै अर्को एउटा फुटेको सालिक आसनमा भने 'बखन सिंह र कृष्ण' उत्कीर्ण छ । ईँटाको गाह्रो र झिँगटीको छानो रहेको यो मन्दिरको निर्माणमा प्रस्तरको भने प्रयोग गरिएको छैन । साथै मन्दिरमा कुनै फूलबुट्टायुक्त आकृतिहरू पनि कुँदिएको देखिदैन ।

आर्थिक वर्ष २०३७/०३८ सालमा यस क्षेत्रका गोकर्णेश्वर महादेव मन्दिर लगायत आसपासका विभिन्न मन्दिर एवम् पार्टीहरूको झिँगटीको छाना राखी पुरातात्विक ढङ्गबाट जीर्णोद्धार गरिए तापनि सो एउटा पार्वती मन्दिरमा भने जस्तापाताको छाना भएकोले त्यहाँको वातावरण समेत सुधार गर्न पुरातत्व विभागले उक्त मन्दिरको पहिलेको जस्तायुक्त छानो हटाई झिँगटीको छानो फेरिदिएको पाइन्छ । कालो चिल्लो प्रस्तरबाट निर्मित यो पार्वतीको मूर्ति वि.स.

---

शक्ति शक्तिम दुत्थं तु शाकतं शैवमिंद जगत ।
यथा न जायते पुत्र : पितंर मातरं विना ।
तथा भवं भवानी च विना नैतच्चराचरम् ।
स्त्री पुसंप्रभवम् विश्वं स्त्री पुंसात्मक्वेम च ॥
(शिवपुराण, वायवीय संहिता, उत्तर भाग, ५/३७-३९)

[२९] मोहनप्रसाद खनाल, **नेपाली कला**, (कीर्तिपुर : नेपाल र एसियाली अनुसन्धान केन्द्र, त्रि.वि., वि.स. २०५२) पृ. १८६
[३०] श्रेष्ठ, पूर्ववत (पा.टि.न. २०) पृ. २९
[३१] ताम्राकार, पूर्ववत (पा.टि.न. ५) पृ. २१
[३२] युनेस्को, पूर्ववत (पा.टि.न. २) पृ. १५०

२०३४ सालतिर चोरी हुने प्रयास भएपछि पोशाक लगाई दिएकोमा[३३] अद्यापि यो मूर्ति यही स्वरूपमा देखिन्छ । (चित्र नं. २५)

सन् १९९० सालमा गोकर्णको यो पार्वती मन्दिर पुनः स्थापना योजना सञ्चालन भएको थियो । त्यसताका यो अठारौं शताब्दीको मन्दिरको छानाको पुनः निर्माण गरेपछि यो मन्दिर सर्वोत्कृष्ट हुन गयो । २८०० डलरमा प्रमुख अन्तर्राष्ट्रिय पुनस्थापना प्रयासमा बटसन डिकरमेन ट्रष्टको फाउण्डरको सहयोगमा सो कार्य सम्पन्न भएको थियो ।

### ४.२.३ शिवमेहेर बालभक्तेश्वर मन्दिर

गोकर्णेश्वर मन्दिर उत्तरपूर्व र गजाधर नारायण मन्दिरको पछाडि उत्तरतर्फ केही स-साना मन्दिरहरू बनेका छन् जसमध्ये श्री शिवमेहेर बालभक्तेश्वर मन्दिर पनि एक हो । यो मन्दिर शाहकालमा बनेको हो । यो मन्दिर शक संवत् १७७८ (ई.१८५६) साल मिति १ रोजका दिन श्री गोकर्णेश्वर स्थानको वाग्मती गंगा निकटमा 'शिवजीको पूजनमात्र सार हो' भन्ने ज्ञानले श्रीमेहर कप्तान मेहरमान सिं राजभण्डारीले आफू र आफ्नी पत्नी बालकुमारीका नामबाट 'श्री शिवमेहेरवाल बालभक्तेश्वर मन्दिर' को स्थापना गरी मन्दिरको प्रतिदिन नित्यपूजा आदि गर्नका लाीग 'अवल मध्ये चंखु खेत रोपनी २१ ठीमीको अवलमध्ये चरुखेत रोपनी १०, डिहीको खेत रोपनी ७ गरी जम्मा ३८ रोपनी खेत जग्गा गुठी राखी पूजा-आजा आदिको समेत लामो विधिविधानका कुरा लेखिएको कुरा गजाधर नारायण पार्टीको भूँई तल्लाको भित्तामा रहेको शिलालेखबाट थाहा हुन्छ । हाल यो अभिलेख गजाधर नारायण पार्टी भित्र रहे पनि पहिला यो अभिलेख गोकर्णेश्वर मन्दिरको उत्तरतर्फ पेटीमा उत्तानो पारी पल्टाइ राखिएको थियो । यो शिलालेख ३ हात जति लामो र १ हात झण्डै चौडा रहेको छ ।[३४] यो मन्दिर र शिलालेखको चर्चा डा.जगदीशचन्द्र रेग्मीले आफ्नो ग्रन्थ 'शाहकालीन कला र वास्तुकला' मा गरेको पाइन्छ ।[३५] शिवमेहेर बालभक्तेश्वर नामक यो शिवमन्दिरको नाममा अघिल्लो नाम मेहेरमान सिं को र पछिल्लो चाहिँ उहाँकी अर्धाङ्गीनी बालकुमारीको नामोल्लेख छ । उक्त शिलालेखमा बालकुमारीको नाँउको साथै पुत्रत्रय नन्दबहादुर, थितीबहादुर र तेजबहादुर आदिको नाम पनि चर्चा गरिएको पाइन्छ । (चित्र नं. २६)

यस अभिलेखमा खेत जग्गा संकल्प गरी त्यसैबाट गुठीमा हुने शक २० गहुं मुरी २/१० डिहीको धान मुरी २/१० को दर ५/४ मोरु ९ घ्यु आदि आम्दानीले तपसिलमा उल्लेखित पर्व-पर्वको पूजा, नित्य पूजा, पञ्चामृत, बर्षबन्धन, पूजाका सरजाम, दक्षिणा, शिवरात्रीको पूजा, महादीप, कुशे औंसी, वर्षबन्धन र चौमासमा गरिनी रुद्री, पुजारी र टलुवा आदिको विधिपूर्वक

---

[३३] ताम्राकार, पूर्ववत (पा.टि.न. ५), पृ. २३
[३४] रेग्मी, पूर्ववत (पा.टि.नं. १७), पृ. २२०-२१
[३५] उही

जसले चलाई श्री शिवमेहेर बालभक्तेश्वरको सेवा गर्ला त्यसको पञ्चमहायज्ञको पुण्य होला र निर्वाण मोक्ष पद्वी पाउला ॥ ॥ भनी चर्चिएको छ । साथै सोही क्रममा विधिपूर्वक कर्म नगर्नेलाई पञ्चमहापातक लाग्ला भन्ने कुरा समेत उल्लेखित छ । निजी गुठी अन्तर्गत राजभण्डारहीरूले स्थापना गरेको यो मन्दिरको गर्भगृहमा नेपालमै नपाइने प्रस्तरको शिवलिङ्ग स्थापना गरिएको छ । भारतको नर्वदा नदीमा पाइने प्रस्तर ढुङ्गाबाट यस मन्दिरको गर्भमा रहेको शिवलिङ्ग तयार गरिएको हो मानिन्छ ।

हाल भने मन्दिरको छानामा पिपलको वृक्ष उम्रिई मन्दिर जीर्ण अवस्थामा बेग्लै शैलीका रूपमा रहेको देखिन्छ । मन्दिर निर्माणमा प्रस्तरको प्रयोग गरिएको छैन भने यो मन्दिरको निर्माणमा महाअपा, दक्षिअपा, भौख्वा, कुना आदि २८ प्रकारका इँटाको प्रयोग भएको पाइन्छ । हाल मन्दिरको ढोका समेत जीर्ण भएकाले मन्दिरको गर्भमा रहेको सेतो शिवलिङ्ग मन्दिर माथि उम्रिएको पिपलको वृक्षको जराले घेरेकोले प्राय खुल्ला नै रहेको छ भने पनि हुन्छ ।

गोकर्णेश्वर मन्दिरका पुजारी भट्ट भए झैं यो मन्दिरका पुजारी भने यही हुनुपर्छ भन्ने कुनै मान्यता छैन । यो मन्दिरको पहिलो पुजारी चन्द्रकान्त भट्टराई थिए । उनी पछि राजोपाध्याय पुजारी भए भने हाल यस मन्दिरका पुजारी केदार पौड्याल रहेका छन् । यसरी यस मन्दिरको पुजारी हुन सबैको योग्यताले दिने कुरा मन्दिरका संस्थापक मेहेरमानसिं राजभण्डारीका सन्तान ध्रुवबहादुर राजभण्डारी बताउँछन् ।

निजी गुठीद्वारा सञ्चालन हुँदै आएको यो मन्दिरको जग्गा मोहिले कमाउँदै आएको र सोही जग्गाको आम्दानीबाट मन्दिरको पूजा पर्व आदि धार्मिक कार्यहरू चलाउँदै आएको बुझिन्छ । यो मन्दिर वरिपरि शाहकालमा निर्मित केही स-साना मूर्तिहरू मध्ये यो ऐतिहासिक वास्तु कलात्मक धरोहरको जीर्णोद्वार एवम् उचित संरक्षण र सम्बर्द्धन हुन नितान्त आवश्यक भएको हुँदा सम्बन्धित व्यक्ति, दाता वा निकायको जीर्णोद्धारको पर्खाइमा रहेको देखिन्छ ।

### ४.२.४ जगदीश्वर महादेव मन्दिर

प्रसिद्ध गोकर्णेश्वर मन्दिर वरपर रहेका विभिन्न मन्दिर वास्तुकलाहरूमध्ये मन्दिरको दक्षिणतर्फ एउटा कम्पाउण्डमा जगदीश्वर महादेव मन्दिर रहेको छ । राणाकालीन समयमा निर्मित यो शैव मन्दिरको निर्माण जयबहादुर कुँवर राणाले गरेका थिए । मृगस्थलीमा पार्टीमा रहेको विशाल शीलालेखमा जर्नेल जयबहादुर कुँवर राणा र उनकी मुमा दुवैले मृगस्थलीमा जयभक्तेश्वर र इन्द्रेश्वरको मन्दिर ई. १८४६ तिर निर्माण गरिएको कुराको चर्चा छ । सोही शिलालेखमा जयबहादुरले आफ्नी मुमा समेत भएर गोकर्णमा पनि जगदीश्वरको मन्दिर निर्माण गरेको चर्चा

परेको छ । उक्त शिलालेखमा माथि उल्लेखित मन्दिरहरूको सञ्चालनका लागि केही जग्गाको गुठी राखी त्यसबाट प्राप्त आम्दानीबाट गर्नुपर्ने खर्चको लागि तपसील समेत लेखिएको छ ।[३६]

'जङ्गबहादुरका भाइ ज. जयबहादुर कुँवर राणाले मृगस्थलीमा इन्द्रेश्वर जगदीश्वर महादेव र गोकर्णमा स्थापना गरेका जयभक्तेश्वर महादेवको नित्य नैमित्तिक पूजा सदार्वत चलाउन भनी आफ्नै तर्फबाट जग्गा किनी गुठी राखी सु-स्थितिका लागि श्री ५ सुरेन्द्रबाट गुठी विर्ता लालमोहर गराई पोता रकम समेत माफ गरिदिएका थिए । यसै गुठ जग्गा केही हरिहर भवनमा पर्दा त्यसको सट्टामा १९७८ मा त्रिभुवनबाट उनकै सन्तानलाई अर्को लालमोहर भएको छ । यही गुठ विर्ता सम्बन्धी कागजको मिसिल यसैमा संलग्न भएका अगाह कागज छन् । गुठ विर्ताको लालमोहर १९०६ सट्टा गर्दा त्रिभुवनबाट भएको लालमोहर १९७८ पहिलेका गुठीमा जस्तै सट्टा गुठी विर्तामा पनि पोतामाफ पाऊ भन्ने वृ.क. घनविक्रम राणाको १९८१ को विन्तीपत्र र त्यसमा बुझ बुझारथ तोक सम्बन्धी कागज १९८१, १९८२ मोठबन्दी बमोजिम साध सिमाना खोली माटो उठती समेत अंक खोली सट्टाका लालमोहरमा जो चाहिने व्यवहोरा थपी इन्द्रेश्वर जगदीश्वरको पोतमाथि विर्ता र जयेश्वरको गुठीको चाहिँ पोता विर्ता गरी जयबहादुरको सन्तानले क.भानुविक्रम वृ.क. घनविक्रम ले क. दुर्गा विक्रम राणाका र मे.क. कुलेन्द्र विक्रम राणाहरूका ठाउँमा पोत माफिएको र पोता विर्ताको छुट्टाछुट्टै लालमोहर गराईदिनु भन्ने श्री ३ चन्द्र र चीफ भीमको विर्ताबाट अड्डाका हाकिमका नाउँमा रुक्का दस्तखत भएको कागज १९८३' को उल्लेख राष्ट्रिय अभिलेखालयबाट प्रकाशित 'अभिलेख' पत्रिकामा गरिएको छ ।[३७]

पहिलो ढुङ्गै-ढुङ्गाबाट निर्मित यो एक तले महादेव मन्दिर हाल आएर भत्किएर जीर्ण अवस्थामा पुगेकोले मन्दिरको गर्भमा सेतोप्रस्तरबाट बनेको एउटा शिवलिङ्ग चाहिँ खुला रूपमा रहेको देखिन्छ । पार्वती मन्दिरको निर्माण शैलीसँग मिल्दो जुल्दो यो जगदीश्वर महादेव मन्दिर पहिले ढुङ्गाको चार पाखे मन्दिरका रूपमा रहेको थियो । यस मन्दिरको सुनको गजुर र घण्टा दुवै चोरी भएको कुरा स्थानीय जनता बताउँछन् । पहिले यो शैव मन्दिर अगाडि पुजारी बस्ने पाटी रहेको थियो । कुँवरले सो मन्दिर तथा पाटीको निर्माण गरी द्वारमा हनुमान र चित्रगुप्तका मूर्ति समेत राखेकोमा हाल पाटी पनि भग्नावशेषका रूपमा परिणत भएको छ । यसरी हाल यो महादेव मन्दिर तथा यहाँ रहेको पाटी दुवै भत्केर गएकाले भग्नावशेष मात्र रहेको देखिन्छ । मन्दिर उचित संरक्षण र सम्बर्द्धनको पर्खाइमा रहेको छ ।

यो महादेव मन्दिर निजी गुठी अन्तर्गत भएको भए पनि हाल नेपाल सरकार गुठी संस्थानलाई सुम्पिएको छ । त्यसैले हाल गुठी संस्थान अन्तर्गत पर्ने हुँदा मन्दिर नभए पनि

---

[३६] उही, पृ. २१३

[३७] बलरामदास डंगोल र अरु (सम्पा.), "गुठी संस्थान अन्तर्गत भद्रकाली स्थित गुठी लगत तथा तहसील कार्यालयमा रहेका कागजातहरुको सूचीपत्र," **अभिलेख**, बर्ष २ अङ्क २, बि.सं. २०४१, पृ. ५१-५२

संस्थानद्वारा पुजारीलाई पारिश्रमिकको व्यवस्था गरी पूजाआजा सञ्चालन हुँदै आएको पाइन्छ । हाल गदाधर नारायण मन्दिरका पुजारी केदारनाथ पाण्डेद्वारा दैनिक रूपमा नित्य पूजा हुँदै आएको यो जीर्ण मन्दिरको भग्नावेशषलाई नयाँ मन्दिरको स्वरूप प्रदान गर्नुपर्ने आवश्यकता देखिन्छ ।

### ४.२.५ गुप्तेश्वर/गुप्ती गणेश मन्दिर

शिवपार्वतीका छोरा गणेशले गणपति या गणको मालिकको रूपमा स्थान पाएको देखिन्छ । ज्ञान र सफलताका देवता, हात्तीको टाउको भएका यी देवता संरक्षक, विध्नहर्ता र सिद्धिदाता पनि हुन् । ठूलो पेट र नाङ्लो जस्तो कान भएका मुसो वाहन माथि चढेका गणेश विनायकका रूपमा पनि परिचित छन् । गोकर्णेश्वर महादेव मन्दिर भन्दा दक्षिणपट्टि बजार सकिने बितिकै बाटोको चौतारी मुनी (वाग्मती नदीभन्दा वारी माथि भीमसेन थापाले बनाएको सेतो सतल भन्दा माथि पहरो भित्र गुप्ती गणेशको मन्दिर अवस्थित छ । त्यहाँ दर्शन पूजा गर्नाले गोकर्णेश्वर दर्शन पूजा पूर्ण हुन्छ भन्ने विश्वास गरिन्छ । गोकर्णेश्वर आसपास छरिएर रहेका विभिन्न देवीदेवताहरू मध्ये यस गुप्ती गणेशलाई पनि गोकर्णेश्वरकै एक अभिन्न अङ्ग देवता मान्ने गरिन्छ । यहाँ प्रत्येक हप्ताको मंगलबार तथा मंगल चौथीका अवसरमा विशेष मेला लाग्ने गर्दछ । मंगलबार भगवान् गणेशको विशेष पूजा आजा गरिन्छ भने गणेशजीको जन्मोत्सवसँग पूर्ण सम्बन्ध राख्ने गणेश चौथीका दिन गणेशको पूजा गर्नाले भक्तहरूको दोष हट्ने विश्वास गरिन्छ । यतिमात्र नभएर संकट नासक गणपतिकै लागि पनि यो चतुर्थीव्रत प्रिय व्रत हो । शुभकर्ता भगवान् श्री गणेशको यहाँ बर्षमा दुई पटक जात्राको आयोजना गरिन्छ । यी शिवपुत्र गणेशजीको हरेक बर्ष दुई पटक जेष्ठको सिठीनखः र वैशाखे औंसीमा जात्रा हुने गर्दछ ।

गुप्ती गणेशको मुख्य पूजा जेष्ठ शुक्ल षष्ठीका दिन हुने गर्दछ । सिठीलाई कुमार षष्ठी पनि भनिन्छ । यो दिन शिवका पुत्र कार्तिकेयको जन्म भएको यसै दिन यो पर्व मनाइन्छ । कुमार र पृथ्वीमाताको पूजाआजा गरिन्छ भने कुमारको मूर्तिलाई रथमा राखी नगर परिक्रमा गराएपछि यो धार्मिक पर्वको अन्त हुन्छ । यतिमात्र नभएर यस पर्वले बर्षाको समय सुरु भइसकेकाले घर, आँगन, धारा, कुवा, इनार, सडक सफा राखेपछि कृषिकार्यमा जुट्न र व्यस्त समयको शुरुवातको संकेत गर्ने यस पर्वले लौकिक-सामाजिक महत्व अझ प्रष्ट पारेको छ ।[३८] यस दिन यहाँ बिहान गणेशको मूर्तिलाई रथमा ल्याई दिनभर पूजाआजा गरी परम्परा विधि अनुसार साँझ पख गोकर्ण गाउँमा घुमाउँदै लगेर विश्राम गरी जात्रा सम्पन्न गरिन्छ ।

यो मन्दिरमा वैशाखे औंसीमा पनि जात्रा सम्पन्न गर्ने प्रचलन छ । गोकर्णमा वैशाख कृष्ण चतुर्दशी देखि वैशाख शुक्ल तृतीयासम्म मनाइने कान्ति भैरव जात्राको क्रममा चतुर्दशीका दिन बिहान गुठियार थकालीले तामाको सानो गणेशमूर्तिलाई ढक्कीमा राखी गुप्ती गणेशमा ल्याएर

---

[३८] प्रेमकुमार खत्री, **नेपालको धार्मिक मत र सामाजिक संरचना**, (काठमाडौं : एम.के.पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स, २०५८) पृ. १९०-९१

राख्ने र स्थानीय भक्तहरूबाट दिनभरी गणेशको पूजा गरी साँझपख मात्र गणेशको सो मूर्तिलाई परम्परागत बाजागाजा सहित रथारोहण गरी गोकर्णको पुरानो गाउँको बीचमा बिसाई रात्रीकालमा भैरवको मूर्तिलाई पनि मन्दिरबाट निकाली वली सहित पूजा गर्ने चलन छ । यसरी नै पाँच दिनसम्म श्रीभैरव, श्रीगणेश र श्रीकुमारीको मूर्तिलाई रथमा राखेर बाजागाजा नृत्यसहित टोलटोल परिक्रमा गराई वैशाखे औँसीको कान्तिभैरव जात्रा सम्पन्न गर्ने चलन छ ।

स्थानीय भक्तजनहरूबाट यो मन्दिरको संरक्षण र विकास कार्यहरू हुँदै आएको यस गुप्ती गणेशको जात्रामा आवश्यक रथहरू राख्न पछिबाट छेउमै एउटा पाटी निर्माण गरिएकोमा हाल हरेक मंगलबार भजनकीर्तनको आयोजना गरिदै आएको छ । यहाँ सम्पन्न गरिने जात्राको सञ्चालन गर्न पहिले यस गणेश मन्दिरका नाममा रहेको ५ रोपनी जग्गा बिक्री गरी खडा गरिएको अक्षय कोषद्वारा हाल जात्रापर्व सञ्चालन गरिदै आएको छ ।[३९]

### ४.२.६ कान्ति भैरव मन्दिर

गोकर्णेश्वर महादेव मन्दिर देखि पूर्वदक्षिण गोकर्ण देशको प्रमुख पुरानो बस्तीको बीच ढुङ्गालाछी भन्ने स्थानमा भैरवको मन्दिर रहेको छ । गोकर्णेश्वर-२ मा अवस्थित यो मन्दिर प्राङ्गणको सिधै अगाडितर्फ बीचमा एउटा ढुङ्गाको डबली समेत रहेकाले यो स्थानको नामाकरण ढङ्गलाछी रहन गएको मानिन्छ । मल्लकालमा निर्मित यो दुई तले मन्दिर गोकर्ण पुरानो गाउँकै एक महत्वपूर्ण र आकर्षक मन्दिर मानिन्छ ।

दुई तले जस्ताको छानो युक्त यो भैरव मन्दिरको मूल प्रवेशद्वार दक्षिणतर्फ फर्किएको छ भने मन्दिरको निर्माणमा ईँटा, काठ, माटो आदिको प्रयोग भएको पाइन्छ । यो कान्तिभैरव मन्दिर र जोशीगालमा अवस्थित तलेजु भवानीका यी दुवै मन्दिर जस्ताको छानायुक्त साथै एउटै शैलीमा निर्मित देखिन्छ । पुरानो स्वरूप निकै राम्रो र आर्कषक रहेको यो मन्दिरको हिजोआजको स्वरूप चाहिँ पञ्चायत कालमा पुनः निर्माण गरिएको हो । मुख्य प्रवेशद्वार माथि ढोकामा काष्ठ तोरण र छानाको टुप्पामा शिर्षमा गजुर रहेको यो मन्दिरको हालको स्वरूप मन्दिर वास्तुशास्त्र अनुसार बनेको देखिदैन । त्यसैले यो मन्दिरलाई मन्दिर नभनी स्थानीय नेवार समूदायहरूले 'दयोछें' वा भैरव मन्दिरको घर भन्ने गरेको पाइन्छ । यो मन्दिरको पुछारको भूइँ तलामा काठको फलेक छापिएको छ भने माथिल्लो भित्री तलामा माटोको प्रयोग पाइन्छ । मन्दिरको मूलद्वारा अघि घण्टी झुण्ड्याइएको यो भैरव मन्दिरको दायाँ पश्चिमतर्फ दुई तले प्रस्तरको ढलान गरिएको कृष्णमन्दिर रहेको छ ।

यो भैरव सम्बन्धी विभिन्न कथनहरू पाइन्छन् । जसमध्ये एउटा उपाख्यान अनुसार यहाँ रहेको भैरवको मूर्ति चोर्नाले त्यस चोर्ने व्यक्तिको रगत वमन गरेर मृत्यु हुन्छ भन्ने स्थानीय

[३९] अन्तर्वार्ता विष्णुभक्त श्रेष्ठसँग

जनविश्वास पाइन्छ । यति हुँदाहुँदै पनि विभिन्न समयमा विभिन्न व्यक्तिद्वारा यो मूर्ति चोर्ने असफल प्रयासहरू भने नभएका चाहिँ होइनन् । यसरी मूर्ति चोरीको सम्भाव्यतालाई ध्यानमा राखी हाल यहाँको मुख्य भैरवको मूर्ति विशेष जात्रापर्वहरूका अलावा गुठीका सदस्यहरूले आलोपाले एक-एक वर्ष आ-आफ्नै घरमा राख्दै आएको पाइन्छ ।[४०] लिच्छविकालिन प्रथम ऐतिहासिक राजा मानदेवको मानगृह यही रहेको साथै मध्यकालिन सभ्यताको केन्द्र मानिने यो गोकर्णको पूरानो गाउँ कान्तिभैरव रथ जात्राको पनि केन्द्र विन्दु नै हो भने पनि हुन्छ । मल्लकालिन दुई तले यो कान्तिभैरव मन्दिरको अगाडि प्राङ्गणमा विगत सत्र-अठार वर्ष अघि मात्र इँटा छाप्ने कार्य भएको बुझिन्छ । यही मन्दिर अगाडि चोकमा एउटा मल्लकालिन डबली समेत रहेको छ । जहाँ हालसम्म पनि विभिन्न मुकुण्डाधारी नाच नचाउने प्राचीन परम्परा विद्यमान छ । यहाँ कान्तिभैरव जात्राको प्रमुख मातातीर्थ औसीका दिन चेलीबेटीहरू आमालाई विशेष मिठाइ खुवाउन, आर्शिवाद ग्रहण गर्न अनिवार्य माइतीघर-गाउँ फर्कि यो भैरव मन्दिर अघि चोकमा रहेको डबलीमा सामूहिक आमाछोरी, सासुबुहारी सिन्दुरजात्रा हेर्न जानुपर्दछ भन्ने स्थानीय भनाइ छ । यसै दिन भैरवको तीन तले सबैभन्दा ठूलो रथलाई बाजागाजा सहित नजिकको डठुलाछीं, भगवती मन्दिर परिक्रमा गराई भैरवकी आमा भैरवीको मुख हेर्न सौगात भाते देवता सहित उत्तरवाहिनी स्थित कान्ति भैरव मन्दिरमा लग्ने गरिन्छ । यसरी यो भैरव जात्राको उत्तरवाहिनीमा अवस्थित कान्तिभैरव मन्दिरसँग निकटस्थ सम्बन्ध रहेको देखिन्छ । जात्राको प्रथम चर्तुदशीका दिन स्थानीय नेवार समूदायहरूले गाउँ घर टोल सफाराखी पाँच दिनसम्म रथलाई सिन्दुरजात्रा सहित विभिन्न टोलहरूमा विश्राम गर्दै परिक्रमा गराई पुन यही मन्दिरमा भैरवको मूर्तिलाई भित्र्याएपछि जात्रा समाप्त हुने यो कान्तिभैरव जात्राको क्रममा गाइने भजनमा मल्लकालिन राजाहरू जस्तै सिद्धिनरसिंह मल्ल, जयप्रकाश मल्ल आदि राजाहरूको नामोल्लेख गरिएबाट यो जात्रा पनि मल्लकालदेखि नै चलेको अनुमान गर्न सकिन्छ । यो भैरव मन्दिरको दायाँतर्फ भीमसेनको रथयात्रामा प्रयोग गरिने एउटा नयाँ र अर्को पुरानो गरी जम्मा दुई वटा काष्ठ आकर्षक रथहरू रहेका छन् ।

बडादशैको अवसरमा भैरव र काली लोग्ने स्वास्ने मानिने हुँदा भगवतीको पूजाआजा गरी रागो समेत बली दिने प्रचलन रहेको यो भैरव मन्दिरसँग सम्बन्धित थुप्रै गुठीहरू रहेका छन् । गणेशको जस्तै भैरवको सम्पूर्ण जात्रा सञ्चालन गर्नका लागि अलग्गै गुठीको व्यवस्था गरिएको छ । मन्दिरको नित्यपूजा गर्नका लागि पनि यहाँ पहिलेदेखि नै गुठीको व्यवस्था रहेको यो कान्तिभैरव मन्दिर र तलेजु भगवती थान दुवैतर्फको नित्यपूजा हाल बयोबृद्ध श्याम कर्माचार्यका परिवारका सदस्यहरूले गर्दैआएको बुझिन्छ । यो मन्दिरसँग सम्बन्धित थुप्रै गुठीहरू रहेको सुन्नमा

[४०] अन्तर्वार्ता पूर्णबहादुर श्रेष्ठसँग

आए पनि यहाँ सञ्चालन हुने जात्रा तथा दशै आदि चाडपर्वहरूको सञ्चालनका लागि बार्षिक रूपमा छुट्याइएको सात हजार रकम बाटै ती सम्पूर्ण जात्रापर्वहरू जेनतेन चल्दै आएको कुरा गुठीयारका थकाली रामचन्द्र श्रेष्ठ बताउँछन् । यसरी कान्तिभैरव जात्रासँग प्रत्यक्ष सम्बन्ध राख्ने यस कान्तिभैरव मन्दिरको संरक्षणका साथै हाम्रा सांस्कृतिक धरोहर मठमन्दिर, जात्रापर्व आदिको सुरक्षा एवम् सञ्चालनतर्फ सबै व्यक्ति तथा सम्बन्धित निकायको बेलैमा ध्यानाकर्षण हुनु आवश्यक देखिन्छ । (चित्र नं. २७)

### ४.२.७ भीमसेन मन्दिर/सरस्वती मन्दिर

नेपालमा सबैभन्दा ख्यातिप्राप्त भीमसेन दोलखा भीमसेन भए पनि काठमाडौं, पाटन र भीमफेदिका भीमसेन निकै ख्याती प्राप्त पनि छन् । भीमसेन शक्ति सम्प्रदायका देवता भएकाले भैरवका रूपमा पनि पुजिन्छन् । उनी व्यापार र व्यापारीहरूका देवता भएकाले विशेषतः नेपालमा नेवार समुदायका व्यापारी वर्ग श्रेष्ठ, तुलाधर, कंसाकार, मानन्धर आदिले श्रद्धा र भक्तिपूर्वक मान्ने यी भीमसेनलाई हिन्दू तथा बौद्ध दुवै सम्प्रदायका मानिसहरूले पुज्दछन् । काठमाडौं उपत्यकाका व्यापारहीरूले भीमसेनको पूजा गर्नुको प्रमुख कारण यिनको बल र साहसलाई श्रद्धा र भक्तिद्वारा अविवादन गर्नु नै हो ।[४१]

काठमाडौं उपत्यकाका विभिन्न ठाउँहरूमा निर्मित भिमसेन मन्दिरहरू मध्ये गोकर्णेश्वरको भीमसेन टोलमा रहेको भीमसेन मन्दिर पनि एक महत्वपूर्ण मन्दिर हो । यो मन्दिर गोकर्णेश्वर मन्दिरको दक्षिणपूर्व करिब दश मिनेट परको गोकर्ण देश जाने बाटोको दायाँ तर्फ गोकर्णेश्वर-२ को सिमानामा पर्दछ । कलाशैली लिच्छवि कालको जस्तो लाग्ने यो मन्दिर मल्लकालिन हो । यही मन्दिरको नाउँबाट स्थानीय टोललाई 'भीमसेन टोल' नामाकरण गरिएको मानिन्छ ।

यहाँ रहेको भैरव मन्दिरको दक्षिणपट्टि भित्तामा नेवारी संवत् ८०२ (वि.स.१७३९) को एउटा अभिलेख (शिलापत्र) प्राप्त भएको छ । मोहनप्रसाद खनालले 'मध्यकालीन अभिलेख' नामक आफ्नो पुस्तकमा यस अभिलेखको चर्चा गरेका छन् ।[४२] नेवारी लिपि भएको एघार पङ्तियुक्त यो अभिलेखको लम्बाई ९ इन्च छ भने चौडाइ ९ इन्च रहेको छ । (चित्र नं. २८)

मध्यकालीन एक तले छाने शैलीमा रहेको यो मन्दिरको वर्तमान स्वरूप भने पहिलेको मन्दिर भत्कीई सिमेन्ट ढलाइ गरी पछिबाट निर्माण गरिएको पुनः निर्मित स्वरूप हो । यो मन्दिरको निर्माणमा सिमेन्ट, रड, गिटी आदिका साथै चारैतिर स्तम्भ खडा गरी माथि ढलान गरी छानाको स्वरूप दिइएको छ । यो एउटै मन्दिरको छानामुनि बीचमा खडा भएको स्तम्भको अग्र र पश्च दुवै विपरीत दिशातर्फ एक प्रस्तरको मूर्ति रहेकोमा मन्दिरको मुख्य प्रवेशद्वार तर्फ

[४१] साफल्य अमात्य, **संस्कृति र संरक्षण**, प्रथम संस्करण (काठमाडौं : माधुरी अमात्य, २०४५), पृ. ९६-९८
[४२] मोहनप्रसाद खनाल, **मध्यकालीन अभिलेख**, (काठमाडौँ: मोहनप्रसाद खनाल, २०३०), पृ. ५३

भीमसेनको मध्यकालीन मूर्ति रहेको छ जसलाई स्थानीय नेवार समूदायका मानिसहरू 'भिन्द्य' भनी पूजा आजा गर्ने गर्दछन् ।

प्रत्येक वर्ष वैशाख पूर्णिमाका दिन भीमसेनलाई अन्न फलफूल आदिले पूजा उपासना गर्ने गरिन्छ भने कान्ति भैरव जात्राको पाँचै दिन भीमसेनको पूजाका साथै रथयात्रा पनि हुने गर्दछ । त्यस्तै गरी श्रीपञ्चमीको एक हप्ता पछि पर्ने भीमद्वादशीका दिन पनि स्थानीय नेवार समूदायका व्यक्तिहरूले भीमसेन समक्ष कुखुरा, बोका, थुमा आदिको पूजा वली दिइ बल शक्ति माग्ने प्राचीन परम्परा अद्यापि रहेको छ । यसका साथै फागु पूर्णिमाका दिन महाथानको विश्वकर्माको मूर्तिलाई पूजा गरी पञ्चामृत चढाइसकेपछि भीमसेनको मन्दिरमा आई स्थानीय नेवार समूदायद्वारा बोका, थुमा, कुखुरा आदिको बली दिने चलन छ भने उनको पूजावली पश्चात भोज खाने सिलसिलामा छोएला, तीन/चार थरीको तरकारी (समयवजी) र बोकाको घाटी पनि त्यही पोलेर खाने चलन पाइन्छ ।[४३] त्यस्तै प्रत्येक हप्ताको एकपटक विहिबारका दिन यहाँ स्थानीय नेवार समूदायका मानिसहरूद्वारा भजन कीर्तन गर्ने प्राचीन परम्परा अद्यापि निरन्तर रहेको कुरा स्थानीयबासीहरू बताउँछन् ।

यहाँ वार्षिक रूपमा मुख्य गरेर शिवरात्री र बडादशै गरी मुख्य दुई पर्वहरू मनाउँदै आएको पाइन्छ । त्यसमा पनि दशैको अवसरमा अधिकांश स्थानीय नेवारहरू थालीमा जमरा लिई भिमसनेको पूजा गर्न यहाँ आउँछन् भने यो चाडको अष्टमी देखि दशमीकै दिन सम्म यिनको पूजा आजाका साथै कुखुरा, बोका र राँगो समेत भोग दिइन्छ ।

गुठीयारद्वारा नै नित्य पूजा सञ्चालन गरिदै आएको यस मन्दिरको दैनिक पूजा गर्ने पुजारी नभएकाले हाल गोविन्द श्रेष्ठका छोरानातिहरूले गर्दै आएका छन । यस मन्दिरको नित्यपूजा सञ्चालनका निमित पहिलेको राजकुलोसँग जोडिएर रहेको जोरपाटी गा.वि.स मा मन्दिरको गुठी अन्तर्गत चार रोपनी जग्गा रहेको बुझिन्छ । यसरी यसै जग्गाबाट प्राप्त हुने आम्दानीले मन्दिरको नित्यपूजा आजा सूचारु रूपले सञ्चालन गरिंदै आएको छ ।[४४]

भीमसेन मन्दिरमा रहेको भीमसेन मूर्तिसँगसँगै विपरीत दिशातर्फ अर्को पनि एउटा प्रस्तर मूर्ति रहेको छ । चतुरबाहु हाँसमा विराजमान वीणा, प्रस्तर आदि धारण गरेको सरस्वतीको यो मूर्तिलाई भीमसेन मूर्ति जस्तै गरी भूइँमा प्लेटफर्म निर्माण गरी राखिएको देखिन्छ ।

प्रत्येक वर्ष माघशुक्ल पञ्चमीका दिन सरस्वतीको विशेष पूजा आजा गरिन्छ । वसन्त पञ्चमी समेत भनिने यो दिन सरस्वतीको जन्मजयन्तीको रूपमा नेपाल भरी नै मान्ने गरिन्छ । नेपालमा हिन्दू तथा बौद्ध दुवै समाजले सरस्वतीको पूजा गर्छन् । बौद्धहरूले मञ्जुश्रीको नामले पूजाबन्धना गर्ने चलन छ । विद्याकी देविका रूपमा सरस्वती र मञ्जुश्री सम्मानित छन् । यसरी

[४३] अन्तर्वार्ता राममाया श्रेष्ठसँग
[४४] अन्तर्वार्ता विष्णुभक्त श्रेष्ठसँग

एउटै मूर्तिको विभिन्न नामले पूजा गरिनु नेपाली संस्कृतिको विशेष पक्ष हो । यस दिन सम्पूर्ण स्थानीय गाउँलेहरू यहाँ आई सरस्वतीलाई अक्षता र फलफूल आदि अर्पण गरी पूजा गर्छन् भने केटाकेटीहरूलाई पनि यही शुभ दिनमा अक्षारम्भ गराइन्छ । अक्षर सिकाउने गरिन्छ । यसरी भीमसेन र सरस्वतीको मूर्ति एउटै छानामुनि रहेकाले धार्मिक सहिष्णुतालाई पनि प्रष्ट्याएको देखिन्छ । त्यसमा पनि शिवरात्री र बडादशैका दिन भीमसेनको, माघशुक्ल पञ्चमी या बसन्त पञ्चमीको दिन विशेष सरस्वतीको पूजा गर्ने प्रचलन  छ ।

यो भीमसेनको मन्दिरसँगै एउटा जस्ताले छाएको पाटी पनि रहेको छ । हाल यो मन्दिर र पाटी दुवै जीर्णावस्थामा रहेका छन् । पुरातत्व विभागले पुरातात्विक शैलीमा गर्नुपर्ने भनी अर्घेलो थाप्ने गरेको कुरा स्थानीय केही बुद्धिजीवीहरू बताउँछन् ।

### ४.२.८ तलेजु मन्दिर

मल्ल राजाहरूकी इष्टदेवीका रूपमा तलेजु देवीको ठूलो प्रसिद्ध छ । नेपाल उपत्यकाका तीनै मल्ल दरबारमा देवीको मन्दिर विद्यमान रहेको सन्दर्भमा मूलघर भक्तपुरमा स्थापित तलेजु मन्दिर भने सर्वप्राचीन मानिन्छ । काठमाडौं उपत्यकामा पनि मल्लकाल र त्यसपछि विभिन्न समयमा तलेजुका मन्दिरहरू निर्माण गरिए । काठमाडौंका विभिन्न स्थानमा विभिन्न समयमा बनेका तलेजु भवानीका मन्दिरहरू मध्ये गोकर्णेश्वर जोशीगाल टोलमा निर्मित तलेजु मन्दिर पनि एक हो । यो मन्दिर प्रसिद्ध गोकर्णेश्वर मन्दिर देखि करिब एक कि.मी. पूर्व दक्षिण गोकर्णको पुरानो गाउँमा अवस्थित छ । (चित्र नं. २९)

तलेजु देवीसँग सम्बद्ध अनेकौं लोक कथाहरू पाइन्छन् । तिनीहरूमध्ये एउटा लोककथा अनुसार मिथिलाका राजाहरू तलेजु भवानीका भक्त थिए । एक दिन त्यहाँका राजा हरिसिंहदेवलाई सपनामा दिल्लीका बादशाहले त्यस राज्यमा हमला गर्नेछ भन्ने कुराको संकेत मिल्यो सपनामा आएर तलेजु देवीले ती राजालाई मलाई अब यहाँ नराख, म्लेच्छहरूले यहाँ आई उपद्रव गर्लान, नेपाल उपत्यकामा भक्तपुर भन्ने सुरक्षित ठाउँ छ , मलाई त्यही लगेर राख भन्ने आज्ञा दिएकाले यो देवीको स्वप्नवचनलाई शिरोपर गरी राजाले भोलिपल्ट बिहानै उठी तलेजुको प्रतिमा बोकी सपरिवार नेपाल उपत्यकातिर लागे । देवीको प्रभावले उनले नेपाल उपत्यकाबाट राजालाई सजिलैसँग जिती तलेजु देवीको आज्ञा बमोजिम भक्तपुर सहरमा तलेजु देवीको स्थापना गरी त्यही सहरलाई राजधानी गरी राजकाज चलाए । त्यसै बेलादेखि नेपाल उपत्यकामा हरिसिंहदेवका वंशजहरूको राज्य चल्यो ।[४५] यो कथा निकै चाखलाग्दो भए पनि यसमा सत्यता भने कमै पाइन्छ ।

[४५] मनवज्र वज्राचार्य, **हाम्रा चाडपर्वहरूका विवेचना,** (काठमाडौँ : रत्नपुस्तक भण्डार, सं २०२५), पृ. ११६

मल्लाकालिन दुई तले यो तलेजु मन्दिर पहिले छत्र शैलीमा निर्माण गरिएकोमा पछिबाट भत्किएर निर्माण हुँदा हालको अवस्थामा निर्माण गरिएको हो ।[४६] पञ्चायत कालमा प्रधानपञ्च विष्णुभाइ श्रेष्ठले जीर्णोद्वार गरेको यो मन्दिरको वर्तमान स्वरूप भने तीन तले ताने शैलीको रहेको छ । इँटा, काठ, माटो आदिद्वारा निर्मित यस मन्दिरको छानो चाहिँ जस्ताले छाइएको छ । एउटा मात्र पश्चिमतर्फ मुख्य प्रवेशद्वारा रहेको यस मन्दिरमा चढ्ने भऱ्याङ पनि पश्चिमपट्टि नै रहेको देखिन्छ । यो मन्दिरको तेस्रो तलाको गर्भगृहको खुला ठाउँमा भगवतीको तामाको मूर्ति राख्ने गरेकोमा सो मूर्ति चोरी हुने प्रयास भएकाले हाल भने उक्त मूर्ति मन्दिरको निजी गुठीका सदस्यहरूले पालैपालो आफ्ना घरमा लगी राख्ने गरेको  बुझिन्छ । हरेक बर्ष बडा दशैको अष्टमीका दिन भने सो भगवतीको ताम्रमूर्तिलाई जात्रा सहित तलेजु मन्दिरमा लाने गरिन्छ । यही दिन गुठियारका सदस्यहरूले भगवतीको पूजा गरी हाँसको छोएला बनाई खाने गर्दछन् । नेपालीहरूको महान चाड दशैको नवमीका दिन सरकारीतर्फबाट यस मन्दिरमा पूजाआजा एवम् राँगो, बोका आदिको भोग दिने प्रचलन पहिले देखि अद्यापि कायमै रही आएको छ । यो दिन प्रख्यात गोकर्णेश्वर महादेव मन्दिरका भट्ट पुजारी यी देवीको पूजा-अर्चना गर्न यहाँ आउने गर्दछन् । भक्तहरूले पनि कुखुरा आदिको बली दिई देवीको पूजाआजा गर्छन भने सरकारी तर्फबाट बली दिएको राँगाबोका आदिको मासु सबै भक्तजनहरूलाई प्रसाद स्वरूप बाँडिन्छ । पछि दिपावलीको सु-अवसरमा लक्ष्मीपूजाको दिन सिन्कामा सुकाई राखिएको सोही मासुको टुक्रालाई वातीका रूपमा दियोमा राखी तेल लगाई दीप प्रज्ज्वलन समेत गर्ने गरिन्छ ।[४७] शैव मतावलम्बी शक्तिहरूको ठूलो विद्या कालोत्तरतन्त्रको आधारमा गुप्तपूजा, बली हुने हुनाले नै नवमीको रातमा हुने दशैको तलेजु भवानीको पूजालाई कालरात्री पूजा को संज्ञा दिइएको छ ।[४८]

प्रसिद्ध गोकर्ण पुरानो गाउँको कान्ति भैरव रथयात्राको पहिलो चर्तुदशीको दिन कान्तिभैरवको सौगात 'भाते द्यौ' निर्माण गर्ने क्रममा देब्रे बाहु कान्तिभैरव मन्दिरमा, शरीर डठुलाछींमा निर्माण गरिन्छ भने भाते द्यौ को दायाँ बाहु चाहिँ यही भगवती मन्दिरमा निर्माण गर्ने प्रचलन छ । साथै द्वितीयाका दिन पनि रथहरूलाई विभिन्न ठाउँमा घुमाई पूजा गर्ने क्रममा यही तलेजु मन्दिरमा विश्राम गरी गुठीयारहरूले राँगो, बोका बली दिई रातभर भजन-कीर्तन गर्ने चलन छ ।[४९]यो तलेजु भवानी मन्दिरको संचालानार्थ पहिला श्री ५ को सरकारको तर्फबाट गुठीको व्यवस्था गरिएको भए पनि हाल सो गुठी बिक्री भइसकेकोले निजी गुठीको प्राप्त आम्दानीबाट नै मन्दिर सञ्चालन र पर्व विशेष कार्यहरू हुँदै आएको बुझिन्छ ।[५०]

---

[४६] ताम्राकार, पूर्ववत (पा.टि.न.५) पृ.२१
[४७] अन्तर्वार्ता राममाया श्रेष्ठसँग
[४८] बज्राचार्य, पूर्ववत (पा.टि.न. ४५) पृ.७६
[४९] अन्तर्वार्ता आशाकाजी श्रैष्ठसँग
[५०] अन्तर्वार्ता पूर्णबहादुर श्रेष्ठसँग

### ४.२.९ हेमभक्तेश्वर मन्दिर

प्रसिद्ध गोकर्णेश्वर मन्दिरको पूर्वपट्टि घाटको सिँढीमा ढलेको दुई हात जति अग्लो शिलालेखमा ई.१८५० (शक सवत् १७७२, सं.१९०७) मा जमदार हेमकर्ण थापा गोदारले गोकर्णेश्वरको पूर्व दिशामा विराजमान भएका श्री हेमभक्तेश्वर महादेव नारायण शिवलाई 'अक्षतागुठी' भनी ७ मुरी चामल आउने खेतीको गुठी राखिदिएको कुरा बयान गरिएको छ । गुठी राख्ने व्यक्तिकै नाउँमा मन्दिरको नाउँ पनि राखिएकाले हेमभक्तेश्वर महादेव मन्दिर हेमकर्ण थापाले नै स्थापना गरेको कुरा बुझ्न सकिन्छ ।[५१]

माथि उल्लेखित शिलालेख पूर्व स्थितिमा नरहनाले शिलालेखले मन्दिरको स्थिति दिइए तापनि यो हेमभक्तेश्वर महादेवको मन्दिर कुन हो ठम्याउन नसकिएको परिप्रेक्ष्यमा यो शिलालेखले एक भक्तको देनको सन्दर्भलाई भने बचाउ गरेकोले यसको महत्व रहेको छ ।[५२] गोकर्णेश्वर मन्दिरको दक्षिणतर्फ बाटोमा एउटा सानो एक तले जीर्ण अवस्थामा रहेको मन्दिर छ । निजी गुठी अन्तर्गतको यो मन्दिरका इँटा कलात्मक भए पनि गल लगाई चोरी भएकाले मन्दिरको शोभा घटेको बुझिन्छ । यही मन्दिरलाई नै 'हेमभक्तेश्वर मन्दिर' भन्ने गरेको कुरा स्थानीय श्री सुरेशचन्द्र भट्ट बताउँछन् ।

त्यस्तै गरी गोकर्णेश्वर मन्दिरकै दक्षिण तर्फ पुरानो गोकर्ण गाउँ जाने पुल वारी दायाँतर्फ दुई मन्दिरहरू जीर्ण अवस्थामा रहेका छन् । जसमा एउटा शिवको मन्दिर र अर्को राम सिताको मन्दिर हो । राम सीताको मन्दिरभित्र गर्भमा रामको भने मूर्ति नै छैन भने सीताको चाहिँ टाउको विनाको खण्डित (टोर्सो) मूर्ति रहेको छ । यी दुवै मन्दिरहरू टंकप्रसाद आचार्यको निजी गुठीद्वारा सञ्चालन हुँदै आएको भए पनि उचित संरक्षणको अभावमा जीर्ण अवस्थामा रहेको देखिन्छ । यो जोडी सँगसँगै रहेका मन्दिरहरू पनि संरक्षणका पखाईमा छन् ।

### ४.२.१० कृष्ण मन्दिर

गोकर्णको पुरानो गाउँ ढुङ्गालाछीमा अवस्थित भैरवको मन्दिर देखि पश्चिम-दक्षिणतर्फ एउटा एक तले कृष्णको मन्दिर रहेको छ । यहाँ हरेक वर्ष भगवान् श्रीकृष्ण जन्मेको दिन कृष्णाजन्माष्टमी विशेष रूपमा मनाइन्छ । छानो ढलान गरिएको यो मन्दिरको मुख्य प्रवेशद्वारा पूर्वतर्फ फर्किएको छ भने मन्दिरको दायाँतर्फ अगाडि प्राङ्गणमा एउटा प्रस्तर निर्मित ठूलो डबली रहेको छ । त्यस्तै यो कृष्णको मन्दिर पूर्व सिधै अगाडि चोकको भक्त कृष्ण श्रेष्ठको घरको भित्तामा एउटा प्रस्तरको महांकालको स्थानक मूर्ति पनि रहेको छ । ढलान गरी बनाइएको यो मन्दिरको निर्माणमा ढुङ्गा, रड, गिटी, सिमेन्ट आदिको प्रयोग गरिएको छ भने मन्दिरको गर्भगृह रहेको भूइँमा राधाकृष्णको मूर्ति रहेको छ । यो मन्दिर भित्रै एउटा काठको रथ पनि रहेको देखिन्छ ।

---

[५१] रेग्मी, पूर्ववत (पा.टि.न.१७) पृ.२१५
[५२] उही

यहाँ जनै पूर्णिमाको नौ दिनपछि कृष्णजन्माष्टमी पर्व मनाइन्छ । यस कृष्ण जन्मोत्सवको पर्वमा देशभरी बालकृष्ण, राधाकृष्ण, कालीदमन कृष्ण आदि कृष्णका अनेक मूर्तिहरूको पूजा हुन्छन, प्रदर्शन हुन्छन् तथा जात्रा हुन्छन् ।[५३] भगवान् श्रीकृष्णको जन्मोत्सवको यो दिन गुठीयारका सदस्यहरूसँग रहेको कृष्णको मूर्तिलाई कृष्ण मन्दिरमा ल्याई पूजाआजा गरी गुठीयारहरूले रातभर भजन कीर्तन नाचगान गर्ने गर्दछन् । कृष्ण जन्मेको रात्रीलाई मोहरात्री पनि भनिन्छ । यहाँ मध्यरात्रीको बाह्रबजे तिर श्रीकृष्ण जन्मेको मानी रथमा कृष्णकी आमा देवकीको मूर्ति पछाडि नदेखिने गरी राखिएको कृष्णको मूर्तिलाई अगाडि झिकेर राखिन्छ । रातभर पूजा सामान अगाडि राखी ब्रतउपवास बसेका गुठियारका व्रतालु सदस्यहरूले कृष्णको जन्म भएपछि काँक्रो, नास्पाती, खीर, हलुवा, पुरी चढाई पूजा गरी मन्दिर अगाडि रहेको चौकुने डबलीमा नाचगान गरी सम्पूर्ण भक्तालुहरूलाई प्रसाद  बाँड्ने गरिन्छ ।

त्यसको भोलिपल्ट दिनभर गुठियारहरू सहित कृष्णको मूर्तिलाई रथमा राखी गोकर्ण देशमा परिक्रमा गराई पुनः सो मूर्तिलाई कृष्णको मन्दिरमा भित्रयाई जात्राको अन्त्य भएको मानिन्छ । यसरी यस जात्राको अन्त सँगसँग भोज पनि खाने गरिन्छ । यसरी गुठीयारका १२/१३ जना सदस्यहरूले श्रीकृष्णको जन्मोत्सवको अवसरमा संयुक्त रूपमा भगवान् उनै श्रीकृष्णको पूजाआजा र जात्रा आदि कार्य सञ्चालन गर्नका लागि गोकर्ण गाउँको पारी चौतारा (जरुङ्क्वे) भन्ने स्थानमा आठ/नौ रोपनी जग्गाको व्यवस्था गरिएको बुझिन्छ । यसै जग्गाबाट प्राप्त हुन आउने आम्दानीबाट उक्त पर्व जात्रा सञ्चालन गर्ने गरिएकोमा सो गुठीबाट प्राप्त हुने बाली अपुग भएमा गुठियारका सदस्यहरूले नै आफ्नो गच्छेअनुसार खर्च उठाई उक्त जात्रा सञ्चालन गर्ने गरेको  पाइन्छ । जात्राको अन्त भए पश्चात रथमा राखी पुरानो गाउँ घुमाइने यो कृष्णको मूर्ति पनि रेखदेखको अभावमा या चोरी हुने सम्भावनाका कारण गुठियारका घरमा नै लगेर आलोपालो राख्ने प्रचलन रहेको छ ।[५४]

### ४.२.११ विष्णुप्रसादेश्वर मन्दिर

गोकर्णेश्वर महादेव मन्दिरदेखि उत्तरपूर्व गदाधरनारायण मन्दिर देखि उत्तरतर्फ बालभक्तेश्वर मन्दिरको पिपल रुख छेउमा विष्णुप्रसादेश्वर मन्दिर अवस्थित रहेको छ । तर हाल यो मन्दिर पूर्ण रूपमा भग्नावशेषका रूपमा परिणत भइसकेकाले यो मन्दिरको मूर्त रूप भने दर्शन गर्न पाइँदैन । देवताको बासस्थान मन्दिरै नभएकाले सो मन्दिरभित्र रहेको विष्णुको मूर्तिलाई सुरक्षाको दृष्टिकोणले प्रख्यात गोकर्णेश्वर मन्दिरभित्र राखिएको छ । गोकर्णेश्वर मन्दिरका अतिरिक्त नित्यपूजा हुँदै आएको यस विष्णुप्रसादेश्वर मन्दिरको पुनः निर्माण गरी मूर्तिको प्राण प्रतिष्ठा गर्न तर्फ सम्बन्धित पक्षको ध्यान जानु नितान्त आवश्यक देखिन्छ । नित्यपूजा गर्दै आएको यस

---

[५३] मनबज्र बज्राचार्य, **नेपालको मध्यकालीन कला**, (काठमाडौं : सूचना विभाग, सूचना तथा संचार मन्त्रालय) पृ. ११४

[५४] अन्तर्वार्ता आशाकाजी श्रेष्ठसँग

मन्दिरका पुजारी एवम् गोकर्णेश्वर र गदाधर नारायण मन्दिरका सुसारे केशव ढकालको वार्षिक आम्दानी भने तीन हजार रहेको बुझिन्छ ।[५५]

### ४.२.१२ काली मन्दिर

गोकर्णेश्वर मन्दिरको पूर्व-उत्तर गदाधर नारायण मन्दिरको उत्तरमा एउटा गुम्बज शैलीमा निर्मित कालीको कालो २२/२४ इञ्च अग्लो टल्कने प्रस्तरको मूर्ति थियो । काठको ढोका भएको सो मन्दिर भित्र रहेको सो आर्कषक कालीको मूर्ति वि.स. २०२५/०२६ सालतिर हराएकोले हाल मन्दिर भित्र कुनै देवताको बास छैन । आसपास रहेका सम्पूर्ण मन्दिरहरूको पूजाआजा गरेर मात्र अन्तमा पूजा गरिने यस मन्दिरको पूजाकार्य उपाध्याय थरका व्यक्तिले गर्ने गर्दथे ।[५६]

हाल जीर्णोद्वारको पर्खाइमा रहेको यो काली मन्दिरको वरपर विभिन्न प्रस्तर शिवलिङ्गका साथै मन्दिरहरू पनि छरिएर रहेका छन् । ती अनेकौ शिवलिङ्ग तथा मन्दिरहरूको पनि उचित संरक्षण एवम् जीर्णोद्वार हुनु आवश्यक देखिन्छ ।

### ४.२.१३ वनदेवी

गोकर्ण राजनिकुञ्ज जङ्गलको बीचमा एउटा वृक्षको (चिलाउनेको बोट) फेदिमा अवस्थित वनदेवीलाई गोकर्ण जङ्गलकै पवित्र देवी मानिन्छ । यस देवालयमा वर्षेनी एक पटक माघ महिनामा यो वनका इन्चार्जले बोकाको वली सहित पूजा आजा गर्ने प्रचलन छ । यस देवस्थल छेउमा एउटा एक तले सानो मन्दिर पनि रहेको छ जसको अलिपर धूपदार गर्ने प्रचलन छ । गोकर्णमा मनाउने कान्तिभैरव जात्राको समाप्ति भएको भोलिपल्ट देखि सिँढी सम्म नेवारहरूको देवाली पर्व पर्दछ । यस अवसरमा गोकर्ण वनको केन्द्रमा स्थित वनदेवीको पूजाआजा गर्ने नेवार लगायत सम्पूर्णलाई राजनिकुञ्ज वन प्रवेशको लागि ढोका खुल्ला हुने गर्दछ । चैतेदशैं तथा बडादशै विजया दशमी गरी यी दुई पर्वका अवसरमा वर्षको दुईपटक यहाँ भक्तालुहरूको पूजा र वली दिन ठूलो भीड लाग्ने गर्दछ । यी अवसरमा पनि राजनिकुञ्ज वन भक्तजनहरूको प्रवेशका लागि खुला रहन्छ । राजनिकुञ्ज दरबारले वर्षमा दुईपटक पूजाको आयोजना गर्दा 'गोकर्ण जङ्गल गल्फ रिसोर्ट'ले सहायताको प्रस्ताव राख्दछ ।

### ४.२.१४ भगवतीस्थान

गोकर्णेश्वर मन्दिरको पश्चिमपट्टि नै जगडोल (यज्ञडोल) को फेदिमा स्वयं उत्पति भएकी मानिने भगवतीको प्रस्तर मूर्ति छ । यहाँ पनि प्रत्येक शनिबार हप्ताको एकपटक विशेष दर्शनार्थीहरू दर्शनार्थ आउँछन् । यो मन्दिरको पनि हाल स्थानीय भक्तजनहरूबाट मन्दिर निर्माण र संरक्षण हुँदै आएको छ । यो मन्दिरको शीर्ष भागमा गजुर रहेको छ । मन्दिरको पूर्णरूपमा

[५५] अन्तर्वार्ता केदारनाथ उपाध्यायसँग
[५६] अन्तवार्ता विष्णुभक्त श्रेष्ठसँग

निर्माण कार्य सम्पन्न भने भइरहेको छैन । त्यसमा पनि मन्दिरको रंगरोगन र प्लाष्टर गर्ने काम भने बाँकी नै रहेको देखिन्छ ।

### ४.३ सार्वजनिक/लौकिक वास्तुकला

#### ४.३.१ परिचय

नेपाली  वास्तुकलाको एउटा अङ्ग लौकिक वास्तुकला पनि हो । यस अन्तर्गत पाटी, पौवाहरू, धर्मशालाहरू, ढुङ्गेधाराहरू, जलद्रोणीहरू र परम्परागत आवासीय घरहरू समेत पर्दछन् । यी वास्तवमा लौकिक धर्म र परोपकार सञ्चारका लागि निर्माण गरेका हुन् । प्राचीन समयमा यातायात र सञ्चारको अभावका कारण तीर्थयात्रीहरू बटुवा, व्यापारी र पैदलयात्रीहरूका लागि बास र पिउने स्वच्छ पानीको व्यवस्था गर्नु तत्कालिन युगताका धर्म आर्जन गर्नु मानिने हुँदा सोही समयताका देखि नै सर्वसाधारण धनीमानी र राजाहरू समेतले धार्मिक कार्यका निमित्त यस्ता लौकिक वास्तुकलाको सिर्जना गरेका हुन् । वास्तुकलाको दृष्टिकोणका साथै धार्मिक, सांस्कृतिक दृष्टिले पनि यस्ता पाटी, पौवा, धर्मशाला सतल आदि लौकिक वास्तुकलाको आफ्नै विशिष्ट महत्व रहेको छ । वनर्जीका अनुसार 'पाटी' भनेको एउटा सानो धर्मशाला नै हो साथै यात्री र बटुवाहरू को 'विश्रामस्थल' पनि हो ।[५७] श्लसरले प्रायस पाटीका छानाहरू एकपाखे, मण्डप, वास्तुशैलीसँग मेल खाने, वर्गाकार नभई चतुष्कोणाकारयुक्त र ६ देखि १० स्तम्भहरू प्रयोग गरी बनाइएको हुन्छन् भनी लेखेकी  छन् ।[५८]उपत्यकाका पाटीहरू यात्रीहरूको विश्रामस्थल बाहेक सामाजिक र धार्मिक रूपमा भेला हुने ठाउँहरू पनि हुन् ।[५९]

सडक, बाटो, चौबाटो या पानीका स्रोतहरू नजिक भए तिर बनाइने पाटी एउटा मण्डप वा मञ्च बनाइ चारैतिर स्तम्भ गाडी त्यसमाथि छानो हालिएको हुन्छ । चारैतिर खुला राखिएका वा एक, दुई वा तीन तीरबाट पर्खाल लगाइएको पाटीमा गाडिएका स्तम्भहरू साधा वा फूलबुट्टा कूँदिएको दुवै हुन्छन् । श्लसरका अनुसार धर्मशालाहरू पनि तले शैली अन्तर्गत नै बनेका घरहरू हुन् । संस्कृतबाट व्युत्पन्न 'धर्मशाला' शब्दको अर्थ 'धर्मका निम्ति बनाइएको घर' भन्ने हुन्छ ।[६०] धर्मशालालाई नै सतल समेत भन्न सकिन्छ । धर्मशाला जनाउने सतल शब्द संस्कृतको 'सत्र' शब्दबाट बनेको हो जसको अर्थ 'दातव्य गृह' हुन्छ । वास्तवमा यिनीहरू एक प्रकारका पाटी वा मण्डप जस्तै हुन् तर यिनीहरूको स्वरूप भने पाटी वा मण्डपभन्दा फरक हुने गर्दछ ।[६१] यस्ता सतल वा धर्मशालाहरू टाढाबाट आउने यात्रीहरूका निम्ति मात्र नभएर गुरु र साधुहरू आएर

---

[५७] गणेशप्रसाद क्षेत्री र रामचन्द्र रायमाझी, **नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण**, दोस्रो संस्करण (काठमाडौँ : एसिया पब्लिकेसन्स्, २०६०) पृ. ३७३

[५८] मेरी श्लसर, **नेपाल मण्डल**, (न्यू जर्सी, प्रिन्सटन : यूनिभर्सिटी प्रेस, १९८२) पृ. १४६

[५९] उल्फ ग्याङ्ग कर्न, **दि ट्रेडिस्नल आर्किटेक्चर अफ दी काठमाण्डू भ्याली**, (काठमाडौँ: रत्नपुस्तक भण्डार, १९९३) पृ. ८८

[६०] श्लसर, पूर्ववत (पा.टि.न. ५८) पृ. १४६

[६१] उही, पृ. १४५-४७

बस्ने थलो पनि हुन् । कर्नले उपत्यका धर्मशाला र सतललाई वास्तुकलाको दृष्टिकोणले दुई तले धर्मशाला, मण्डमभ्कै वास्तुशैली भएका धर्मशाला र आवासीय घर जस्ता देखिने धर्मशाला गरी जम्मा तीन भागमा वर्गीकरण गरेका छन् ।[६२] यिनीहरू मन्दिर नजिकै वा मन्दिर सहित चारैतिरबाट बन्द र राती बास बस्न सजिलो हुने गरी बनाइएका कोठायुक्त हुने गर्दछन् ।

प्राचीन समयताका कीर्ति या धर्म आर्जन गर्ने उद्देश्यले गोकर्णेश्वर मन्दिर वरपर पनि यात्रु, बटुवा, गुरु, साधु, पुजारी आदि विविध प्रकारका व्यक्तिहरूको विश्रामस्थल राती बास बस्न सजिलोको लागि निजी तथा सरकारी दुवैतर्फबाट थुप्रै पाटी, धर्मशाला र सतल आदि लौकिक वास्तुकलाको निर्माण हुँदै आएको पाइन्छ । यिनीहरू मन्दिर नजिकै या मन्दिर सहित निर्माण गरिएका छन् । यहाँ रहेका यी पाटी, सतलादि कुनै मल्लकालमा बनेका मानिन्छन् भने कुनै राणाकालमा र कुनै चाहीँ पुनः निर्मित छन् । विं.स. २०२१ सालको नापी अनुसार गोकर्णेश्वरमा पाटी, सतल वा धर्मशाला गरी जम्मा १८ वटा रहेको पुष्टि मिल्छ । तर हाल दुर्भाग्यवश यहाँ पाटीको गणना गर्दा ८ वटा मात्र बचेका देखिन्छन् । यहाँ रहेका सरकारी पाटीहरुको पुरातत्व विभागद्वारा यथासम्भव जीर्णोद्वार हुँदै आएको भए पनि निजी पाटीहरूको जीर्णोद्वार पुनः निर्माणतर्फ यस संस्थाको ध्यानाकर्षण भएको पाइँदैन । २०५८ सालतिर आएर स्थानीय समाजसेवी सुरेशचन्द्र भट्टको सकृयतामा निजी गुठी अन्तर्गतका ३ वटा पार्टीहरूको पुनः निर्माण कार्य सम्पन्न भएको पाइन्छ ।

गोकर्णेश्वर मन्दिर पूर्व वाग्मती नदीको उत्तरतर्फ किनारमा २०६२ सालमा श्री सुरेशचन्द्र भट्ट 'करमरकर', लक्ष्मण नेपाल, नयाँपाटी र टोपबहादुर कार्की, अनामनगर आदि तीन जना उद्धारमना भक्तहरूले श्री गोकर्णेश्वर उत्तरगया विश्रामस्थलको निर्माण समर्पण गरेका छन् । यहाँ गोकर्णेश्वर मन्दिर वरपर यत्रतत्र छरिएर रहेका पाटी सतलहरूको चर्चा गर्नु सान्दर्भिक ठानिन्छ ।

### ४.३.२ गोकर्णेश्वर पाटी

प्रसिद्ध गोकर्णेश्वर मन्दिरको दक्षिणतर्फ प्राङ्गणमा गोकर्णेश्वर पाटी रहेको छ । गोकर्णेश्वर मन्दिरका भट्ट पुजारीको आवास स्थल मानिने यो पाटी गोकर्णेश्वर महादेव मन्दिरसँग सम्बन्धित छ । यो गोकर्णेश्वर प्राङ्गणमा रहेका अन्य पाटीहरू भन्दा बढी महत्वपूर्ण पाटी हो । मल्लकालमा बनेको मानिने यो पाटीको पुरातत्व विभागद्वारा समय-समयमा जीर्णोद्वार हुँदै आएको पाइन्छ ।

गोकर्णेश्वर क्षेत्रमा सबैभन्दा पहिलो पटक जीर्णोद्वार गरिएको यो गोकर्णेश्वर पाटी प्रख्यात गोकर्णेश्वर मन्दिरको मुल भट्ट पुजारी बस्न र सोही मन्दिरको पूजा सामान राख्न बनाइएको

[६२] कर्न, पूर्ववत् (पा.टि.न. ५९) पृ. ९०

थियो ।[६३] यो पाटीको निर्माणमा रातो इँटा, झिँगटीको छानो, काठ आदि निर्माण सामग्रीको प्रयोग पाइन्छ । एक तले यो पाटीको अगाडि साधारण एउटा दलान रहेको छ । पाटीको अग्रभागमा मन्दिरतर्फ फर्केका तीन वटा बुट्टा रहित काष्ट झ्यालहरू निर्मित छन् भने मुनि अग्रभागमा चार वटा जोडी काष्ठ खम्बाहरू छन् । जसमा शीर्ष भागमा कलात्मक बुट्टा कुँदिएको पाइन्छ भने खम्बाको तल्लो भाग साधा देखिन्छ । समय-समयमा पाटीको जीर्णोद्वार गरिदै आएको भए पनि वरिपरिका बाँदरले छानाको झिँगटी उप्काइ किरा खाने गर्नाले भत्कने गरेकोमा त्यसमा चुनालाई सुर्कीमा टाँसेमा छानो बलियो हुनुका साथै पटक-पटक दोहोऱ्याएर मर्मत सम्हार एवम् जीर्णोद्वार गर्नु नपर्ने साथै राष्ट्रको खर्च समेत बच्ने देखिन्छ ।

पहिले जस्ताको छानो लगाइएको यो पाटीमा पछिबाट मात्र झिँगटीयुक्त छानाको निर्माण गरिएको हो । यो पाटीको बायाँ भित्तामा तल एउटा संवत् ९०८ को पौषकृष्ण पञ्चमी तिथि अंकिते एउटा शिलालेख छ । दायाँ बायाँ सूर्य, चन्द्र र बीच भागमा नन्दी, त्रिशूल उत्कीर्ण यस अभिलेखको सबैभन्दा तल्लो भागमा पाँच जना भक्तहरूको मूर्ति आकृति अंकित छ । त्यस्तै पाटीको दायाँ तल इँटायुक्त भित्तामा दुई भक्तको मूर्ति आकृति कमलासनमा घुँडा टेकी नमस्कार मुद्रामा रहेको देखिन्छ । यो गोकर्णेश्वर पाटी रुद्रनारायाण (त्रिपुराकुमारी) राजभण्डारीले बनाएको कुरा उनैका सन्तान काठमाडौँ यङ्गाल-कुमारीचोक निवासी ध्रुवबहादुर राजभण्डारी बताउँछन् । गोकर्णेश्वर मन्दिर प्राङ्गणमा झर्ने प्रस्तरयुक्त सिँढीको दायाँतर्फ रहेको पाटीमा मन्दिरका पुजारी आफ्नै नजिकैको घरमा बस्ने हुनाले हाल काठमाडौँ किलागल घर भएका एक चन्दन गिरी नामक जोगी बस्दै आएका छन् । उनी यो मन्दिर सरसफाइमा उल्लेखनिय भूमिका निर्वाह गर्दै आएका छन् । (चित्र नं. ३०)

गोकर्णेश्वर पाटीलाई वाग्मती नदीको कटानबाट बचाउन जल उत्पन्न प्रकोप नियन्त्रण विभाग डिभिजन कार्यालय भक्तपुरको सहयोग र गोकर्णेश्वर क्षेत्र संरक्षण समिति (गो.क्षे.सं.स) को पहलमा गोकर्णेश्वर देखि दक्षिण-पूर्व वाग्मती नदीको तटमा रिटेनिङ वाल निर्माण कार्य सम्पन्न भएको छ । त्यस्तै गरी यो गोकर्णेश्वर पाटीको दायाँतर्फ गोकर्णेश्वर मन्दिरको ठीक अगाडि दक्षिणतर्फ विश्वहिन्दू युवा संघको सकृयतामा 'यज्ञशाला' समेत निर्माण भइरहेको छ ।

### ४.३.३ मुक्तिमण्डप पाटी

गाकर्णेश्वर मन्दिर परिसर भित्र रहेका विभिन्न पाटीहरू मध्ये मन्दिरको उत्तरतर्फ रहेको यो पाटीको पनि आफ्नो छुट्टै महत्व र कार्य रहेको छ । यहाँ साधु सन्त एवम् भक्तजनहरू आई बसेमा मुक्ति मिल्छ भन्ने जनविश्वास छ । (चित्र नं. ३१)

---

[६३] श्रेष्ठ, पूर्ववत (पा.टि.न.२०), पृ.२९

मण्डप शैलीमा निर्मित यो मुक्तिमण्डप पाटी एक तले छ । यो मण्डपको भुइँ तलाको वरिपरि र बीचमा गरी जम्मा तीस वटा काष्ठ खम्बाहरू रहेका छन् । यिनै काष्ठ खम्बाहरूले माथिको तलाको भारलाई बहन गरेको छ । यो मण्डपको खुला छिडीबाट माथि जानका लागि बेजोर सङ्ख्याको एउटा भऱ्याङ रहेको छ । भिँगटीको छाना युक्त यो मण्डप धार्मिक प्रयोजनका लागि निर्माण गरिएको हो । त्यसैले यहाँ धार्मिक कृया एवम् यो धार्मिक पवित्र तीर्थस्थलको दर्शनार्थ आउने तीर्थालु भक्तजनहरू बस्ने गर्दछन् । यस पाटीमा विशेषत उपनयन, तीर्थश्राद्ध, श्रीमत्भागवत महापुराण सप्ताह गर्न आउने श्रद्धालु भक्तहरू बास बस्ने गरेको पाइन्छ । मुक्तिमण्डप भजन घर समेत भनिने यो पाटीको निर्माण मल्लकालमै भएको मानिन्छ । गोकर्ण क्षेत्रका प्राचीन स्मारकहरूको जीर्णोद्धारका क्रममा यस मुक्तिमण्डप भजनघरको समेत जीर्णोद्धार गरियो । पहिला यस पाटीमा माथि जोगी, यात्रु आदि बस्ने र भूँइ तलामा भजन गर्ने उद्देश्यले निर्माण गरिएको भए पनि पछिबाट त्यहाँ साधुसन्तहरू बस्न आई खुला पाटीलाई चारैतिरबाट पर्खाल लगाइ बस्न सहजहोस् भनी कोठाको रूपमा परिणत गरेपछि त्यहाँ बसेर भजन गर्ने परम्परा नै लोप हुन पुग्यो । पाटी जीर्णोद्धारको सिलसिलामा त्यही बसेका एक जोगीले खुकुरी प्रहार गर्ने कुचेष्टा गरेकाले काम गर्न अफ्ठेरो परी प्रहरीको सहयोगबाट उसलाई त्यहाँबाट हटाएर पाटीमा पछिबाट थपी बनाइएको सबै गाह्रो भत्काई पुरानै तवरले सबैतिर खुला पाटीका रूपमा पहिलाको जस्ताको छानालाई हटाई भिँगटीको छाना लगाइयो भने अन्य स्मारकहरू जस्तै पुरातात्विक ढँगबाट रासायनिक प्रविधिद्वारा यस पाटीको जीर्णोद्वार कार्य गरिएको थियो ।[६४] पहिला यो पाटीमा जस्ताको छाना राखिएकोमा सो निकाली परम्परागत भिँगटीको छाना राखिएको कुरा 'गोकर्णेश्वर क्षेत्रमा रहेका सांस्कृतिक पक्षहरूको एक अध्ययन' नामक भिलेज प्रोफाइलमा पनि उल्लेख गरेको पाइन्छ ।[६५]

गदाधर नारायण पाटी सँगसँगै जोडिएको यो मुक्तिमण्डप पाटी गोकर्णेश्वर महादेव मन्दिरसँग सम्बन्धित छ । हाल यस मण्डपमा विगत सात बर्षदेखि निरन्तर रूपमा श्री रामबाबा फणिन्द्र प्रसाद बास्तोला मन्दिरको विकास निर्माण तथा संरक्षण गर्ने सहकार्यमा संलग्न रही बसोबास गर्दै आउँनुभएको छ । श्री रामबाबाको निमित्तबाटै विगत सात साल अघिदेखि नै सम्पूर्ण श्रद्धालु भक्तहरूको सामूहिक सहयोगबाट अखण्ड दीपको ज्योती समेत प्रज्ज्वलित गरिदै आएको देखिन्छ । पाटी वास्तवमा यात्री र बटुवाहरूको 'विश्रामस्थल' तथा एउटा सानो धर्मशाला पनि हो र एउटा सार्वजनिक ठाउँ पनि हो । त्यसैले मुक्तिमण्डप पाटीमा पनि विभिन्न धार्मिक प्रयोजनार्थ यस क्षेत्रमा आउने सम्पूर्ण हिन्दू धर्मावलम्बीहरू बस्ने गरेको पाइन्छ । धार्मिक प्रयोजन रहेको यो पाटीमा दैनिक रूपमा विहान-विहान भजनकीर्तन हुने गर्दछ ।

---

[६४] उही

[६५] ताम्राकार, पूर्ववत (पा.टि.न.५), पृ.३८

यही मण्डपमा बसेर रामबाबाले वाग्मती पारी नदीकै तटमा सावाकोटी रामनाम स्तम्भ समेत खडा गराउनुभएको छ । उहाँले आफू र आफ्ना श्रद्धालु भक्तहरूबाट सवाकोटी वा एक करोड २५ लाख पटक राम नाम लेखाई श्रीरामस्तम्भ राखेर सानो राम मन्दिर समेत जनसहयोगबाट निर्माण गराउनु भएको बुझिन्छ। समस्त पितृ उद्धारको मनोकाङ्क्षा लिएर निर्माण गरिएको यो स्तम्भको महिनौ सम्म समुद्घाटन कार्यक्रम गरिनुका साथै सोही वाग्मती निकट पवित्र स्थलमा दशरथ परिवार सहितको राम मन्दिर समेत स्थापना गर्ने उहाँको भावी लक्ष्य छ ।[६६]

### ४.३.४ गजाधर नारायण पाटी

गोकर्णेश्वर मन्दिरको पूर्व उत्तरतर्फ ईशान कोणमा मुक्तिमण्डप भजन घर सँगसँगै उत्तापट्टि गजाधर नारायण पाटी अवस्थित छ । यो पाटी श्री ३ जङ्गबहादुरले आफ्नी माताको स्मरण स्वरूप विष्णुको मूर्ति र विष्णुपादुका श्राद्धस्थल सहित गदाधर नारायण मन्दिर बनाई उक्त मन्दिरका पुजारीको आवासका लागि यो पाटी निमार्ण गरेका हुन् । तीन तले यो पाटीको छाना झिँगटीको रहेको छ भने पाटीको निर्माणमा काठ, इँटा, झिँगटी आदिको प्रयोग भएको पाइन्छ । यो नारायण पाटकिो शिर्ष बीच भागमा अग्लो भई दुवैतर्फ भिरालो परेको छाना भएकाले स्थानीय बासीहरूले पाटीको यो निर्माण शैलीलाई पाखे शैली भन्ने गरेको पाइन्छ। टिकीझ्या प्रयोग भएको यो पाटीका टुँडालहरूमा कामुक या अश्लील प्रकृति झल्काउने चित्रहरू कुँदिएका छन् । विशेष गरेर काठमाडौं उपत्यकामा तान्त्रिक दर्शनको प्रतिस्पर्धात्मक उन्नति भएको समयमा यस्ता असङ्ख्य चित्रहरू बने । जुन चित्रहरू अद्यापि घर, मन्दिर र आगम गृहहरूमा सुरक्षित रहेका छन् । तर तान्त्रिक कुराहरू रहस्यमय ढङ्गमा गुप्त रहने हुनाले अधिकांश यस्ता चित्रहरू जनसाधारणको दृष्टिमा आउँदैनन् ।[६७] पुजारीको परिवार बस्न गदाधर मन्दिर पछाडि पाटी बनाई रक्षकुमारीले पूजा-पर्व चलाउन गुठी समेत राखिदिएकोमा अहिले सबै गुठी संस्थान अन्तर्गत पर्न गई उक्त संस्थानबाट नै सबै खर्च व्यहोर्ने गरेको छ ।[६८] हाल यस पाटीमा गजाधर नारायण मन्दिरका पुजारी केदारनाथ उपाध्याय (पाण्डे) आफ्नो स-परिवार सहित बस्दै आएका छन् ।

पुरातत्व विभागबाट जीर्णोद्धार भएको यो पाटी उन्नाइसौं शताब्दीको मानिन्छ ।[६९] विष्णुपादुका मन्दिर जीर्णोद्वार गर्दा यसै सँग सम्बन्धित गजाधर नारायण पाटीको पनि मर्मत गर्ने काम भयो । यस पाटीमा पहिले महादेव मन्दिर र गजाधर नारायण मन्दिरमा जस्तो झिँगटीको छाना राखिएकोमा २०१६ सालमा भएको जीर्णोद्वार कार्यमा जस्ताको छाना छाइएको र सो छानाको आधा जसो जस्ताहरू खसी पानी चुहिन गई पाटीको आधा भाग ढल्न पुगेकोले पूर्णरूपले

---

[६६] अन्तर्वार्ता रामबाबासँग
[६७] बज्राचार्य, पूर्ववत (पा.टि.न. ५३), पृ. ६
[६८] श्रेष्ठ, पूर्ववत, (पा.टि.न.२०), पृ.२८
[६९] ताम्राकार, पूर्ववत (पा.टि.न.५), पृ.२१

पुरातात्विक सिद्धान्त अनुसार रासायनिक प्रविधिद्वारा जीर्णोद्वार गर्ने क्रममा छानामा जस्ताको सट्टा पुरानै किसिमले झिँगटीले छाइयो । अगाडिका दुवै झ्याल नयाँ बनाई टुँडाल साधारण र पछाडिको खण्डमा बुट्टेदार टुँडाल सहित जीर्णोद्वार गरियो भने चारैतिर 'दची' इँटाले गाह्रो लगाइयो । त्यस्तै छानादेखि लिएर पहिलो तलामा प्रयोग गरिएका दलिन र फलेक समेत नयाँ फेरियो । कुशे औँसीमा यहाँबाट ३६५ सीदा दान दिने यस पाटीको पछाडिको भऱ्याङ समेत बिग्रिएकाले जीर्णोद्वार गरी प्रयोजनमा ल्याइयो ।[७०] तर हाल यस दिन श्राद्ध गर्न मन गर्ने असक्तहरूका लागि गुठी संस्थानले २०० भाग मात्र सिदा निःशुल्क रूपमा वितरण गर्ने बुझिन्छ ।

यो पाटी हाल गोकर्णमा पूजापाठ गर्न, पर्व चलउन आउने र श्राद्ध आदि गर्ने भक्तहरूका लागि बस्ने ठाउँ भएको छ भने श्री ३ सरकारको यो पाटीसँग सम्बन्धित गुठीको २८ रोपनी, १ आना, १ पैसा जग्गाका खान्कीद्वार मन्दिरको सुरक्षार्थ खटिएका पाले रहेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । पहिला यहाँ यस गुठीको जग्गामा खेती लगाई सो खेतीको आयस्ताबाट पाले पहरेदारहरूले दैनिक कार्य सम्पादन गर्ने व्यवस्था भएकोमा हाल आएर श्री ५ को सरकार, गुठी संस्थान आदिको स्पष्ट नियमको अभावमा हाल सर्वोच्च अदालतको फैसला अनुसार पाले पहरेदारले नै उपभोग गर्ने गरेको पाइन्छ । यसरी सर्वोच्च अदालतले गरेको यो निर्णय कति हदसम्म परिपक्क एवम् सान्दर्भिक छ सो को चिन्तन एवम् मनन् गर्ने काम हामी सबै सचेत वर्गहरूको हो ।

### ४.३.५ बहादुर शाहको पाटी

दुई तले सिमेन्ट ढलाई गरी निर्माण गरिएको यो पाटी मुक्तिमण्डप, गजाधरनारायण र खर्दानीको सतलादि तीन वटा पाटीहरू सँगै एकै लस्करमा अवस्थित छ । बहादुर शाहद्वारा निर्माण गरिएकोले यस पाटीलाई बहादुर शाहको पाटी भन्ने गरिन्छ । निजी गुठीद्वारा सञ्चालन हुँदै आएको हेमनारायण मेहर मन्दिरका पुजारी बस्ने यो पाटीको वर्तमान स्वरूप पुनःनिर्मित हो । सिमेन्ट, ढलानगरी निर्मित यो पाटीको वर्तमान स्वरूपले आधुनिक बनाइएको शैलीको झल्को दिएको छ ।

वि.स. २०५२/०५३ सालतिर जोरपाटी निवासी ज्योतिष श्री हरिप्रसाद घिमिरे र स्थानीय उद्धारमना जनताहरूको सहयोग स्वरूप उठन गएको चन्दाबाट यो पाटीको निर्माण कार्य सम्पन्न भएको पाइन्छ । यो पाटीमा हाल उपनयन, श्राद्ध, देवदर्शन आदि विभिन्न उद्देश्यले विभिन्न ठाउँबाट आउने श्रद्धालु भक्तहरू बस्ने गर्दछन् भने गाउँलेको विवाह पनि यही आई गर्ने गरेको पाइन्छ । यसरी हाल यो पाटीमा धार्मिक-सांस्कृतिक आदि विभिन्न गतिविधिहरू पनि हुने गरेको पाइन्छ ।

---

[७०] श्रेष्ठ, पूर्ववत (पा.टि.न.२०), पृ. २८-२९

### ४.३.६ गर्भुसिंह पाटी

पैदलयात्राको क्रममा थकित बटुवा एवम् यात्रीहरूलाई विश्राम गर्न बनाइएका विश्राम स्थललाई पाटी भनिन्छ । गोकर्णेश्वर महादेव मन्दिर प्राङ्गणको उत्तरतर्फ गर्भुसिंह वोगटीद्वारा निर्माण गराइएको एउटा पाटी रहेको छ । यो पाटी भगवान् शिवजीको मन्दिर स्थापना गरी सो मन्दिरका पुजारी बस्ने आवासका लागि निर्माण गरिएको थियो । तर हाल सो क्षेत्रमा पहिले मन्दिर रहेको प्रमाण झल्काउने कुनै मन्दिरको अवशेष प्राप्त भएको छैन । यहाँ पाटी चाहिँ अद्यापि रहेको छ तर त्यो पनि जीर्ण अवस्थामा रहेको देखिन्छ । गोकर्णेश्वर मन्दिरको ठूलो गजुरमाथि सुनको सानो गजुर थपिएको छ । यो गजुर थप्ने काम गर्बुसिंह बोगटीले गरेका हुन् । उनले आफ्नो निजी लागतबाट मन्दिरको उत्तरतर्फ एउटा पाटी पनि बनाएका थिए ।[७१]

### ४.३.७ हेमभक्तेश्वर पाटी

गोकर्णेश्वर महादेव मन्दिर देखि दक्षिणतर्फ सुन्दरीजल जाने बाटोको बायाँतर्फ परस्पर एकै लाइनमा तीन वटा पाटीहरू रहेका छन् । यी तीन वटा पाटीहरू मध्ये एउटामा हेमभक्तेश्वर मन्दिरका पुजारी बस्ने गर्दछन् । यी सम्पूर्ण पाटीहरू पनि जीर्ण अवस्थामा नै रहेका छन् । निजी गुठी अन्तर्गत रहेका यी पाटीहरू डुमाखाल बस्ने खनाल थरका व्यक्तिहरूले निर्माण गराएका थिए । सनद खनालका पुर्खाहरूले दुई शतक अघि निर्माण गरिएको मानिने यी तीन पाटीहरू मध्ये हाल एउटा पाटीमा गोकर्णेश्वर गा.वि.स. कार्यालय रहेको छ । (चित्र नं. ३२)

नेपाली वास्तुकलाको अङ्ग मानिने लौकिक वास्तुकला अन्तर्गत पर्ने पाटी यात्री र बटुवाहरूको विश्रामस्थल एउटा सानो धर्मशाला नै हो जहाँ नाङ्गो खुट्टाले हिँड्दा हिँड्दै थकित भएपछि या लामो बाटो भारी बोकेर थाकेपछि एक छिन विश्राम गर्ने गरिन्छ । पहिला पहिला सुन्दरीजल जान सडक यातायातको सुविधा नहुँदा सुन्दरीजल जाने बटुवाहरू हिँड्दा हिँड्दै गलेपछि अफठ्यारो पर्दा यही बाटोमा रात्रीमा बास बसी भोलिपल्ट जाने गरेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन् । त्यस्तै गरी तिब्बतबाट नेपाल आएका शरणार्थीहरू पनि कहिले काँही यही पाटीमा आई बास गर्ने, भोटे कुकुरहरू ल्याई बेच्ने तथा जिम्बूसँग पिठो समेत साट्ने गरेको कुरा स्थानीय बयोबृद्ध चुडाबहादुर थापा बताउँछन् ।

### ४.३.८ खरदार्नीको सतल

यो पाटी गोकर्णेश्वर महादेव मन्दिरको इशान कोणमा गदाधर नारायण पाटी र बहादुर शाहको पाटी बीच बालभक्तेश्वर मन्दिरको पछाडि पश्चिमतर्फ अवस्थित छ । यो पाटी श्री

---

[७१] भण्डारी, पूर्ववत् (पा.टि.न. ११), पृ. ७

शिवमेहेर बालभक्तेश्वर मन्दिरका पुजारी बस्ने आवास गृहका रूपमा रहेको छ । त्यसैले पनि यो मन्दिरका पुजारी बस्ने यो पाटी मन्दिरसँग सम्बन्धित भएकाले महत्वपूर्ण रहेको देखिन्छ ।

यो पाटी शाके संवत् १७७८ सालमा श्री मेजर कप्तान मेहेरमान सिं राजभण्डारीले वाग्मतीको नजिक श्री शिवमेहेर बालभक्तेश्वर मन्दिरको स्थापना गरी तिनको नित्यपूजाको व्यवस्था गरी सो मन्दिरका पुजारी बस्न निर्माण गराएको कुरा प्राप्त ऐतिहासिक कागजातबाट प्रष्ट हुन्छ । निजी गुठी अन्तर्गत पर्ने यो बालभक्तेश्वर मन्दिरका पुजारी बस्ने यो पाटीको हालको अवस्था पुनः निर्मित हो । यो दुई तले सतलको निर्माणमा इँटा, काठ, सिमेन्ट र छानामा झिँगटीको प्रयोग भएको छ । वि.स. २०५४ सालमा श्री १००८ कालीबाबा (तराई) ले निर्माण गराएको यो सतल रहेको ठाउँमा नै पहिले खर्दानीको सतल रहेको थियो । यो सतल निर्माण गर्नु अघि उनले वाग्मतीको तटमा सय ब्राह्मणद्वारा सप्ताह भागवत पाठ गरी कोटीहोम समेत गरेका थिए । कालीबाबाले यो सतल निर्माण गरी सतलको दोस्रो तलाको भित्तामा आफ्नो प्रस्तर सालिक निर्माण गर्न लगाइ त्यस्को पीठमा श्री १००८ कालीबाबा कोटीहोम २०५४ उत्कीर्ण गरेबाट सो कुरा थाहा हुन्छ ।

गोकर्णेश्वर मन्दिरमा सञ्चालन हुने विभिन्न जात्रा पर्व आदिका अवसरहरूमा तीथार्लुहरूको जमघट रहने यस पाटीमा टाढा टाढादेखि आउने परदेशी यात्रा (तीर्थयात्री) हरू पनि आउँदा-जाँदा आवश्यकताअनुसार बसोबास गर्ने गर्दछन् । हाल यस सतलमा मन्दिरको सुरक्षार्थ त्रिपुरेश्वर पहरागण ग्यारीजङ्गबाट खटिएका सिपाहीहरू (गंगादत्त भट्ट, वीरबहादुर नेपाली, रामबहादुर जी.सी, नरेश राई र पर्शुराम बस्नेत) आफ्ना परिवारका सदस्यहरू सहित बसोबास गर्दै आएका छन् । पहिला पाँच जना प्रहरीहरू मात्र बस्दै आएकोमा पछि सरकार र विद्रोही पक्ष बीचको द्वन्दका कारण आफ्ना परिवार नै विस्थापित हुन पुगेकाले परिवार सहित यहाँ आश्रय लिन पुगेको बुझिन्छ । यो मन्दिरको आसपासका कला कृतिहरुको चोरी नियन्त्रण, सुरक्षा, भक्तहरूका चप्पल जुत्ता आदिको सुरक्षाका साथै मन्दिरको दर्शनार्थ चाडपर्वमा भक्तहरूको लाग्ने तीव्र भीडलाई बन्दोबस्त गर्ने जस्ता सुरक्षा सम्बन्धी कार्य गर्नु यस पहरागणका सिपाहीहरूको मुख्य काम कर्तव्य रही आएको पाइन्छ । यसरी पहिला शिवमेहेर बालभक्तेश्वर पुजारी बस्ने गरी निर्माण गरिएको यो सतल हाल सिपाहीहरूको निवासस्थल बनेको देखिन्छ ।

### ४.३.९ भीमसेन थापाको सेतो सतल/धर्मशाला

गोकर्णेश्वर मन्दिर आसपास निर्मित विभिन्न सतलहरू मध्ये गोकर्णेश्वर महादेव मन्दिर देखि दक्षिणतर्फ गोकर्णेश्वर गा.वि.स को सिमानामा गुप्तेश्वर (गुप्ती गणेश) गणेशथान देखि मुनि र वाग्मती नदी माथि अवस्थित भीमसेनको सेतो सतल सबैभन्दा ठूलो, ऐतिहासिक र महत्वपूर्ण सतल हो । (चित्र नं. ३३)

पहिले भीमसेन थापाद्वारा निर्माण गरिएको यो तीन तले भीमसेन सतल बडो आर्कषक र भव्य थियो । इँटाद्वारा निर्मित यो सतलको बाहिरी भागमा सुर्कीको प्रयोग गरिएको थियो भने छानो झिँगटीको रहेको थियो । बाहिरी पटाङ्गीनिमा मात्र दुई/तीन सय जना मान्छे अटाउन सक्ने क्षमता भएको यो सतल प्रवेश गर्ने प्राङ्गण अगाडि भने वज्र निर्मित प्रवेशद्वार रहेको थियो । भीमसेनले प्रारम्भमा यो सतल सँगै निकटस्थ एउटा स्नान गर्ने पोखरी र उद्यान समेत निर्माण गराएका थिए । यसरी उनले पोखरी र उद्यान सहित सो भीमसेन सतलको निर्माण गरी त्यसको संरक्षणार्थ गुठीको व्यवस्था गरिदिएकोमा पछिबाट गुठी नै हिनामिना हुन गई सो सतल समेत भग्नावेशषका रूपमा परिणत भइसकेकोले हाल यसको मूर्त रूप देख्न पाँइदैन । यो स्थल हाल व्यक्तिले कब्जा गरी धान फल्ने खेतको रूपमा परिणत भएको छ ।[७२] पहिला यहाँ दरबार र त्यसको पारी रातो सतल नामक पाटी समेत रहेकोमा हाल दरबारका भग्नावशेष पाइनुको त कुरै छाडौं सो क्षेत्र जलमग्न स्थलका रूपमा परिणत भएको छ ।[७३]

भीमसेन सतलका रूपमा चिनिने यो सेतो सतल हाल भग्नावशेषका रूपमा रहेकोमा गोकर्णेश्वर महादेव क्षेत्र संरक्षण समितिको सहयोगमा विशेष भौतिक पूर्वाधार क्षेत्र विकास आयोजना बबरमहल को पहलमा गुठी संस्थानद्वारा उक्त धर्मशालाको जग्गा उपलब्ध गराई विशेष भौतिक पूर्वाधार क्षेत्र विकास आयोजनाको नीति अनुसार सङ्घ संस्था दातालाई समन्वय गरी गोकर्णेश्वर गुरु योजना पूरा गर्ने लक्ष्य अनुसार ट्रेक नेपालको पहलमा पुरातात्विक शैलीमा दुई तले सेतो सतल/धर्मशाला पुनः निर्माण कार्य भएको छ । यो नै भीमसेनले बनाएको 'सेतो सतल' को वर्तमान पुनः निर्मित स्वरूप हो । गुठी संस्थानसँग सम्झौता भई निर्माण भएको यो सतल वा धर्मशाला पनि नेपाल बुद्ध अपाङ्ग महिला सेवा केन्द्र सञ्चालन गर्ने प्रयोजनले निर्माण भएको छ । सुर्की, चुना, काष्ठथाम आदिको प्रयोग गरी बनाइएको यो धर्मशालामा सिमेन्टको भने प्रयोग गरिएको छैन । तल्लो तलाबाट माथिल्लो तलामा जाने भऱ्याङ समेत पुरानो परम्परागत शैलीको रहेको यो सतलको छाना भने जस्ताको रहेको छ । जस्ताको ठाउँमा झिँगटीको छाना लगाई धर्मशालाको पूर्ण निर्माण गर्ने काम भने बाँकी नै रहेको देखिन्छ ।

बृद्धाश्रमका रूपमा प्रयोग गरिने भनिएको यो भीमसेन थापाको सेतो सतल नै गोकर्णेश्वरमा रहेको सबैभन्दा ठूलो र एक शतक भन्दा पुरानो सतल हो ।

### ४.३.१० सम्झना सदन

वि.स. २०१६ सालमा तत्कालिन राजा श्री ५ महेन्द्रले गोकर्ण वनभित्र 'सम्झना सदन' नामक एक दरबार बनाएका थिए । नेपाली बृहत शब्दकोष अनुसार सम्झना भन्नाले स्मृति र

[७२] अन्तर्वार्ता पुजारी जगदीशचन्द्र भट्टसँग
[७३] अन्तर्वार्ता चुडाबहादुर थापासँग

सदन भनेको निवास गृह, बस्ने ठाउँ भन्ने हुन्छ ।[७४] यसरी सम्झना सदन भन्नाले स्मृति स्वरूप बनाइएको बस्ने ठाउँ या निवास वा गृह भन्ने बुझिन्छ । राजा महेन्द्रले पनि सोही भावना अनुरूप उक्त स्मृति भवन बनाइएको हुनुपर्दछ । सम्झना सदन निर्माण कार्यका इन्जिनियर चन्द्रमान श्रेष्ठ थिए । उनी तत्कालिन सूर्यमान बडाकाजी सरदारका भाइ थिए । स्मृति भवन निर्माण कार्यमा जग लड्न गई पुनः दोस्रो पल्ट जग लगाई निर्माण कार्य सम्पन्न गरिएको थियो । यो भवन निर्माण कार्यमा तत्कालिन हवल्दार चुडाबहादुर थापाको पनि ठूलो भूमिका रह्यो । एक वर्ष लगाएर निर्माण कार्य पूरा गरिएको यो भवनको निर्माणमा साली नदी चाँगु आदि विभिन्न ठाउँहरूबाट ट्रकमा ढुङ्गा ल्याइएको थियो । वरण्डा सहितको दुई तले सम्झना सदनको भित्री गाह्रो इँट्टा र बाहिरी गाह्रोमा ढुङ्गाको बङ्गला समेत बनाइएको कुरा वि.स २०१६ देखि २०४३ सालसम्म यही दरबारको सुरक्षार्थ खटिएका उनै हवल्दार थापा बताउँछन् ।[७५] यो स्मृति भवनमा बसेर राजा महेन्द्रले कविता रचेको र महत्वपूर्ण निर्णयहरू गर्नु पर्दा पनि यही आई गर्ने गर्दथे भन्ने भनाइ छ ।

### ४.४ पिङ्गला योगिनी

गोकर्णेश्वर मन्दिर पूर्व करिब आधा की.मी. पर सप्तार्षिघाट र उत्तरवाहिनी तीर्थको बीच गोकर्णेश्वर गा.वि.स. वडा नं. ५ मा पिङ्गला योगिनी नामक एउटा देवीको शक्तिपीठ रहेको छ । मंगला, पिंगला, धान्य, भ्रामरी, भद्रिका, उल्का, सिद्धा र शंकटा आदि अष्ट योगिनीहरू मध्ये पिंगला दोस्रो योगिनी हुन् । यो स्थल पहिले एकान्त एउटा पोखरीको रूपमा रहेको थियो । एउटा महत्वपूर्ण शक्तिपीठका रूपमा रहेको यो पिङ्गला योगिनी क्षेत्र आसपास हाल बालीनाली लगाइएको देखिन्छ । यो ठाउँलाई पिङ्गलास्थान या पिङ्गलथान पनि भनिन्छ । (चित्र नं. ३४)

गोकर्ण क्षेत्रमै भगवान् महादेवले आफ्नी पत्नी सतीदेवी दक्षप्रजापतिले गरेको यज्ञकुण्डमा होमी प्राण त्याग गरेपछि शोक विह्वल भई सतीको निर्जीव देह बोकेर घुम्दा अङ्गपतन हुने क्रममा सतीदेवीको बायाँ कान पतन हुन गई गोकर्ण पीठ, भैरवीदेवीका साथै सोही स्थानमा श्री जागेश्वर महादेवको ज्योर्तिलिङ्ग उत्पन्न भएको र पीठको रूपमा श्री पिङ्गलादेवी (एक जंगा योगिनी) उत्पन्न भई शिव शक्ति स्वरूपले रहेको भन्ने कुरा श्री बृहदस्वस्थानी-व्रतकथा माघ-महात्म्यको सातौं अध्यायमा उल्लेख छ ।[७६] हिमवत्खण्ड, श्री स्कन्दपुराण, श्रीमद्भागवत र अठारै पुराणहरूमा पनि उक्त कुराको उल्लेख पाइन्छ ।[७७]

---

[७४] बालकृष्ण पोखरल र अरू(सम्पा.), **नेपाली बृहत शब्दकोश**, पाँचौ संस्करण, (काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, वि.स. २०५८), पृ. १२३८ र १२२३

[७५] अन्तर्वार्ता चुडाबहादुर थापासँग

[७६] गौरीशंकर 'वसिष्ठ', (संग्रहकर्ता), **बृहद स्वस्थानी-व्रतकथा,** दोस्रो संस्करण, (वाराणसीः बम्बई पुस्तक भवन, २०५७), पृ.१४१

[७७] **परिमार्जित गुरुयोजनाको अन्तिम प्रतिवेदन**, २०६१, आषाढ

कुनै मन्दिर विना एउटा खुला स्थानका रूपमा रहेको यस क्षेत्रमा हाल प्रस्तरका भग्नावशेष, एउटा त्रिशूल झुण्ड्याइएको देखिन्छ । यो शक्तिपीठ सँगसँगै एउटा सिमेन्ट, इँटा, जस्ता आदिको प्रयोगद्वारा निर्मित पाटी छ । नेपालीहरूको सबैभन्दा ठूलो एवम् महान चार्ड बडादशै या दुर्गापूजालाई नवरात्रीको रूपमा नौ दिन सम्म विभिन्न तीर्थस्थलहरूमा गई स्नान गर्ने परम्परा छ । यो दिन श्रदालुहरू वाग्मती स्नान गरी गोकर्णेश्वरको दर्शन पश्चात गोकर्ण देश (गाउँ) को ट्वाचाटोल स्थित कुवाको जल घडामा लिएर पिङ्गला स्थानमा गएर यो शक्तिपीठको पूजाआजा गरी भोज खाई घर फर्कने परम्परा पहिल्यै देखि अद्यापि कायमै रहेको छ ।

यहाँ नौरथाको तृतीयाका दिन या घटस्थापनाको तृतीयाका दिन वर्षको एक पटक विशेष मेला लाग्छ । यस दिन यहाँ गोकर्ण गाउँका साथ काठमाडौं उपत्यकाका तीन वटै सहरहरूबाट भक्तहरू आई रात्रीमा पूजा उपासना गर्ने परम्परा रहेको छ । यहाँ दशैको नवरात्रीको बेला गाउँ लगायत सहरबाट बाजागाजा सहित चार/पाँच वटा बस रिर्जव गरी तीर्थालु भक्तहरू वर्षेनी आउने गर्दछन् । सहरबाट यहाँ आउने भक्तहरूले राँगोको टाउको चढाउने गरेको पाइन्छ । पहिले-पहिले गुठीको पाटी रहेकाले यो दिन भोज खाने चलन पनि थियो । नवरात्रीमा काठमाडौंका नेवार ज्यापूहरू बेण्डबाजा घण्ट, शंख, ढोलक बजाउँदै क्षमापूजा गर्दथे । सोही क्रममा असनमा एक पटक हैजाले धैरै दुःख दिएकाले सो हटाउने त्यहाँका ज्यापूहरूले यहाँ आई क्षमापूजा गरेका थिए ।[७८]

त्यसैगरी चैत्र महिनामा पर्ने घोडेजात्राको चतुरदशीका दिन पनि यहाँ मेला लाग्ने गर्दछ । यो दिन यहाँ नेवार परम्पराअनुसार वाग्मती नदीमा सात पटक स्नान गरी नदी पार गर्दै पिङ्गला स्थानमा गई गुठियारद्वारा सात प्रकारको जाँड र सातै पटक भोजन पनि गर्ने परम्परा रही आएको छ । यस दिन यहाँ थुमाको वली दिने चलन रहेको छ । पाटी समेत सँगसँगै रहेको यो पिङ्गला योगिनी स्थलसँग सम्बन्धित माथि उल्लेखित पर्वहरू मनाउनका लागि गुठीको पनि प्रबन्ध गरिएको छ । गुठीका रूपमा पाँच-सात रोपनी जग्गा रहेको र सोही जग्गाको आयस्थाबाट नै विभिन्न पर्वोत्सव मनाउँदै आएको बुझिन्छ ।[७९] यो शक्तिपीठको ठीक उत्तरतर्फ वाग्मती नदीको बीचमा अवस्थित  एउटा ठूलो प्रस्तरलाई 'बुधराधेश्वर'का रूपमा मानेर पूजा आजा गर्ने चलन पनि छ ।

यो क्षेत्र लगायत गोकर्णेश्वर पितृतीर्थ परिसरमा गोकर्ण औंसीमा भक्तहरूले श्राद्ध गर्ने र भोजखाने करिब ९४ रोपनी जग्गा २०४२ सालमा राजदरबारका नाममा दर्ता भएको भन्ने कुरा डा. ऋषिराम पोखरेलबाट बुझिन आएको छ । यो भूमि गोकर्ण वनको पर्खाल बाहिरपट्टि महादेवस्थान निरको देशगाउँ जाने वाग्मती पुलदेखि पिङ्गला स्थान सम्मको भाग पर्दछ ।

---

[७८] अन्तर्वार्ता चुडाबहादुर थापासँग
[७९] अन्तर्वार्ता विष्णुभक्त श्रेष्ठसँग

## ४.५ उत्तरवाहिनी क्षेत्र

गोकर्णेश्वर महादेव मन्दिर पूर्व करिब १ कि.मी. परको दुरीमा उत्तरवाहिनी भन्ने पवित्र स्थान रहेको छ । करिब १० मिनेटको पैदलयात्रामा यहाँ पुग्न सकिन्छ । पञ्चमुखी हनुमान र कान्तिभैरव मन्दिर बीच भएर बागद्वारबाट उत्पन्न भइ बग्दै आएको पवित्र वाग्मती दक्षिणबाट उत्तरतर्फ फर्केर बगेको हुनाले यस ठाउँलाई 'उत्तरवाहिनी' भनिन्छ । यो उत्तरवाहिनी क्षेत्र धार्मिक, सांस्कृतिक, एवम् ऐतिहासिक, पुरातात्विक दृष्टिकोणले मात्र महत्वपूर्ण नभई सिद्ध तपोभूमि तथा साधना केन्द्रका रूपमा पनि प्रसिद्ध छ । यस क्षेत्रमा पनि विभिन्न धार्मिक तथा सांस्कृतिक कलाकृतिहरू यत्रतत्र छरिएर रहेका छन् जुन यस प्रकार छन् । (चित्र नं. ३५)

### ४.५.१ कान्तिभैरव मन्दिर

उत्तरवाहिनी क्षेत्रमा निर्मित विभिन्न मन्दिरहरूमध्ये कान्तिभैरव एक प्राचीन एवम् महत्वपूर्ण मन्दिर हो । यो मन्दिर गोकर्ण जङ्गलको उत्तरी भागको बाहिरपट्टि पवित्र वाग्मती नदी दक्षिणबाट उत्तरतर्फ फर्केर बगेको स्थल छेउमा रहेको छ । त्यसैले यो नदी सुन्दरीजल हुँदै यो मन्दिरको छेउबाटै बग्दछ । त्यसैले यो उत्तरगयाका रूपमा समेत चिनिन्छ । यो मन्दिर निर्माणको शैलीलाई हेर्दा लिच्छवि कालका कतिपय मन्दिरका निर्माण शैलीसँग मिल्दोजुल्दो देखिनुका साथै यो मन्दिरको चर्चा हिमवत्खण्ड स्कन्ध पुराणमा समेत पाइएबाट यसको निर्माणकाल अति प्राचीन रहेको[८०] कुरालाई स्वीकार्नु पर्ने हुँदा हुँदै पनि सो मन्दिर क्षेत्रको एक विशेष फोटोग्राफीद्वारा यो मन्दिर राजा श्री ५ राजेन्द्रविरविक्रम शाहदेवबाट फेब्रुअरी ई.स. १७८९ या १४ फाल्गुण १ संवत्मा स्थापना गरिएको भन्ने कुराले मन्दिरको स्थापना तथा प्राचीनताका बारे अझ नयाँ अनुसन्धानको खाँचो प्रतीत हुन्छ । (चित्र नं. ३६)

कान्तिभैरव मन्दिर प्राङ्गण प्रवेशका लागि उत्तर र पश्चिमतर्फ दुई वटा प्रवेशद्वारहरू रहेका छन् । त्यसमा पनि मन्दिर परिसर प्रवेश गर्ने दिलबहादुर श्रेष्ठद्वारा निर्मित उत्तरतर्फको मुख्य प्रवेश गेटबाट प्रवेश गरी प्रस्तरका सिँढीहरू चढ्दै गएपछि कान्तिभैरव मन्दिरको पूर्वी मुख्यद्वारा अघि पुगिन्छ । मन्दिरको दायाँ बायाँ सिँढीमा द्वारपालका रूपमा दुई वटा सिँहका प्रस्तर मूर्तिहरू रहेको यो मन्दिरको प्रमुख प्रवेशद्वारको दायाँ बायाँ दुई स्तम्भहरू बीच फलामे घण्टी झुण्ड्याइएको छ भने मन्दिरको वरिपरि परिक्रमा गर्न प्रदक्षिणा पथ रहेको छ । भक्त भैरव बहादुर श्रेष्ठको तत्परतामा मन्दिरको पेटीमा सिंगमरमर लगाउने कार्य भए पनि मन्दिरको गर्भगृहमा रहेको प्राचीन एवम् ऐतिहासिक कान्तिभैरवको मूर्ति चोरी भएकोमा अझसम्म सम्बन्धित निकाय तथा सरकार कसैको पनि खोजी नीतिर्फ ध्यानाकर्षण नभएको दुःखेसो डा.ऋषिराम पोखरेल गर्नुहुन्छ । मन्दिरको प्रदक्षिणापथ वरिपरि अष्टकाष्ठ स्तम्भहरू रहेको यो मन्दिरको मुख्य

[८०] अन्तर्वार्ता ऋषिराम पोखरेलसँग

प्रवेशद्वारमाथि कान्तिभैरव मूर्ति उत्कीर्ण सुन्दर तोरण रहेको छ । यस कान्तिभैरव मन्दिरको शीर्षमा गजुर, त्यसमाथि छत्रावली र गजुरको दायाँ बायाँ एकजोडी झण्डा देखिन्छ । यो मन्दिरको निर्माणमा काठ, इँटा, सुर्की, चुन आदिको प्रयोग भएको देखिन्छ । समय-समयमा जीर्णोद्वार हुँदै आएको यो मन्दिरको छानो भने जस्ताको छ । यो मन्दिरको सरसफाईका साथै धुपद्वार गर्ने कार्य गोकर्णेश्वर निवासी दिलबहादुर श्रेष्ठले गर्दै आएको पाइन्छ । यस मन्दिरको सुरक्षा एवम् संरक्षणमा न्यून जनचासो र सरकारी दृष्टि पनि ज्यादै कम रहेको देखिन्छ । किन भने यहाँका कतिपय कलात्मक एवम् बहुमूल्य (११ वटा टुँडाल) टुँडालहरू हराईसकेका छन् ।

मातृ दिवसको अवसरमा बासिन्दाहरूले यस मन्दिरमा पर्वोत्सव मनाउँछन् । अन्य प्रमुख मनाइने चार्डपर्वहरूमा पौषे गया औँसी र दशै आदि प्रमुख हुन् । यो कान्ति भैरव मन्दिरमा सबै जातका तीर्थालुयात्रीले पूजा-आजा गर्ने गर्छन । त्यसमा पनि यहाँ सम्पन्न जात्रा विशेषमा चाहिँ नेवारहरूको अत्याधिक मात्रामा उपस्थित रहन्छ भने अन्य भक्तजनहरूको धेरै कम मात्रामा संलग्नता रहन्छ । यो मन्दिरको जात्रा-पर्व सञ्चालन गर्न भैरवी गुठीको स्थापना गरिएकोमा हाल सो गुठीको खेत बिक्री गरी अक्षयकोष खडा गरिएको छ ।[८१]

कान्तिपुर सहरको नित्य संरक्षण गर्ने भगवान् श्री कान्तिभैरवको यो मन्दिर तथा यहाँका धार्मिक, ऐतिहासिक र पुरातात्विक सम्पदाहरूको संरक्षण सम्बर्द्धन तर्फ स्थानीय गाउँबासी जनताहरू, पुरातत्व विभाग र हाल नेपाल सरकार सम्बद्ध निकायहरूले पनि बढी चासो लिनुपर्ने देखिन्छ ।

### ४.५.२ कान्तिभैरव जात्रा

गोकर्णेश्वर मन्दिर देखि पूर्वतर्फ रहेको उत्तरवाहिनीमा वैशाख कृष्ण चतुर्दशी देखि वैशाख शुक्ल तृतीयासम्म लगातार पाँच दिन कान्तिभैरव रथजात्रा भव्य रूपमा मनाउने परम्परा छ । यस गा.वि.स. का ९ वटै वडा र नयाँपाटी गा.वि.स. वडा ६ मा पनि यो जात्राको रौनक पाइन्छ । यसै ठाउँको उत्तरवाहिनीमा ठूलो श्रद्धा, आस्था र उत्साहसँग मनाइने कान्तिभैरव जात्राको नेपाली राष्ट्रिय संस्कृतिमा महत्वपूर्ण स्थान छ ।

उपत्यकामा दुई भैरव जात्रा छन् । दक्षिणमा पचली भैरवको बाह्रबर्षे जात्रा र उत्तरमा कान्तिभैरव जात्रा सबैभन्दा प्राचीन जात्राहरू हुन् । यी जात्राहरूमा मातृका पूजाले विशेष महत्व राख्दछ । यी जात्राको हाल प्रचलित तिथि मध्यकालीन छन् भने सम्प्रदाय र भावना लिच्छवीकालिन नै हो ।[८२]विशेषतः नेवारी समुदायमा भव्य मनाइने यो जात्रा भगवान् शिवको वीरभद्र स्वरूपबाट नै भैरव सम्प्रदायको जन्म भएको भनिन्छ । भगवान् शिवका तान्त्रिक स्वरूप भैरव हुन् । स्थानीय वातावरण र आत्म शुद्धिकरणका हिसाबले पनि यो जात्राको बेग्लै महत्व

[८१] अन्तर्वार्ता चन्द्रबहादुर केसीसँग

[८२] बटुराम भण्डारी, “कान्तिभैरव रथयात्रा”, **राजधानी**, बर्ष ४, अङ्क ३२७, बि.सं २०६२, पृ. ७

रहेको छ । यस जात्राको बेला यहाँका गाउँघर साँच्चै स्वच्छ र सफा पारिएको हुन्छ । चतुर्दशी र अष्टमीलाई भैरवी भैरवसँगको सिद्धिको लागि प्रमुख दिन अष्टमी र चतुर्दशीलाई लिइएको छ । त्यसैले गोकर्णमा पनि चतुर्दशीकै दिन रथ यात्रारम्भ हुन्छ ।

चतुर्दशीका दिन उत्तरवाहिनीको कान्ति भैरव जात्राको शुभारम्भ स्थानीय घरआँगन, बाटो-घाटो, टोल छिमेक र आफ्नो वरपरको वातावरण सफा सुग्घर, लिपपोत एवम् नुवाइधुवाइ गरी जीवन र प्रकृति स्वच्छ शुद्ध भए पश्चात मातातीर्थ औंसी मुख्य जात्राको दिन उत्सवमा सरिक हुन्छन् । यस दिन स्थानीय डबलीमा आमाछोरी, सासूबुहारी, संयुक्त रूपमा सिन्दुरजात्रा हेर्न जानुपर्दछ भन्ने गरिन्छ । हरेक सन्तानका निम्ति मातृत्व पूजाको विशेष यो दिन चेलीबेटी पनि अनिवार्य माइतीघर फर्की कान्तिभैरव सिन्दुरजात्राको रोमाञ्चक प्रदर्शनमा सामेल हुन्छन् । यस दिन आफ्नी आमालाई मीठो खुवाई हार्दिक सद्भाव व्यक्त गरिन्छ । यसरी यो जात्राले आफ्ना मान्यजनप्रति पनि सद्भाव र प्रेम राखेको प्रतित हुन्छ । यस जात्रामा श्री भैरव, श्री गणेश र श्री कुमारीको मूर्तिलाई सिंगारिएका तीन तले रथमा विराजमान गराइ तीनै रथलाई धार्मिक-विधिविधान अनुसार बाजागाजा, संगीत र नाचका साथ टोल टोल परिक्रमा गराइन्छ । यस बखत ठूलो श्रद्धाभावका साथ प्रत्येक घरको आँगन र चोक चौवाटाहरूमा स्थानीय बासीहरूको जमघट रहन्छ ।

वैशाख कृष्ण चतुर्दशीका दिन बिहानै गुठीयारहरूका थकालीले सानो तामाको गणेश मूर्तिलाई ढक्कीमा राखी गुप्ती गणेशमा ल्याई टाँसी राख्ने र त्यहाँ दिनभर पूजाआजा हुन्छ । बेलुका जब साँझ पर्छ तब सो गणेशको मूर्तिलाई परम्परागत बाजागाजा सहित रथारोहण गरी गोकर्णको प्राचीन बस्तीको बीच जात्रा हुने स्थानमा लगेर बिसाइन्छ । सोही हिन रात्रीको १० बजेतिर जात्राको प्रमुख केन्द्रविन्दु मानिने भैरवको मूर्तिलाई मन्दिर बाहिर गुठियारका थकालीले ल्याई गुठियारका थकालीबाट नै भैरवलाई बली सहित पूजा गरिन्छ । भैरवको सम्पूर्ण जात्रा गर्न गणेशको झैं छुट्टै गुठीको व्यवस्था छ ।

मन्दिर परिसरमा तीन तले सिंगारिएको कान्ति भैरवको रथ रहेको हुन्छ । स्वर्णमय झण्डा, गजुर सहितको सिंहासनयुक्त रथलाई तीन पटक परिक्रमा गराएर मात्र कान्तिभैरवको स्वर्णमय प्रतिमालाई रथारोहण गराइन्छ । यो क्षण अति रोमाञ्चक र हर्ष बढाई युक्त हुन्छ । त्यसपछि खट्लाई हरेक टोल-टोलमा कान्तिभैरवको सौगात 'भाते धौ' (भातको देवता) बाहिर ननिकालुञ्जेल सम्म परिक्रमा गराइन्छ । यस बीच बाजागाजाले सम्पूर्ण स्थानीय बस्ती नै गुञ्जायमान रहन्छ भने मूर्ति बोक्ने थकाली कापिरहेको दृश्य पनि कम आर्कषक हुन्न ।

कान्ति भैरवको सौगात 'भाते द्यौः' निर्माणका लागि चतुर्दशीकै मध्यरातमा भाले बासेपछि केशमुण्डन गरी शुद्ध भई नयाँ गाग्रोमा चोखो पानी ल्याइ दिनभर निराहार बसेका तीन जना

गुठीयारहरूले तीन भिन्दा-भिन्नै स्थानमा ६ महिनामा पाक्ने मार्सी चामलको एक-एक पाथी पाक्दा-पाक्दैको भातलाई नाङ्गो हातले झिकी देव स्वरूपका मूर्ति निर्माण गर्ने चलन छ । मूर्ति बनाउँदा दायाँ हात भगवती मन्दिरमा बायाँ हात भैरवको मन्दिरमा र शरीर चाहिँ 'डठुलाछी' मा बनाइन्छ । गुठीयारका थकालीले छड्कदै गरेको भातलाई नाङ्गो खाली हातले झिकी मूर्ति निर्माण गर्दा त्यस बखत नपोल्ने र हातमा पनि कुनै कष्ट नहुने कथन छ । भैरवको दैवी शक्तिका कारण यसो भएको भनिन्छ । भाते द्यौः निर्माण गर्दा कसैले नहेर्ने महिलाले भने हुँदै नहुने र कसैले हेरेमा भात झर्ने गरेको कुरा स्थानीय राममाया श्रेष्ठ बताउँछिन् । भाते द्यौः लाई १०८ प्रकारका फूलको आवश्यकता पर्छ भनिन्छ । यो भातको देवता दायाँ बायाँ गोलो आकृति र बीचमा चारपाटे निकै ठूलो आकृतिको हुने हुँदा भाते द्यौः लाई २ जनाले नोल लगाइ बोक्छन् ।

मध्यरातको करिब ११/१२ बजे भैरवको रथलाई 'ढुङ्गालाछिं' मन्दिर प्राङ्णमा बाजागाजा सहित नचाइ त्यहाँबाट बायाँ भाते द्यौ निकालिन्छ जसलाई थकालीले सम्पूर्ण सेतो वस्त्र लगाइ दुई हातले समाउँदछन् । सेतो वस्त्रधारी थकालीलाई धेरै कम्पन आउने हुँदा दुई जनाले समाइन्छ । सबै टोलका जनसमुदाय बाजा र बत्ती सहित भेला हुने हुनाले यो क्षण अति रमाइलो हुन्छ । हरेक घरबाट बाँसुरी, धिमे, भ्याम्टा, खें, कोचा खें आदि बाजागाजा सहितको यो रथयात्राको जमात मध्यरातको समयमा श्री तुलजा भवानीको मन्दिरमा बनेको दायाँ द्यौ लिन त्यही मन्दिरतर्फ लाग्छन् । मध्यरातको समयमा भए पनि यो कान्ति भैरव जात्राको रमझममा स्थानीयवासीको विशाल सहभागिता हुन्छ । रथलाई भवानीको मन्दिर परिक्रमा गराई भाते द्यौः बोकी अर्को भाते द्यौ लिन डठुलाछीमा पुग्दा बृहत भाते द्यौ निकाली कान्तिभैरवको खट लस्कर उत्तरवाहिनी भैरवी मन्दिरतर्फ लाग्छ । (चित्र नं. ३७ र ३८)

श्री विद्यारुप, कौलाचार अन्तर्गत छिट्टै सिद्धि पाउनका लागि नदीघाट उत्तरवाहिनी खोलाको किनारामा बसी गवाक्षयोग गरेर बस्नुपर्ने कुरा उल्लेख छ । मध्यरातकै समयमा यो गवाक्षयोग गर्नुपर्ने हुनाले मुख्य जात्रा स्थलबाट कान्ति भैरवसहितको रथ मध्यरातमा नै उत्तरवाहिनी पुऱ्याई मूर्तिमा सिद्धि चढिसक्नुपर्ने कुरा दशमाविद्या विधानमा उल्लेख छ ।[८३]

गोकर्णको पुरानो गाउँ देखि उत्तरवाहिनी भैरवी मन्दिर पुग्न करिब दुई कि.मी. बाटोको रथ यात्रामा रथ बोक्ने, भाते द्यौ बोक्ने र बाजागाजा बजाउने बाहेक अन्य उपस्थित हजारौं नारीपुरुषका हातमा रहने पानस, ठडेउरो, चिराग बत्ती र सुकुन्दा आदि हजारौं बत्तीको लावालस्करले औंसीको काल रात्रीलाई नै चिरेको हुन्छ । यो चिराग बाल्ने पनि गुठी थियो । तर हाल त्यो मासिएकाले बत्ती बालेमा धर्म मिल्छ भन्ने मान्यताले सबैले बाल्ने गर्दछन् । रथलाई मन्दिर सम्म पुऱ्याउँदा विभिन्न ठाउँका बासिन्दाहरूले पूजाआजा गर्दछन् । यसरी करिब रात्रीको

[८३] उही

३/४ बजेतिर रथयात्रा उत्तरवाहिनी भैरवी मन्दिरमा पुऱ्याइन्छ । त्यसपछि तीन पटक मन्दिर परिक्रमा गराई ढोकामा भाते द्यौ बिसाइन्छ भने भैरवको रथलाई भैरवीको मन्दिर ३२ पटक परिक्रमा गराएर मात्रै उत्तरपूर्वमा रथलाई बिसाइन्छ । त्यसपछि प्रथम प्रसाद ग्रहण गर्ने व्यक्ति समक्ष या भाग्यमानी हुने विश्वास रहेकाले प्रसाद लिन सम्पूर्ण सहभागी जनसमुदायबीच प्रतिस्पर्धा या दौडधुप हुन्छ ।

यसरी कान्तिभैरवको रथ उत्तरवाहिनी भैरवीको मन्दिरमा औँसीको रातमा पुऱ्याइनुलाई भैरवको आमा भैरवीको मुख हेर्न गएको भन्ने स्थानीय लोकोपथन रही आएको छ । त्यस्तै गोकर्णको प्राचीन बस्ती कान्तिभैरवको घर हो भने उत्तरवाहिनी स्थित भैरवीको मन्दिर क्षेत्र माइती हो । त्यसैले घरबाट माइती जाँदा सौगात विना जान नहुने जनविश्वास रहेको छ । शक्ति संगमस्तोत्रमा दशमहाविद्या अन्तर्गत भैरवी सिद्धका लागि घर नजिक गई दुई नग्न स्त्री-पुरुष चतुर्दशीका दिन तपस्या गरेमा सिद्धि प्राप्त हुने कुरा उल्लेख छ । त्यसैले कान्तिभैरवले आफ्नो सिद्धि प्राप्त गर्न प्राचीनकालमा भैरवी मन्दिर र उत्तरवाहिनी घाटमा आउको स्मृति स्वरूप यो गोकर्ण निवासीको परम्पराको रूपमा चल्दै आएको हुनसक्छ ।[८४] रथ बिसाएको स्थानमा नै गुठीयारद्वारा बोका, कालो थुमा आदिको बली सहित पूजा आजा हुन्छ । उता भैरवीको मन्दिरमा राखिएको भाते द्यौ लाई कुनै झिंगा माकुरा वा चराले नछोउन्जेल सम्म मान्छेले छुनै नहुने र यदि छोएमा त्यसको रगत छादी मृत्यु हुने किंवदन्ती पनि छ । अन्य केहीले छोए पछि मात्र पोडेद्वारा सो 'द्यौ' लाई वाग्मतीमा लगेर सेलाउने गरिन्छ ।

यहाँ करिब एक घण्टा विश्राम गरे पछि सिन्दुर जात्रा गरी रथलाई पुनः उठाइ रथजात्रा गर्दै विभिन्न टोलहरू महतटोल, किसिगाल, भैरवचोर तालिञ्चोक, नयाँपाटी, चापाचा आदि वाग्मती उत्तर ४ र दक्षिण ४ गरी जम्मा आठ ठाउँमा रथ बिसाई पूजा र बली हुने परम्परा भए पनि हाल दिनानुदिन ठाउँ बढ्दै गएको छ । यसरी पूजा-वली नेवार समूदायमा मात्र नभई सम्पूर्ण धर्म, लिङ्ग र जातजातिले गर्ने गरेको पाइन्छ । सिन्दुरजात्रा सहित रथलाई विभिन्न ठाउँमा बिसाउँदै अनि पूजा गर्दै रथ गोकर्ण देश लाछीमा पुऱ्याइन्छ । त्यहाँ गणेश र कुमारीको रथ सिंगारेर राखिएको हुन्छ । तिनीहरूको तान्त्रिक विधिबाट पूजाआजा गरिन्छ । सिन्दुरजात्रा गरी तीनै देवताको रथलाई नचाई बाजागाजा सहित गाउँका विभिन्न ठाउँ घुमाइन्छ । यहाँ गुठी संस्थानद्वारा सरकारी पूजा हुन्छ । साँझपरेपछि ५/६ बजेतिर डबलीको दायाँ बायाँ गणेश, कुमारी तथा बीचमा भैरवको रथ बिसाएपछि औसीको दिनको जात्रा सम्पन्न हुन्छ । यसरी यो दिन विभिन्न ठाउँमा रथलाई बिसाइ विभिन्न ठाउँमा देवताहरूलाई मान सम्मान गर्ने क्रममा उत्तरवाहिनीका भैरवी,

---

[८४] उही

वनदेवी, गणेश आदि देवदेवीलाई मानसम्मान श्रद्धा गरी नानीचा जात्रा अन्तमा खोलमा लगी नुहाउने कार्यपछि समाप्त हुन्छ ।

परेवा वा प्रतिपदाका दिन केपु जात्रा गरेपछि मात्र रथ उठाउने गरिन्छ । यो दिन रथमा कर्ण भाई चढ्ने हुँदा केपूजात्रा पछि मात्र खट उठाइन्छ । यही दिन करुणामय भैरव रथमा बस्ने हुँदा जात्रा गर्नु  हुँदैन । त्यसैले सो दिन भरी तीन वटै श्री गणेश, श्री भैरव र श्री कुमारीको रथलाई गोकर्णको पुरानो गाउँमा विश्राम गरी राखिन्छ । गोकर्णेश्वर गा.वि.स. ८ मा मध्यान्हमा एउटा सिङ्गो बाँसको पाँच वटा आँख्लामा पाँच थरी कपडाको ध्वजा बाँधी बाजागाजा सहित गएर भैरवको तान्त्रिक विधिबाट पूजा र बली चढाइन्छ । तान्त्रिक विधिद्वारा भैरवको पूजा गरिसकेपछि उक्त ध्वजा युक्त बाँसको टुप्पाले रथको गजुरमा जुधाई रथलाई उठाएर डठुलाछीमा लगेर दिनभर राखिन्छ । यस दिन गोकर्णेश्वरका सम्पूर्ण घर र नयाँ पाटीका दश वटा गाउँका बासिन्दाहरूले हरेक घरबाट पूजा सामग्री ल्याई पूजा आजा गर्छन र आफ्ना नाता, कुटुम्ब, इष्टमित्र साथी भाइ पाहुनापातलाई भोज खुवाउने गरिन्छ । रातभर गाउँलेहरू भेला भई पूजा, हरिभजन कीर्तन गरी उज्यालो पार्छन ।

चौथो द्वितीयका दिन बिहान १० बजेतिर तीन वटै श्री भैरव, श्री गणेश र श्री कुमारीको रथलाई उठाई गोकर्णेश्वर मन्दिरमा लगेर परिक्रमा गराइन्छ । त्यहाँबाट पुन पारीगाउँ बालुवा, किसिगात आदि स्थानहरूमा रथलाई घुमाइन्छ । त्यहाँ सबैले पूजाआजा गर्छन् । साँझपख ५/६ बजे सबै श्रद्धालुहरूको पूजाग्रहण गरी रथलाई गोकर्णको पुरानो बस्ती स्थित भगवती मन्दिर रहेको स्थान जोशीगालमा बिसाई रातभर यही राखिन्छ । यसरी यो दिन पनि रथलाई विभिन्न ठाउँमा घुमाई पूजाआजा गरिन्छ । रातभर भजन कीर्तन गरिन्छ । गुठीका थकालीले राँगो, बोका आदिको बली दिने गर्दछन् ।

अक्षय तृतीया कान्तिभैरव जात्राको पाँचौ र अन्तिम दिन हो । यो दिन रातभर भगवती थानमा राखिएका तीन वटै रथलाई उठाई चौतारा, किसिगाल, भोटेगाउँ, नयाँपाटी आदि विभिन्न गाउँको परिक्रमा गराइन्छ । यस बीच 'लाछीचा' मा तीन वटै रथलाई बिसाई अक्षता थापी विदा माग्ने गरिन्छ । यसरी साँझपख भैरव लगायत तीन वटै देवतालाई आ-आफ्ना मन्दिर भित्र प्रवेश गराए पछि त्यो वर्षको पाँच दिने मान्तिभैरव जात्रा समाप्त हुन्छ ।

यो जात्रा सञ्चालनका लागि पहिले प्रशस्त गुठीको व्यवस्था थियो । हाल आएर गुठीका जग्गाहरू व्यक्तिगत सम्पत्तिमा गाभिएपछि व्यवस्थित रूपले जात्रा सञ्चालन गर्न कठिनाई हुँदै आएको छ । व्यवस्थित गुठी जग्गा हुँदा यस क्षेत्रमा हप्ताको तीन-चार पटक चाडपर्वहरू भव्य रूपले मनाउने गरिन्थ्यो । तर आज वर्षको एकपटक एउटा जात्रा मनाउन पनि गुठियार र स्थानीय बासिन्दालाई च्यौ च्यौ पर्ने गरेको छ । हाल यहाँको जात्रापर्व सञ्चालनार्थ गुठीयारले सात

हजार रकम छुट्टयाइएको र अपुग गाउँलेहरूबाट उठ्न आएको रकमबाट नै यहाँ गरिने विभिन्न जात्रा पर्वहरू जस्तै दशै, कान्तिभैरव जात्रा आदिको रीतिथिती सञ्चालन गर्दै आएको कुरा गुठीयारका थकाली रामचन्द्र श्रेष्ठ बताउँछन् ।

### ४.५.३ पद्ममुक्तेश्वर मन्दिर

उत्तरवाहिनी तीर्थमा रहेको कान्तिभैरव मन्दिर जस्तै प्राचीन एवम् महत्वपूर्ण अर्को मन्दिर हो पद्ममुक्तेश्वर महादेव मन्दिर । भट्ट र अर्याल पहिला राजकाजका सल्लाहकारका रूपमा थिए । मल्लकालिन राजा प्रताप मल्लले आफ्ना पालामा कालभैरव र नरदेवीलाई मनाउन भारतबाट लम्बकर्ण (लामो कान भएका) भट्ट र ज्ञाननन्द (ज्ञान विवेकी) भट्ट दुई दाजुभाईलाई झिकाए । उनीहरूले काल भैरव र नरदेवीलाई तन्त्रविद्याबाट मनाई पशुवलीमा ल्याए । नरदेवीलाई त तन्त्र विद्याका सहयोगबाट सिक्रीले बाँधी बशमा ल्याएको देखी प्रताप मल्ल खुसी भए । भारतबाट नरसिंहको मूर्ति बूढी औलामा समाउँदै हिँडाई नरदेवी ल्याई स्थापना समेत गरेको मानिन्छ । उनीहरूको यस्तो अद्भूत क्षमता देखी प्रताप मल्ल प्रफुल्ल भई सात दिन सात रात सम्म तिमिहरू जहाँ सम्म हिँड्छौ त्यो जमिन तिम्रो हुनेछ भनेकाले पछि राजालाई पिर पर्न गई (राजा डराई) तिनीहरूलाई चुहिएको कसौडी, हिँड्न लङ्गडो घोडा, सामान बोक्न कानो डोले दिई घुम्न दिने छल गरे। त्यति गर्दा पनि उनीहरूले बयालिस गा.वि.स. घुमेका थिए । लम्बकर्ण भट्ट पछि प्रभाकर भट्ट, सचितानन्द, लोकनन्द, मुकुन्द आदि भट्टहरू पनि राजकाजका सल्लाहकार देखि राणाकालीन सुब्बा आदि विभिन्न पदीय ओहदामा रहेका थिए भने ज्ञाननन्द भट्टका सन्तति प्रभाकार भट्ट उत्तरवाहिनी भ्रमणको सिलसिलामा नर्वदाबाट शिवलिङ्ग ल्याई नर्वदेश्वरको एउटा मन्दिर निर्माण गरेका थिए । साथै एउटा पाटी दायाँ बायाँ प्रस्तर सिँढी सहित भकारी निर्माणगरी ब्रह्मनाल समेत निर्माण गरेका र पछिबाट आफ्नो प्राण समेत यही आएर त्यागेका थिए । यसका अलावा त्यहाँको घाट, पाटी संरक्षण गरी सञ्चालन गर्न निजी गुठी राखी शिलापत्र समेत राखेका थिए । प्रभाकर भट्टका पनातिहरू बालचन्द्र र प्रकाशचन्द्रं अद्यापि जिउँदै छन् ।[८५] (चित्र नं. ३९)

यहाँ इति संवत १९५९ साल भाद्र सुदि १५ रोजका तिथिमा राखिएको अभिलेख प्राप्त भएको छ । यो शिलापत्रमा कान्तिपुर हानगरेन देवीटोल निवासी श्री पद्यानन्कर भट्टको छोरा भुवानीनन्द भट्ट स्वर्गे हुनुभएकाले गोकर्णको उत्तरवाहिनी वाग्मती घाटमा शिवालय स्थापना गरी देवालयको पूजा आरती र विशेष पर्व-जात्रा सञ्चालनार्थ गुठीको व्यवस्था गरिदिएको र सो गुठी पाटी आदिको संरक्षण या श्लोकमा लेखिए बमोजिम नगर्नेलाई पञ्चमहापातक लाग्ने कुराको उल्लेख छ । शिवरात्री पर्वको विधि उल्लेखित यो शिलालेखको प्रारम्भमा दायाँ बायाँ चन्द्र, सूर्य बीचमा डमरु र त्रिशूलधारी महादेव उत्कीर्ण छन् भने त्यसमुनि श्री पद्ममुक्तेश्वर, श्री गंगामाई र

[८५] अन्तर्वार्ता सुरेशचन्द्र भट्टसँग

श्री ब्रह्माजीको नामोल्लेख गरिएको छ । यस अभिलेखको पुछारमा भने अभिलेखका प्रतिस्थापनकर्ता श्री पंद्मानन्द्रकेर, श्री गंगाबाई, श्री भवानी नन्दकर, श्री कासिवाई र श्रीमती कनीका बाई, आदि पाँच जनाको नामोल्लेख गरी माथिबाट पाँचैजनाको मूर्ति समेत कुँदिएको अभिलेखमा स्पष्ट देखिन्छ । यो शिलापत्र लम्बकर्ण भट्ट र ज्ञाननन्द भट्टका सन्तानले राखेका हुन् ।

यो पद्‌ममुक्तेश्वर महादेव मन्दिरको स्थापना भने राणा पद्‌मशमशेरका पालामा भएको मानिन्छ । उनकै नामबाट यस मन्दिरको नयाँ स्वरूप वि.स. २००३ सालतिर निर्माण भएको हो भने यसको प्राचीनता धेरै पुरानो मानिन्छ । तर मन्दिर उत्तरपट्टिको पाटी भने पछिबाट वि.स. २०४२ सालतिर बनाइएको हो । यो शैव मन्दिरको मर्मत दाताबाट संकलन तथा खोजी गरी उठेको रकमबाट हुँदै आएको पाइन्छ ।[८६] मुख्य प्रवेशद्वार पश्चिमतर्फ फर्केको यस पद्‌ममुक्तेश्वर मन्दिरको गर्भगृहभित्र एउटा कालो प्रस्तरको शिवलिङ्ग रहेको छ । सेतो चुनको रङ्युक्त यो मन्दिरको उत्तरतर्फ सप्ताह लगाउँदा होमादि गर्ने स्थल छ भने मन्दिरको मुख्य प्रवेशद्वार अघि प्रस्तर शिवको वाहन नन्दीको मूर्ति रहेको छ । यो मन्दिरको नित्यपूजाका लागि पहिला ढुङ्गाना र भण्डारी पुजारीको व्यवस्था गरिएको भए पनि हाल भने मन्दिरका पुजारी छैनन् । यस मन्दिरको पूजा प्राय स्थानीय गाउँलेहरूले विशेषगरी मंगलबार, शनिबार, स्थानीय जात्रा कान्तिभैरव र कुशे औँसी पर्व विशेषमा गर्दै आएको पाइन्छ । कुशे औँसीका दिन भने यस क्षेत्रमा सानो तिनो मेला समेत लाग्ने गर्दछ । यस क्षेत्रमा सञ्चालन हुने विभिन्न साँस्कृतिक गतिविधिहरूमा नेवारी परम्परानुसार भाद्र तृतीय, अक्षय तृतीयामा जात्रा र दशैको नवरात्रभर मेला लाग्दछ भने पौसेगया औसीका दिन यस उत्तरवाहिनी तीर्थमा पिण्डदान-श्राद्ध गर्न गोकर्ण लगायत अन्य विभिन्न जिल्लाहरूबाट विभिन्न भक्तजनहरूको ठूलो भीड लाग्दछ । यहाँ प्रत्येक शनिबार नेवारी भजन गर्ने चलन रहेको छ । यो भजनकीर्तनको परम्परा मल्लकालदेखि अद्यापि निरन्तर चल्दै आएको विश्वास गरिन्छ ।[८७]

पद्‌ममुक्तेश्वर महादेव मन्दिरकै परिसरमा एउटा लक्ष्मीनारायणको मन्दिर रहेको छ । यो मन्दिरको नारायणको मूर्ति खण्डित रहेकोमा पाटनबाट शिल्पकार बोलाई पुन निर्माण हुनुका साथै हराएको गंगाको मूर्तिको ठाउँमा नयाँ गंगामाईको प्रस्तर मूर्ति स्थापना र सतलपाटीको सरसफाई संरक्षणको साथै रुद्राक्षको रुख लाउने र साधुसन्तलाई सत्कार गर्न आवश्यक ओड्ने ओछ्याउने सुकुल, खाट र भाडावर्तनको व्यवस्था पनि सुब्बा शीतलमान सिंहले गर्नुभएको बुझिन्छ । यो पद्‌ममुक्तेश्वर, गंगामाई र राधाकृष्णको मन्दिर निर्माणमा ढुङ्गा, सुर्की, चुन र केही मात्रामा इँटा, सिमेन्टको पनि प्रयोग भएको देखिन्छ । त्यसैगरी यस उत्तरवाहिनीको पदममुक्तेश्वर महादेव मन्दिर

---

[८६] अन्तर्वार्ता डा.ऋषिराम पोखरेलसँग
[८७] अन्तर्वार्ता चन्द्रबहादुर केसीसँग

वरिपरि भक्त श्री विश्वनाथ पोद्दार र शीतलमान सिंहबाट स्लेट ढुङ्गा छाप्ने काम भएको देखिन्छ ।

### ४.५.४ पञ्चमुखी हनुमान मूर्ति

वाग्मती उत्तरवाहिनी पारीपट्टि सिद्धाश्रम गुफा र पञ्चमुखी हनुमानको मूर्ति रहेको छ । सिद्धाश्रम गुफाको ढोकानिर गणेश मूर्ति, त्यसभन्दा माथि चौतारीमा कछुवा आसनमाथि स्तम्भमा नारायण मूर्ति र पर्खालसँगै रहेको ढोकाबाट प्रवेश गरेपछि पुगिने एउटा ठूलो चोकको एकापट्टि एउटा गुफा रहेको छ भने अलिपर अर्को एउटा दुई तले पालेघरको माथिल्लो तलाको भित्री कोठाको खोपामा यो पञ्चमुखी हनुमानको मूर्ति राखिएको छ । पहिला यो हनुमान मूर्ति सिद्धाश्रम गुफामा थियो ।

यो पञ्चमुखी हनुमानको मूर्ति पहिले चिलाउनेको रुख फेदिमा कछुवा आसनमाथि स्तम्भमा रहेको नारायणको मूर्ति भएको ठाउँमा रहेको थियो । एक किसानले खेती गर्दा बाँदरले धानवालीको संरक्षण हेरविचार गर्नुपर्नेमा उल्टै बालीनाली खाएकाले रिसले सो मूर्तिलाई हिर्काइ दिनाले मूर्तिको एउटा टाउको खण्डित गरिदिनाले सो कृषक रगत छादेर मरेको स्थानीय कथन पाइन्छ । त्यसैगरी हनुमानलाई भक्तहरूले चढाएको नरीवल आदि प्रसाद खान बाँदरले लट्ठामा हामफाली आउँदा सो मूर्ति खण्डित हुन पुगेको भन्ने अर्को पृथक मत पनि पाइन्छ । यसरी अहिले आएर पञ्चमुखी हनुमानको मन्दिर भत्किएको छ भने मूर्ति समेत अङ्गभङ्ग हुन पुगेको छ ।[८८] राजा श्री ५ महेन्द्रका पालामा राजनिकुञ्ज वन बाहिर रहेको हनुमान मन्दिर र सो सँगै रहेको सिद्धाश्रम गुफा क्षेत्रलाई पनि बीचको पर्खाल भत्काइ सो गोकर्ण वनभित्रै समावेश गरियो । यहाँ भत्काइएको पहिलेको पर्खालको आवशेष अद्यापि देख्न सकिन्छ ।

संकलक कृष्णप्रसाद रेग्मीको 'पौराणिक कथाहरू' (०६२)[८९] नामक पुस्तकमा पञ्चमुखी हनुमानको बारे यस्तो पौराणिक कथा उल्लेख भएको पाइन्छ । कथाअनुसार श्री राम-रावणको युद्ध अन्तिम चरणमा पुगेका बेला आफ्नो अति वीर पुत्र मेघनादको पनि वध हुँदा राम ज्यादै अत्तालिँदै पातालवासी आफ्नो निकटतम मित्र अहिरावणलाई बोलाई बनवासी राम-लक्ष्मणले आफ्नी बहिनी सुपर्णखाको नाक काटी दिएको र आफूले रामकी पत्नी जानकीलाई हरण गरी ल्याई राम-लक्ष्मण सँगको युद्धमा आफ्नो पुत्र समेत मारिएको वृतान्त सुनाई हनुमान आदि वीरहरूको बीचमा रहेका राम-लक्ष्मणलाई पाताल लगी बध गर्न अह्रएपछि रावणको करकापमा परी अहिरावणले राम-लक्ष्मणलाई मार्ने प्रतिज्ञा गरी रात्रीको समयमा उक्त विभीषणको रूप लिइ सबै योद्धाको बीचमा सुतिरहेको राम-लक्ष्मणलाई बोकी पाताल तर्फ लगेकाले उनीहरूलाई नदेखेपछि हनुमान सहित सम्पूर्ण वीर योद्धाहरू बीच हाहाकार मच्चिएको र सुग्रिव, जाम्ववान आदिले हनुमानजीसँग

---

[८८] अन्तर्वार्ता चुडाबहादुर थापासँग

८९ कृष्णप्रसाद रेग्मी(संकलक), **पौराणिक कथाहरु**, दोस्रो संस्करण, (काठमाडौँः कृष्णप्रसाद रेग्मी, २०६२) पृ. ९७-१०१

उनीहरूको खोजी गर्ने प्रार्थना गरेपछि त्यो काम पातालबासी अहिरामको मायावी जाल हो भन्ने चाल पाइ हनुमानजी विभीषणको सल्लाह अनुसार प्रभुलाई खोज्न पातालतर्फ अहिरावणको पातालनगरीको द्वारमा पुग्दा प्रमुखद्वारमा मकरध्वज नामक शक्तिशाली बाँदर अहिरावणको सुरक्षार्थ खटेको देखि सोध्दा मकरध्वजको पिताको नाम हनुमान रहेको चाल पाई आफू ब्रह्मचारी हुँदा कसरी पुत्र भयो भनी सोधे । प्रत्युत्तरमा मकरध्वजले पहिले हनुमानले रावणको लंका दहन गर्दा आएको पसिना समद्रमा खस्दा सो पसिना एउटा माछाले निलेकोले सो माछालाई रावणकहाँ पुऱ्याइएको र त्यसकै पेटबाट आफ्नो जन्म भएको वृतान्त हनुमानलाई सुनाए ।

मकर ध्वजको यस्तो वृतान्त सुनेपछि तिम्रो पिता मै हुँ भनी हनुमानजीले भनेपछि मकरध्वजले उनलाई साष्टाङ्ग प्रणाम गरी पाल्नुको कारण सोधेपछि हनुमानले राम लक्ष्मणलाई अहिरावणले छल गरी यहाँ ल्याएकाले आफू खोज्न आएको तथ्य बताए । त्यसपछि मकरध्वले राम लक्ष्मणलाई नचिने पनि अहिरावणले दुई वटा राजकुमारालाई काँधमा बोकी दरबार तिर लागेको र वली देवीका परमभक्त अहिरावणले भोलि उनीहरूलाई वली दिने कुरा सुनाएपछि हनुमानले हतपत भित्र पस्न खोज्दा हे पिता मेरो शरीर छउञ्जेल मलाई नहराई तपाई भित्र जान सक्नुहुने छैन भनेपछि उनलाई रिस उठी मकरध्वजलाई लछार्दै-पछार्दै पुच्छरले एक डल्लो पारी आफ्नै पुछारमा बाँधी पहिलो द्वारबाट भित्र पसी दोस्रो द्वारमा पस्न लाग्दा द्वारको चारैतर्फ विष्टै विष्टाको दुर्गन्धले छिर्न गाह्रो भएको देखी हनुमानले तुरुन्त आफ्नो मुख सुँगुरको बनाइ दोस्रो द्वार पनि पार गरी तेस्रो द्वारमा पस्न लाग्दा त्यहाँ बलशाली हिंस्रक पशुहरू तैनाथ देखी तुरून्त आफ्नो अर्को मुख नरसिंहको बनाई सो द्वार पनि पार गर्नुभयो । त्यसपछि चौथो द्वार पार गर्न लाग्दा द्वारमा विभिन्न विशालकाय बिषधर सर्पहरू राखेकोले हनुमानजीले तुरुन्तै आफ्नो मुख गरुडको बनाई भित्र प्रवेश गरी पाँचौ द्वार भित्र पस्नै लाग्दा चारैतर्फ अत्यन्त तीखा काँडाका घारीहरू देखी वीर हनुमानजीले तुरुन्त पाँचौ मुखलाई घोडाको बनाई त्यस द्वारबाट पनि पार हुनुभयो । यस प्रकार हनुमानले सुँगुर, नरसिंह, गरुड र घोडा समेत पाँच रुप धारण गरेको हुँदा उहाँलाई पञ्चमुखी हुनमान पनि भनिन्छ ।

मदनमोहन मिश्रले 'गोकर्णको जङ्गल भित्र पनि भैरव पञ्चमुखी हनुमानको' स्थापना गरिएको चर्चा गरेका छन् ।[९०] गोकर्ण वनभित्र रहेका पञ्चमुखी हनुमान शिव आदि पनि वाग्मतीकै सम्बन्धले स्थापना भएका हुन् । त्यस क्षेत्रलाई कुनै किसिमको व्यभिचार नहोस् भन्ने हेतुले वनभित्र र बाहिर वरिपरि अनेक देवीदेवता स्थापना गरिएका छन् । धार्मिक दृष्टिले यो तपोभूमि मानिनुका साथै साहित्यकारहरूले यस क्षेत्रलाई साहित्यको साधना स्थल पनि मानि आएका छन् । कालो कडा प्रस्तरबाट निर्मित स्थानक यो मूर्ति दशबाहुयुक्त छ । केही विद्वानहरूले यो मूर्तिलाई

[९०] मिश्र, पूर्ववत (पा.टि.न. ४), पृ. २७८

५/६ शताब्दी तिर निर्मित मानेको भए पनि यस मूर्तिको पीठमा संवत् १८९८ को अभिलेख समेत कुँदिएकाले यो पञ्चमुखी हनुमान मूर्तिलाई १९ औं शताब्दीको प्रारम्भमा बनेको मूर्ति मान्नुपर्ने हुन्छ । यस मूर्ति लेखमा निम्न व्यहोराको अभिलेख कुँदिएको छ :- ".....श्री श्री श्री संवत १८९८ श्री.श्री गुरु पञ्चमुखी हनुमान... श्री श्री श्री महाराज राजेन्द्र विक्रम शाहको अटलक्षेत्र..... साके १७६३ साल मिति बैसाख....उत्तर्बाहिनि शुभम्...."।

श्री ५ राजेन्द्रको पालमा निर्मित यो हनुमानको मूर्ति उत्तरवाहिनी क्षेत्रकै महत्वपूर्ण एउटा प्रस्तर मूर्ति हो । रातो रंगले रंगाई रातै कपडाले ढाकिएको यो पञ्चमुखी हनुमानको दर्शनार्थ विभिन्न समयमा काठमाडौं उपत्यकाको साथै बाहिरी जिल्लाहरूबाट पनि भक्तजनहरू आउने गर्दछन् । तर यो मूर्ति पालेघर भित्र रहेकाले दर्शनार्थीहरूले अनुमति लिएर मात्र दर्शन पूजा गर्न पाउने भएकाले केही असुविधा भएको छ भने कतिपय श्रद्धालुहरूलाई त यस मूर्ति बारे जानकारी नै पनि छैन भने हुन्छ । यो हनुमानको मूर्ति राखिएको पालेघरको (भवन) मुनि भुँइ तला भूमिगत साथै खाली पनि छ । त्यहाँ जान भित्रबाटै सिँढीहरूको व्यवस्था गरिएको रहेछ । यो मूर्ति रहेको दुई तले पाले घरको निर्माणमा इँटा, काठ र दलानमा चुनको प्रयोग गरिएको छ । यस हनुमान मूर्तिको साथै राजनिकुञ्ज उत्तरवाहिनी क्षेत्रकै सुरक्षाका लागि हाल पूर्ण बहादुर तामाङ, गोकुलबहादुर बुढाथोकी, सञ्जय तामाङ, कृष्णबहादुर तामाङ, जयबहादुर घिसिङ, प्रितिमान लामा लगायतका जम्मा ६ जना सैनिक जवानहरू खटिएका छन् ।

श्री ५ वीरेन्द्रले त्यागी बाबाको दर्शनार्थ उत्तरवाहिनीमा सवारी हुँदा हनुमानको मन्दिर भत्की मूर्ति समेत अङ्गभङ्ग भएकाले पुनः स्थापना गरी सिद्ध महात्माहरूको मूर्ति राखी उक्त गुफालाई ऐतिहासिक, धार्मिक स्थल, पर्यटन क्षेत्र बनाउनुका साथै घाट पुनः बनाउनु पर्ने कुरा बाबाले राजालाई आज्ञा गर्दै-"यदि यी पञ्चमुखी हनुमानको मूर्ति पुनःस्थापना गरी पूजा गरिएन भने नेपाललाई अनिष्ट हुन्छ । हनुमानलाई पूजा नगरेर भोकै राखेमा राजा र राजपरिवारलाई नै खाइदिन्छन्, याद राख्नु" भनी सतर्क समेत गराउनुका साथै डा.ऋषिराम पोखेलले पनि यी सबै कुरा जाहेर गरी पञ्चमुखी हनुमानेको पुनःस्थापना, पूजाआजा गर्न सिद्धहरूको मूर्ति राखी गुफाहरू सर्वसाधारणलाई खुला गर्न, राजदरबारले २०४२ सालमा दर्ता गरेको करिब ९० रोपनी सार्वजनिक धार्मिक जग्गा फिर्ता गर्न र स्थानीय अन्य निर्माण कार्य गर्न सरकारमा बिन्ती गर्दा श्री ५ बाट एकाग्रता र श्रद्धापूर्वक सुनेर प्रमुख स्वकीय सचिव श्री चेतबहादुर कुँवरलाई बोलाई सबैकुरा बुझी जाहेर गर्न हुकुम भएको र पुनः दोस्रोपटक राजनिकुञ्ज गोकर्णवन भित्रबाट उत्तरवाहिनी गुफा र पञ्चमुखी हनुमानको दर्शन गर्न आउँदा उनै सचिव कुँवरले पोखरेललाई दरबारमा भेटगर्न बोलाए अनुसार पटक-पटक निवेदन सहित बिन्तीपत्र चढाए तापनि सचिवले सो कुरालाई गम्भीर र गहन रूपमा लिएन । यसरी पञ्चमुखी हनुमानको मन्दिर जीर्णोद्धार गर्ने हुकुम श्री ५ वीरेन्द्रबाट भए

पनि कालान्तरमा उनकै वंशनास हुन गएकाले सो कार्य हुन सकेन ।[९१] यसरी उत्तरवाहिनीको धार्मिक सांस्कृतिक पक्षहरूको संरक्षणार्थ कसैले ध्यान दिएको देखिदैन ।

### ४.५.५ सिद्धगुफा

उत्तरवाहिनी क्षेत्र एउटा धार्मिक स्थलमात्र नभएर एक पवित्र साधना केन्द्र या सिद्धतपोभूमि पनि हो । यहाँ विभिन्न समयमा विभिन्न साधुसन्त बाबा आई साधना, तप एवम् धार्मिक प्रवचन दिएको पाइन्छ । राजनिकुञ्ज गोकर्णेश्वर वनसँगै जाडिएको राजदरबारको सूचनासँग निकट यस उत्तरवाहिनी तीर्थमा सिद्ध खडानन्द ब्रह्माचारी (दिङला संस्कृत पाठशालाका संस्थापक, भोजपुर) तपस्वी शिवपुरीबाट बासुकी ब्रह्माचारी पूज्य गालेश्वर बाबा, सिद्धे तुलसी बाबा (खराउ लगाउने, वाग्मतीमा भेल आउँदा खराउ लगाई तर्ने), योगमाया (चन्द्र शमसेरका पालामा विशेष चर्चित), खप्तड बाबा आदिले तपस्यागरी सिद्धि प्राप्त गरेको भूमिगत सिद्धाश्रम गुफा छ ।[९२] यहाँ राणा प्र.म. श्री ३ जुद्धशमशेरले पनि तपस्या गरे भनिन्छ । कुवेर पुरी, चटाइबाबा आदिले समेत यही तपस्या गरेको विश्वास गरिने यस क्षेत्रमा तपस्या गर्ने सिद्धहरूमध्ये तुलसी राम बाबाले त खडेरी परेको बेला पनि तपस्याद्वारा पूजा गरी जलधारा बर्षाउने गरेको स्थानीय जनविश्वास पाइन्छ ।[९३]

यस तीर्थमा सन्त शिरोमणि त्यागी बाबा श्री १००८ आत्मानन्दजी महाराज पाल्नुभयो । भाङ्ग्रो, बोरा बेरेर ओड्ने, बोरामै बस्ने र दूधमात्र खाने यी बाबाले आउने जाने भक्तहरूलाई मिठाई र फलफूल खुवाएर आफू तृप्त भएँ भन्नुहुन्थ्यो । धन पैसा लिने त के छुनु पनि हुँदैन्थ्यो । सात-दश दिन बसेर दैनिक रूपमा रामायणमा आधारित धार्मिक प्रवचन र श्री सीताराम भजनले उत्तरवाहिनी तीर्थलाई स्वर्गीय दिलाई बाबाले ठूलो सत्संग चलाउनु भयो । यी बाबाले यहाँ बसुञ्जेल उपत्यकाका तीनै सहर र धनुषा जनकुपर धाम लगायत अधिराज्यका हजारौं भक्तहरूको मन मन्दिरमा सीतारामको बास गराउनु भयो । दैनिक प्रवचन सुन्न हजारौं तीथार्लुहरूको जमघट रह्यो । उत्तरवाहिनीमा नेपालका ठूला-बडाहरू, धनी मानिसहरू, नेताहरू, समाजसेवीहरूका मोटरकारको ताँती लाग्यो । यस स्थलको सबैतर्फ प्रचार प्रसार भयो । अकस्मात श्री ५ वीरेन्द्र र श्री ५ ऐश्वर्य लगायत सम्माननीय प्र.म. गिरिजाप्रसाद कोइराला सहित यातायात मन्त्री आदि विशिष्ट अन्य व्यक्तिहरूको पनि समुपस्थिति रह्यो ।[९४] (चित्र नं. ४०)

यहाँ सुरुमा दुई वटा गुफाहरू रहेकोमा एउटा भत्केको गुफाभित्र पञ्चमुखी हनुमान मूर्ति रहेको र अर्को गुफामा चाहिँ शिकारी बस्ने गर्दथ्यो । गुफाभित्रै पोखरी समेत रहेको थियो साथै दुई

[९१] डा.ऋषिराम पोखरेल, "श्री ५ वीरेन्द्रको पछिल्लो दर्शन भेट र उत्तरवाहिनी क्षेत्रको पुननिर्माण", **बैद्यनाथक्षेत्र**, विशेषाङ्क, वर्ष ९, अङ्क ९, वि.स. २०५८, पृ. १०४-५

[९२] उही, पृ. १०४

[९३] अन्तर्वार्ता चन्द्रबहादुर केसीसँग

[९४] पोखरेल, पूर्ववत (पा.टि.न. ९१), पृ. १०३-४

वटा तपस्थलका रूपमा कोठा समेत त्यहाँ भएको मानिन्छ । शिकारी बस्ने गुफामा जस्तोसुकै शिकारी या जडियाले प्रवेश गरेमा घोक्राएर निकाल्ने गरेको कुरा वि.स. १९९०/९१ सालतिर मलबाँस छल्न आफू त्यहाँ गई बसेका बेला शिकारी गुणदित गुरुङ ले ओछ्याएको कपडा फालिदिएकोले काप्दै-चिच्याउँदै बाहिर निक्लिएको दृष्य आफ्ना आँखाले देखे भोगेको कुरा चुडाबहादुर थापा बताउँछन् ।

पहिले पहिले तपस्वीहरू गुफाभित्रबाटै उत्तरवाहिनी वाग्मतीमा गई स्नान गरी फर्कन्थे भन्ने भनाइ पाइए तापनि हाल भने गुफाको मुख नै पुरिदै-टालिँदै आएकोले गुफा भन्दा विश्वास गर्न नै गाह्रो पर्ने स्थितिमा गुफाभित्र भित्रै वाग्मती स्नानको त कल्पना गर्न पनि सक्ने स्थिति छैन ।[९५] हाल यो सिद्धगुफा अति नै जीर्ण रहेको छ । जसको भित्र गुफा प्रवेश गर्ने ढोका रहेको भए पनि त्यसभित्र अध्यारो भएकाले केही देखिन्न । यसरी यो उत्तरवाहिनी तीर्थ स्थल धार्मिक, सांस्कृतिक, ऐतिहासिक, पुरातात्विक दृष्टिकोणले साथै साधनाकेन्द्र या सिद्धतपोभूमिको लागि पनि एक सुन्दर शान्त र एकान्तमय स्थलका रूपमा प्रसिद्ध छ ।

### ४.५.६ मन्दिर परिसरका अन्य मूर्तिहरू

कान्तिभैरव मन्दिर परिसर वरिपरि विभिन्न भक्तहरूले विभिन्न देवी-देवताहरूका मूर्तिहरू स्थापना गरेका छन् । यहाँ मन्दिर आसपास बनेका मूर्तिहरूको चर्चा गर्नु सान्दर्भिक ठानिन्छ ।

क. श्री भैरवमान श्रेष्ठले भैरव र गणेशका मूर्तिहरू स्थापना गरेका छन् । उनले र शीतलमान सिंह प्रधानले संयुक्त रूपमा भगवती, भैरव, भीमसेन र मनकामना आदिका विभिन्न मूर्तिहरू स्थापना गरेका छन् ।

ख. श्री कुलबहादुर श्रेष्ठले श्री स्वस्थानी भगवतीको मूर्ति, श्री तुलसीदास श्रेष्ठले बुद्धको मूर्ति, श्री शीतलमान सिंहले सरस्वती, भीमसेन र विष्णु आदिका मूर्तिहरू स्थापित गरेका छन् ।

ग. सुन्दरीजल निवासी डा.ऋषिराम पोखेलले धान्याञ्चल यज्ञको आयोजना गरी जनसहयोगबाट निर्माण गराउनु भएको पुलको मुखमा पर्ने 'जागेश्वर महादेवको पुनः प्रतिस्थापन गर्ने काम पनि भक्त शीतलमान सिंह तथा भैरव बहादुर श्रेष्ठ आदिको संयुक्त तत्परतामा सम्पन्न भएको रहेछ । स्कन्धपुराणमा सतीदेवीको अंङ्ग पतन हुने क्रममा श्री महादेवले यहाँ विचरण गरेको र सतीदेवीको अङ्गबाट भैरवी देवी एवम् जागेश्वर महादेव उत्पत्ति भएको कुरा उल्लेख छ ।

घ. उत्तरवाहिनी पारिपट्टि सिद्धाश्रम गुफाको ढोकानिर भगवान् गणेश मूर्ति छ । यो मूर्ति अति प्राचीन हो । त्यसभन्दा माथि चौतारीमा कछुवामाथि स्तम्भमा नारायणको मूर्ति छ । त्यस पर्खालभित्र पञ्चमुखी हनुमानको खण्डित मूर्ति पालेघरमा राखिएको छ ।

---

[९५] अन्तर्वार्ता चुडाबहादुर थापासँग

यी माथि उल्लेखित विभिन्न प्रस्तर मूर्तिहरूका अलवा स्थानीय भक्तहरूमध्ये थापा परिवार र नेवार समुदायका कुल देवताका मूर्ति र मन्दिरहरू पनि उत्तरवाहिनीका हातामा स्थापित छन् ।

**४.५.७ स्थानीय अन्य देवीदेवताहरू**

गोकर्ण वनको अन्त हुने बितिकै पूर्वपट्टि डाँछी गा.वि.स. को थली गाउँमा पनि गोकर्ण तीर्थका अंग देवताहरु र ऐतिहासिक, पुरातत्विक तथा धार्मिक स्थलहरू छन् । ती मध्ये सतीदेवीको कान पतन भएको कानेपोखरी एक हो भने त्यसैको पूर्वपट्टि पाखामा चिनमयी देवीको र त्यही नजिकै चौलनारायण मन्दिर छ । यो मन्दिर परापूर्वदेखि रहेको भए तापनि भत्की बिग्री सकेको पूर्णतया नष्ट भइसकेकोमा स्थानीय जनताहरूले पुनः नव निर्माण गरेका छन् ।

यसैगरी यहाँ कल्छीकोट देवी र कानेकोटे देवीको मन्दिर पनि करिब १०० मिटरको दुरीमा अवस्थित छ । यी दुवै कोटका देवीमध्ये धेरै जीर्ण भएको हुँदा आफ्नो सत्संग र प्रवचन तथा कथा पुराणका माध्यमबाट डा.ऋषिराम पोखरेलले यहाँ जनसहयोग जुटाइ करिब छ लाखको लागतमा दुवै देवीका मन्दिरहरू जीर्णोद्वार गरी कथा प्रवचन गर्ने हल समेत छुट्टाछुट्टै निर्माण गरिएको छ । गोकर्णेश्वर महादेवको दर्शन गरी आसपासका क्षेत्रको परिक्रमा गर्ने क्रममा यी देवी देवताको पनि दर्शन पूजा गर्ने चलन रहेको छ । त्यस्तै गोकर्ण क्षेत्रको वरपर विभिन्न जातिका कुलदेवताहरू समेत छरिएर रहेका छन् । दुङ्गाना जातिले हात्तीसार मन्दिर घरहरूमा कुलदेवताको बार्षिक रूपमा मध्य जून महिनामा पूजाको अयोजना गर्दछन् । त्यस्तै यहाँ पौड्यालहरूको पनि एउटा मन्दिर घर छ । जहाँ बार्षिक रूपमा मध्य सेप्टेम्बरमा पूजाको आयोजना गरिन्छ । महत जातिहरू समेत यहाँ प्रत्येक मे मा उनीहरूको मन्दिरमा कुलदेवता पूजा गर्न भेला हुने गर्दछन् । यसरी यस गोकर्ण क्षेत्र आसपास विभिन्न जातिहरूले मान्दै आएका आ-आफ्ना कुलदेवता रहेका छन् ।

**४.५.७.१ कोलमतेश्वर मन्दिर**

गोकर्णेश्वर मन्दिरदेखि पूर्व उत्तरवाहिनी तीर्थभन्दा करिब ५०० मिटर पूर्वतर्फ गोकर्ण वनको सिमान्त क्षेत्रमा वाग्मती तीर्थ यात्राको क्रममा पर्ने १२८औ तीर्थ श्री कोलमतेश्वर महादेव चिनमयी देवी र चौलनारायण स्थान छ । त्यहाँ डा.ऋषिराम पाखरेलको नेतृत्व एवम् आह्वानमा उद्धारमना दाता र भक्तहरूको सहयोग र सक्रियतामा श्री कोलमतेश्वर महादेवको मन्दिर करिब १५ लाखको लागतमा निर्माण गरिएको छ ।

मन्दिर इँटा, ढुङ्गा, सिमेन्ट, रड र अप्पा इँटा आदिको प्रयोग गरी शिखर शैलीमा निर्माण भएको छ । मन्दिर जाने बाटो गोकर्ण थली गाउँबाट करिब एक कि.मी. बाटो पनि निज डा. पोखरेलकै आह्वानमा जनसहयोगबाट निर्माण भएको छ । त्यस मन्दिरमा भाद्रकृष्ण षष्ठीका दिन विशेष मेला लाग्दै आएको पाइन्छ । यस स्थलमा चौलमती, कोलमती र वाग्मतीको त्रिवेणी

सङ्गम परेको हुनाले यहाँ गई स्नान दर्शन दानादि गर्नाले हजार गाई दान गरे बराबरको पुण्य मिल्दछ भन्ने स्कन्दपुराण हिमवत्खण्डमा उल्लेख गरिएको छ ।

कोलमतेश्वर नजिक सामुन्ने पारेर हाल सप्तर्षिहरूको प्रस्तर मूर्ति पनि स्थापित गरिएको छ । यहाँ भने प्रत्येक वर्षको ऋषि पञ्चमीका तिथिमा विशेष मेला लाग्दछ । यो दिन यहाँ महिलाहरूको विशेष भीड रहने गर्दछ । थलीको कोलमती घाटमा स्नान गरी जौ, तिलले पूजा-आजा गरी सहस्र गौदान गरे सहस्र पुण्य मिल्छ भन्ने शास्त्रीय मान्यता रही आएको छ । त्यस कोलमती घाटमा भाद्रकृष्ण पञ्चमीमा स्नान गरी कोलमतेश्वर चौलनारायण तथा चिनमयी देवीको दर्शन गरेमा अनन्तपुण्य मिल्छ भनिएको छ ।[९६] यो कोलमतेश्वर मन्दिर शिव पाञ्चायनको शास्त्रीय मान्यताअनुसार बनेको छ । जसमा शिवलाई माझमा, विष्णुलाई ईशानमा, सूर्यलाई अग्निमा, गणेशलाई नैऋत्यमा र देवीलाई वायण्यमा स्थापना गरिएको हुन्छ ।

### ४.५.८ उत्तरवाहिनी तीर्थको महत्व

पवित्र पितृतीर्थ अन्तर्गत पर्ने उत्तरगयाको उत्तरवाहिनी क्षेत्रको महत्व बारे ऋषि रचित कृति तथा स्वस्थानीदेवी महात्म्यमा- "गोकर्णको उत्तरवाहिनी क्षेत्रमा सतीदेवीको देब्रेकान पतन भई त्यस स्थानमा भगवान् कान्ति भैरव प्रकट हुनु भएको र वहाँकै संरक्षणमा कान्तिपुर नगरीको निर्माण तथा कान्ति भैरवको दर्शन तपस्याद्वारा नै धेरै साधकहरू सिद्ध महात्मा भएका यस उत्तरवाहिनी तीर्थमा श्रद्धा भक्तिले श्राद्धगरी पिण्डपानी दिने सन्ततिका पितृलाई मुक्ति र छोराछोरीलाई अखण्ड सुख शान्ति मिल्दछ । सो उत्तर वाहिनीमा आश्रम, साधनकेन्द्र वा कुटी बनाइदिएमा पितृहरूको उद्धार हुन्छ र त्यसो गर्ने सन्तानलाई पनि सुख शान्ति मिल्दछ भनिएको छ ।[९७]

यही कान्ति तीर्थमा तपस्या गरेर क्षयरोगी चन्द्रमाले भगवान् शिवजी (कान्तिभैरव) को कृपाले आफ्नो कान्ति पुनः प्राप्त गरी सुन्दर आकृति पाएको चर्चा स्कन्दपुराण हिमवत्खण्डमा पाइन्छ । अतः यस कान्ति तीर्थमा स्नान गरी कान्ति भैरवको दर्शन गरेमा चन्द्रमाको जस्तै कान्ति प्राप्त हुन्छ । यहाँ आश्विन महिनाको अश्विनी नक्षत्र परेको पूर्णिमाको दिनमा स्नान र पूजा, श्राद्ध र दानको अति नै ठूलो महत्व छ । श्रीमत्पाशुपतक्षेत्रको उत्तर पूर्वमा पर्ने पितृतीर्थ गोकर्णभन्दा

[९६] डा.ऋषिराम पोखरेल, " उत्तरगया श्री गोकर्णेश्वर पितृतीर्थ एवम् त्यस क्षेत्रका प्रमुख देवदेवी", **मुजुरा**, त्रैमासिक, वर्ष १, अं ३, बि.सं. २०६१, पृ. ६-८

[९७] उही, पृ. ७-८

सतीदेवीवामकर्णादुत्पन्नः कान्ति भैरवः ।
संरक्षिता कान्तिपुरी तेन नित्यं विशेषतः ॥
तस्मादुत्तर वाहिन्यां साधव : सिद्धि-शलिन : ।
आश्रम साधना केन्द्रं अथवा तत्र कारयेत ।
येनास्य पितरो मुक्ताः दातार सुखिन : सदा ॥

पूर्वमा रहेको उत्तरवाहिनी वाग्मतीको परम पवित्र त्यो तीर्थ सिद्ध तपस्वीहरूले सुशोभित छ र त्यस पितृतीर्थमा तपस्या गर्नाले छिट्टै सिद्धि मिल्दछ।[९८]

यसै तीर्थभन्दा केही पूर्वपट्टि कोलमतेश्वर महादेव, चिनमयी देवी र चौलनारायण स्थान छ जहाँ वाग्मतीसँग मिसिएका कोलमती र चैलमतीको त्रिवेणी सङ्गम कोलमती तीर्थ छ । सो कोलमती तीर्थ (घाट) मा भाद्रकृष्ण पञ्चमी स्नानगरी कोलमतेश्वर चौलानारायण तथा चिनमयी देवीको दर्शन गरेमा अनन्तपुण्य मिल्छ भनिएको छ । यसरी सो त्रिवेणी सङ्गमयुक्त तीर्थस्थलमा गई स्नान दानादि गर्नाले हजार गाइ दान गरेको पुण्य मिल्दछ भन्ने स्कन्द पुराण हिमवत्खण्डमा उल्लेख गरिएको छ।[९९]

गोकर्णेश्वर पूर्व कान्तिभैरव मन्दिर र पञ्चमुखी हनुमानको बीच भएर पवित्र वाग्मती उत्तरतर्फ बगेको उत्तरवाहिनी क्षेत्रमा सूर्यग्रहण र चन्द्रग्रहण लागेको बखत गरेको मन्त्र जप साधारण समयमा गरेको मन्त्र जप भन्दा कयौं गुणा अधिक प्रभावशाली हुन्छ जसबाट सफलता निश्चित हुनुका साथै यस विशिष्ट समयमा गरेको पूजा विधान मन्त्र जप आदिले साधकलाई सयगुना फल प्राप्त हुन्छ भन्ने विश्वासले स्थानीय बासिन्दाहरू दिनमा तीन पटक सम्म आई स्नान गर्ने गर्दछन् । शास्त्रीय मान्यता अनुसार पनि नदी उत्तरतर्फ भई बगेको स्थललाई पुण्य एवम् पवित्र मानिन्छ। उत्तर वाहिनी क्षेत्र जस्तै देवघाट, प्रयाग आदि स्थलमा पनि नदी उत्तर तर्फ गई बगेकाले ठूला एवम् पवित्र तीर्थका रूपमा मानिन्छन् ।

गोकर्ण उत्तरवाहिनी तीर्थको सिद्धाश्रम गुफामा बसी सिद्ध खडानन्द ब्रह्माचारी, बासुकी ब्रह्माचारी, गालेश्वर बाबा, तुलसी बाबा, योगमाया, खप्तडबाबा, जुद्धशमशेर, कुवेर पुरी, चटाइबाबा आदिले तपस्या गरी सिद्ध प्राप्त गरेका थिए । यसरी यो तीर्थ धार्मिक, सांस्कृतिक र पुरातात्विक दृष्टिले मात्र नभएर साधनाकेन्द्रका रूपमा पनि महत्वपूर्ण एवम् ख्यातिप्राप्त हुँदै आएको छ ।

### ४.५ वर्तमान अवस्था

पौराणिक, ऐतिहासिक, धार्मिक र सांस्कतिक दृष्टिकोणले प्राचीन कालदेखि नै परिचित पवित्र र पुण्य स्थल गोकर्ण क्षेत्र उत्तरगयाका रूपमा अधिराज्यभर प्रसिद्ध छ। नेपालका विभिन्न प्रसिद्ध तीर्थस्थलहरु मध्ये अग्रपंक्तिमा रहेको पितृ मोक्ष धाम गोकर्ण क्षेत्रले ऐतिहासिक, धार्मिक र पुरातात्विक दृष्टिकोणले पनि महत्व राख्दै आएको छ। यो ऐतिहासिक तथा धार्मिक महत्व बोकेको

---

[९८] उही, पृ.८

श्रीमत्पाशुपतक्षेत्रे पूर्वेत्तदिशि स्थितम् ।
श्रीगोकर्णेश्वरतीर्थ यत्पूर्वस्यामस्ति पावनम् ॥
क्षेत्रमत्युत्तमं यत्र वाग्मत्युत्तरवाहिनी ।
पितृतीर्थ सिद्धजुष्टं तपः सिद्धिप्रदं द्रुतम् ॥

[९९] उही

गोकर्णेश्वर महादेव मन्दिर क्षेत्र एवम् वरपरका महत्वपूर्ण पिङ्गला देवीस्थान, सप्तर्षितीर्थ, भीमसेनस्थान तथा कर्मकालीका मन्दिर क्षेत्र आदिको दिगो विकास गर्ने अवधारणा अनुरुप विकास कार्यको लागि श्री विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना बबरमहल मार्फत डेभ्स कन्सल्ट प्रा.लि. द्वारा आवश्यक परिमार्जित ५ वर्षे गुरुयोजना वि.स. २०६१ आषाढ देखि तर्जुमा गरी गोकर्णेश्वर गा.वि.स वडा नं १ र २ मा विभिन्न पूर्वाधारहरूको निर्माण कार्यहरू हुँदै आएको छ। सो गुरु योजनाको सीमा क्षेत्र गोकर्णेश्वर महादेव मन्दिर क्षेत्र अन्तर्गत पूर्वतर्फ वाग्मती नदी, पश्चिममा यज्ञडोल स्थित खुला भाग, उत्तरतर्फ घाट तथा वाग्मती नदी र दक्षिण तर्फ कालिका मन्दिर तथा गुप्ती गणेश मन्दिर क्षेत्र अन्तर्गत गुरुयोजनाको करीब ५.४१ हेक्टर क्षेत्रफल पर्दछ भने पिङगला देवी स्थान तथा सप्तर्षितीर्थ क्षेत्र अन्तर्गत पूर्वतर्फ पिङगलादेवी स्थान पछाडिको खुला भाग, पश्चिममा भीमसेन मन्दिर स्थल, उत्तरतर्फ सप्तर्षितीर्थ तथा वाग्मती नदी र दक्षिणतर्फ बाटोको क्षेत्र अन्तर्गतको करिब १.९२ हेक्टर क्षेत्रफल भूमि पर्दछ।[१००]

यस परिमार्जित गुरुयोजनाको उद्देश्यहरूमा यस क्षेत्रको संरक्षण र विकास गरी आन्तरिक तथा बाह्य पर्यटनलाई बढावा दिने, वातावरण सुधार गर्ने, सम्भावित अतिक्रमणलाई रोक्ने साथै दिगो विकासको अवधारणा अनुरुप विद्यमान गुरुयोजनामा आवश्यक पूर्वाधार थप गरी गुरुयोजना क्षेत्रलाई सम्भावित अवसरहरुको आधारमा विस्तार गर्ने रहेको छ भने उपेक्षित अवस्थामा रहेका पिङ्गला देवीस्थान, सप्तर्षितीर्थ घाटलाई गुरुयोजना क्षेत्रभित्र सम्लग्न गरी स्थानीय क्षेत्र वरपरका बासिन्दाहरुलाई यस विकासबाट लाभान्वित पार्ने यस गुरुयोजनाको मुख्य उद्देश्य रहेको छ। गुरुयोजना लागु भएको खण्डमा कुशै औँसीका दिन यहाँ उपस्थित आन्तरिक पर्यटक तथा भक्तहरुको लागि पर्याप्त आवश्यक पूर्वाधारहरू जस्तै :- श्राद्ध गर्ने स्थलहरू, कपाल खौरने कक्ष, स्नानागार, खानेपानी, शौचालय, धर्मशाला, मोटर पार्किङ आदिको सुविधा पुग्न जान्छ भने अर्कातर्फ त्यसबाट आएको आयआर्जनबाट सोही क्षेत्रको मर्मत सम्भार हुन गई ऐतिहासिक महत्वको सम्पदा संरक्षण र सम्बर्द्धन हुने देखिन्छ। साथै सफारी पार्कको छेउमै रहेको बस-बिसौनीमा पार्किङको व्यवस्था गरिँदा भेला आदि विशेष अवसरमा हुन आउने समस्यालाई समाधान गर्न सकिने देखिन्छ। त्यस्तै मसानघाटको संख्यामा पनि बिस्तार गरिएमा हालका समस्यालाई केही कम गर्न सकिने देखिन्छ। यस क्षेत्रलाई व्यवस्थित गर्न सके आन्तरिक मात्र होइन बाह्य पर्यटकहरुलाई समेत आर्कषण गर्न सकिने देखिन्छ। जसबाट त्यस क्षेत्रको साथै त्यस क्षेत्रमा बसोबास गर्ने बासिन्दाहरु समेतको आयमा बृद्धि भई जीवनस्तर उक्सिने देखिन्छ भने यहाँ निर्माण हुने पूर्वाधारहरु जस्तै :- पार्किङ, फूलप्रसाद बिक्री कक्ष, पूजा सामग्री तयार कक्ष,

[१००] परिमार्जित गुरुयोजनाको अन्तिम प्रतिवेदन, २०६१, आषाढ

धर्मशाला आदि सुविधा प्रदान सहित गुरुयोजना क्षेत्रलाई आगतका वर्षहरूमा आय स्रोतको दृष्टिले आत्मनिर्भर गर्न मद्दत गर्ने देखिन्छ ।

हालसम्म यस क्षेत्रमा विभिन्न समयमा विकास निर्माण लगायत सुधारात्मक कार्यहरु हुँदै आएका छन् । तिनीहरुको संक्षिप्त विवरण तल प्रस्तुत गरिएको छ ।

१. वि.स. २०४६/४७ सालतिर गोकर्णेश्वर निकट वाग्मती नदीको किनारमा गैर सरकारी संस्थाको पहलमा दुई वटा घाटहरू निर्माण गरिएका छन् ।

२. गोकर्णेश्वर मन्दिरपूर्व वाग्मती पारी तटमा रिटेनिङ वाल र सिँढी निर्माण गरी भू-क्षय नियन्त्रण गरिएको छ जुन काम काठमाडौँ जिल्ला भू-संरक्षण कार्यालय र स्थानीय श्रमदानबाट सम्पन्न गरिएको छ ।

३. त्यस्तै गोकर्णेश्वर महादेव क्षेत्र संरक्षण समितिको पहलमा भीमसेन पाटीको निर्माण तथा मन्दिरको उत्तरतर्फ रहेको खाल्डो पुर्ने कार्य भएको पाइन्छ ।

४. विशेष भौतिक पूर्वाधार क्षेत्र आयोजना बबरमहलले गदाधर नारायण मन्दिर पूर्व वाग्मती तटीय क्षेत्रमा प्याराफिटको निर्माण गरी ढुङ्गा छाप्ने काम समेत सम्पन्न गरेको छ ।

५. गोकर्णेश्वर निकट त्रिवेणीसङ्गम स्थल वाग्मतीको किनारामा टोपबहादुर कार्की, सूर्यभक्त फैजु र सुरेशचन्द्र भट्ट आदि उद्धारमना भक्तहरूले श्राद्ध गर्न सजिलोको लागि विष्णुपादुका सहित श्राद्धस्थल निर्माण गरी जस्ताको छाना लगाउने कार्य गरेको पाइन्छ ।

६. गोकर्णेश्वर मन्दिर पूर्व वाग्मती नदीको माथि सिँढीमा बलराम न्यौपानेद्वारा राधाकृष्णको मूर्ति स्थापना गरिएको छ ।

७. गोकर्णेश्वर मन्दिर क्षेत्र संरक्षण समितिको पहलमा जल उत्पन्न प्रकोप नियन्त्रण विभाग डिभिजल कार्यालय भक्तपुरको सहयोगमा गोकर्णेश्वर मन्दिरदेखि दक्षिण पूर्व वाग्मती नदी तटमा रिटेनिङ वाल निर्माण गरिएको छ ।

८. गोकर्णेश्वर मन्दिर उत्तरतर्फ चन्द्रमती नदिमा व्यक्तिहरूद्वारा अतिक्रमित जग्गा छुट्याई गोकर्णेश्वर क्षेत्र संरक्षण समितिको पहलमा जल उत्पन्न प्रकोप नियन्त्रण विभाग पुल्चोकको सहयोग र स्थानीय श्रमदानद्वारा जाली बाँध्ने कार्य भएको छ ।

९. गोकर्ण मन्दिरको उत्तरतर्फ उत्तरगयातीर्थ वाग्मती घाट संरक्षण उपभोक्ता समितिको पहलमा बिजुलीको ट्रान्सफरमर सार्ने कार्यका साथै चन्द्रमती नदी नियन्त्रण गरी पार्किङ स्थल निर्माण कार्य भएको छ ।

१०. सोही स्थानमा खाल्टो पुर्ने कार्य निजी दाता स्थानीय वालुवा गा.वि.स. निवासी मधूसुदन भण्डारीबाट सहयोग स्वरूप डोजर उपलब्ध गराई पुर्ने कार्य भएको छ ।

११. गोकर्ण मन्दिरको दक्षिणतर्फ सुन्दरीजल जाने बाटो मुनि मन्दिर प्राङ्गणमा आउनको लागि बाटोमा ढुङ्गा छापी सिँढी नियन्त्रण गर्ने कार्य पुरातत्व विभागबाट सम्पन्न भएको छ ।

१२. गोकर्णेश्वर मन्दिर क्षेत्र संरक्षण समितिको पहलमा नेपाल विद्युत प्राधिकरणको सहयोगमा ठाउँ ठाउँमा बिजुलीका पोलहरू राख्ने कार्य भएको छ ।

१३. गोकर्णेश्वर मन्दिर उत्तरतर्फ तीर्थालुहरूको लागि धार्मिक उद्देश्य लिई 'पशुपति कांवडिया सेवा संघ र गोकर्णेश्वर गा.वि.स. एवम् गोकणेश्वर मन्दिर क्षेत्र संरक्षण समितिको' सहयोगमा ६ वटा शौचालय सहित दुई वटा स्नानागार निर्माण भएको पाइन्छ र हाल आएर गोकर्णेश्वर मन्दिर क्षेत्र संरक्षण समितिले गुरुयोजना पुरा गर्ने सिलसिलामा विशेष भौतिक तथा पूर्वाधार क्षेत्र विकास आयोजना बबरमहलमा प्रबन्ध समिति तयार गर्न पत्राचार भैरहेको कुरा समितिसँग आबद्ध सुरेशचन्द्र भट्ट बताउँछन् ।

१४. गोकर्ण मन्दिर पूर्व वाग्मती नदी माथि स्थानीय पुल कार्यक्रम बि.बि.एल.एल र जि.वि.स. को ज्याला र स्थानीय गोकर्णेश्वर महादेव ट्रस पुल निर्माण समितिको सक्रियतामा पुल निर्माण कार्य भैरहेको छ ।

१५. यस मन्दिर परिसरमा दैनिक रूपमा सरसफाई एवम् रंगरोगन लगाउने कार्य समेत गोकर्णेश्वर क्षेत्र संरक्षण समितिका तर्फबाट हुँदै आएको छ । यसरी यस क्षेत्रमा निकै विकासात्मक-सुधारात्मक कार्यहरू हुँदै आएको पाइन्छ । साथै अन्यन्त्रका मन्दिरमा भन्दा यस मन्दिरको सरसफाइ एवम् निर्माण कार्यहरू पनि सन्तोषजनक रूपमा हुँदै आएको पाइन्छ ।

१६. त्यस्तै गोकर्ण उत्तरवाहिनी पावन क्षेत्रमा वाग्मती नदीको तटमा विभिन्न व्यक्तिहरुद्वारा विभिन्न समयमा विभिन्न नाम गरेका घाटहरू निर्माण गरिएका छन् । घाट निर्माणका क्रममा पद्‌ममुक्तेश्वर मन्दिर प्राङ्गण अगाडि वाग्मती नदीको तटको घाट निर्माण गर्दा रामकुमार थापाले सय बोरा सिमेन्ट उपलब्ध गराएका थिए भने स्थानीय बासिन्दा एवम् भू.पू. गोकर्णेश्वर गा.वि.स. वडा नं ७ का वडाध्यक्ष भैरवबहादुर श्रेष्ठ र शीतलमान सिंह प्रधानबाट इँटा, ढुङ्गा आदिको व्यवस्थापन गरी जम्मा पचास-पचपन्न हजारको लगानीमा वि.स. २०५६/०५७ सालतिर सो घाट निर्माण गरिएको बुझिन्छ ।

१७. त्यस्तै लम्बकर्ण भट्टले बनाएको चिता कालान्तरमा पुरिन गएकोमा स्व :टीकाराम श्रेष्ठका छोरा कृष्णराम र नन्दराम आदिले सो दाहसंस्कार गर्ने ठाउँको जीर्णोद्धार गरी वि.स. २०५९ सालमा पुनः निर्माण गरी छाना लगाई दिएको कुरा त्यही उत्कीर्ण शिलालेखबाट प्रष्ट हुन्छ ।

१८. उत्तरवाहिनीमै वाग्मती पुल पूर्वतर्फ पनि इति संवत् २०५६ साल आषाढ ११ गते ३ रोजका दिन गोकर्ण गा.वि.स. परिवारद्वारा घाट निर्माण कार्य सम्पन्न भएको कुरा त्यही रहेको शिलालेखबाट थाहा हुन्छ । यहाँ निर्मित घाटको 'श्री रामघाट' नामाकरण गरिएको छ ।

१९. त्यस्तै गरी उत्तरवाहिनी पञ्चमुखी हनुमानको दक्षिणतर्फ श्री कृष्णराम श्रेष्ठ (किसिगाल) र श्री भैरवबहादुर श्रेष्ठ (नोहकिल) ले आफ्ना पुजनीय माता र पिताको पुण्य स्मृतिमा संयुक्त रूपमा इति श्रीसंवत २०५९ साल जेठ २५ गते ७ रोजका दिन घाट निर्माण गरी 'सीताघाट' नामाकरण गरिएको छ ।

२०. कान्ति भैरव मन्दिरको कुनामा तल्लो तहमा काठमाडौं जिल्ला गोकर्ण ९ नोहकील बस्ने आफ्ना पूर्खाहरू (माता र पितामह) को सम्फनामा श्यामलाल श्रेष्ठले बनाइ दिएको भान्सा खण्ड ट्रस र मर्मत संभार एवं पुन : निर्माण भएको उत्तर वाहिनी क्षेत्रमा गाउँलेहरूको भोज भतेर, विवाह, व्रतबन्ध तथा फिल्म सुटिङ गर्नेहरुका साथै वनभोज गर्नेहरूका लागि पनि धेरै सुविधा पुगेको छ । जस्ताको छाना, फलामका डण्डी भुँइ सिमेन्ट प्रस्तरद्वारा निर्मित यो ट्रसको समुद्घाटन श्रीमान् प्रहरी महानिरीक्षक श्यामभक्त थापाबाट वि.स. २०५९ साल माघ ४ गते शनिबारका दिन भएको कुरा शिलालेखबाट ज्ञात हुन्छ ।

२१. साविकको 'पुराण मण्डप' लाई पुनर्निर्माण गर्ने काममा स्थानिय गा.वि.स. अध्यक्ष गोविन्दबहादुर श्रेष्ठ, वडाध्यक्ष ७ नम्बर भैरवबहादुर श्रेष्ठ, भक्त शीतलमान सिंह, भक्त दिलबहादुर श्रेष्ठ, कुलबहादुर श्रेष्ठ आदिको विशेष सहयोग र तत्परतामा सम्पन्न भएको बुफिन्छ ।

२२. यस उत्तरवाहिनी तीर्थमा सिद्धिप्राप्त सन्त वाकसिद्धि पाएका महात्मा सन्त शिरोमणि त्यागी बाबा श्री १००८ आत्मनन्दजी महाराजा आएको कुरा राजदरबारमा पुगेपछि श्री ५ वीरेन्द्रको सवारी हुने पूर्व संकेत पाइ यहाँ रातारात कच्ची बाटोमा ग्राभेल समेत गर्ने काम भएको थियो ।

२३. यहाँ गुरु डा. ऋषिराम पोखरेलले देवी भागवत नवाह वाचन गरी तथा भक्तजनहरूको बीचमा उपहार चिठ्ठाको भक्तहरू भैरवबहादुर श्रेष्ठ लगायतका सहयोगमा मन्दिर वरिपरि ढुङ्गा छाप्ने, सिँढी लगाउने, चौतारो बनाउने, ढोका बनाउने, सडक बाटो संरक्षण गर्ने, पर्खाल मर्मत र थप एक पाटी निर्माण जस्ता कतिपय सुधारात्मक कार्यहरू भएका देखिन्छन् भने गा.वि.स पूर्व अध्यक्ष गोविन्दबहादुर श्रेष्ठ आदिको तत्परतामा भजनपाटी निर्माण सुधार गरी शिलापत्र राख्ने काम भएको पाइन्छ ।

२४. उत्तरवाहिनीमै पूर्वतर्फ 'श्री रामघाट' को सँगै निर्मित श्राद्धस्थल बिग्री भत्किएकाले सो को गोकर्णेश्वर गा.वि.स. वडा नं ८ निवासी विदुरकुमार थापाले हाल पुनः निर्माण गर्न लागेको देखिन्छ। कामको सिलसिलामा बर्षात सुरू हुन गएकाले त्यहाँ आवश्यक सामग्री ढुङ्गा, जाली बुन्ने तारआदि सबै पूर्ण तयारी अवस्थामा देखिए तापनि वाग्मती नदीको फैलावट एवम् दैनिक रूपमा बढ्दो भेलका कारण ढलान गर्ने काम भने बाँकी नै रहेको छ। जुन निर्माण कार्य पुस सम्ममा सम्पन्न गर्ने आफ्नो योजना रहेको कुरा उनै थापा बताउँछन्। यहाँ पौषे गया औंसीका दिन विभिन्न ठाउँबाट श्राद्ध गर्न आउने भक्तहरूको ठूलो घुइँचो लाग्दछ। अन्य समयमा पनि यहाँ श्राद्ध पूजा पाठ एवम् दर्शनार्थ तीर्थालुहरू आउने गर्दछन्।

२५. उत्तरवाहिनी पुण्यतीर्थमा श्री पद्ममुक्तेश्वर महादेवका उत्तरतर्फ नरदेवीका भट्टले इति संवत् १९५९ को शिलालेख अनुसार बनाइएको तीन तले भिँगटी छानाको पाटी भत्किएकोले राजदरबारका सचिव श्रीधर थापाको जाहेरीमा धर्म प्रेमी राजा श्री ५ वीरेन्द्रबाट (आ.व. ०४२/४३) रु १,००००१ (एक लाख एक रुपैयाँ) निकासा बक्स भई कर्णेल उपेन्द्र थापाका अगुवाइमा साविकको कच्ची पाटी भत्काई पक्की ढलान पाटी तल्ला निर्माण भएको थियो। पुन निर्माण गरिएको एक तले ढलान पाटी बीच-बीचमा चर्किएर चुहिएकोले कल्पवासी साधुसन्त र घाट पाटीमा बस्नेहरूलाई समेत मर्का परेको ब्रह्मचारी शीतलमान सिह प्रधान (नरदेवी) ले सञ्चालन गरेको सत्संगका नित्य प्रवचनकर्ता डा. ऋषिराम पोखरेल र हात्तीगौडा काठमाडौं निवासी उद्धारमना भक्तहरु श्री युवकपाणी गौतम, श्रीमती विनाकुमारी गौतमले रु १,११११११ (एक लाख एघार हजार एक सय एघार) तथा अन्य ३५ गरी जम्मा ३६ जना भक्तहरूको सहयोग र उनै शीतलमान सिंह प्रधान र पूर्व वडाध्यक्ष भैरवबहादुर श्रेष्ठले संयुक्त रेखदेखमा सो पाटीमा एक तला नयाँ थपी एउटा सभाकक्ष र दुई वटा अतिथि कोठाको समेत गरी जम्मा लागत २ लाख ७० हजारमा वि.स. २०६१ आश्विन कृष्ण दशमीका दिन पाटी पुनःनिर्माण गरी शिवार्पण गरिएको कुरा त्यहीको शिलापत्रबाट प्रष्ट हुन्छ।

२६. यस उत्तरवाहिनी क्षेत्रमा करिब एक डेढ दशकदेखि धार्मिक-सामाजिक कार्यको माध्यमले डा.ऋषिराम पोखरेलको तत्परतामा जनसहयोग जुटाइ वाग्मतीमा पक्की पुल, स्नान पूजा गर्ने घाटहरू कान्तिभैरव मन्दिर परिसरको पुनः निर्माण आदि केही निर्माण कार्यहरू करिब पचास लाखको लागतमा सम्पन्न गरिएको थियो। उत्तरवाहिनी क्षेत्रका भैरवबहादुर श्रेष्ठ र गोविन्द बहादुर श्रेष्ठ, भक्त शीतलमान सिंह, दिलबहादुर श्रेष्ठ लगायत स्थानीय सबै

सहयोगीहरूको विशेष सक्रियतामा यस उत्तरवाहिनी तीर्थको रूप नै बदलियो । धान्याञ्चल यज्ञद्वारा प्रारम्भिक निमित्त बन्ने काम पनि डा.पोखरेलबाटै भएको थियो ।

पिपल, चाप, काइयो, कपुर, उतीस, टुनी, रुद्राक्ष, पैयूँ, भीमसेनपाती, धूपी आदि विभिन्न जातका वोटवृक्षहरू त्यसमा पनि धेरैजसो कपुरका वृक्षहरूले मनोरम एवम् हरियाली छाएको यस उत्तरवाहिनी क्षेत्रको सुधार एवम् विकासका लागि उत्तरवाहिनी सुधार समिति गोकर्णेश्वरले केही नियमहरू लागु गरेको छ । यस क्षेत्रभित्र र पाटीमा बसी विवाह, व्रतबन्ध र अन्य कार्यक्रम गरेमा निम्नानुसारको सेवा शुल्क लिने व्यवस्था गरेको पाइन्छ ।

क) श्रीमद्भागवत र नवाहको लागि - रु. १०००/-

ख) फिल्म सुटिङ गर्नका लागि - रु. २०००/-

ग) वनभोज र भोजभतेरका लागि - रु. ३००/-

घ) उपनयन र विवाह गर्नका लागि - रु. ५००/-

तर उत्तरवाहिनी क्षेत्र सुधार समितिले आफ्नो संगठनकाल देखिको आम्दानी-खर्चको हरहिसाब सार्वजनिक गर्न नसकिरहेको र वालुवा झिकी बेच्ने कामका व्यवसायीहरूले स्थानीय केही युवा जुवाडे रक्स्याहा समेत लगाई यस क्षेत्रका निवासी साधु सन्तहरूको शान्ति खल्बल्याएको र सुव्यवस्था गर्न बाधा पुऱ्याएको समेत जनगुनासो पाइन्छ ।

## पाँचौं अध्याय

## उपसंहार

नेपाल प्राचीन कालदेखि नै धार्मिक स्थलका रूपमा प्रख्यात छ । नेपालको ढुकढुकी काठमाडौं उपत्यकामा विभिन्न धार्मिक-पवित्र तीर्थ स्थलहरू रहेका छन् । यी विभिन्न धार्मिक महत्वका स्थलहरू मध्ये गोकर्णेश्वर क्षेत्र पनि एक हो । यो क्षेत्र धार्मिक, सांस्कृतिक स्थलका रूपमा मात्र नभएर कला , वास्तुकला, पुरातात्विक र ऐतिहासिक स्थलका रूपमा समेत प्रसिद्ध छ । हिन्दू धर्मावलम्बीहरूमा भगवान् गोकर्णेश्वरको सम्मानित स्थान भएको हुनाले नेपालमा माहात्म्य, बराहपुराण आदि विभिन्न साहित्यमा उनको गुणगान र महिमा पाइन्छ । सृष्टिकर्ता ब्रह्माद्वारा स्थापित भगवान् गोकर्णेश्वरको आफ्नै छुट्टै विशेष स्थान र महत्व छ । यो क्षेत्र हिन्दू धर्मावलम्बीहरूको लागि मात्र पवित्र तीर्थस्थल नभएर बौद्धहरूको लागि पनि प्रसिद्ध तीर्थस्थलका रूपमा परिचित छ । शिवको मुखबाट उत्पन्न भएको वाग्मती नदीको पश्चिम किनारा र जोरपाटी सुन्दरीजल जाने बाटोको बीचमा गोकर्णमा पर्ने गोकर्णेश्वर मन्दिर नेपालका शैव तथा बौद्ध तीर्थस्थलहरुमध्ये प्रमुख पितृ तीर्थको रूपमा प्रसिद्ध छ ।

वाग्मती, चन्द्रमती र सूर्यमतीको त्रिवेणी सङ्गम र गोकर्ण वनले बनाएको सुरम्य वातावरणयुक्त स्थलमा भगवान् गोकर्णेश्वर महादेवको भव्य मन्दिर छ । भगवान गोकर्णेश्वर महादेवको उद्‌भव सम्बन्धी अनेक लोकोक्ति, जनधारणा र विश्वास नेपाली जनजीवनमा व्याप्त छन् । तिनीहरू इतिहास निर्माणका प्रवल स्रोत नभए तापनि केही न केही रूपमा प्रत्यक्ष, अप्रत्यक्ष ढंगले इतिहास बताउने अन्य ऐतिहासिक साक्षीसँग दाँज्दा अवगत हुन्छ । कुनै पनि स्थलको नामाकरण बारे रोचक कथा वा किंवदन्तीहरू पाइन्छन् । नेपाल माहात्म्यमा शिवरुपी मृगको सिङलाई पितामह ब्रह्माले महालिङ्गका रुपमा गोकर्ण वाग्मती तटमा गोकर्णेश्वरको नामले स्थापना गरेको उल्लेख छ । गोकर्ण भन्नाले गाइको कान भन्ने हुन्छ । गोकर्ण नामको उत्पत्तिको पौराणिक आख्यानलाई विश्वास गर्दा भगवान् शिव एउटा गाईको कानबाट प्रकट भएका हुन् । त्यस्तै भागवत् पुराणमा गोकर्णलाई गाइको कानबाट जन्मेका हुन् भनी उल्लेख गरेको पाइन्छ । यस तीर्थस्थलमा प्राचीन कालमा गोकर्ण नामक राजकुमारले मृतक बाबु बृषकर्णको नाउँमा जलदान र पिण्डदान गरी प्रेतयोनीबाट मुक्त गराइ स्वयं गोकर्णले पनि तपस्या गरी पापबाट मुक्त भई वैकुण्ठबास गरे भन्ने धारणाले नेपालीहरूमा यस तीर्थको महत्वले एकदमै प्रभाव पारेको छ ।

आदिकाल देखि नै भगवान् गोकर्णेश्वरको प्रसिद्धि रहेको कारण उनलाई भकतजनहरूले साकार निराकार लगायतका विभिन्न स्वरूपमा पुज्न थाले । त्यसैको एउटा नमुना हो गोकर्ण स्थित गोकर्णेश्वर महादेव । श्रद्धा, विश्वास र आस्थाको प्रतिफलस्वरूप विभिन्न ऐतिहासिक कालहरूमा गोकर्णेश्वर मन्दिर एवम् गोकर्ण आसपासका क्षेत्रको पावनता र पवित्रताका लागि

विभिन्न उद्धारमना व्यक्तिहरूबाट निरन्तर रूपमा विभिन्न कामहरू भए । अतीतका ऐतिहासिक कालदेखि भए-गरेका कार्य र जनजीवनमा व्याप्त धारणा, संस्कार र परम्पराले भगवान् गोकर्णेश्वर महादेव मन्दिर र यस मन्दिरले चर्चेको गोकर्ण क्षेत्रलाई पवित्र तीर्थस्थलको रूपमा स्वीकार गर्‍यो । भगवान् गोकर्णेश्वर नेपाली मात्रका परम आराध्यदेव पितृतीर्थको केन्द्रका रूपमा पुजिए ।

अझ विभिन्न सम्प्रदायहरूको माध्यमबाट भगवान् गोकर्णेश्वरलाई विविध स्वरूपमा पुज्ने र मान्ने प्रचलन आएकोले शैवधर्मलाई अक्षुणता प्रदान गर्‍यो । गोकर्णेश्वर मन्दिरको नित्य-नैमितिक पूजाआजाको लागि निश्चित आम्दानी हुने गरी गुठी जग्गाहरू राखी दिई निरन्तरताको लागि अनेक प्रयासहरू भएको पाइन्छ । यसरी मध्यकालमा राखिएका गुठी जग्गाहरूको आम्दानी आउने प्रचलन अहिले छैन । तर नित्य-नैमितिक पूजामा आँच नआउने किसिमले गुठी संस्थानले दिलाउँदै आएको सीमित आयस्रोतबाट मन्दिरको व्यवस्थापन कार्य जेनतेन चलिरहेको छ । यसमा केही शिथिलता चाहीँ नआएको होइन ।

गोकर्णेश्वर मन्दिरमा दर्शन-स्पर्शन एवम् बन्देज सम्बन्धी आफ्नै किसिमको व्यवस्था छ । भक्तजनहरूले पहिले भगवान् गोकर्णेश्वरलाई स्पर्श सहित पूजा-आजा र भक्तिभाव देखाउने प्रचलन भए तापनि पछि बिस्तारै त्यो चलनले नयाँ मोड लिइ मन्दिरका पूजारी बाहेक अरूले स्पर्श गर्न नपाउने भए । नेपाली समाजमा भगवान् गोकर्णेश्वरको सम्मानित स्थान हुनाले विभिन्न कालमा सो मन्दिरको व्यवस्थापनको लागि कामहरु गरेको उल्लेख इतिहास र शिलालेखहरूमा पाइन्छ । गोकर्णेश्वर महादेव नामबाटै सो गा.वि.स को नामाकरण पनि गरिएको हो । गोकर्णेश्वर मन्दिरको व्यवस्थापन र सञ्चालनार्थ छुट्टै अड्डाहरूको स्थापना गरिएको थिएन । ती कार्य अघिदेखि नै गुठीको रेखदेखमा हुन्थे ।

पशुपतिनाथ मन्दिरझैं गोकर्णेश्वर मन्दिरको पूजा-आजामा पुजारीको रूपमा काम गर्ने अर्चक पनि दाक्षिणात्य भट्ट ‘करमरकर’ ब्राह्मणहरू नै देखिन्छन् । ऐतिहासिक प्रमाणहरूमा मल्लकालदेखि नै दक्षिणात्य ब्रह्माणहरूले पूजा आजा गर्दै आएको वर्णन पाइन्छ । यहाँका मूल पुजारीलाई सहयोग गर्नेहरूमा ढकाल र पाण्डे पर्दछन् । भट्ट पुजारी, पौड्याल र ढकाललाई पारिश्रमिकको लागि गुठी संस्थानले निश्चित रकमको व्यवस्था गर्दै आएको छ जो हाल ज्यादै न्यून देखिन्छ । भक्तजनहरूले मन्दिरमा चढाउने अधिकांश दक्षिणा, भेटी पुजारी र सहायकले मिलीजुली बाँडी खान्छन् । गोकर्णेश्वर मन्दिरको नित्य-नैमितिक पूजा-आजाको लागि विभिन्न गुठीहरू राखिएका छन् । ती गुठी संस्थानद्वारा हेर्ने गरिदै आएको छ । यहाँ श्री ५ को सरकार (हाल नेपाल सरकार), श्री ३ राणा सरकार, श्री ५ मा दर्ता नभएका छुट गुठी र निजी गुठी गरी जम्मा चार स्वरूपका गुठीहरू रहेका छन् । २०२८ साल पछि गुठी व्यवस्थामा आएको अस्तव्यस्तताले यहाँको गुठीलाई प्रशस्त मात्रामा प्रभाव पारेको छ । राणाकालसम्म यहाँको संरक्षण राम्रो थियो ।

उत्तरगयाका रूपमा परिचित गोकर्णेश्वर मन्दिर आसपास रहेका विष्णुपादुका तीर्थ, त्रिवेणी धाम, पितामहमहातीर्थ, सप्तर्षितीर्थ, पिङ्गला योगिनी, वाग्मती उत्तरवाहिनी तीर्थस्थल र गोकर्ण वनले महत्वपूर्ण स्थान राख्छन् । यसरी गोकर्णेश्वर मन्दिर रहेको गोकर्ण क्षेत्र धार्मिक दृष्टिकोणले मात्र महत्वपूर्ण नरही सांस्कृतिक, पुरातात्विक र ऐतिहासिक दृष्टिकोणले पनि निकै महत्वपूर्ण छ । नेपालको धार्मिक, सांस्कृतिक, राजनैतिक इतिहास बारे प्रकाश पार्ने केही अभिलेखहरू यहाँ रहेका छन् । नेपालको कला वास्तुकलाको प्रतिनिधि नमुनाहरू पनि यस क्षेत्रमा प्रशस्त रहेका छन् । यी सबै कारणहरूले गर्दा गोकर्ण क्षेत्रले पनि युनेस्कोको विश्व सांस्कृतिक सम्पदा सूचीमा समावेश हुने योग्यता चाहिँ अवश्य राख्दछ ।

हिन्दू धर्मावलम्बीहरूका साथै बौद्ध अनुयायीहरूको पनि महत्वपूर्ण पवित्र धार्मिक तीर्थस्थल तथा सांस्कृतिक पुरातात्विक दृष्टिले खुला सग्राहलयको रूपमा शताब्दीऔं देखि महत्वपूर्ण स्थान राख्दै आएकोमा यो गोकर्ण क्षेत्रको विविध सांस्कृतिक सम्पदाहरूको स्याहार-सम्भारको कमीले गर्दा धेरै नष्ट हुँदै गइरहेको यहाँ बचेका बाँकी सास्कृतिक सम्पदाहरूको योजनाबद्ध स्याहार, संभार, संरक्षण, सुरक्षा, सम्बर्द्धनमा अनुकूल वातावरणको तयारी, योजनाहरूको तर्जुमा र कार्यान्वयन आवश्यक भएको सन्दर्भमा परिमार्जित गुरुयोजना र गोकर्णेश्वर क्षेत्र संरक्षण समितिको स्थापनाले निकै महत्व राख्दछ । यति हुँदा हुँदै पनि यस क्षेत्रको महत्वपूर्ण समस्या भनेकै सम्बन्धित पक्षहरू जस्तै पुरातत्व विभाग, गुठी संस्थान र स्थानीय संघ-संस्था बीच समन्वयात्मक तवरले सवल, सक्षम र दुरदर्शी मार्गदर्शन प्राप्त नहुनुले यो क्षेत्रको अपेक्षित स्याहार, सम्भार र विकास हुन गएको छैन । हाम्रा पुर्खाहरूले हामीलाई नासोका रूपमा छाडेर गएका धार्मिक, सांस्कृतिक महत्वका वस्तुहरू राष्ट्रका अमूल्य निधि, ढुकढुकी र राष्ट्रको मौलिकता एवम् संस्कृतिका मूर्त रूपहरु हुन् । तसर्थ सम्बन्धित निकायको यस्ता हाम्रा अमूल्य निधिहरूको खोजी नीति, संरक्षण र सम्बर्द्धन तर्फ ध्यान केन्द्रित हुन नितान्त आवश्यक देखिन्छ ।

### ५.१ सल्लाह र सुझाव

अन्तमा यस क्षेत्रको अझ प्रभावकारी विकास र लोकप्रियताका लागि निम्न व्यवस्थाहरू हुन आवश्यक देखिन्छ ।

१. यस क्षेत्रको उचित रेखदेखको व्यवस्था गर्न पुजारी, तीर्थालु र जनप्रतिनिधि सम्मिलित प्रभावकारी रेखदेख समितिको व्यवस्था गर्ने ।

२. यस क्षेत्रमा सम्पन्न हुँदै आएका सम्पूर्ण जात्रापर्वहरूको निरन्तरताका लागि आवश्यक व्यवस्था गर्ने ।

३. मठ मन्दिरका नाममा रहेका जग्गाको निर्क्यौल गरी कसैले यस्ता देवस्थलका नामको भूमि अतिक्रमण गर्न नपाउने व्यवस्था मिलाउने ।

४. गोकर्ण क्षेत्रको ऐतिहासिक, धार्मिक र सांस्कृतिक सम्पदाहरूको यथार्थ विवरणलाई पुस्तिकाको रुपमा तयार पारी प्रचार-प्रसारार्थ बिक्री वितरण गर्ने ।

५. यस क्षेत्रमा जीर्ण भई नष्ट हुन लागेका हाम्रा आस्था एवम् धार्मिक प्रतिष्ठाका धरोहर मठ मन्दिरहरूको जीर्णोद्वार गर्न एक सक्रिय समिति गठन गरी सो समितिद्वारा चन्दा स्वरुप रकम संकलन गरी पुरातत्व विभागको सल्लाह सुझाव अनुसार बिस्तारै जीर्णोद्वार कार्य अघि बढाउने ।

६. यस क्षेत्रमा गुठीको नाममा संलग्न तर अलपत्र परी रहेका पाटी, मन्दिर आदिलाई निजी क्षेत्रमा हस्तान्तरण गर्नुपर्ने । यसो गरेमा उद्धारमना व्यक्ति, संघ, संस्था आदिले ती क्षेत्र स्थलहरूको विकास, संरक्षण, सम्बर्द्धन र सुरक्षाका लागि आवश्यक व्यवस्था मिलाउन सक्छन् । यसबाट सरकारी मुख ताक्ने प्रवृत्तिको अन्त्य भई निजी क्षेत्रको समेत ध्यान केन्द्रीत हुने देखिन्छ ।

७. गुठी संस्थानबाट यो क्षेत्रमा गर्नुपर्ने गुठीको लगत तयार पारी राख्ने ।

८. यस क्षेत्रलाई पर्यटकीय स्थलको रूपमा समेत अधिक विकास गर्न सकिने सम्भावना हुनाले सम्बन्धित पर्यटन विभाग एवम् मन्त्रालयसँग सम्पर्क बढाई विकास गर्नाले पर्यटकीय स्थलका रूपमा यस क्षेत्रको महत्व अझ बढ्ने देखिन्छ ।

९. दान, पूजा, श्राद्धतर्फ विशेष आकर्षण रहेको यस क्षेत्रमा पूर्वाधारहरूको विकास गरी धार्मिक महत्व उजागर गरेमा आन्तरिक पर्यटनका साथै बाह्य पर्यटनलाई पनि बढावा दिन सकिने देखिन्छ ।

१०. यस क्षेत्रमा परम्परागत नेपाली मौलिक वास्तुकला झल्किने स्वरुपका भवनमात्र निर्माण गर्नुपर्ने नीति नियम तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने । यसो गर्नाले यस क्षेत्रमा आधुनिक पाश्चात्य वास्तुनिर्माण शैलीले प्रवेश पाउँदैन ।

११. यस क्षेत्रको सदावहार हरियाली र नदीनालालाई निरन्तर स्वच्छ एवम् पवित्र राख्न विशेष जोड दिनुपर्ने ।

१२. गुठीको नाममा रहेको भूमि पास गर्दा केही रकम (३%) गुठीको नाममा संकलन हुने व्यवस्था गर्ने ।

१३. बाटो क्षेत्रका गुठीका अतिक्रमित जग्गाहरूमा पसल निर्माण गरी आयस्रोतमा बृद्धि गर्न सकिने ।

१४. यस क्षेत्रको विकासका लागि यहाँ आउने पर्यटक तथा चलचित्र निर्माताहरूबाट केही शुल्कः लिने व्यवस्था गर्ने ।

१५. यस क्षेत्रमा धार्मिक अनुष्ठान जस्तै विवाह, व्रतबन्ध, भोज भतेर आदि प्रयोजनले आउनेहरू माथि केही शुल्क: लिने व्यवस्था गर्ने ।

१६. गोकर्ण क्षेत्र भएर बग्ने पवित्र वाग्मती नदीको बालुवा झिक्ने वा चोर्ने माथि शुल्क: या कडा सजायको घोषणा गर्ने ।

१७. यस क्षेत्रमा भएका संरचनाहरूको संरक्षण तथा निर्माणार्थ देखा परेका राजनैतिक खिचातानीको अन्त हुनुपर्ने ।

१८. गुठी जग्गा रैकर नहुने व्यवस्था गर्ने ।

## सन्दर्भग्रन्थसूची

### १. नेपाली/संस्कृत/नेवारी/हिन्दी


अमात्य, साफल्य, **काठमाडौं नगनारायण**, प्रथम संस्करण, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५३

अमात्य, साफल्य, **नेपालमा पुरातत्व**, पहिलो संस्करण, काठमाडौंः साझा प्रकाशन, २०३६

अमात्य, साफल्य, **पानी र संस्कृति,** प्रथम संस्करण, काठमाडौंः नेपाल खानेपानी संस्थान, २०६०

अमात्य, साफल्य, **राजसत्ता र नेपाली संस्कृति**, ललितपुरः साझा प्रकाशन, २०५४

अमात्य, साफल्य, **संस्कृति र संरक्षण**, प्रथम संस्करण, , काठमाडौंः माधुरी अमात्य, २०४५

आचार्य, लोकनाथ, **नेपाल माहात्म्य** (पशुपति महात्म्य), संस्करण ५७, वाराणसीः त्रिमूर्ति प्रकाशन, २०३६

आचार्य, यज्ञनाथ, **नेपालको संक्षिप्त इतिहास,** प्रथम संस्करण, काठमाडौंः एकता बुक्स डिष्ट्रिब्यूटर्स प्रा.लि, २०५१

आचार्य, बाबुराम, **नेपालको सांस्कृतिक परम्परा**, प्रथम संस्करण, काठमाडौंः श्रीकृष्ण आचार्य, काष्ठमण्डप प्रिन्टिङ प्रेस, २०५४

आचार्य, बाबुराम, **श्री बडामहाराजधिराज पृथ्वीनारायण शाहको संक्षिप्त जीवनी, भाग-३,** प्रथम संस्करण, काठमाडौंः श्री ५ महाराजधिराजका प्रमुख सम्वाद सचिवालय, २०२५

उपाध्याय, श्रीरामप्रसाद, **नेपालको प्राचीन तथा मध्यकालीन इतिहास,** तेस्रो संस्करण, काठमाडौंः रत्नपुस्तक भण्डार, २०६१

उप्रेती, डिल्लीराज (अनु.), **नेपालः हिन्दू अधिराज्यको इतिहास,** प्रथम खण्ड, प्रथम संस्करण, ललितपुरः हिमाल किताब, हिमाल एसोसियसन, सन् २००५

कोइराला, कुलचन्द्र, **नेपाली सांस्कृतिक जात्रापर्व**, प्रथम संस्करण, श्रीमती इन्दिरा भट्टराई, २०५२

खनाल, मोहनप्रसाद, **चाँगुनारायणका ऐतिहासिक सामग्री,** कीर्तिपुरः त्रि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०४०

खनाल, मुक्तिनाथ (अनु.), **नेपाल माहात्म्य**, प्रमथ संस्करण, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०२८

खनाल, मोहनप्रसाद, **नेपाली कला**, प्रथम संस्करण, काठमाडौंः साझा प्रकाशन, २०५२

खनाल, मोहनप्रसाद, **मध्यकालीन अभिलेख**, काठमाडौंः मोहनप्रसाद खनाल, २०३०

खत्री, प्रेमकुमार, **नेपालका धार्मिक मत र सामाजिक संरचना**, काठमाडौंः एम.के पब्लिकेशर्स एण्ड डिष्ट्रीव्यूटर्स, २०५८

गुरुङ, संगीता, **पशुपति भस्मेश्वरघाट राजराजेश्वरीघाटका सांस्कृतिक अध्ययन**, अप्रकाशित शोधपत्र, कीर्तिपुरः त्रि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, २०६२

गौतम, युवराज शर्मा, **तीर्थ पर्यटन**, प्रथम संस्करण, काठमाडौंः लुम्बिनी ट्रेडिङ एण्ड प्रिन्टिङ हाउस प्रा.लि., २०६१

चाटुर्जे, सुनीतिकुमार, **किँरात जनकीर्ति,** कलकताः द एशियाटिक सोसाइटी, १९७४

ज.ब.रा, पुरुषोत्तम शमशेर, **भएका र गुज्रेका घटनाहरू,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२

ज.ब.रा., पुरूषोत्तम शमशेर, **श्री ३ हरूको तथ्य वृतान्त, भाग-१,** तृतीय संस्करण, काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२

जोशी, हरिराम, **नेपालका चाडपर्व**, जोशी रिसर्च इन्स्टिच्यूटका निमित्त ई.सुशीलराम जोशी, २०६०

टण्डन, गोविन्द, **देवपाटनस्थित भगवान् श्री पशुपतिनाथ मन्दिरको सांस्कृतिक अध्ययन**, अप्रकाशित शोधपत्र, कीर्तिपुरः त्रि.वि., २०४६

टण्डन, गोविन्द, **पशुपति क्षेत्रको सांस्कृतिक अध्ययन, भाग-१ र २,** प्रथम संस्करण, काठमाडौंः श्री झरेन्द्रशमशेर ज.ब.रा. तथा श्रीमती मञ्जु राणा, २०५३ र २०५६

ढकाल, पुरुषोत्तम, **मन्दिरै मन्दिरको देश नेपाल**, ललितपुरः डा. शोभाकर ढकाल, २०६२

ताम्राकार, तेजरत्न, **गोकर्णेश्वर गा.वि.स. गोकर्णेश्वर क्षेत्रमा रहेका सांस्कृतिक सम्पदाहरुको एक अध्ययन,** अप्रकाशित भिलेज प्रोफाइल, दर्ता नं ७८१, कीर्तिपुरः त्रि.वि. नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, २०४६/०४७

दाहाल, पेशल, **नेपालको इतिहास र संस्कृति**, काठमाडौंः एम.के. पब्लिसर्स एण्ड डिष्ट्रीव्यूटर्स, २०६२

देवीनाथ, **देवमाला,** काठमाडौंः श्री ज. सुरशम्शेर ज.ब.रा., २०१३

नारिता, मिचिहिरो, **हिन्दूत्वको खोजी**, प्रथम संस्करण, महेन्द्र संस्कृत विश्वविद्यालय, वाल्मीकि विद्यापीठ, न्याय विभाग, २०६३

नेपाल, वसन्तकुमार शर्म्मा, **नेपाली शब्दसागर,** काठमाडौंः भाभा पुस्तक भण्डार, २०५७

**नेपालको प्राकृतिक स्रोत तथा सांस्कृतिक सम्पदाको वास्तुस्थिति**, काठमाडौंः श्री ५ को सरकार, प्राकृतिक सम्पदा संरक्षण परिषद्, २०४९ जेठ

पन्त, नयराज र अरु, **लिच्छविसंवत्को निर्णय**, प्रथम संस्करण, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०४३

पराजुली, वुद्धिसागर, **बृहदसूचीपत्रम्, भाग -४,** काठमाडौंः वीर पुस्तकालय, २०२०

पाण्डे, रामनिवास र दिनेशचन्द्र रेग्मी, **नेपालको पौराणिक इतिहास,** कीर्तिपुरः त्रि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५४

पाण्डेय, श्रीमधुसूदन र श्रीमती किरण पन्थी पाण्डेय, **नेपालका प्रमुख धार्मिकस्थलहरू**, काठमाडौंः पैरवी प्रकाशन, २०६२

पोखरेल, बालकृष्ण र अरु (सम्पा.), **नेपाली बृहत् शब्दकोश**, पाँचौ सस्करण, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०५८

पौड्याल, वीणा, **काठमाडौं उपत्यकाका प्रमुख उमामहेश्वर र भैरव मूर्तिहरू,** पहिलो संस्करण, काठमाडौंः साझा प्रकाशन, २०६० ख

पौड्याल, विणा, **सर्वेश्वर महादेव,** काठमाडौंः डा.ठाकुरनाथ पन्त स्मृति गुठी, २०६०

पौडेल, नयनाथ, **भाषावंशावली, भाग-१,** काठमाडौंः नेपाली राष्ट्रिय पुस्तकालय, २०२०

बराल, वासु, **हिन्दू सामाजिक संगठनको प्रारुप,** दोस्रो संस्करण, काठमाडौंः साझा प्रकाशन, २०५०

**भगवान् श्री पशुपतिनाथको स्वरूप तथा महिमा,** काठमाडौंः सञ्चार मन्त्रालय, २०४३

भट्टराई, गोविन्दप्रसाद, **मूर्तिकला**, काठमाडौंः इल्या भट्टराई, २०४१

भट्टराई, गोविन्दप्रसाद, **नेपाल र नेपाली,** काठमाडौंः अच्यूतकुमारी भट्टराई, २०३७

भण्डारी, ढुण्डीराज, **नेपालको आलोचनात्मक इतिहास**, काठमाडौंः साझा प्रकाशन, २०२७

भण्डारी, ढुण्डीराज, **नेपालको ऐतिहासिक विवेचना**, वाराणसीः कृष्णकुमारीदेवी, २०६०

मानन्धर, बालकृष्ण, **पशुपति आर्यघाटको सामाजिक तथा सांस्कृतिक पक्षको अध्ययन**, अप्रकाशित शोधपत्र, कीर्तिपुरः त्रि.वि. नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, २०४६

मिश्र, मदनमोहन, **नेपाली संस्कृतीमा वागमती एक विहङ्गम दृष्टि**, ललितपुरः श्रद्धा प्रकाशन, २०४७

मिश्र, मदनमोहन, **नेपाली संस्कृतिमा शिव महिमा**, ललितपुरः मित्र करूणा प्रकाशन, २०४३

मुनंकर्मी, लीलाभक्त, **नेपालको आधुनिक इतिहास,** काठमाडौंः श्रृजना प्रिन्टर्स, २०४३

मुनंकर्मी, लीलाभक्त, **नेपालको सांस्कृतिक तथा ऐतिहासिक दिग्दर्शन**, भक्तपुरः श्रीमती भवानी केशरी मुनंकर्मी, २०४१

मैनाली, सावित्री, **प्राचीन नेपाली समाजमा प्रचलित प्रमुख धर्महरू,** काठमाडौंः पैरवी प्रकाशन, २०५७

योगी नरहरिनाथ, **इतिहास प्रकाशमा सन्धिपत्रसंग्रह, भाग-१,** दाङः आध्यात्मिक सम्मेलन, २०२२

राजवंशी, श्यामसुन्दर, **लिच्छविकालीन संवत्‌को निश्चय,** , काठमाडौंः श्री गिरीन्द्रमान राजवंशी र श्री चन्द्रकिरण राजवंशी, २०५२

रेग्मी, जगदीशचन्द्र, **नेपालको धार्मिक इतिहास,** प्रथम संस्करण, कीर्तिपुरः त्रि.वि., पाठ्यक्रम विकास केन्द्र, २०५८

रेग्मी, जगदीशचन्द्र, **पशुपति-गुह्येश्वरी माहात्म्य** प्रथम संस्करण, काठमाडौंः नइ प्रकाशन, २०५३

रेग्मी, जगदीशचन्द्र, **शाहकालीन कला र वास्तुकला**, काठमाडौंः साझा प्रकाशन, २०३३
रेग्मी, कृष्णप्रसाद, **पौराणिक कथाहरू,** दोस्रो संस्करण, काठमाडौंः कृष्णप्रसाद रेग्मी, २०६२
वज्राचार्य, मनवज्र, **नेपालको मध्यकालीन कला**, काठमाडौंः सूचना तथा सञ्चार मन्त्रालय
वज्राचार्य, मनवज्र, **हाम्रा चाडपर्वहरूका विवेचना**, काठमाडौंः रत्न पुस्तक भण्डार, २०२५
वज्राचार्य, धनवज्र, **लिच्छवीकालका अभिलेख,** काठमाडौंः त्रि.वि. नेपाल र एसियाली अध्ययन संस्थान, २०३०
वशिष्ठ, गौरीशंकर (सग्रंहकर्ता), **वृहदस्वस्थानी-व्रतकथा**, दोस्रो संस्करण, वाराणसीः बम्बई पुस्तक भवन, २०५७
वाङ्देल, लैनसिंह, **नेपाली मूर्तिकलाको विकासक्रम**, काठमाडौंः नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान, २०३२
वैद्य, तुलसीराम र तीर्थ मिश्र, **आधुनिक नेपालको राजनैतिक इतिहास**, कीर्तिपुरः त्रि.वि. नेपाल र एसियाली अनुसन्धान केन्द्र, २०५४
शर्मा, ऋषिप्रसाद, **नेपाल राष्ट्रिय चाडपर्व**, प्रथम संस्करण, काठमाडौंः रत्नपुस्तक भण्डार, २०६३
शर्मा, बालचन्द्र, **नेपालको ऐतिहासिक रूपरेखा**, प्रथम संस्करण, बनारसः कृष्णकुमारी, २००८ र २०२२
शाक्य, हेमराज, **स्वयम्भू महाचैत्य**, स्वयम्भू यंः स्वयम्भू विकास मण्डल, ने.स. १०९८
सिग्देल, सोमनाथ, **सुधारकार्य विवरण,** काठमाडौंः पुरातत्व विभाग, २०१७
सुवेदी, मधुसूदन, **तर्पणैकोद्दिष्ट पार्वणै-कपार्वण तीर्थश्राद्ध विधि**, दोस्रो संस्करण, ललितपुरः श्रीमती सानुमैया, बैकुण्ठ, दामोदर सुवेदी, २०६०
क्षेत्री, गणेशप्रसाद र रामचन्द्र रायमाझी, **नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण**, दोस्रो संस्करण, काठमाडौंः एसिया पब्लिकेसन्स्, २०६०
क्षेत्री, गणेशप्रसाद र रामचन्द्र रायमाझी, **नेपालको इतिहास,** दोस्रो संस्करण, ललितपुरः एसिया पब्लिकेसन्स्, २०६० '
ज्ञवाली, सूर्यविक्रम, **नेपाल उपत्यकाको मध्यकालीन इतिहास,** काठमाडौंः रोयल नेपाल एकेडेमी, २०१९
ज्ञवाली, मुकुन्दहरि, **हिन्दू संस्कृति र संस्कारको सामान्य व्यवहारिक ज्ञान**, काठमाडौंः मुकुन्दहरि ज्ञवाली, २०४४

## 2. **English**

Bernier, Ronald M., **The Nepalese Pagoda**, New Delhi: S. Chand and Company Ltd; 110055, 1979

Bernier, Ronald M., **The Temples of Nepal,** Kathmandu: Printed in Nepal, 1970

Bhandarkar, Sir R.G., **Vaisanvism, Saivism and Minor Religions Systems** Varanasi : Indological Book House, 1965

Ghimire (Poudyal) Beena, Binod Ghimire, **Hindu Death Rites,** First edition, Kathmandu: Barsha and Bishal Ghimire, 1998

Kirkpatrick, Colonel, **An Account of the Kingdom of Nepaul**, (1793), New Delhi: Asian educational services, 1996

Korn, Wolfgang, **The Traditional Architecture of the Kathmandu Valley,** Kathmandu: Ratna Pustak Bhandar, 1979

**Nepal Traveller-**Vol N/11, 2 March, 1994

Regmi, D.R., **Medieval Nepal,** Part I & IV, Calcutta: Firma K.L. Mukhopadhya, 1965 & 1966

Shakya, Min Bahadur (Translater) **SRI SVYAMBHU MAHACHAITYA**, Kathmandu: Svayambhu Vikash Mandal, Vikram Era: 2061

Sharma, Chandra Prakash, **Visit Nepal** Kathmandu: Mrs. Madhuri Sharma, Shifal, 1997

Slusser, Mary Shepherd, **Nepal-Mandala** (A cultural study of the KTM valley) Vol. 1 , Princeton: University Press, Princeton New Jersey, 1982

UNESCO, **Kathmandu Valley-1,** 'The Preservation of Physical Environment and Cultural Herigate' A protective inventory, Vienna: Vol.1, Anton Schroll and Co, Publishers. 1975

UNESCO, **The Kathmandu Valley**, India: Om book service, photography by Fredrick Arvidsson introduciton by Kerry Moran, (Distributed in India by O.B.S), 4379/4B Prakash House, Ansari Road, Daryaganj New Delhi 110002, 1998

Vajracharya, Dhanavajra, Kamal P. Malla **The Gopalraja Vamsavali,** Kathmandu: Nepal Research Centre, Franz Steiner Verlay Wiesbaden GMBH, 1985

Wright, D., **History of Nepal,** Reprint, Kathmandu: Antiquated Book publishers, 1972

## ३. पत्रिका

अर्याल, देवेन्द्र,"कुशे औँसीको प्रतिकात्मक पक्ष", **गोरखापत्र**, वर्ष ९७, अङ्क ११९, वि. सं. २०५४, पृ.६

आचार्य, चेतोनाथ शर्मा, "श्राद्धारम्भ र पितृ पक्ष", **गोरखापत्र**, वर्ष १०१, अङ्क १२०, वि.सं. २०५८, पृ.६

खरेल, विश्वनाथ, "श्रद्धा र आस्थाको संगम पर्वः कुशे औँसी", **गोरखापत्र**, वर्ष १००, अङ्क ११६, वि.स. २०५७, पृ.६

गौतम, युवराज (सम्पा.), "नवरात्रीमा काठमाडौं उपत्यकामा दर्शन गरिने विभिन्न शक्ति पीठहरु", **गोरखापत्र**, वर्ष १०३, अङ्क १५०, वि.स. २०६०, पृ.२

गौतम, शिवप्रसाद, "सोह्रश्राद्धको महिमा", **गोरखापत्र**, वर्ष १०३, अङ्क १३५, वि.सं. २०६०, पृ.४

डंगोल, प्रेममान, "महत्व गोकर्ण औँसीको", **गोरखापत्र**, वर्ष १०६, अङ्क १०९, वि.सं. २०६३, पृ.४

डंगोल, वलरामदास र अरु (सम्पा.), "गुठी संस्थान अन्तर्गत भद्रकाली स्थित गुठी लगत तथा तहसील कार्यालयमा रहेका कागजातहरुको सूचीपत्र", **अभिलेख**, वर्ष २, अङ्क २, वि. सं २०४१, पृ. ५१-५२, ६२

ढकाल, बाबुकृष्ण, "गुरु र दीक्षा", **अभिलेख**, बर्ष ६, अङ्क ६, वि.स. २०४५, पृ. १३

थापा, रमेशजंग (सम्पा.), "नेपाल देशको इतिहास", **प्राचीन नेपाल**, सङ्ख्या १८, १९, २७, वि.स. २०२८, २९, ३१, पृ. ६, ३, ८, ११ र २४

थापा, रमेशजंग (सम्पा.), "नेपाल देशको इतिहास संग्रह", **प्राचीन नेपाल**, सङ्ख्या १२, १७, वि.स. २०२७, २०२८, पृ. २-३, ५-७, ७-९, २०, २४, ६

थापा, रमेशजंग (सम्पा.), "राजभोगमाला बंशावली", **प्राचीन नेपाल**, सङ्ख्या ७, वि.स. २०२६, पृ. ८-९, १३-१४

दीप, ध्रुवकृष्ण, "गोकर्ण औँसी र यसको आध्यात्मिक पक्ष", **गोरखापत्र**, वर्ष ९६, अङ्क १३०, वि. सं. २०५३, पृ. ६

दीप, ध्रुवकृष्ण, "नवरात्री पर्व त्यसै महत्वपूर्ण मानिएको हैन", **युवामञ्च**, वर्ष ११, अङ्क ४, वि. सं. २०५५, पृ. ४

पन्त, महेशराज, "शिवसिंहसँगै देखिएका रणजित् सिंह को हुन् ?", **पूर्णिमा**, त्रैमासिक, बर्ष १०, अङ्क २, पूर्णाङ्क ३८, वि.स. २०३४, पृ. ८९

पोखरेल,  ऋषिराम, "उत्तरगया श्री गोकर्णेश्वर पितृतीर्थ एवम् त्यस क्षेत्रका प्रमुख देवदेवी",
**मुजुरा,** त्रैमासिक, बर्ष १, अङ्क २, ३, ४, वि.स. २०६१, पृ. ६-८, ७-८, ११-१३

पोखरेल, ऋषिराम, "श्री ५ वीरेन्द्रको पछिल्लो दर्शन भेट र उत्तरवाहिनी क्षेत्रको पुननिर्माण",
**बैद्यनाथ क्षेत्र**, विशेषाङ्क, बर्ष ९, अङ्क ९, वि.स. २०५८, पृ. १०३-१०५

पौडेल, बोधनाथ, "बाबुको मुहार हेर्ने पर्व", **गोरखापत्र**, वर्ष १०३, अंङ्क ११३, वि. सं. २०६०,पृ.४

भण्डारी, वटुराम, "कान्तिभैरव रथयात्रा", **राजधानी**, वर्ष ४, अङ्क ३२७, वि. सं. २०६२, पृ. २

भण्डारी, वटुराम, "काष्ठकलाको नमुना गोकर्णेश्वर मन्दिरमा", **राजधानी**, वर्ष ६, अङ्क ३८, वि. सं. २०६३, पृ. २

भण्डारी, वटुराम, "गोकर्णेश्वर मेला", **राजधानी**, वर्ष ५, अङ्क १९३, वि. सं. २०६२, पृ. ७

रिसाल, भरतमणि, "कुशे औँसीको गरिमा र महत्व", **गोरखापत्र**, वर्ष ९४, अङ्क १२२, वि. सं. २०५१, पृ. ४

रिसाल, भरतमणि, "पिता सम्मान पर्व- कुशे औँसी", **गोरखापत्र**, वर्ष १०४, अङ्क १३२, वि. सं. २०६१, पृ. ४

शर्मा, बालचन्द्र, "काठमाडौं उपत्यकाको एक राजवंशावली", **प्राचीन नेपाल**, सङ्ख्या ४, ५, ६, वि.स. २०२५, पृ. ३-४, ९, ४, ८, १९

शर्मा, गोकुलप्रसाद, "पितृभक्तिको दिनः कुशे औँसी", **गोरखापत्र**, वर्ष ९३, अङ्क १०४, वि. सं. २०५०, पृ. ४

शर्मा, ऋषिकेश, "सोह्रश्राद्धको प्रतीकात्मक सन्देश", **गोरखापत्र**, वर्ष ९८, अङ्क १२८, वि. सं. २०५५, पृ. ६

श्रेष्ठ, शोभा, "गोकर्णेश्वर महादेव मन्दिर जीर्णोद्धार", **प्राचीन नेपाल**, सङ्ख्या १०६, वि.स. २०४५, पृ. २४-३०

सापकोटा, गोविन्दप्रसाद, "श्रद्धापूर्वक गरिने कार्य श्राद्ध", **मिर्मिरे,** बर्ष २३, अङ्क ३, वि.स. २०५१, पृ. १०५

सुवेदी, मीना, "बाबुको मुख हेर्ने गोकर्ण औँसी", **गोरखापत्र**, वर्ष १०१, अङ्क १०४, वि.सं.२०५८, पृ.६